## सिमकोट गाउँपालिका
## सिमकोट, हुम्ला
## कर्णाली प्रदेश, नेपाल

# प्रथम आवधिक योजना
# (२०७९/८० – २०८३/८४)




## सिमकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिमकोट, हुम्ला
## कर्णाली प्रदेश, नेपाल
## २०७९


| | | |
|---|---|---|
| **प्रकाशक** | : | सिमकोट गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>सिमकोट,हुम्ला<br>कर्णाली प्रदेश, नेपाल |
| **सम्पर्क** | : | सम्पर्क फोन : ०८७-६८००९४<br>इमेलः info@simkotmun.gov.np<br>वेबसाइट : simkotruralmun.gov.np |
| **सर्वाधिकार ©** | : | प्रकाशकमा |
| **आवरण तस्वीर** | : | हुम्ला जिल्ला सदरमुकाम,सिमकोट गाउँपालिका |
| **प्रकाशन मिति** | : | २०७९ |
| **प्राविधिक सहयोग** | : | प्रदेश सुशासन केन्द्र/प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम,कर्णाली प्रदेश र चेया सर्भिसेस फर सस्टेनाविलिटी, काडमाण्डौ । |

# श्रोत नक्साहरु


## सिमकोट गाउँपालिका, हुम्ला




# सिमकोट गाउँपालिका, हुम्ला




# सिमकोट गाउँपालिका, हुम्ला




# सिमकोट गाउँपालिका, हुम्ला




# सिमकोट गाउँपालिका, हुम्ला




# सिमकोट गाउँपालिका, हुम्ला




# सिमकोट गाउँपालिका, हुम्ला



# सिमकोट गाउँपालिका, हुम्ला



# सिमकोट गाउँपालिका, हुम्ला



# सिमकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,सिमकोट,हुम्ला
# कर्णाली प्रदेश,नेपाल

## शुभकामना मन्तव्य

नेपालको संविधानले नेपाल सङ्घीय गणतान्त्रिक मुलुकमा परिणत भए पश्चात् संविधानको अनुसूचि ८ मा उल्लेखित २२ वटा अधिकारको प्रयोगको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई स्थानीय सरकारलाई मुर्तरुप दिएको छ । उक्त ऐनको परिच्छेद ६ दफा २४ मा योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था भए अनुरुप गाउँपालिकाको विकासलाई योजनावद्ध रुपमा अगाडि बढाउने हेतुले सिमकोट गाउँपालिकाको प्रथम आवधिक योजना (२०७९/८०-२०८३/८४ तर्जुमा गरिएको छ । यसलाई गाउँकार्यपालिकाको वैठक तथा गाउँसभाबाट स्वीकृत गरी गाउँ विकासको मार्गदर्शक र महत्वपर्ण दस्तावेजको रुपमा ग्रहण गरिएको छ ।
स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु नै स्थानीय विकासका अगुवा तथा नेतृत्वकर्ता भएको हुँदा यस प्रथम आवधिक योजना तर्जुमाका सम्पूर्ण प्रक्रियामा शूरुदेखि नै मार्गदर्शन तथा पहलकदमी रहेको सन्दर्भमा आगामी दिनमा यस योजनाको प्रभावकारी कार्यान्वयनमा पनि सबै क्षेत्रको अपनत्व र प्रतिबद्धता निरन्तर रहने विश्वास लिइएको छ । प्रथम आवधिक योजनाको दस्तावेज बनाएर मात्र पुग्दनै र यो आफै कार्यान्वयन हुने योजना पनि होइन । यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानका लागि वार्षिक योजनामा रुपान्तरण गर्दै जानुपर्ने हुन्छ । आवधिक मूल्यांकन र समीक्षा प्रक्रियालाई अगाडि बढाउने, आवश्यकता अनुसार दक्ष जनशक्ति र स्रोत साधनको व्यवस्था र परिचालन गर्दै अगाडि बढ्न गाउँपालिकास्तरमा क्रियाशिल राजनीतिक दलहरु, सरकारी निकायहरु र विकासका साझेदार, गैरसरकारी क्षेत्र, नीजि क्षेत्र लगायत सम्पर्ण निकायहरुबीच एकीकृत पहलको खाँचो रहनुका साथै सबै पक्षको सक्रिय पहलकदमी रहने विश्वास गाउँपालिकाले लिएको छ ।
गाउँपालिकाका विषयगत क्षेत्रका विज्ञहरु भनेको यहाँ स्थित विषयगत शाखाका कर्मचारीहरु नै हुन् । यी विषयगत शाखाहरुको सहयोग र सहभागिता विना प्रस्तुत आवधिक योजनाले पूर्णता पाउन सक्दैनथ्यो । यसको तर्जुमाका क्रममा प्रारम्भिक चरणदेखि भएको योगदानका लागि गाउँपालिकाको तर्फबाट उच्च मूल्यांकन गर्दै आगामी दिनमा यसको कार्यान्वयनमा पनि सवैसँग प्रभावकारी समन्वय र सहकार्य हुने आशा लिएको छु ।
अन्त्यमा, यस दस्तावेजलाई तर्जुमा गर्न प्रत्यक्ष वा अप्रत्यक्ष योगदान तथा सल्लाह र सुझाव दिनुहुने गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु,सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न विषयगत शाखाका कर्मचारीहरु, गाउँपालिकाका कर्मचारीहरु, स्थानीय वुद्धिजिविहरु, नागरिक समाज, गैसस, विकास साझेदारका प्रतिनिधिहरु, निजी क्षेत्र, पत्रकारहरु र यस कार्यमा प्रत्यक्ष र परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण संघ सस्था तथा महानुभावहरु प्रति धन्यवाद प्रकट गर्न चान्हछु । योजना तर्जुमाका क्रममा जिल्ला, प्रदेश र सङ्घीय सरकारका प्रतिनिधिहरुको सहयोग र समन्वयका लागि हार्दिक आभार प्रकट गर्दछु । यस प्रथम आवधिक योजना तर्जुमा गर्ने कार्यमा सहजीकरण गरी आर्थिक सहयोग गर्नुहुने प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, प्रदेश सुशासन केन्द्र,कर्णाली प्रदेश सुर्खेत र प्राविधिक सहयोग प्रदान गर्नु हुने छायाँ सर्भिसेस फर सस्टेनाविलिटी,काठमाण्डौंका टिम लिडर श्री कृष्ण बहादुर शाही लगायतका टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

विजय भण्डारी
अध्यक्ष
सिमकोट गाउँपालिका

# सिमकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,सिमकोट,हुम्ला
# कर्णाली प्रदेश,नेपाल

## शुभकामना मन्तव्य

योजना विना गरिएको विकासलाई नत लेखा जोखा गर्न सकिन्छ नत यसबाट विकासको उचित प्रतिफल नै हासिल गर्न सकिन्छ । नेपाल सरकारको "समृद्ध नेपाल-सुखी नेपाली" को राष्ट्रिय सोचलाई वास्तविक रुपमा हासिल गर्न स्थानीय तहबाट गरिने विकास प्रयासले उल्लेखनीय स्थान लिएको हुन्छ । नागरिक नै निर्णयकर्ता हुन र नागरिक नै लाभग्राही पनि हुन भन्ने मान्यतालाई मुर्त रुप दिन तयार गरिएको यो सहभागितामुलक आवधिक योजनाले लिएको लक्ष्य पुरा गर्न सबै क्षेत्र, समुदाय, नागरिक समाज, राजनैतिक दल र आम नागरिकको महत्वपूर्ण भुमिका हुने बिषयमा कसैको दुइ मत छैन् । योजना बनाएर मात्र पुग्दैन त्यसले लिएको लक्ष्य पुरा गर्न के कस्ता श्रोत र साधनहरुको आवश्यक पर्दछ र कहाँ, कुन स्थानमा के कमि भयो सोको समय समयमा मुल्यांकन गरी सुधार गर्दै लगियो भने त्यसले आशातित उपलब्धि हासिल गर्न सकिन्छ भन्ने लाग्दछ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक नेपालले लिएको लक्ष्य पनि स्थानीय तहहरु सक्रिय हुन र आफ्ना योजना, नीति तथा कार्यक्रमहरु समय सापेक्ष रुपमा तय गर्दै र परिमार्जन गर्दै आफ्नो क्षेत्रको सम्बृद्धिको लागि धेरै भन्दा धेरै योगदान दिई जनमानसमा संघीयता कार्यान्वयनको सफलतालाई विकासको माध्यमबाट अनुभुत गराउन सकुन भन्ने हो । यस तर्फ हाम्रो गाउँपालिकाका सबै पदाधिकारीहरु सचेत छौं ।

अन्तमा, यो आवधिक योजना तयार गर्न राय सल्लाह र सुझाव दिनुहुने यस गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु, राजनैतिक दल, कर्मचारीहरु, सामाजिक संघ संस्थाका पदाधिकारीहरु, नागरिक समाज र परामर्शदाता संस्थाका विज्ञहरु प्रति आभारी छु । यो आवधिक योजनाले लिएको लक्ष्य पुरा गर्न सबै क्षेत्रको उल्लेखनिय सहयोग पुग्ने आशा लिएको छ ।

धन्यबाद !

शुशिला रोकाया
उपाध्यक्ष
सिमकोट गाउँपालिका

**कर्णाली प्रदेश सरकार**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम**
**प्रदेश सुशासन केन्द्र**
**वीरेन्द्रनगर, सुर्खेत, नेपाल**

## आभार

नेपालमा सङ्घीय शासन व्यवस्थाको अभ्याससँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार स्थापना र सञ्चालन भएका छन्। नेपालको संविधानले तीनै तहको सरकारको भुमिका, जिम्मेवारी र अधिकार सुनिश्चित गरेको छ। जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहले आम नागरिकका आधारभुत आवश्यकता परिपूर्तिदेखि स्थानीय पूर्वाधार निर्माण, रोजगारी श्रृजना, आयआर्जन र जीविकोपार्जन तथा उन्नत सेवा प्रवाह मार्फत जनताको अपेक्षा/आकांक्षा पूरा गर्नु पर्नेछ।

आफ्नो आवधिक योजनाआ.व. २०७९/०८०-२०८३/०८४ तयार गरेकोमा म सिमकोट गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीलाई हार्दिक आभार तथा सम्मान गर्दछु।

दाताकोष समेतको परिचालनबाट नेपाल सरकारले आफ्नो विशेष कार्यक्रमको रुपमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। मुलत: सङ्घीयता कार्यान्वयनसँगै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास, संस्थागत सुदृढीकरण औजारको प्रयोग र आवश्यक कानूनी तथा योजनाका दस्तावेज तयारी मार्फत संस्थागत सुधार, सवलीकरण र सेवा प्रवाहमा उन्नत सहयोग गर्ने यस कार्यक्रमको रणनीति रहेको छ। तहाँ सिमकोट गाउँपालिकाको प्रस्तुत आवधिक योजना तयारीमा सहकार्य गर्न पाउँदा खुशी छौं। प्रस्तुत योजना तयारी कार्यमा खटिने परामर्शदाता छायाँ सर्भिसेस फर सस्टेनाविलिटि,टोखा काठमाण्डौंका योजना विज्ञ श्री कृष्ण बहादुर शाही, गुणस्तर परीक्षण र पृष्ठपोषण दिने समितिलाई आवधिक योजनालाई परिष्कृत एवम् गुणस्तरीय बनाउन सहयोग पुऱ्याउनुभएकोमा आभारी छु ।

आवधिक योजनाले सिमकोट गाउँपालिकाकोसमष्टिगत रुपमा वस्तुस्थितिको विश्लेषण, विषयक्षेत्रगत अवस्था र स्थितिको जानकारी दिनको साथै आगामी दिनमाचाल्नुपर्ने रणनीति, कार्यनीति समेतको व्यवस्थित मार्गचित्र कोरेको छ। प्रस्तुत आवधिक योजनाको दीर्घकालीन सोच जनप्रतिनिधि तथा कर्मचारीलाईआगामी दिनमा पालिकाको शासन, स्थायी विकास तथा सेवा प्रवाहका सम्बन्धमा सु-स्पष्ट, व्यवहारिक र नतिजामुखी, नागरिकमैत्री गन्तब्य तयार भएको छ ।स्थानीय तहको क्षमता र आवश्यकता अनुसार योजना पहिचान गरी उपयुक्त बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा महत्वपूर्णयोगदान दिनेछ । प्रस्तुत योजनाको कार्यान्वयनमा समेत सक्रिय र सफल हुनु हुनेछ भन्ने विश्वास लिएको छु।शुभकामना।

केशव प्रसाद उपाध्याय
कार्यकारी निर्देशक
प्रदेश सुशासन केन्द्र
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

# विषय सूची

**परिच्छेद १**
**परिचय**


१.१ पृष्ठभूमि १
१.२ उद्देश्य १
१.३ आवधिक योजना तर्जुमा प्रक्रिया २
१.३.१ प्रारम्भिक योजना तर्जुमा कार्यशाला गोष्ठी २
१.३.२ वस्तुस्थिति विवरणका लागि तथ्यांक संकलन अभिमुखीकरण २
१.३.३ दीर्घकालीन सोच निर्माण तथा वस्तुस्थिति विश्लेषण कार्यशाला गोष्ठी २
१.३.४ योजना तर्जुमा विस्तृत कार्यशाला गोष्ठी ३
१.३.५ योजना दस्तावेज तयारी ३
१.३.६ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारी ३
१.३.७ सीमितता ३

परिच्छेद २
गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

२.१.गाउँपालिकाको परिचय ५
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना, ५
२.१.२.प्राकृतिक तथा साँस्कृतिक सम्पदा ६
२.१.३ जनसांख्यिक अवस्था ६
२.२ आर्थिक विकास अवस्था ६
२.२.१ कृषि तथा खाद्य सुरक्षा ६
२.२.२.पर्यटन तथा सस्कृति ७
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ७
२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ७
२.२.५ सहकारी ७
२.३.१.स्वास्थ्य तथा पोषण ७
२.३.२ शैक्षिक विकास ७
२.३.३.खानेपानी तथा सरसफाइ ८
२.३.४.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ८
२.३.५ युवा,खेलकुद तथा कला ८
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ८
२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ८
२.४.२ सडक, पुल तथा यातायात ९
२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा ९
२.४.४ सूचना, सञ्चार तथा प्रविधि ९
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ९
२.५.१.वन तथा जैविक विविधता ९
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ९
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ९
२.५.४ महामारी तथा विपद् व्यवस्थापन ९
२.६ सुशासन तथा संस्थागत व्यवस्था ११
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ११
२.६.२ संगठनात्मक विकास ११
२.६.३ श्रोत परिचालन ११
२.६.४ योजना व्यवस्थापन ११

परिच्छेद ३
सोच तथा विकासको अवधारणा

३.१.पृष्ठभूमि १२
३.२ प्रमुख समस्या तथा चुनौती १२
३.३ प्रमुख सम्भावना तथा अवसर १३
३.४ निर्देशक सिद्धान्त १३
३.५ सोच, लक्ष्य तथा उद्धेश्य १४
३.६ परिमाणात्मक लक्ष्य १५
३.७ रणनीति तथा प्राथमिकता १६
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट १८

परिच्छेद ४
आर्थिक विकास क्षेत्र

३. विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति २४
४ विषय क्षेत्रगत प्रमुख कार्यक्रम तथा आयोजना २९
५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ३६
६ प्रमुख कार्यक्रम तथा आयोजनाहरुको सांकेतीकरण ४१

आर्थिक क्षेत्रको उपक्षेत्र ४२
४.१. कृषि ४२
४.१.१. पृष्ठभूमि ४२
४.१.२ समस्या तथा चुनौती ४२
४.१.३ संभावना तथा अवसर ४४
४.१.४ उपक्षेत्रगत सोच,लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ४५
४.२ पशुपन्छी विकास ४७
४.२.१ पृष्ठभूमि ४७
४.२.२ समस्या तथा चुनौती ४७
४.२.३ संभावना तथा अवसर ४८
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ४८
४.३ सिंचाई ४९
४.३.१ पृष्ठभूमी ४९
४.३.३ संभावना तथा अवसर ५०
४.४ पर्यटन,संस्कृति तथा सम्पदा ५१
४.४.१ पृष्ठभूमि ५१
४.४.२ समस्या र चुनौती ५१
४.४.३ संभावना तथा अवसर ५२
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५३
४.५ उद्योग,व्यवसाय,वाणिज्य र आपुर्ति ५५
४.५.१ पृष्ठभूमी ५५
४.५.२ समस्या तथा चुनौती ५५
४.५.३ संभावना तथा अवसर ५६
४.७ बैंक,वित्तीय सेवा एवं सहकारी ५९
४.७.१ पृष्ठभूमी ५९
४.७.२ समस्या तथा चुनौती ६०
४.७.३ संभावना तथा अवसर ६०

परिच्छेद ५
सामाजिक विकास क्षेत्र

१.पृष्ठभूमि ६२
२.समस्या तथा चुनौती,सम्भावना र अवसर विश्लेषण ६३
३.विषय क्षेत्रगत सोच,लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति ७०
४.विषय क्षेत्रगत कार्यक्रम तथा आयोजना ७८
५. अपेक्षित उपलब्धि तथा नतिजा खाका ९४
६ प्रमुख कार्यक्रम तथा आयोजनाहरुको सांकेतीकरण ९९
सामाजिक विकास क्षेत्रको उपक्षेत्र १००
५.१ शिक्षा,विज्ञान तथा नवप्रवर्तन १००
५.१.१ पृष्ठभूमी १००
५.१.२ समस्या तथा चुनौती १००
६.१ स्वास्थ्य तथा पोषण १०३
६.१.१ पृष्ठभूमि १०३
६.१.२ समस्या तथा चुनौती १०३
६.१.३ संभावना तथा अवसर १०३
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०३
६.१.६ अनुमान तथा जोखिम पक्ष १०५
७.१. खानेपानी तथा सरसफाइ १०५
७.१.१ पृष्ठभूमी १०५
७.१.२ समस्या तथा चुनौती १०५
७.१.३ सम्भावना तथा अवसर १०५
८.१.२ समस्या तथा चुनौती १०७
८.१.३ सम्भावना तथा अवसर १०८
९.१ युवा तथा खेलकुद ११०
९.१.१ पृष्ठभूमी ११०
९.१.२ समस्या तथा चुनौती ११०
९.१.३ सम्भावना तथा अवसर ११०
९.१.७ आयोजना तथा कार्यक्रमको सांकेतीकरण ११२

परिच्छेद ६
पूर्वाधार विकास क्षेत्र

१ पृष्ठभूमि ११३
२.समस्या तथा चुनौती,सम्भावना र अवसर विश्लेषण ११३
३.विषय क्षेत्रगत सोच,लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति ११५
४ रणनीति तथा कार्यनीति ११६
५.कार्यक्रम तथा आयोजना १२०

६।पूर्वाधार विकास क्षेत्रको अपेक्षित उपलब्धि तथा नतिजा १२२
७.आयोजना तथा कार्यक्रमको सांकेतिकरण १२४
पूर्वाधार विकासको उपक्षेत्रगत विवरण १२५
६.१ बस्ती,आवास,भवन तथा सार्वजनिक निर्माण १२५
६.१.१ पृष्ठभूमी १२५
६.१.२ समस्या तथा चुनौती १२५
६.१.३ सम्भावना तथा अवसर १२६
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२६
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२७
६.१.६ अनुमान तथा जोखिम पक्ष १२७
६.२ सडक, पुल तथा यातायात १२७
६.२.१ पृष्ठभूमि १२७
६.२.२ समस्या तथा चुनौती १२७
६.२.३ संभावना तथा अवसर १२८
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२८
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२९
६.२.६ अनुमान तथा जोखिम पक्ष १२९
६.३ जलश्रोत,विद्युत् तथा वैकल्पिक उर्जा १२९
६.३.१ पृष्ठभूमी १२९
६.३.२ समस्या तथा चुनौती १३०
६.३.३ सम्भावना तथा अवसर १३०
६.४सूचना, सञ्चार र प्रविधि १३१
६.४.१ पृष्ठभूमी १३१
६.४.२ समस्या तथा चुनौती १३१
६.४.३संभावना तथा अवसर १३२
६.४.४ उपक्षेत्रगत सोच,लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३२
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १३३
६.४.६ अनुमान तथा जोखिम पक्ष १३३

परिच्छेद ७

वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

७.१ पृष्ठभूमि १३४
७.३ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति १३७
७.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाहरुको सांकेतीकरण १५०
विषय उपक्षेत्रगत विवरण १५१
७.२ वन तथा जैविक विविधता १५१
७.२.१ पृष्ठभूमी १५१
७.२.२ समस्या, चुनौती १५१
७.२.३ संभावना तथा अवसर १५१
७.३ भूसंरक्षण तथा जलाधार व्यवस्थापन १५३
७.३.१ पृष्ठभूमी १५३
७.३.२ समस्या तथा चुनौती १५३
७.३.३ संभावना तथा अवसर १५४
७.४ वातावरण तथा फोहोरमैला व्यवस्थापन १५५
७.४.१ पृष्ठभूमी १५५
७.४.२ समस्या तथा चुनौती १५५
७.४.३ संभावना तथा अवसर १५५
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १५७
७.४.६ अनुमान तथा जोखिम पक्ष १५७
७.५ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता १५७
७.५.१ पृष्ठभूमि १५७
७.५.२ समस्या तथा चुनौती १५८
७.५.३ संभावना तथा अवसर १५८
७.५.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीति १५९
७.५.६ अनुमान तथा जोखिम पक्ष १६०

परिच्छेद ८

संस्थागत विकास तथा सुशासन क्षेत्र

८.१.१ पृष्ठभूमि १६१
८.१.२ समस्या तथा चुनौती १६१
८.१.३ संभावना तथा अवसर १६२
८.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति १६६
८.१.५ अपेक्षित उपलब्धी तथा नतिजा खाका १७७
८.१.६ अनुमान तथा जोखिम पक्ष १७९

परिच्छेद ९

कार्यान्वयन व्यवस्था


९.१ पृष्ठभूमी १८०

९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना १८०

९.३ विषयगत क्षेत्र अनुसार अनुमानित बजेट १८२

९.४ श्रोत अनुमान तथा प्रक्षेपण १८३

९.५ श्रोत परिचालन रणनीति १८५

९.७ अनुगमन तथा मुल्याङ्कन योजना १८५

९.७.१ अनुगमन तथा मुल्याङ्कनको आवश्यकता १८५

९.७.२ अनुगमन तथा मुल्याङ्कनको जिम्मेवारी १८६

९.७.३ अनुगमन तथा मूल्याङ्कंन प्रक्रिया १८६

# तालिका सूची

तालिका १ : गाउँपालिकाको गठन ....... ५
तालिका २ वडागत घरपरिवार तथा जनसंख्या विवरण ....... ६
तालिका ३ परिमाणात्मक लक्ष्य ....... १५
तालिका ४ : आर्थिक विकास क्षेत्रको स्थिति विश्लेषण ....... १९
तालिका ५ : आर्थिक विकास क्षेत्रको रणनीति तथा कार्यनीति ....... २५
तालिका ६ : आर्थिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ....... २९
तालिका ७ : आर्थिक विकास क्षेत्रको नतिजा खाका ....... ३६
तालिका ८ : सामाजिक विकास क्षेत्रको समस्या तथा चुनौती,सम्भावना र अवसर विश्लेषण ....... ६३
तालिका ९ : सामाजिक विकास क्षेत्रको रणनीति तथा कार्यनीति ....... ७०
तालिका १० : सामाजिक विकासका लागि सञ्चालन गरिने कार्यक्रम तथा आयोजना ....... ७८
तालिका ११: सामाजिक विकास क्षेत्रको नतिजा खाका ....... ९४
तालिका १२ : पूर्वाधार विकास क्षेत्रको समस्या तथा चुनौती,सम्भावना र अवसर विश्लेषण ....... ११३
तालिका १३ : पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति ....... ११६
तालिका १४ : पूर्वाधार विकास क्षेत्रको कार्यक्रम तथा आयोजना ....... १२०
तालिका १५ : पूर्वाधार विकास विषय क्षेत्र नतिजा खाका ....... १२२
तालिका १६ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको समस्या तथा चुनौती, सम्भावना तथा अवसर ....... १३४
तालिका १७ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति ....... १३७
तालिका १८ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको कार्यक्रम तथा आयोजना ....... १४३
तालिका १९ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको नतिजा खाका ....... १४८
तालिका २०: संस्थागत विकास तथा सुशासन क्षेत्रको सम्भावना तथा अवसर,समस्या तथा चुनौती विश्लेषण ....... १६२
तालिका २१: संस्थागत विकास तथा सुशासन क्षेत्रको रणनीति तथा कार्यनीति ....... १६६
तालिका २२ : संस्थागत विकास तथा सुशासन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना ....... १७१
तालिका २३ : संस्थागत विकास तथा सुशासन क्षेत्रको नतिजा खाका ....... १७८
तालिका २४ : मानव संसाधन योजना ....... १८१
तालिका २५ : विषयक्षेत्र अनुसार अनुमानित कुल बजेट ....... १८२
तालिका २६ : प्रक्षेपण गरिएको आवधिक/वार्षिक बजेट ....... १८३
तालिका २७ : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया ....... १८६
अनुसुचीहरु

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक तथा रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ। यसै सन्दर्भमा, स्थानीय तहको योजना तर्जुमासम्बन्धी कार्यान्वयनमा एकरुपता तथा सहजताका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७५ र राष्ट्रिय योजना आयोगले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८ जारी गरेको छ।

गाउँपालिकाको समष्टिगत सामाजिक तथा आर्थिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त लक्ष्य, उद्देश्य, रणनीति, सिद्धान्त, तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गरिएको दस्तावेजलाई आवधिक गाउँ विकास योजना भनिन्छ।

आवधिक योजनाले मुलुकमा राजनीतिक स्थायित्व पश्चात् नागरिकको ठूलो अपेक्षालाई साकार पार्न गाउँपालिकाहरूलाई स्पष्ट सोच, खाका, प्राथमिकतासहित तोकिएको दिशातर्फ डोऱ्याउन सहयोग पुऱ्याउने हुनाले आवधिक योजनाको भूमिका आफैंमा महत्वपूर्ण रहेको छ। यसका अतिरिक्त विद्यमान कानूनअनुसार गाउँपालिका र नगरपालिकाले संविधान, प्रचलित कानून तथा नीतिगत व्यवस्था बमोजिम स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनालगायत मध्यमकालीन खर्च संरचना समेत तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ। यस परिवेशमा गाउँपालिकामा कार्यरत राष्ट्रिय विकास साझेदार संस्था तथा आवधिक योजना तर्जुमाको लामो अनुभव बोकेको प्राविधिक संस्थाको प्राविधिक सहयोगमा गाउँपालिकाले यो योजना तर्जुमा गरेको छ।

स्थानीय तहको योजना तर्जुमाका क्रममा दीगो विकास लक्ष्य र सङ्घीय तथा प्रादेशिक योजनासँग तादम्यता जरुरी हुन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरको छ। सोही व्यवस्थाअनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तर सुधार, रोजगारी वृद्धि, जनसहभागिता प्रवर्द्धन, समावेशी, दीगो विकास र स्थानीय सँस्कृति संरक्षण जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ। नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवम् कानून बमोजिम स्थानीय तहको योजना तर्जुमा सम्बन्धी जिम्मेवारी तथा अधिकारलाई समेत मनन् गरी यो योजना तर्जुमा गरिएको छ।

सङ्घीय शासन व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा स्थानीय सरकारले समृद्धि र सुशासनको जनआकांक्षालाई दिशानिर्देश गर्न आवधिक योजनाको आवश्यकता रहेको छ। गाउँपालिका क्षेत्रका समष्टिगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक विकास योजना हो। स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँपालिकालाई आफूले चाहेको गन्तव्यतर्फ डोऱ्याउने काम गर्दछ। नेपालको संविधान र कानुन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक, सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्दछ।

## १.२ उद्देश्य

स्थानीय तहमा योजनाबद्ध विकासका लागि गाउँपालिकाको नेतृत्वमा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एकै स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै

आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य हो । यो योजना आ.व.२०७९/०८०–२०८३/०८४ सम्मको पाँच वर्षको अवधिका लागि तर्जुमा गरिएको छ । यो योजना योजना तर्जुमाका निर्दिष्ट उद्देश्यहरू देहायअनुसार छन् :

- दीर्घकालिन सोच उन्मुख रही समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक दस्तावेज तयार गर्ने,
- स्थानीय तहका विकासका साझेदार तथा सरोकारवालाहरूको सहभागितामा गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्ने,
- विषय क्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तयारी कार्यलाई निर्देशित गर्ने,
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना, अनुगमन र समीक्षा सूचकहरूको खाका तयार पार्ने
- अन्य तहको सरकार, विकास साझेदार, समुदाय, सहकारी तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्ने ।

स्थानीय तहको आवधिक योजना तर्जुमा गर्दा नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, सङ्घीय एवम् प्रदेश कानूनसहित स्थानीय कानून समेतलाई मध्यनजर गरिनुपर्ने हुन्छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय शासन सञ्चालन सम्बन्धी सङ्घीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ ।

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

यस गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक विकास योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ ।

### १.३.१ प्रारम्भिक योजना तर्जुमा कार्यशाला गोष्ठी

आवधिक योजना तर्जुमा गर्ने गाउँपालिकाको निर्णय बमोजिम गाउँपालिकाको आयोजनामा २०७९ साल असार ५ मा आवधिक योजना तर्जुमाका लागि प्रारम्भिक कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । यस गोष्ठीमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरू,विषयगत शाखाका प्रमुख र कर्मचारी तथा सरोकारवालाहरूको उपस्थिति रहेको थियो । उक्त गोष्ठीमा आवधिक योजना निर्माणका कानुनी आधार, व्यवहारिक आवश्यकता, योजना तर्जुमाको प्रस्तावित कार्ययोजना, आवधिक योजनाको खाका तथा वस्तुस्थिति विवरण संकलनको विधि प्रक्रियाका बारेमा जानकारी गराइएको थियो ।

### १.३.२ वस्तुस्थिति विवरणका लागि तथ्यांक संकलन अभिमुखीकरण

प्रारम्भिक कार्यशाला गोष्ठीपश्चात् वस्तुस्थिति विवरण तर्जुमाका लागि तथ्यांक संकलन गर्न प्रश्नावली तथा तथ्यांक संकलन विधिहरू छनोट गर्ने, गणकहरू छनोट गर्ने, गणकहरूलाई अभिमुखीकरण गर्नेलगायतका कार्यहरू गरिएको थियो । सङ्घीय सरकारबाट स्थानीय सरकारको एकीकृत डिजिटल प्रोफाईल तयारी गर्नका लागि गरिएको सहयोग कार्यक्रमसंग साझेदारी गरेर घरधुरी सर्भेक्षणका लागि ९ जना गणक तथा संस्थागत सर्भेक्षणका लागि गाउँपालिकाकै पाँचजना कर्मचारीलाई प्राविधिक टोलीका तर्फबाट अभिमुखीकरण गरिएको थियो । घरधुरी स्तरको तथ्यांक संकलनका लागि स्थानीय १२ कक्षा उत्तीर्ण स्थानीय स्तरका छात्र-छात्राहरूलाई परिचालन गरिएको थियो भने संस्थागत क्षेत्रको तथ्यांक संकलनका लागि गाउँपालिकाकै कर्मचारीहरू परिचालन गरिएको थियो ।

### १.३.३ दीर्घकालीन सोच निर्माण तथा वस्तुस्थिति विश्लेषण कार्यशाला गोष्ठी

गाउँपालिकाको आयोजनामा २०७९ साल असार ७ गते आवधिक योजना तर्जुमाको चरण अन्तर्गत दीर्घकालीन सोच निर्माण तथा वस्तुस्थिति विश्लेषण कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशाला गोष्ठीबाट विद्यमान संभावना

र अवसर, समस्या एवम् चुनौती तथा रणनीतिक रुपमा चाल्नुपर्ने कदमहरूको वस्तुपरक विश्लेषणको आधारमा गाँउपालिकाको समग्र विकासको दीर्घकालीन सोच निर्धारण गरिएको थियो ।

### १.३.४ योजना तर्जुमा विस्तृत कार्यशाला गोष्ठी

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी गाउँपालिकाका अध्यक्ष,उपाध्यक्षलगायत पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरूको उपस्थितिमा २०७९ असार १२ गते होटेल मानसरोवरमा कार्यशाला सञ्चालन गरिएको थियो । उक्त कार्यशालामा आवधिक योजनाका विषयवस्तुका बारेमा जानकारी गराइसकेपश्चात् सहभागीहरूलाई आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह गरी पाँचवटा विषयगत क्षेत्रअनुसार वर्गीकरण गरी विषय क्षेत्रगत योजनाका लागि वस्तुस्थिति विश्लेषण गर्ने, विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तय गर्ने, नतिजा खाका तय गर्ने तथा कार्यक्रम बजेट तयार गर्न आवश्यक छलफल गरिएको थियो । विषयगत क्षेत्रका पदाधिकारी तथा सरोकारवालाहरू आफ्नो सम्बन्धित विषय क्षेत्रमा सहभागि भएका थिए भने प्राविधिक टोलीका विषय विज्ञले सहजीकरण गर्नुभएको थियो ।

### १.३.५ योजना दस्तावेज तयारी

आवधिक योजना तयारीका क्रममा विभिन्न चरणहरूबाट प्राप्त विवरण, सुझाव एवम् निश्कर्षका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ । योजना दस्तावेजलाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८ अनुरुप मुख्य नौ परिच्छेदमा विभाजन गरिएको छ जसअनुसार परिचय, गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा,आवधिक योजनाको सोच तथा विकासको अवधारणा,आर्थिक क्षेत्र,सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र, संस्थागत विकास तथा सुशासन क्षेत्र र कार्यान्वयन व्यवस्था जस्ता विषयबस्तुहरु रहेका छन् । आवधिक योजनाको प्रारम्भिक लेखनका लागि आवश्यक सूचना एवम् तथ्यांक विभिन्न सरोकारवाला समितिहरूबाट प्राप्त भएपश्चात् उक्त सूचनाका आधारमा योजनाविद् तथा विषयविज्ञहरूको टोलीको सहयोगमा आवधिक योजनाको मार्गदर्शन बमोजिम निर्दिष्ट खाका तयार गरिएको थियो ।

### १.३.६ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

स्थानीय तहको आवधिक योजना तर्जुमा दिग्दर्शन, योजनाको स्तरीय ढाँचा, सहभागितामूलक कार्यशाला, विषयविज्ञको सुझाव र परामर्शका आधारमा तयार योजनाको मस्यौदा दस्तावेजलाई गाउँपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरूलाई दस्तावेज उपलब्ध गराई सुझाव प्राप्त गरियो । कार्यशालामा प्रस्तुती, विषय क्षेत्र समूह तथा बृहत् समूह छलफल र परामर्श गरी आवधिक योजनालाई पूर्ण बनाउन आवश्यक सुझाव प्राप्त गरियो । कार्यशाला तथा सरोकारवालाबाट प्राप्त सुझाव र पृष्ठपोषणलाई समावेश गरी गाउँपालिकाको आवधिक विकास योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ ।

### १.३.७ सीमितता

यस आवधिक विकास योजनालाई गुणस्तरीय, उच्चस्तरीय एवम् व्यवहारिक दस्तावेज बनाउने प्रयास गरिएको छ । यद्यपि यो योजना तर्जुमा गर्ने क्रममा रहेका सीमितताका कारण यसका केही सीमाहरू रहेका छन्, जुन निम्न शीर्षकहरूबाट निर्धारण भएका छन् :

- **स्रोत, साधन तथा जनशक्ति:** गाउँपालिकाको आवधिक विकास योजनाका लागि वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भएको स्रोत, सूचना तथा तथ्याङ्क र गाउँ कार्यपालिका कार्यालयमा रहेको योजना तर्जुमासँग सम्बन्धित जानकारी तथा विज्ञतालाई यथासम्भव प्रभावकारी हुने गरी परिचालन गरिएको थियो । तयारीका क्रममा वस्ति तथा वडा तहबाट गाउँपालिकास्तरमा सञ्चालित सहभागितामूलक छलफलको आधारमा योजना तयार गरिएको थियो । यस आवधिक विकास योजनाको कार्यान्वयनको सफलताका लागि स्रोत, साधन तथा जनशक्ति परिचालनको विद्यमान क्षमतामा सुधार भई योजनाको मार्गदर्शन कार्यान्वयनमा सहजता आउने अपेक्षा गरिएको छ ।
- **ढाँचा, विधि तथा प्रक्रिया:** गाउँ कार्यपालिका कार्यालयसँगको सहमती, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, विगतका सफल अभ्यास तथा विज्ञका सुझावका आधारमा योजना तर्जुमा कार्यशालले स्थानीय वस्तुस्थिति बमोजिम तय गरेको ढाँचा विधि तथा प्रक्रियाको उपयोग गरिएको थियो । यस क्रममा उपलब्ध साधन, स्रोत,

समयावधि तथा आर्थिक वर्षको अन्तिम अवस्थाको जोखिमलाई दृष्टिगत गरी आवधिक विकास योजना तयारीको सहज कार्ययोजना तय गरिएको थियो ।

- **सूचना तथा तथ्यांक:** आवधिक विकास योजना तर्जुमा क्रममा गरिने वस्तुस्थिति विश्लेषणको लागि आवश्यक आधार तथ्याङ्क तथा सूचना स्रोतको रुपमा गाउँ स्थितिपत्र (वस्तुस्थिति विवरण) लाई लिइएको छ । घरधुरी तहको हकमा घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क, वडातह र संस्थागत क्षेत्रबाट प्राप्त तथ्याङ्क सूचनालाई नै आधार बनाउने अधिकतम प्रयास गरिएको छ । विषय क्षेत्रगत तथ्याङ्क तथा सूचनामा कुनै द्विविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ । यसका साथै संघ, प्रदेशका प्रकाशन तथा दस्तावेज लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ ।
- **योजना तथा कार्यक्रम:** यो आवधिक योजना गाउँपालिकाको वस्तुस्थिति विश्लेषण तथा कार्यशाला छलफलको आधारमा गाउँपालिकाको विकासका लागि दीर्घकालीन सोच, आवधिक लक्ष्य, उद्देश्यहरू, रणनीतिक कार्यक्रमहरूको तर्जुमामा केन्द्रित छ । प्रचलित कानून बमोजिम स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक वार्षिक योजना तर्जुमा पद्धतिबाट कार्यक्रम छनोट गर्नुपर्ने व्यवस्थालाई रणनीतिक ढंगबाट निर्देशित गर्ने दस्तावेजको रुपमा रहने हुनाले समुदाय तथा वडास्तरका कार्यक्रमले समेटिनु पर्ने क्रियाकलाप तहका परियोजनाहरू समावेश गरिएको छैन ।
- **लागत तथा लगानी पूर्वानुमान:** विगतका अभ्यास, गाउँपालिकाका प्राविधिक कर्मचारी तथा योजना तर्जुमा कार्यमा संलग्न प्राविधिक सहयोग टोलीका सम्बन्धित विषय विज्ञका सुझावका आधारमा अनुमानित लागत तथा लगानीको पूर्वानुमान गरिएको छ । गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइनसकेकाले गैरसरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन । यस योजनाको सफल कार्यान्वयन विद्यमान सङ्घीय तथा प्रादेशिक अनुदानको आनुपातिक वृद्धि, संघ तथा प्रदेश सरकार, निजी क्षेत्र तथा स्थानीय समुदाय र विकास साझेदार संस्थाको लागत साझेदारीको अवस्थामा भएको अपेक्षित सुधारमा निर्भर रहनेछ ।

# परिच्छेद २
# गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

नेपालमा संघीयताको स्थापना र स्थानीय सरकारहरू गठन भइसकेपछिको दोस्रो कार्यकालको पहिलो आवधिक योजना हो । राज्यको पुनर्संरचना अघिका साविकका पाँचवटा गाउँ विकास समितिहरू (ठेहे,बरगाउँ,सिमकोट,डाँडाफया र स्याँडा) समायोजन गरी सिमकोट गाउँपालिका गठन भएपछि कार्यपालिकाले दोस्रो कार्यकालको पहिलो वर्षमा यो आवधिक योजना तर्जुमा गरेको छ ।

## २.१.गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना,

सिमकोट गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लामा पर्दछ । यस गाँउपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार तत्कालिन माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका ठेहे,बरगाउँ,सिमकोट,डाँडाफया र स्याडा गा.वि.स गरी ५ वटा गा.वि.स.समावेश गरी भएको हो । सिमकोट गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ । भौगोलिक रुपमा २९°५४" २ सेकेण्ड उत्तरी अक्षांस देखि ३०° २५" उत्तरसम्म र ८१°३८" पुर्वी देसान्तर देखि ८२°८" १० सेकेण्ड पुर्वी देसान्तरसम्म फैलिएको यो गाउँपालिका समुद्री सतहदेखि ३५०० मीटर उचाईसम्म अवस्थित रहेको छ । यहांको हावा पानी ठण्डा प्रकृतिको छ । यहाँको अधिकतम तापक्रम २९°सेल्सीयस,न्यूनतम तापक्रम माईनस २०°सेल्सीयस र औषत वर्षा ५५ मि.लि. रहेको छ । यो गाउँपालिका हुम्ला जिल्लाको सदरमुकाम सिमकोटमा अवस्थित छ । यस गाउँपालिकाको पुर्वमा तिब्बत, पश्चिममा बझाङ्ग जिल्ला, उतरमा नाम्खा र दक्षिणमा खार्पुनाथ गाउँपालिका पर्दछन् । सुन्दर प्राकृतिक वनोट, जैविक विविधताले भरिपूर्ण र विविधतापूर्ण जातिय पहिचान रहेको यस गाउँपालिकाको क्षेत्रफल ७८५.८९ वर्ग कि.मी र हुम्ला जिल्लाको कुल क्षेत्रफल मध्ये १५ प्रतिशत क्षेत्रफल यस गाउँपालिकाले ओगेटेको छ । उच्च पहाडी तथा हिमाली जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलिय स्वरुपका हिसाबले उच्च पहाडी उपत्यकाभित्रको समथर क्षेत्र रहेका छन् । तथापि, होचा तथा अग्ला पहाडी एवम् हिमाली श्रृंखलाको काखमा रहेको समथर भूबनोटका कारण यस गाउँपालिकामा विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ ।

गाउँपालिकाको केन्द्र साविकको सिमकोट गाविस अन्तर्गत सिमकोट बजारमा रहेको छ । पूर्ववत् रुपमा नेपालको मध्यपश्चिम विकास क्षेत्रमा पर्ने कर्णाली अञ्चलमा रहेको यो गाउँपालिका जिल्लाभित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि जिल्लामा एउटा निर्वाचन क्षेत्र रहेको छ । हालको वडामा समावेश साविक गाविस तथा गाउँपालिका र वडागत क्षेत्रफललाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १ : गाउँपालिकाको गठन**

| वटा नं. | समावेश साविक गाविस | क्षेत्रफल (वर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | ठेहे (६-९) | ५७२.०१ | ७२.७३ |
| २ | ठेहे (१-५) | २.७२ | ०.३५ |
| ३ | बरगाउँ (१-९) | ४६.३५ | ५.८९ |
| ४ | सिमकोट (७-९) | २४.२५ | ३.०८ |
| ५ | सिमकोट (३-६) | ६.८५ | ०.८७ |
| ६ | सिमकोट (१-२) | ३.९९ | ०.५१ |
| ७ | डाँडाफया (१-९) | ३९.६५ | ५.०४ |
| ८ | स्याँडा (१-९) | ९०.७ | ११.५३ |
| जम्मा | | ७८६.५२ | १०० |

श्रोत:सिमकोट गाउँपालिकाको Website

### २.१.२.प्राकृतिक तथा साँस्कृतिक सम्पदा

प्राकृतिक स्रोतका हिसावले यो गाउँपालिका सम्पन्न मानिन्छ । यस गाउँपालिकाकाका प्रमुख नदि नेपालको लामो नदी हुम्ला कर्णाली र दोजाम ( चाडला) कर्णाली यसै गाउँपालिका हुदै बग्ने गरेको छ। बलौटे माटो भएको यस पालिकामा सल्लो,लौंठ सल्लो, धुपि, भोजपत्र, उत्तीस, पिपल आदि बनस्पति पाईन्छन् भने खनिज पदार्थको विस्तृत अध्ययन र अन्वेषण भएको छैन । रलिङ्ग गुम्बा,पन्चमुखि हिमाल,दुधेदह,लडेदह,राम्पाल माँडु ,सिमकोट गुम्बा यस गाउँपालिकाका महत्वपूर्ण सांस्कृतिक सम्पदाहरु हुन ।

### २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार सिमकोट गाउँपालिकामा कुल घरपरिवार संख्या ३००७ र जनसंख्या १२१३० छ जसमा पुरुषको संख्या ६१०१,महिलाको संख्या ६०२९ र औषत घरपरिवार आकार ४.०३ रहेको छ । राष्ट्रिय जनगणना २०६८ र घरपरिवार सर्वेक्षण २०७६ बीच जनसांख्यिक सूचकहरूको तुलना गर्दा घरपरिवार संख्या, जनसंख्या तथा औषत परिवार आकार बढेको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल घरपरिवार संख्या २५६६ र  जनसंख्या ११५५७ एवं औषत परिवारको आकार ४.५ जना प्रति परिवार रहेको थियो । गाउँपालिकाको बस्तुगत विवरण र घरपरिवार सर्वेक्षण २०७६ अनुसार कूल घरपरिवार संख्या २४४५ र जनसंख्या १५,७२७ रहेको छ । त्यसैगरी, औषत घरपरिवार संख्या ६.४३ जना प्रति परिवार रहेको छ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका २ वडागत घरपरिवार तथा जनसंख्या विवरण**

| वडा नं | राष्ट्रिय जनगणना २०६८ अनुसार | | | | | घरपरिवार सर्वेक्षण २०७६ अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरपरिवार | जनसंख्या | | | औसत घरपरिवार आकार | घरपरिवार | जनसंख्या | | | औषत घरपरिवार आकार |
| | | जम्मा | पुरुष | महिला | | | जम्मा | पुरुष | महिला | |
| १ | १३८ | ७७७ | ४१३ | ३६४ | ५.६३ | १८९ | १२२३ | ६६५ | ५५८ | ६.४७ |
| २ | ३०५ | १५६७ | ७९० | ७७७ | ५.१४ | ३५१ | २१६१ | १०१९ | ११४२ | ६.१६ |
| ३ | १६९ | ७३८ | ३९६ | ३४२ | ४.३७ | ३०३ | १८२७ | ८७३ | ९५४ | ६.०३ |
| ४ | १३४ | ६६४ | ३३६ | ३२८ | ४.९६ | १९८ | १४२६ | ७२९ | ६९७ | ७.२० |
| ५ | ६१८ | १९७० | १०५९ | ९११ | ३.१९ | ३१२ | १७०० | ८८३ | ८१७ | ५.४५ |
| ६ | ४९७ | १७०७ | ८९४ | ८१३ | ३.४३ | १८२ | १६२० | ८९८ | ७२२ | ८.९० |
| ७ | ३६८ | २०९८ | १०५४ | १०४४ | ५.७० | ४५० | ३०१८ | १५९५ | १४२३ | ६.७१ |
| ८ | ३३७ | २०३६ | १०२६ | १०१० | ६.०४ | ४६० | २५५२ | १३३३ | १२१९ | ५.५५ |
| **जम्मा** | **२५६६** | **११५५७** | **५९६८** | **५५८९** | **४.५** | **२४४५** | **१५७२७** | **८१९५** | **७५३२** | ६.४३ |

श्रोत:राष्ट्रिय जनगणना २०६८,गाउँ वस्तुगत विवरण २०७६ र घरपरिवार सर्वेक्षण,२०७६

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस गाउँपालिकाको सतह सिंचाइमा आधारित कृषि प्रणालीलाई नै प्रमुख मेरुदण्डको रुपमा लिन सकिन्छ । कृषि, पशु एवं वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाको सबैजसो वडाहरूमा बिजुली, पानी लगायतका आधारभूत पूर्वाधारको विकास तथा कृषि कार्यका लागि समथर जमिन यस गाउँपालिकामा पर्याप्त रहेको हुँदा कृषि, पशु लगायतका क्षेत्र समेतको विकासमा सम्भावना रहेको छ । खाद्यान्न, दलहन, तेलहनको उत्पादन,गाई, भैसी, भेडा, बाखा जस्ता पशुजन्य उत्पादन,बेसीका उर्वराशिल भूमि र सिंचित क्षेत्रको विस्तारले गर्दा यहाँका बासिन्दाहरु कृषि तर्फ आत्म निर्भर बन्दै गएका छन् । विगतमा यहाँका अधिकांश बासिन्दाहरुलाई वर्षमा ३ महिना पनि खान धौ धौ पर्ने अवस्थामा हाल आएर खाद्यान्नमा आत्म निर्भर बन्दै गइरहेका छन् । आ.व.२०७७/०७८ मा कृषि विकास शाखा मार्फत गाउँपालिकाका सम्पूर्ण वडाहरुमा मौसमी तथा बेमौसमी तरकारी कम्पोजिट प्याकेट वितरण,कृषक दर्ता व्यवस्थापन,हिउदे फलफूल स्याउ,ओखर खेती विस्तार एवं व्यवसायिक उत्पादन केन्द्र पकेट स्थापना र च्याउ खेती विस्तार कार्यक्रम संचालन गरिएका थिए । त्यसै गरेर पशु सेवा तर्फ गाई तथा बाखा  खरिद र वितरण,पशु स्वास्थ्य शिविर सञ्चालन र परजिवि नियन्त्रण जस्ता कार्यक्रमहरु संचालन भएका थिए ।

### २.२.२.पर्यटन तथा सस्कृति

सिमकोट गाउँपालिका आँफैमा व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ । प्रसिद्ध तिर्थस्थल मानसरोवरको प्रवेश द्वार क्षेत्रको विकास र बिस्तारले पर्यटन क्षेत्रमा थप टेवा पुग्न गइ आर्थिक उपार्जनमा सहयोग पुग्ने देखिन्छ । साथै बजार क्षेत्र जस्तै सिमकोट, धारापोरी, स्याँडा,ग्याग्रु,सिमकोट लाग्ना बजार जस्ता स्थानीय बजारको विस्तारबाट यहाँका बासिन्दाहरुको आर्थिक गतिविधि बढेको देखिन्छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

सिमकोट गाउँपालिकामा साना तथा घरेलु उद्योगको प्रचुर सम्भावना भए पनि हालसम्म औद्योगिक कच्चा पदार्थको अभाव र यातायातको असहजताको कारण उद्योगहरु फस्टाउन सकेका छैनन् । सिमकोट बजारमा स्थानीय उत्पादन प्रवर्द्धन गर्ने हेतुले एक वटा कृषिसंग सम्बन्धित उद्योगको स्थापना भए पनि यस उद्योगले बजार लिन सकेको छैन । भरपर्दो यातायातको अभावका कारण व्यापार व्यवसाय खासै फस्टाएको देखिदैन भने विगत २ वर्ष देखि कोभिड १९ महामारीका कारण छिमेकी देश चिनसंग व्यापार गर्न सकिएको छैन र अन्य सञ्चालित व्यवसायहरु पनि धरासयी अवस्थामा रहेका छन् ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

सिमकोट गाउँपालिकाका बासिन्दाहरुको आम्दानीको मुख्य श्रोत नै कृषि,पशुपालन,व्यापार व्यवसाय र रोजगारी हो । यस गाउँपालिका अन्तर्गत ८ वटै वडाका बेरोजगार परिवारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १ वर्षमा १०० दिन बराबरको रोजगारी सृजनाका लागि वडा नं १ मा ढल निर्माण,वडा नं २ मा ग्याविन वाल निर्माण,स्वास्थ्य चौकी मर्मत तथा बाटो ग्राभेल,वडा नं ३ मा जग्गा घेरबार,वडा नं ४ मा ४०० मिटर सडक निर्माण,वडा नं ५ बाटो निर्माण तथा मर्मत गरी रोजगारी सृजना गएिको थियो । त्यसै गरी मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गत जग्गा घेरबार,९०० मिटर बाटो निर्माण,विद्यालय खेलमैदान निर्माण,खानेपानी योजना मर्मत गरेर रोजगारी सृजना गरिएको थियो । सिमकोट गाउँपालिका क्षेत्रमा वित्तिय सेवा प्रवाहका लागि १ वटा वाणिज्य बैंक,१ वटा कृषि विकास बैंक र १ वटा निजि क्षेत्रको बैंकबाट सेवा प्रवाह भइरहेको छ ।

### २.२.५ सहकारी

यस गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन । यस गाउँपालिकामा जम्मा २० वटा सहकारी संस्था रहेका छन भने तीन वटा बैंकले आर्थिक गतिविधि संचालन गरी रहेका छन् । हाल गाउँपालिकाबाट सहकारी संस्थाहरुको एकीकरण,पुनर्गठन जस्ता कार्यहरु भइरहेका छन् ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१.स्वास्थ्य तथा पोषण

सिमकोट गाउँपालिकाले आ.व.२०७७/०७८ मा स्वास्थ्य तथा पोषण क्षेत्र अन्तर्गत आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी र स्वास्थ्य सुरक्षा सामाग्री खरिद,आर्थिक स्थिति कमजोर रहेका बिरामीहरुलाई उपचार अवधिभर पोषण खर्च तथा सम्पर्क परीक्षण,क्षयरोगका बिरामीहरुको चौमासिक कोहर्ट विश्लेषण,सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम,सरुवा रोग रोकथाम नियन्त्रणका लागि जनचेतना कार्यक्रम संचालन गरिएको थियो भने पोषण कार्यक्रम अन्तर्गत सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान संचालन गरिएको थियो ।स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्रहरुको संचालन,प्रसुती गृह मर्मत,रेडियन्ट वार्मर खरिद,ढुवानी तथा जडान,वडा नं १,४ र ६ का आधारभूत स्वास्थ्य केन्द्रमा खोप केन्द्र व्यवस्थापन,सुनौला हजार दिनका आमालाई पोषणयुक्त खानेकुरा वितरण जस्ता कार्यक्रमहरु संचालन गरिएका थिए ।

### २.३.२ शैक्षिक विकास

सिमकोट गाउँपालिका भित्र २३ वटा सामुदायिक विद्यालय र संस्थागत गरी कुल २७ वटा विद्यालय सञ्चालनमा रहेका छन् जसमा सामुदायिक तर्फ आधारभूत तह कक्षा १ देखि ५ सम्मका १२ वटा विद्यालय, आधारभूत तह कक्षा ६ देखि ८ सम्मका ४ वटा विद्यालय, माध्यमिक तह कक्षा ९ देखि १० सम्म ५ वटा विद्यालय र माध्यमिक तह कक्षा ११ देखि १२ सम्म २ वटा विद्यालय सञ्चालनमा छन् । त्यसै गरी संस्थागत तर्फ ४ वटा विद्यालय सञ्चालनमा रहेका छन् भने उक्त विद्यालयमा ४६७१ .जना विद्यार्थी अध्ययनरत रहेका छन् । विद्यालयमा कच्ची भवन १०० वटा र पक्की

भवन भएको पाइदैन । गाउँपालिकामा १ वटा आंगिक क्याम्पस सञ्चालनमा रहेको तथा १५० जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा आधारित २३ वटा वाल विकास केन्द्र सङ्घीय अनुदानबाट र २३ वटा वाल विकास केन्द्र गाउँपालिकाबाट सञ्चालनमा रहेका छन् । ४ वटा सामुदायिक सिकाई केन्द्र सञ्चालनमा रहेका छन् । शिक्षकको कुल दरवन्दी १३१ रहेकोमा १३१ जना शिक्षक कार्यरत रहेका छन् । हाल शिक्षक विद्यार्थी अनुपात ४० रहेको छ । हाल गाउँपालिकामा प्राविधिक धार तर्फको १ वटा विद्यालय सञ्चालनमा रहेको र कम्प्युटर ल्याव ७ वटा सामुदायिक विद्यालयमा रहेको,२ वटा सामुदायिक माविमा पुस्तकालय रहेको छ । सबै विद्यालयमा आधारभूत तहको खानेपानी तथा शौचालय सुविधा रहेको ५ वटा विद्यालयमा खेलकुद मैदान रहेको ७ वटा माध्यमिक तहका सबै विद्यालयमा इन्टरनेट सुविधा रहेको  पाइन्छ ।

### २.३.३.खानेपानी तथा सरसफाइ

सिमकोट गाउँपालिकाको आ.व.२०७७ देखि २०८८ सम्मको पाँच वर्षे खानेपानी,सरसफाइ तथा स्वच्छता योजना निर्माण भई कार्यान्वयनमा आइरहेको छ । हाल गाउँपालिकामा शुद्ध खानेपानीको पहुँच पुगेको जनसंख्या ९९.५ प्रतिशत रहेको छ भने बाँकी ०.५ प्रतिशत जनसंख्याले अन्य श्रोतबाट खानेपानी उपयोग गरेको पाईन्छ । सरसफाइको हकमा गाउँपालिका खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको अवस्थामा पनि कुल ७९.८ प्रतिशत घरधुरीले शौचालय प्रयोग गरेको पाइन्छ । संस्थागत रुपमा सम्पूर्ण विद्यालय र स्वास्थ्य संस्थामा खानेपानी र शौचालयको सुविधा पुगेको छ ।  सिमकोट गाउँपालिकाले नियमित रुपमा वडा नं २ देखि ६ सम्म खानेपानी आयोजनाको गुणस्तर परीक्षण गर्दै आइरहेको छ ।

### २.३.४.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

सिमकोट गाउँपालिकामा जातजातिगत रुपमा ब्राम्हण,क्षेत्री, तामाङ,मगर,कामी, सार्की, दमाई, आदि जातका मानिसहरू वसोवास गरेको देखिन्छ । जातजातिगत आधारमा घरपरिवार तथा जनसंख्याको स्थितिलाई हेर्दा कुल २४४५ घरपरिवारमध्ये सबैभन्दा उच्च क्षेत्री घरपरिवार रहेको छ । गाउँपालिकाको कुल जनसंख्या १५७२७ मध्ये महिलाको संख्या ७५३२ अर्थात् ४८ प्रतिशत जनसंख्या महिलाको रहेको छ । कुल जनसंख्याको ५२ प्रतिशत जनसंख्या क्षेत्री जातिको रहेको पाइन्छ । त्यसैगरी दलितको संख्या २० प्रतिशत,जनजातिको जनसंख्या १७ प्रतिशत र सबैभन्दा कम जनसंख्या ब्राम्हणको १ प्रतिशत र बाँकी अन्य जातिको रहेको छ । यसरी माथिको तथ्याङ्कलाई हेर्ने हो भने महिला,दलित,जनजातिको जनसंख्या बढी भए पनि निर्णय प्रक्रियाका साथै गाउँपालिकाबाट प्रदान गरिने अन्य अवसरहरु यी जातिहरुले प्राप्त गर्न सकेको देखिदैन । साथसाथै गाउँपालिकाबाट वार्षिक रुपमा गरिनु पर्ने लैससास परीक्षण लगायत यी बर्गहरुको लागि उल्लेख्य बजेट विनियोजन नहुदा सामाजिक तथा आर्थिक स्तर माथि उठ्न सकेको छैन ।

### २.३.५ युवा,खेलकुद तथा कला

सिमकोट गाउँपालिकामा एक वटा जिल्ला स्तरको खेलकुद मैदान निर्माणाधिन अवस्थामा रहेको छ । गाउँपालिकाले हरेक वर्ष राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गर्दै आइरहेका छ भने प्रदेश तथा राष्ट्रिय स्तरका प्रतियोगितामा खेलाडीहरुलाई सहभागि गराउदै आइरहेको छ । गाउँपालिकाले युवाहरुका लागि छुट्टै कार्यक्रम सञ्चालन नगरिए पनि प्रधानमन्त्री तथा मुख्य मन्त्री रोजगार कार्यक्रमसंग युवाहरुलाई आवद्ध गरी रोजगारीका कार्यक्रमहरु सञ्चालन गरिएको छ । हाल सिमकोट गाउँपालिकाबाट रोजगारीको लागि विदेशिने युवाहरुको संख्या न्यून पाइन्छ ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

सिमकोट गाउँपालिकामा वस्ती विकासका लागि कुनै नयाँ कामहरु भएका छैनन्  भने गाउँपालिकाले एकीकृत वस्ती विकासका लागि कुनै नयाँ रणनीतिहरु अगाडि सारेको पाइदैन । नागरिकहरुको सुरक्षित आवासका लागि कर्णाली प्रदेश सरकारसंग समन्वय गरेर करिव ३२ घरधुरीलाई सुरक्षित आवासको व्यवस्था गरेको छ । गाउँपालिकामा सार्वजनिक निर्माणका कामहरु साना आयोजनाहरु उपभोक्ता समिति मार्फत र ठूला प्रकृतिका आयोजनाहरु ठेक्का प्रक्रिया मार्फत सञ्चालन गर्दै आइरहेको छ । जसमा गाउँपालिकाले प्रदेश तथा सङ्घीय सरकारसंग साझेदारीमा विभिन्न सार्वजनिक निर्माणका कार्यक्रमहरु सञ्चालन गर्दै आइरेहको छ । आ.व.२०७७/०७८ मा सिमकोट बजारमा प्रतिक्षालय,सार्वजनिक शौचालयको मर्मत,शहिद स्मृति प्रतिष्ठान नेपालको भवन मर्मत,वडा नं १ दोजाम,वडा नं २ ठेहे र वडा नं ३ बरगाउँमा सामुदायिक भवन निर्माण गर्ने कार्य सम्पन्न गरेको थियो ।

### २.४.२ सडक, पुल तथा यातायात

सिमकोट गाउँपालिकामा आ.व.२०७७/०७८ मा वडा नं २ मा ठेहे-दोजाम सडक २.५ कि.मि.,वडा नं ५ मा सडक चौडा,वडा नं ४ मा पर्यटन प्रवर्द्धनका लागि बुराउँसे-दुदे दह हुदै लडे दहसम्म सडक निर्माण,वडा नै ७ र ८ जोड्ने २ कि.मि सडक निर्माण,वडा नं ८ स्याँडामा ३ कि.मि. सडक निर्माण,वडा नं ७ टुलिङ देखि धारापोरी सम्म २.५ किमि सडक निर्माण,ढलान गर्ने कार्य सम्पन्न भएको थियो । सिमकोट वडा नं ८ मा मार्मे ट्रस ब्रिज निर्माण,काठेपुल निर्माण,वडा नं १ मा मुगरिक झो.पु.निर्माण,वडा न ४ बुराउँसेमा झो.पु.निर्माण,वडा नं ७ मा चारटाङ्गे झो.पु.निर्माण कार्य सम्पन्न भएका थिए । हाल सिमकोट गाउँपालिकाका ८ वटै वडामा सडक निर्माण कार्य सम्पन्न भए पनि वडा नं १ देखि ७ सम्म नीजि क्षेत्रका यातायात सञ्चालन भइरहेका छन् भने वडा नं ८ मा कुनै पनि यातायातका साधन सञ्चालनमा छैनन् ।

### २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

सिमकोट गाउँपालिका वडा नं ४ अन्तर्गत ५०० किलोवाट क्षमताको हिल्दुम जलविद्युत आयोजनाबाट करिब १२०० घरपरिवाले सेवा लिइरहेका छने भने वडा नं ७ को धारापोरी,चौगानफया र पाम्लाथुम एवं नाम्खा गाउँपालिकाको वडा नं १ का धिंगा बस्तीका बासिन्दाहरुले २१ किलोवाट क्षमताको धारापोनी लघु जलविद्युत आयोजना सञ्चालनमा आए देखि सोबाट सेवा लिइ रहेका छन् । हाल हिल्दुम जलविद्युत आयोजनाबाट सेवा लिनेको संख्या थप हुदै गएको र सुख्खा मौसममा पानीको बहाव कम हुन गइ विद्युत उत्पादनमा कमी हुन गएकोले सिमकोट गाउँपालिकाले नेपाल विद्युत प्राधिकरणसंगको साझेदारीमा १ मेगावाट क्षमताको सौर्य प्रविधि जडानका लागि कार्य भइरहेको छ । जलविद्युतको पहुँच नपुगेका केहि बस्ती र कार्यालय एवं वैकल्पिक रुपमा सौर्य उर्जाको प्रयोग भइरहेको छ ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

सिमकोट गाउँपालिका अन्तर्गत गाउँपालिका कार्यालय,वडा नं ५ र ६ बाहेक अन्य वडामा सूचना प्रविधिको सेवा पुग्न सकेको छैन । हाल गाउँपालिकामा नेपाल टेलिकमको ए.डि.एस.एल. सेवा प्रयोगमा छ भने जनप्रतिनिधिहरुलाई र नेपाल टेलिकमको प्रिपेड मोबाइल फोन वितरण गरी प्रयोग हुदै आएको छ । गाउँपालिका कार्यालयमा डिजिटल नोटिस बोर्ड सञ्चालनमा आउनुका साथै अत्यावश्यक कामका लागि ग्रुप एस.एम.एस प्रयोग हुदै आएको छ । सिमकोट गाउँपालिका सूचना प्रविधिको भरपुर प्रयोगका लागि प्रयासरत रहेको देखिन्छ भने गाउँपालिकाको वेभसाईट सूचना प्रविधि अधिकृतको सहयोगमा नियमित रुपमा अद्यावधिक हुदै आइरहेको छ । गाउँपालिकाको लेखा प्रणाली,भुक्तानी प्रक्रिया र योजना सम्झौताका सम्पूर्ण कामहरु सफ्टवेयर र विद्युतिय रुपमा हुदै आइरहेका छन् ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### .५.१.वन तथा जैविक विविधता

सिमकोट गाउँपालिकाले वन तथा जैविक विविधता संरक्षणको क्षेत्रमा कुनै कार्यक्रम तथा बजेटको व्यवस्थापन नगरे पनि विभिन्न दातृ निकाय तथा गैरसरकारी संघ संस्थाहरुसंग मिलेर यस क्षेत्रमा विभिन्न कार्यहरु सञ्चालन गर्दै आइरहेको छ । जिल्ला वन डिभिजन कार्यालय,थर्ड पोलले हाल यस क्षेत्रमा काम गर्दै आइरहेका छन् ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

सिमकोट गाउँपालिका हिमाली क्षेत्र अन्तर्गत पर्ने भएकाले भिरालो जमिन एवं पहिरोको समस्याबाट अछुतो छैन । गाउँपालिकाले आफ्नो श्रोत एवं भूसंरक्षण कार्यालयसंगको साझेदारीमा पहिरो नियन्त्रण,तटबन्धन जस्ता कार्यहरु गर्दै आइरहेको छ भने जलाधार व्यवस्थापनका लागि कुनै पनि प्रकारका प्रयासहरु भएको देखिदैन । गाउँपालिकाको वडा नं ५ स्थित रहेको सिम क्षेत्रलाई संरक्षण गरी सो ठाउँबाट निस्कने मुलहरुको संरक्षण गरेको पाइन्छ ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनका लागि यस गाउँपालिकाले नेपाल जलवायु पविर्तन सहयोग कार्यक्रम,फेज २ संगको सहकार्यमा स्थानीय अनुकुलन योजना (LAPA) निर्माण गरेर कार्यान्वयन गर्दै आइरहेको छ । हाल गाउँपालिकाका ८ वटै वडामा व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी विभिन्न प्रकारका क्षमता विकास र पूर्वाधार विकास सम्बन्धी अनुकुलनका कार्यक्रम सञ्चालन हुदै आइरहेका छन् ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

सिमकोट गाउँपालिकामा महामारी तथा विपद् व्यवस्थापनका लागि कुनै पनि प्रकारका योजना र तयारी गरेको छैन तथापि गाउँपालिकाले विगत्मा कोभिड १९ महामारीको बेलामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थासंगको समन्वयमा संरोध केन्द्र,एकान्तवास जस्ता स्थलहरुको सञ्चालन तथा व्यवस्थापन गरेको पाईन्छ । त्यसै गरी नीजि होटेललाई समेट संरोध केन्द्रको रुपमा प्रयोग गरेर बाहिर जिल्लाबाट आउने नागरिकहरुलाई १४ दिनसम्म बस्ने र खाने व्यवस्था समेत गाउँपालिकाले उपलब्ध गराएको थियो ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

सिमकोट गाउँपालिकाले हालसम्म २२ वटा स्थानीय नीति,ऐनहरु निर्माण गरेर कार्यान्वयन गर्दै आइरहेको छ । गाउँपालिकासंग क्षमता विकासको अभावको कारण हाल निर्माण गर्नु पर्ने नीति,ऐन निर्माण हुन नसक्दा कार्य सञ्चालनमा वाधा उत्पन्न भएको छ । सुशासनको सन्दर्भमा गाउँपालिकामा डिजिटल नागरिक बडापत्र,नियमित रुपमा सार्वजनिक सुनुवाई,प्रत्येक योजनाको सार्वजनिक परीक्षण हुदै आइरहेको छ । गाउँपालिकामा सूचना अधिकारीको व्यवस्था गरिएको छ भने गुनासो सुन्ने अधिकारीका लागि एक जना कर्मचारीलाई जिम्मेवारी तोक्ने पहल भएको छ । नागरिकका गुनासाहरुलाई सम्बोधन गर्नका लागि सुझाव पेटिकाको समेत व्यवस्था गरिएको छ । गाउँपालिकामा भए गरेका कामहरुको जानकारी प्रदान गर्नाका लागि कार्यपालिकाको एक जना सदस्यलाई जिम्मेवारी प्रदान गरिएको छ ।

### २.६.२ संगठनात्मक विकास

सिमकोट गाउँपालिका अन्तर्गतका सम्पूर्ण विषयगत शाखाहरुमा स्थायी एवं करार सेवा मार्फत कर्मचारीहरुको पुर्ती गरिएको छ । गाउँपालिकामा १९ जना र वडा कार्यालयमा १६ जनाको दरबन्दी स्वीकृत भए पनि अधिकांश कर्मचारीहरु करार सेवा अन्तर्गत कार्यरत रहेका छन् । गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न नसक्दा कर्मचारीहरुको कार्यबोझलाई व्यवस्थित गर्न सकिएको छैन । संगठनमा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत कर्मचारीहरुको क्षमता बृद्धि हुदै आइरहेको छ भने गाउँपालिकाबाट पनि क्षमता विकास योजना तर्जुमा गरी सोही योजनाका आधारमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुदै आइरहेका छन् ।

### २.६.३ श्रोत परिचालन

सिमकोट गाउँपालिकामा आन्तरिक श्रोत संकलनका लागि प्रचुर सम्भावना भए पनि हालसम्म गाउँपालिकाबाट श्रोत संकलनका लागि खासै प्रयास हुन सकेको छैन । गाउँपालिकाले कुल वार्षिक बजेटको ०.५ प्रतिशत रकम कर तथा गैर कर राजश्वबाट संकलन गर्दै आइरहेको छ भने अन्य श्रोतका लागि सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय सामानीकरण,सशर्त,समपुरक र विशेष अनुदान प्राप्त गरी उक्त श्रोतलाई गाउँपालिका अन्तरगतका विषयगत शाखा,वडा कार्यालय,निर्माण व्यवसायी र उपभोक्ता समितिबाट परिचालन गर्दै आइरहेको छ ।

### २.६.४ योजना व्यवस्थापन

सिमकोट गाउँपालिकामा योजनाहरुको व्यवस्थापनका लागि योजना शाखाले सफ्टवेयर सञ्चालनमा ल्याएको छ । उक्त सफ्टवेयर सञ्चालनबाट गाउँपालिकामा एक वर्ष भरी सञ्चालनमा गरिने योजनाहरुको सम्झौता र भुक्तानीका लागि सहज भएको छ । साथै गाउँपालिकाबाट रु २० लाख भन्दा माथिका योजनाहरु टेन्डर प्रक्रिया e-bidding तथा सूचना मार्फत टेन्डर आब्हान गरी निर्माण व्यवसायीबाट कार्यान्वयन हुदै आइरहेका छन् भने सो भन्दा कम बजेटका योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन हुदै आइरहेका छन् ।

# परिच्छेद ३
# सोच तथा विकासको अवधारणा

## ३.१.पृष्ठभूमि

स्थानीय तहमा सञ्चालन हुने सबै प्रकारका विकास कार्यक्रमहरूलाई गाउँपालिकाको साझा सोच र लक्ष्यतर्फ उन्मुख गर्न गाउँको समग्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी गाउँ विकासको भविष्यको स्पष्ट मार्गचित्र तयार गर्नु यस आवधिक विकास योजनाको मूलभूत अवधारणा हो । अर्को शब्दमा, विकास प्रक्रियालाई योजनाबद्ध, व्यवस्थित बनाउन; स्पष्ट सोच र तोकिएका लक्ष्य उन्मुख बनाउन तथा समग्र विकासको गतिलाई तीव्रता दिन दीर्घकालीन सोच तथा आवधिक लक्ष्य, उद्देश्यसहित आवधिक विकास योजना मूलतः स्थानगत विशेषताहरूमा आधारित रहेर समग्र विषयगत क्षेत्रहरू समेट्ने गरी एकीकृत रुपमा तयार गरिएको छ । यसले स्थानीय विकासका साझेदार एवम् सरोकारवालाको पहिचान गरी प्रभावकारी परिचालनको वातावरण तयार गर्न सघाउ पुऱ्याउँदछ । यसमा गाउँपालिकाका सेवा प्रदायक निकाय, सेवाग्राही र सहयोगी निकायसहित सबै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन, मनन, मूल्यांकन, विश्लेषण, परामर्श कायम गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यसर्थ, आवधिक योजना समग्र विकास प्रक्रियालाई व्यवस्थित गर्ने दस्तावेज मात्र नभई स्थानीय तहहरूको एक कानुनी दायित्व समेत हो । यस परिवेशमा तयार गरिएको यस आवधिक योजनामा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समेत समुचित मध्यनजर गरिएको हुँदा आवधिक गाउँ विकास योजना सम्बन्धित गाउँपालिकाको सर्वोच्च योजना हो ।

आवधिक विकास योजनाले चाहेको अन्तिम गन्तव्य वा परिवर्तन आवधिक योजनाको दीर्घकालीन सोचमा प्रतिविम्बित गरिएको हुन्छ । गाउँपालिकाको समष्टिगत सामाजिक आर्थिक विकासका लागि तयार गरिने आवधिक गाउँ विकास योजनाको सबैभन्दा महत्वपूर्ण विशेषता भनेको यसले गाउँपालिकाको विकासको लागि विभिन्न तहका उद्देश्यहरू (लक्ष्य, उद्देश्य, उपलब्धि, प्रतिफल) निर्धारण गरी उपरोक्त उद्देश्यहरू निश्चित अवधिभित्र हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गर्दछ तथा कार्यक्रम र बजेटसहित भविष्यको मार्गचित्रमा सरोकारवालाहरूबीच आमसहमति कायम गरी कार्यान्वयनका लागि आधार तयार गर्दछ । गाउँ विकास योजनामा दीर्घकालीन सोच उपल्लो स्थानमा रहने हुँदा योजनाका समग्र लक्ष्य, उद्देश्य र रणनीतिहरू गाउँको दीर्घकालीन सोच हासिल हुने दिशामा केन्द्रित हुन्छन् ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

यस गाउँपालिकाको विकासका लागि केही समस्या तथा चुनौतीहरू पनि रहेका छन्, जुन मुख्य रुपमा निम्न अनुसारका छन् :

- उपलब्ध अवसर तथा संभावनाहरू अनुरुप रुपान्तरणकारी ठोस योजना तथा कार्यक्रमहरू सञ्चालन हुन नसक्नु ।
- योजनाहरू असार मसान्तमा मात्र सम्पन्न हुनु तथा वास्तविक जनसहभागिता जुटाउन कठिन हुनु ।
- अव्यवस्थित र कमजोर पूर्वाधार एवम् संरचनाको विकास र निर्माण हुनु ।
- प्रदूषण र फोहोरमैला व्यवस्थापन पद्धति सुदृढ हुन नसक्नु ।
- बाह्य रोजगारीमा आकर्षण हुनु तथा प्रतिभा पलायन हुनु । स्थानीय स्तरमा व्यक्तित्व विकास र आर्थिक गतिविधि न्यून हुनु ।
- बढ्दो दरमा नसर्ने रोगमा वृद्धि हुनु ।
- हरियाली वन क्षेत्र अतिक्रमण जैविक विविधतामा ह्रास आउनु ।
- प्राकृतिक सम्पदाको अधिक दोहन हुनु र त्यसमा पर्याप्त नियमन हुन नसक्नु ।

- उत्पादनशील क्षेत्रको उत्पादन र उत्पादकत्व न्यून हुनु ।
- मौलिक ज्ञान, भाषा, संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदाको उपेच्छा हुनु ।
- पिछडापन, लैंगिक र सामाजिक विभेदले निरन्तरता पाउनु ।
- स्थानीय स्रोत, तथ्याङ्क र मानव संशाधनको उपलब्धता न्यून हुनु ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

सिमकोट गाउँपालिका चिनको स्वशासित क्षेत्र तिव्वतको ताक्लाकोट काउन्टीसँग ज्यादै नजिक रहेको छ। हुम्ला जिल्ला हालसम्म राष्ट्रिय सडक सञ्जालसंग नजोडिए पनि हवाईसेवा मार्फत कर्णाली प्रदेश राजधानी सुर्खेत लगायत नेपालगञ्ज,धनगढी,बुटवल,भरतपुर,पोखरा,काठमाण्डौं जस्ता देशका ठूला शहरहरु संग नजिकको अन्तरआवद्धता रहेको छ। यसै गाउँपालिका बीच भएर लामो नदी कर्णाली बगेको छ कर्णाली करिडोरले समेत यस गाउँपालिकालाई छोएर गएको छ। उच्च स्थानमा अवस्थित यस गाउँपालिकालाई देशकै कृषि, आवासीय, पर्यटकिय र औद्योगिक व्यापारिक केन्द्रको रुपमा विकास गर्न सकिने संभावना रहेको छ। सिमकोट गाउँपालिकाको समग्र विकासमा यहाँको स्रोत साधन तथा अवस्थितिका कारणले अन्य धेरै अवसर तथा संभावनाहरू रहेका छन्, जुन बुँदागत रुपमा निम्नअनुसार रहेका छन् :

- तिव्वतको ताक्लाकोट काउन्टीसँग ज्यादै निकटतम अवस्थितिमा रहेकाले स्थानीय स्तरका वस्तु, सेवाका लागिं उक्त बजार उपलब्ध हुन सक्ने ।
- राष्ट्रिय स्तरको कर्णाली राजमार्गको गन्तब्यस्थल भएको र यस राजमार्गले नेपालगञ्ज उपमहानगरपालिका, कर्णाली प्रदेश राजधानी सुर्खेत,उत्तरी छिमेकी चीनसमेतलाई जोड्ने भएकाले आवागमन र बजारको थप सहजता हुने ।
- कर्णाली नदीको प्रवाह क्षेत्र भएकाले प्रविधि र लगानी विस्तार गरी सिंचाइ सुविधा विस्तार गर्न सकिने ।
- उच्च हिमाली भेगमा विकासका लागि प्रस्तावित एक सहर रहेकाले राष्ट्रिय प्राथमिकतामा रहेको । स्थानीय तहको थप प्रयास भएमा उत्कृष्ट शहरका रुपमा विकास गर्न सकिने सम्भावना रहेको ।
- मानसरोवर र कैलाशको प्रवेशद्धार रहेको,शान्त, स्वच्छ तथा मनोरम वातावरण भएको र प्रसिद्ध प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको उपलब्धता भएकाले यी क्षेत्रहरूको विकास र उपयुक्त वातावरण सिर्जना गरी आन्तरिक पर्यटकहरू आकर्षित गर्न सकिने सम्भावना रहेको ।
- एकीकृत बस्ती विकास, औद्योगिक र व्यापारिक स्थलको लागि संभाव्य क्षेत्र भएकाले नमुनाका रुपमा कार्य अघि बढाउन सकिने ।
- शिक्षा र स्वास्थ्यको पहुँचमा बृद्धि र गुणात्मक सुधार भइरहेको ।
- उर्वर तथा समथर भूमिको उल्लेख्य उपलब्धता भएकाले व्यवसायिक कृषिको विस्तार गर्न सकिने ।

## ३.४ निर्देशक सिद्धान्त

गाउँपालिकालाई दीर्घकालीन सोचतर्फ उन्मुख गराउन यसका समग्र क्रियाकलापहरू निश्चित सिद्धान्तहरूबाट निर्देशित हुनु जरुरी हुन्छ। उपयुक्त दीर्घकालीन सोचका सन्दर्भमा निम्नअनुसारका सिद्धान्तहरूमा आधारित गरी गाउँपालिकाले समग्र विकास निर्माण र विकास व्यवस्थापनको नेतृत्व गर्नेछ :

- दिगो, योजनाबद्ध विकास तथा व्यवस्थित शहरीकरण
- उत्पादनमुखी, अन्तरनिर्भर र उन्नत स्थानीय अर्थतन्त्र
- मानव विकास तथा गुणस्तरीय जीवन
- सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास
- जलवायु परिवर्तन अनुकुलता तथा विपद् उत्थानशिलता
- सूचना प्रविधिमा आधारित, गुणस्तरीय तथा जनमुखी सेवा प्रवाह
- समन्वय, साझेदारी र सहकार्य
- सुशासन तथा सदाचार प्रवर्द्धन
- नतिजामा आधारित विकास व्यवस्थापन
- सहभागितामूलक योजना तर्जुमा

## ३.५ सोच, लक्ष्य तथा उद्धेश्य

दीर्घकालीन सोच निर्माणका लागि गाउँपालिकाले २०७९ असार ७ गते कार्यशाला बैठक आयोजना गरेको थियो । उक्त कार्यशाला गोष्ठीमा गाउँपालिकाको मौजुदा समस्या र सवालहरू एवम् उपलब्ध अवसर र सम्भावनाहरूका बारेमा सुरुमा बृहद् छलफल गरी उच्च हिमाली पर्यटकिय शहरमध्येको एक शहरका रुपमा रहेको सिमकोट अन्तरदेशीय जमुनाहा-हिल्सा कर्णाली करिडोरबाट पनि भविष्यमा एक प्रमुख त्रिदेशीय नाकाका रुपमा स्थापित हुने संभावना रहेको, तिब्बतको नजिक रहेको तथ्यमा विशेष छलफल गरिएको थियो । यस प्रक्रियामा निर्धारण गरिएको गाउँपालिकाको दीर्घकालीन सोच निम्नअनुसार रहेको छ :

**“उच्च हिमाली,विविधतायुक्त,व्यापारिक र पर्यटकिय शहर :समृद्ध हाम्रो सिमकोट नगर”**

गाउँपालिकाको यस दीर्घकालीन सोचले सिमकोटलाई दीर्घकालमा नेपाल, चीन र भारत तीन देशबीचको एक प्रमुख पर्यटकिय,व्यापारिक केन्द्र र नेपालको उच्च भुभागमा एक प्रमुख समृद्ध शहरका रुपमा स्थापित गर्ने सोच राखेको छ । साथै सिमकोटलाई यसको अवस्थिति र संभावनालाई मध्यनजर गर्दै कर्णाली प्रदेशको व्यापारिक केन्द्रका रुपमा स्थापित गर्ने सोच राखेको छ ।

### लक्ष्य

- व्यापारिक,पर्यटकिय शहर तथा त्रिदेशीय आर्थिक केन्द्र एवं समृद्ध सिमकोट निर्माणको आधार तयार गर्ने ।

योजना अवधि (२०७९/०८०-२०८३/८४) को अन्त्यसम्ममा,

- ➢ कृषि, पशु, वन, सेवा र अन्य क्षेत्रमा उल्लेख्य मात्रामा व्यापार, व्यवसायको विकार विस्तार भएको हुनेछ । लघु, घरेलु, साना तथा मझौला गरी गाउँपालिकाभित्र कुल १०० उद्योग व्यवसाय सञ्चालनमा आएका हुनेछन् ।
- ➢ उद्योग व्यवसाय गाउँपालिकाको एउटा प्रमुख पेशा/आर्थिक क्षेत्रका रुपमा स्थापित भएको हुनेछ । गाउँपालिकाभित्रै सञ्चालित उद्यम व्यवसायमा गाउँपालिकाका करिब ४० प्रतिशत घरधुरी (१५०० जना) ले स्व/रोजगार प्राप्त गरेका हुनेछन् ।
- ➢ ६० किमी पक्की सडक निर्माण भएको हुनेछ तथा कुल १०० कि.मी सडक सञ्जाल विस्तार भई बाह्रै महिना यातायात सञ्चालन भई गाउँपालिकाभित्रको आन्तरिक पहुँच र आवद्धतामा उल्लेख सुधार भएको हुनेछ ।

### उद्धेश्य

- उत्पादन, रोजगारी र आयमा दीगो वृद्धि गर्ने
- गाउँपालिकालाई व्यापारिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने
- बसोबास, बजार, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने
- वनको दीगो व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधता संरक्षण गर्ने
- दीगो फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छताको अवस्था हासिल गर्ने
- समुदायलाई विपद् उत्थानशील र पूर्वाधारलाई विपद् प्रतिरोधी बनाउने
- सेवा प्रवाह तथा विकासका उपलब्धिलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने

## ३.६ परिमाणात्मक लक्ष्य

तालिका ३ परिमाणात्मक लक्ष्य

| क्र.सं | सुचक/लक्ष्य | एकाई | आधार वर्षसम्मको अवस्था | | | योजनाको अन्त्यको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश | स्थानीय तह | नेपाल | प्रदेश | स्थानीय तह |
| क. | **समष्टिगत गन्तव्य तथा सुचक** | | | | | | | |
| १ | मानव विकास सुचकांक | इन्डेक्स | ०.६०२ | ०.४२७ | | | ०.५८८ | |
| २ | औषत आयु | वर्ष | ७०.८ | ६७ | ७० | ७१ | ७० | ७१ |
| ३ | गार्हस्थ्य प्रतिव्यक्ति आम्दानी | युएस डलर | १२४६ | ६०६ | १००० | १३८१ | ११४७ | |
| ४ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) | प्रतिशत | | ६६ | ६७ | | ९५ | ७५ |
| ५ | वेरोजगारी दर | प्रतिशत | | ९.७ | ३०.१४ | | ६ | २५ |
| ६ | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | | २८.९ | | | १८ | |
| ७ | आर्थिक रुपले सक्रिय जनसंख्या | प्रतिशत | | | | | | |
| ८ | विपद्बाट हुने वार्षिक क्षति रकम | रु हजारमा | | | | | | |
| ख | विषय क्षेत्रगत गन्तव्य र सूचक | | | | | | | |
| ९ | खाद्यान्न बाली उत्पादन (हजारमा) | मे.टन | १०९२६ | | ६६६ | | | ७०० |
| १० | काठको उत्पादन (लाखमा) | घ.मि. | ७२११ | | | | | |
| ११ | उद्योगबाट रोजगारी सिर्जना (हजारमा) | संख्या | ६२५ | | ३० | | | १०० |
| १२ | निर्यात आयात अनुपात | अनुपात | ७.३ | | | | | |
| १३ | पर्यटक आवागमन ( हजारमा) | संख्या | १५१ | | १२००० | | | १५००० |
| १४ | पर्यटन क्षेत्रमा रोजगारी (हजारमा) | संख्या | | | १७० | | | ३०० |
| १५ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९४ | | ९० | | | ९५ |
| १६ | विद्युत उत्पादन क्षमता | मे.वा. | २२०५ | ८.२५ | ०.५ | | २०० | २ |
| १७ | सिञ्चित क्षेत्रफल (हजारमा) | हेक्टर | १६० | | | | | |
| १८ | सडक निर्माण लम्बाई (पक्की/ग्राभेल/धुले) | कि.मि. | ६४६१ ७ | | ५० | | | २०० |
| १९ | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ८२.८ | ४० | १५ | | ६५ | |
| २० | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ८८.६ | | ७५ | | | १०० |
| २१ | विद्यालय (सामुदायिक र संस्थागत) | संख्या | ३५६७ ४ | ३१९१ | २८ | | | २८ |
| २२ | खुद भर्ना दर | प्रतिशत | ९६.३ | | ७५% | | | ९५% |
| २३ | क) आधारभूत तह (कक्षा १-८) | प्रतिशत | ९६.९ | | ९२% | | | १००% |
| २४ | ख) माध्यामिक तह (कक्षा ९-१२) | प्रतिशत | ९५.१ | | ३९% | | | १००% |
| २५ | प्राविधिक र व्यावसायिक | जना | | | १०० | | | १५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शिक्षामा तालिम प्राप्त जनसंख्या | | | | | | | |
| २६ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्म) | जना | २३९ | ० | २२९ | | १२५ | २५ |
| २७ | बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | २८ | ५८ | ५८ | | ३५ | २० |
| २८ | तौल कम भएका बालबालिका (५ वर्ष मुनी) | प्रतिशत | | ३५.५ | ८.२ | | २० | ५.२ |
| २९ | आधारभूतस्तर खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ९३.४ | | ९३ | | | ९५ |
| ३० | सरसफाइ सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ९८ | | ६७ | | | ८० |
| ३१ | बैङ्क तथा वित्तिय संस्थाको शाखा | संख्या | १२८ | | ६ | | | ८ |
| ३२ | जमिनमा महिलाको स्वामित्व हुने परिवार | प्रतिशत | | | १३ | | | ३५ |
| ३३ | विपद्बाट मृत्यु हुने वार्षिक जनसंख्या | जना | | | ४ | | | ० |
| ३४ | विपद्बाट प्रभावित हुने परिवार संख्या (वार्षिक) | संख्या | | | ८ | | | ० |
| ३५ | प्रकोपबाट कृषि क्षेत्रमा भएको आर्थिक क्षति (वार्षिक) | रु हजारमा | | | २००० | | | १००० |
| ३६ | प्रकोपबाट खानेपानी संरचनामा भएको क्षति (वार्षिक) | वटा | | | ५ | | | ० |
| ३७ | प्रकोपबाट पुर्वाधारमा भएको क्षति (वार्षिक) | वटा | | | १० | | | ३ |

स्रोत : सिमकोट गाउँपालिकाको समीक्षा प्रतिवेदन तथा वस्तुस्थिति विवरण,२०७९,कर्णाली प्रदेशको पञ्च वर्षिय योजना

## ३.७ रणनीति तथा प्राथमिकता

गाउँपालिकाले लिएको विषयगत लक्ष्यहरुलाई हासिल गर्न देहायअनुसार विषयगत लक्ष्य प्राप्तिका लागि रणनीति निर्धारण गरिएको छ:

**आर्थिक विकास :**

- जैविक तथा वानस्पतिक विषादीको उत्पादन गरी हानीकारक रसायनीक विषादी र रसायनीक मलको अन्त्य गर्ने,
- एक वडा एक कृषि /पशू सेवा प्राविधिकको व्यवस्था गर्ने ।
- एक घर एक करेसाबारी बनाउन आवश्यक व्यवस्था गर्ने ।
- व्यवसायिक रुपमा कृषि, पशुपालन तथा स्थानीय उत्पादनमा आधारित उद्योग संचालन गर्ने युवालाई विशेष प्रोत्साहन गर्ने ।
- टुक्रीएर रहेका जग्गाहरुलाई एकितृत गरी चक्लाबन्दी तथा पकेट क्षेत्रको रुपमा विकास गर्ने ।
- पम्परागत खेतीको अन्त्य गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी आधुनिक खेती प्रणालीको विकास गर्ने ।
- बजारिकरण व्यवस्थाको लागि प्रत्येक वडास्तरमा शित भण्डारण केन्द्रको स्थापना गर्ने ।
- अर्गानीक उत्पादन, प्रमाणीकरण तथा बजारीकरण गर्ने ।
- एक टोल एक सिचाई कुलो निर्माण गरी बाह्रै महिना व्यवसायिक खेति गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

- फलफुल खेतीलाई प्रवर्द्धन गरी नमुना कृषि उत्पादन क्षेत्रको विकास गर्ने ।

**सामाजिक विकास :**

- स्थानीय तह र सरोकारवाला निकायसंगको समन्वय र सहकार्यमा आवश्यकतामुखी पुर्वाधार निर्माण गर्ने ।
- सक्रिय शिक्षण, वैज्ञानिक मुल्याङ्कन प्रणाली, आधुनिक शिक्षण प्रविधिको प्रयोग मार्फत सिकाई उपलब्धि सुधार गर्ने ।
- विद्यालय, शिक्षक,विद्यार्थी अनुपात हेरी प्राथमिकताका आधारमा अन्तरक्रिया गरी सहमतिका आधारमा विद्यालय गाभ्ने र दरबन्दि मिलान गर्ने ।
- प्रत्येक वर्ष एक-एकका दरले सात वटै माविलाई आवश्यक मापदण्ड सहितको नमुना विद्यालय घोषणा गर्ने ।
- सरोकारवाला निकायसङ्गको समन्वय सहकार्यमा विद्यालय खानेपानी,सरसफाइ तथा स्वच्छताका पुर्वाधार निर्माण, प्रयोग र प्रभावकारीता परीक्षणमा नियमितता दिने ।
- शिक्षक,कर्मचारी,जनप्रतिनिधि तथा अन्य व्यक्तित्वहरुका छोरा छोरीहरुलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गर्ने ।
- प्रत्येक बस्तिमा अनिवार्य अभिभाबक शिक्षा संचालन गर्ने ।
- अनिवार्य आधारभुत शिक्षा,निशुल्क माध्यामिक शिक्षा, प्रारम्भिक कक्षा सिकाईलाई अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।
- बालमैत्रि, आपाङ्ग, लैङ्गिक तथा वातावरणमैत्री भौतिक संरचना निमार्ण गर्ने ।
- विद्यालय कार्य सम्पादन करार सम्झौता प्राथमिकता साथ कार्यान्वयन गर्ने ।
- अधारभुत तहमा कम्तीमा एक कक्षा एक शिक्षक र ४० विद्यार्थी बराबर एक शिक्षक व्यवस्थापन गर्ने ।
- कक्षा एकदेखि तिनसम्म चौतर्फि विकासमा ध्यान दिई कक्षा शिक्षण र कक्षा ४ देखि १२ सम्म विषय शिक्षणको व्यवस्थापन गर्ने ।
- राष्ट्रिय मापदण्ड अनुसार विद्यालयमा खानेपानी तथा सरसफाइ सुविधा सुनिश्चित गरी तारे विधि लागु गर्ने ।
- असहाय तथा टुहुरा बालबालिकाको भर्ना तथा निरन्तरताका लागि सहयोग गर्ने ।
- पूजीगत बजेटको २० प्रतिशत बजेट शैक्षिक क्षेत्रमा लगानी गर्ने ।
- सबै स्वास्थ्य संस्था मार्फत प्रदान गरिने सेवाको गुणस्तरियता सुनिश्चित गरी स्वास्थ्य सुशासन कायम गर्ने ।
- आकस्मिक स्वास्थ्य उपचार कोषको व्यवस्था गरी तोकिएको बमोजिम कोष संचालन गर्ने ।
- समुदायको सहभागिता सुनिश्चित गर्दै स्वस्थ रहन नागरीकको जिम्मेवारीलाई स्वास्थ्य सचेतना मार्फत स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने ।
- एलोप्याथिक,आयूर्वेद र बैकल्पिक उपचार पद्धतिको एकीकृत सेवा प्रवाह गर्ने ।
- स्वास्थ्य/स्वास्थ्य सुचना प्रणालीलाई सुदृढिकरण गरी ई रिपोर्टिंग गर्ने ।
- खानेपानीका श्रोत तथा मूलहरुको संरक्षण, व्यवस्थापन तथा पुनर्भरण गर्ने ।
- अनिवार्य रुपमा एक घर एक धारा निर्माण एवं पुर्ण सरसफाइ अभियान संचालन गर्ने ।
- निर्माण भएका खानेपानी आयोजनाहरुको मर्मत संभार तथा व्यवस्थापन र सुधार विस्तार गरी खानेपानी सुरक्षा योजना लागु गर्ने ।
- उत्कृष्ट शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा उपभोक्ता समितिहरुलाई पुरस्कार तथा प्रोत्साहन गर्ने ।
- विपन्न तथा पछाडि पारिएका वर्गहरुलाई निर्णायक तहमा पहुँच अभिवृद्धि गर्ने ।
- एकल महिला तथा लक्षित वर्गहरुका लागि सिप विकास तथा आयआर्जनका कार्यक्रम संचालन गर्ने ।
- युवा स्वरोजगार तथा प्रवर्द्धन कार्यक्रम संचालन गर्ने ।
- बालविवाह, छाउपडी, महिला हिंसा, छुवाछुत जस्ता सामाजिक कुरुतीहरुको अन्त्य गर्ने ।
- बालश्रमलाई अन्त्य गरी बालश्रम बिरुद्ध कानुनी कार्यवाही गर्ने ।

**भौतिक पूर्वाधार विकास :**

- सबै बस्तीहरुमा सडक संजाल विस्तार गर्ने तथा गोरेटो, घोरेटो बाटोमा लगानी घटाउने ।
- भौतिक संरचना निर्माण गर्दा विपद् जोखिम न्यूनीकरणलाई अनिवार्य समावेश गर्ने ।
- गाउँपालिकामा उज्यालो अभियान लागु गरी विद्युतिकरण गर्ने ।

- एकीकृत वस्ती तथा स्मार्ट शहरको स्थापना तथा व्यवस्था गर्ने ।
- नयाँ घर निर्माण गर्दा अनिवार्य रुपमा सुरक्षित घरको नक्सापास गरी निर्माण गर्ने ।
- गा.पा.लाई सुचना तथा संचार प्रविधिमा समायोजन गर्ने ।
- सडक संजाललाई प्रत्येक वस्तिवस्तिमा लिङ्क रोड जोड्न गाउँपालिका स्तरबाट बजेट विनियोजन गर्ने ।
- गाउँपालिका यातायात गुरुयोजना,खानेपानी,सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

**वन,वातावरण तथा विपद् व्यवस्थापन :**

- पाखो र नाँगो क्षेत्रलाई बृक्षारोपण गरी हरीयाली बनाउने ।
- प्रत्येक वनमा बृहत हाइटेक नर्सरी स्थापना गर्ने ।
- २०१७ सालभन्दा पछि अतिक्रमण गरेका वनलाई खारेज गर्ने ।
- मुहानको पहिचान तथा संरक्षण सहित स्वच्छ खानेपानीको व्यवस्था गर्ने ।
- बस्तीबाट निस्कने फोहोरको उचित व्यवस्थापन गर्ने ।
- जलाधार तथा सिमसार क्षेत्रको संरक्षण गर्ने ।
- भवन निर्माण आचार संहिता अनिवार्य रुपमा लागु गर्ने ।
- जोखिम पार्श्वचित्रको आधारमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने ।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी नीति, कानुन बनाई लागु गर्ने ।

**सस्थागत विकास तथा सुशासन :**

- गाँउपालिकाको केन्द्रमा मापदण्ड अनुसारको जग्गा व्यवस्था तथा कार्यालय भवन निर्माण गरी आवश्यक जनशक्ति सहितको सेवाप्रदान गर्ने ।
- गाँउपालिकामा करको दायरा फराकिलो गर्ने ।
- गै.स.स.,विकास साझेदार, वित्तिय लगानीकर्ता र निजी साझेदार लगानीकर्ताहरुको लगानी वृद्धि गर्ने ।
- आमभेलाद्धारा योजना तर्जुमा तथा प्राथमिकिकरण निर्धारण गर्ने ।
- योजना कार्यान्वयनको सुरुदेखि अन्त्यसम्म सुचकमा आधारित नियमित र प्रभावकारी अनुगमनका साथै आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।
- गाँउपालिकाका सवै विषयगत शाखाका मासिक, चौमासिक, वार्षिक प्रगति प्रतिवेदन, आगामी योजना, लागत प्रतिवेदन समयमै सार्वजनिक गर्ने ।
- अनुगमन तथा मूल्याङ्कन तेस्रो पक्षद्धारा गर्ने व्यवस्था गर्ने ।

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

आवधिक योजनाको लक्ष्य तथा उद्द्श्य हासिल गर्ने गरी स्रोतसाधनको बाँडफाँट तथा परिचालन गर्नु आवश्यक छ । समृद्धिको आधार निर्माण गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको सहकार्य तथा परिपूरक भूमिका एवम आपसी सहकार्यबाट उल्लेख्य उपलब्धि हासिल हुने गरी स्रोत साधनको बाँडफाँट तथा परिचालन गर्नु पर्दछ । आवधिक योजनाले निर्धारण गरेका लक्ष्य र उद्धेश्य कार्यान्वयनमा आवश्यक स्रोत साधनको बाँडफाँट तथा परिचालन गर्नुपर्नेछ । विषय क्षेत्रगत रणनीति बमोजिम पहिचान गरिएका विषय क्षेत्रमा रणनीतिक हस्तक्षेप गरेमा लगानीको उच्चतम् प्रतिफल हासिल हुनेछ । स्थानीय स्तरका कार्यक्रम र आयोजना स्थानीय तहबाट नै सम्पन्न गर्ने गरी श्रोत साधनको बाँडफाँट गर्नुपर्दछ । योजनाले लिएको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि तथा वन,औद्योगिक पूर्वाधार निर्माण र पूर्वाधार निर्माण जस्ता क्षेत्रमा लगानी केन्द्रित गर्नु आवश्यक हुन्छ । मानव पुँजी निर्माण र सो को उच्चतम् उपयोगले उत्पादकत्व अभिबृद्धि,उच्च आयको आधार निर्माण र सुखको अनुभुती हुन सक्छ साथै पर्यावरण संरक्षण,सभ्य र न्यायपूर्ण समाज निर्माण तथा सुशासनलाई थप सुदृढ बनाउने गरी सार्वजनिक, निजि तथा सहकारी र सामुदायिक क्षेत्रको स्रोत परिचालन आवश्यक छ । यसका साथसाथै श्रोत साधनको बाँडफाँट गर्दा समग्र क्षेत्र,बर्ग,जातजाति,बर्ण,लिङ्गको प्रतिनिधित्व हुने गरी सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप चाँडो प्रतिफल प्राप्त हुने,गरिबी निवारण हुने र स्थानीय श्रोत साधनको उच्चतम उपयोग हुने क्षेत्रमा श्रोत साधनलाई परिचालन गर्नु आवश्यक छ ।

# परिच्छेद ४
# आर्थिक विकास क्षेत्र

## १ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हकको व्यवस्था गरेको छ। यसैगरी कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको एकल अधिकार गाउँपालिकाको मातहतमा हुने गरी स्थानीय तहको काम, कर्तव्य र अधिकारमा समावेश गरेको छ।

## २ आर्थिक विकास क्षेत्रको स्थिति विश्लेषण

### २.१ कृषि

**तालिका ४ : आर्थिक विकास क्षेत्रको स्थिति विश्लेषण**

| संभावना तथा अवसर | समस्या र चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| • गाउँपालिकामा प्रशस्त खेतीयोग्य जमिन रहेको<br>• खेती भएको जग्गामध्ये तरकारी खाद्यान्न तथा फलफूल लगाउने गरेको<br>• गाउँपालिकामा तरकारी प्रशस्त उत्पादन हुनसक्ने सम्भावना रहेको<br>• गाउँपालिकामा खाद्यान्नको औसत उत्पादकत्व राम्रो रहेको<br>• गाउँपालिकामा तरकारी एक रोपनीको वार्षिक औसत आम्दानी रु. एक लाख सम्म रहेको<br>• गाउँपालिकामा अगुवा कृषक १५ जना रहेका<br>• सक्रिय कृषि प्राविधिक ८ जना रहेका<br>• व्यवसायिक नर्सरी सञ्चालक ३ जना रहेको<br>• कृषि उपज संकलन केन्द्र १ वटा सञ्चालनमा रहेको<br>• कृषि उपज बजार १ स्थानमा सञ्चालन रहेको<br>• व्यावसायिक रुपमा तरकारी उत्पादन गर्ने कृषक समूह<br>• ३ वटाभन्दा बढी कृषि सहकारी रहेको<br>• कृषि उपज मुख्य बजारको सम्भावना रहेको।<br>• व्यवसायिक कृषि तथा पशुपालन फर्म ५ भन्दा बढी दर्ता भई सञ्चालनमा रहेको | • किसानले उत्पादनको उचित मूल्य पाउन नसक्नु (बिचौलिया)<br>• सिंचाइ सुविधाको नियमितता, व्यापकता र पर्याप्ततामा कमी हुनु<br>• आधुनिक तथा व्यावसायिक खेतीको अभ्यासमा कमी हुनु<br>• गुणस्तरीय बीउ विजनमा आवश्यकताअनुसार पहुँच नहुनु<br>• रैथाने जातका बालीहरूको संरक्षण हुन नसक्नु<br>• प्राविधिक जनशक्तिको कमी हुनु<br>• कृषि उपज संकलन केन्द्रहरू व्यवस्थित रुपमा सञ्चालन नहुनु<br>• बजारको माग अनुरुप उत्पादन हुनु नसक्नु<br>• दर्ता भएका समूह तथा सहकारी एवम् फर्महरू ज्यादा अनुदानमुखी हुनु<br>• कृषि उपजहरूको लागि चिस्यान केन्द्रहरू उपलब्ध नहुनु<br>• समूहको सुदृढीकरण तथा संस्थागत विकासको कमी हुनु<br>• स्थानीयस्तरमा भएका दुग्धजन्य उत्पादन तथा अन्य साना तथा लघु उद्यमीहरूको उत्पादित वस्तुको गुणस्तरको सुनिश्चितता नहुनु तथा दर्तामा अन्यौल र समस्या हुनु। | • तरकारी तथा फलफूल पकेट क्षेत्रको विकास गर्ने।<br>• उच्च भूभागमा अमिलो जातका वालीहरू जस्तै स्याउ खेती तथा तल्लो भागमा आरु,ओखर र खुर्पानी उत्पादनमा जोड दिने<br>• उन्नत वीउविजनको सहज उपलव्धता गराउने<br>• कृषक तथा सहकारीहरूको उत्पादन क्षमता वृद्धि गर्ने<br>• रैथाने जातको बाली संरक्षणका लागि प्रोत्साहान गर्ने<br>• एक वडा एक कृषि प्राविधिकको व्यवस्था गर्ने<br>• बजारमुखी उत्पादनका लागि आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने<br>• व्यवसायिक कृषि तथा फलफूल नर्सरीहरूको स्थापना प्रत्येक वडामा गर्ने<br>• फलफूल तथा तरकारीहरूको छोटो समय भण्डारणका लागि उपयुक्त स्थानहरूमा कम लागतका चिस्यान केन्द्रहरूको स्थापना गर्ने अमिलो जातका वालीहरूका लागि सेलार स्टोर र तरकारीका लागि सब्जी कोठीजस्ता)<br>• स्थानीयस्तरमा दुग्धजन्य उत्पादन तथा अन्य साना खाद्य उद्यमहरूको बाह्य विज्ञबाट अनुगमन गराई गुणस्तर यकिन गरी अनुमति दिने। |

## २.२ पशु विकास

| संभावना तथा अवसर | समस्या र चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| • गाउँपालिकाभरी गाई-गोरुको संख्या कुखुरा र व्यवसायिक चौरी,गाई रहेको ।<br>• उन्नत नश्ल सुधार कार्यक्रम अन्तर्गत गाई, भैंसी र बाखामा कार्य सुरु भैरहेको<br>• मासु पसल सञ्चालनमा रहेको<br>• पशुपालन समूह क्रियाशील रहेको<br>• सक्रिय पशु प्राविधिक (कृषि प्राविधिक समेत) १०. जना रहेको | • उचित बजार नहुनु, पशु उपजले उचित मूल्य नपाउनु<br>• प्राविधिक सेवा टेवाको कमी ।<br>• उन्नत नश्लका पशुको संख्यामा वृद्धि गर्न नसक्नु<br>• पशुपालन समूहहरू संगठित नहुनु र उनीहरूको संस्थागत विकासका लागि लगानी कम हुनु<br>• पशुपालन किसानहरूका लागि उचित खोर तथा गोठको कमी हुनु। यससम्बन्धी ज्ञान, सीपको कमी हुनु ।<br>• दुग्ध चिस्यान केन्द्र तथा प्रशोधन केन्द्र नहुनु<br>• स्वच्छ मासु पसलको अभाव हुनु<br>• उन्नत घाँस खेतीको अभाव हुनु<br>• दूध तथा मासुजन्य उपजको सहज बजार व्यवस्थापन हुन नसक्नु<br>• स्थानीय स्तरमा दाना उद्योगको अभाव<br>• आवश्यक दक्ष जनशक्तिको अभाव<br>• ल्याव सुविधा तथा अस्पताल सेवा पर्याप्त नहुनु<br>• पशुधन विमामा किसानको पहुँच अत्यन्त कम हुनु<br>• नश्ल सुधारका लागि दक्ष जनशक्ति नहुनु<br>• अन्यत्रबाट पशुवस्तु ल्याउँदा रोगको जोखिम हुनु ।<br>• बाखामा हाडनाता प्रजनन्को समस्या कायम रहनु। यस सम्बन्धमा किसानहरूमा पर्याप्त सचेतना नहुनु । | • दुग्ध संकलन, चिस्यान केन्द्र तथा प्रशोधन केन्द्रको स्थापना गर्ने<br>• मुख्य बजारमा पर्ने गरी १ वटा पशु बधशालाको स्थापना गर्ने एवम् फ्रेस हाउस कार्यक्रम सञ्चालन गर्ने<br>• प्रत्येक वडामा घाँस स्रोत केन्द्रको विकास गर्ने<br>• प्रत्येक वडामा संकलन केन्द्र स्थापना गर्ने ।<br>• लगानी विस्तारका लागि वित्तीय संस्थासँग प्रभावकारी समन्वय गर्ने<br>• विमाका लागि आवश्यक प्रभावकारी समन्वय गर्ने<br>• बजार संजालको विकास गरी बजारीकरणमा टेवा पुयाउने<br>• स्थानीयस्तरको कच्चा पदार्थवाट दाना उद्योगको स्थापना गर्ने<br>• नविनतम प्रविधिको उपयोगका लागि किसानहरूको क्षमताका साथै प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन गर्ने<br>• सबै पशुहरूमा महामारी नियन्त्रणका कार्यक्रम ल्याउने ।<br>• उत्कृष्ट किसानहरूलाई प्रोत्साहन एवम् पुरस्कारको व्यवस्था गर्ने ।<br>• वैदेशिक रोजगारबाट आएका मानिसहरूका लागि घुम्ती कोष खडा गरी ऋण लगानी गर्ने ।<br>• कुखुरापालनको लागि स्थानीयस्तरमा ह्याचरीको व्यवस्था गर्ने ।<br>• हरेक वडा कार्यालयहरूमा एकजना पशु प्राविधिकको व्यवस्था गर्ने । |

## २.३ सिंचाइ

| संभावना तथा अवसर | समस्या र चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| • गाउँपालिकाभरी वर्षैभरी सञ्चालनमा रहने ५ वटा सिंचाइ आयोजनाबाट २०० रोपनीमा र मौसमी २ वटा ८० रोपनी सिंचाइ सुविधा पुगेको<br>• कूल खेतीयोग्य जमीनमध्ये आंशिक | • सिंचाइ कुलो सञ्चालनका लागि भौगोलिक कठिनाई हुनाले लागत महंगो हुनु<br>• पानीका स्रोतहरू पर्याप्त नहुनु<br>• भएका स्रोतहरूको सही ढंगले | • कम लागतमा उच्च प्रतिफल दिने प्रविधिको अवलम्वन गर्ने<br>• लिफ्ट सिंचाइको प्रविधिलाई प्रयोगमा ल्याउने<br>• वैकल्पिक सिंचाइ प्रविधिको |

| | | |
|---|---|---|
| क्षेत्रमा मात्र सिंचाइ सुविधा पुगेको<br>● अत्यावश्यक स्थानहरूमा कुलो, पोखरीहरूको निर्माण गरी सञ्चालनमा ल्याइएको | उपयोग हुन नसक्नु<br>● वैकल्पिक सिंचाइ सुविधाको अभ्यासमा कमी हुनु । | पहिचान गरी विकास र प्रयोग गर्ने<br>● परम्परागत कुलोलाई संरक्षण र संवर्द्धन गर्ने । |

## २.४ पर्यटन,संस्कृति तथा सम्पदा

| संभावना तथा अवसर | समस्या र चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| ● आतिथ्यताको संस्कृति<br>● कर्णाली नदी र ऱ्याफ्टिङ<br>● साहसिक पर्यटनको विस्तारका लागि उपयुक्त भूगोल<br>● तिव्वत संगको नजिकको अवस्थितिका कारण आन्तरिक तथा बाह्य पर्यटन विस्तारको सम्भावना<br>● परम्परागत लामा जातिको संस्कृति<br>● वडा नं. ३ मा रहेको रलिङ गुम्बा, वडा नं ४ मा रहेको पञ्चमुखी हिमाल, हरेक वर्ष साउनमा लाग्ने साउने पूर्णिमा मेला, वडा नं. ५ र ६ का मन्दिरको प्रवर्द्धन गरी आन्तरिक पर्यटक आकर्षित गर्न सकिने<br>● वडा नं. ३ मा रहेको राम्पाल मन्दिर जहाँ पूर्णिमा तथा पञ्चमीको दिन मेला<br>● वडा नं. ४ होमस्टे तथा वडा नं. ६ को बाणपाल मन्दिर, वडा नं. ७ को दुर्गा भवानी मन्दिर, वडा नं. ८ को मस्टो मन्दिर,<br>● माउण्टेन वाइकिङ्ग, भीर तथा पर्वत आरोहण, ट्रेकिङ्ग, हाईकिङ्ग, चराहरूको अवलोकन, उडान, पाराग्लाइडिङ्ग | ● गाउँपालिकाभित्र पर्ने पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्साङ्कन, संरक्षण र व्यवस्थापन हुन नसकेको ।<br>● यथेष्ट मात्रामा भौतिक पूर्वाधारको विकास तथा विस्तार नभएको ।<br>● सहज यातायातको कमी<br>● भएका पर्यटकीय सम्पदा, संस्कृति, सेवा सुविधा आदिको वारेमा सूचनाको आदान प्रदानको कमी<br>● मौलिक कला संस्कृतिको संरक्षणमा ध्यान पुग्न नसकेको ।<br>● पर्यटन, कला तथा संस्कृतिको विकासका लागि गाउँपालिकामा संस्थागत संरचना नभएको ।<br>● पर्यटन विकासका लागि नीति, कार्यक्रम तथा वजेटको व्यवस्था हुन नसकेको ।<br>● स्थानीयस्तरमा होटेल, स्वच्छ खानेपानीको उपलव्धता हुन नसकेको । | ● गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गरी सो अनुसार सालवसाली वार्षिक कार्यक्रम तर्जुमा गर्ने । प्राथमिकताको आधारमा वार्षिक योजनामा पर्यटन सम्वन्धित नीतिलाई सम्वोधन गर्ने गरी योजना, वजेट तर्जुमा गर्ने । पर्यटन क्षेत्रको पूर्वाधार विकास, सेवा सुविधाको अभिवृद्धि लगायतका कार्यहरु चरणवद्ध रुपमा कार्यान्वयन गर्ने ।<br>● प्रमुख पर्यटकीय स्थलको पहिचान, डकुमेन्ट्री तयार, लिखित दस्तावेज तयार गर्ने कार्यहरु गरी पर्यटकीय विकास तथा प्रवर्द्धनको कार्यलाई अगाडि वढाउने ।<br>● नीजि क्षेत्र र समुदायसंगको साझेदारीमा पर्यटन विकास कार्यहरु सञ्चालन गर्ने ।<br>● स्थानीय संस्कृति एवं रितिरिवाजको प्रवर्द्धन सहित होम स्टे कार्यक्रम सञ्चालन गर्ने ।<br>● कृषि तथा पशुपालन पकेट क्षेत्र जस्ता एकिकृत कृषि फर्म सहित कृषि पर्यटनको विकास र विस्तार गर्ने ।<br>● स्थानीय कला, संस्कृतिको जगेर्ना, कला तथा संस्कृतिको संवर्द्धन केन्द्रको स्थापना स्थानीयस्तरमा गर्ने ।<br>● पर्यटन सूचना केन्द्रको स्थापना गर्ने ।<br>● पर्यटन सम्वन्धित भाषिक, साहित्यिक कार्यक्रम सञ्चालन तथा पुस्तक प्रकाशन गर्ने ।<br>● सांस्कृतिक महोत्सवहरु नियमित रुपमा आयोजना गर्ने। |

२.५ उद्योग, व्यापार तथा व्यवसाय

| संभावना तथा अवसर | समस्या र चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| • गाउँपालिकाभर ८७ वटा व्यापार व्यवसाय सञ्चालनमा रहेको ।<br>• ४ वटा प्रमुख बजारहरू रहेको<br>• कुटानी पिसानी मिल पर्याप्त रहेको ।<br>• काठ उद्योगहरू लगभग ३ वटा सञ्चालनमा रहेको<br>• उद्योग, व्यापार तथा व्यवसायका लागि सहज सडक पूर्वाधार र बजारसम्मको पहुँच रहेको | • व्यवसायिक सोच र संस्कारको अभाव<br>• पूर्वाधारको अभाव (व्यवसायिक सडक, कृषि सडक)<br>• तालिम तथा प्रशिक्षण दिनु पर्छ भन्ने सोच तथा सो सम्वन्धी तालिम केन्द्रको अभाव<br>• व्यवसायिक प्रविधिको अभाव, व्यवसायिक सेवा प्रदायक संस्थाको अभाव<br>• बैंक तथा वित्तिय सस्थाहरूवाट प्रवाह हुने ऋणमा सबै व्यवसायीहरूको पहुँचको कमी रहेको । टाँठावाँठाको पहुच वढी भएको ।<br>• उद्योग, व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने दीर्घकालीन नीति, रणनीति, कार्यक्रम तथा वजेट विनियोजनको अभाव ।<br>• उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु,<br>• व्यवसायिक सुचना केन्द्रको कमि जस्ता पक्षपनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको<br>• ऋण लिनका लागि व्यवसाय दर्ता गर्ने प्रचलन हावी भएको । | • लक्षित समूहहरूको पहिचान, प्राथमिकिकरण गरी उनीहरूको आवह्यकता पहिचान गर्ने । गाउँभरिका लक्षित समूहको खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।<br>• गाउँपालिका क्षेत्रमा स्थानीय स्रोत साधनहरूमा आधारित कम्तिमा १०० वटा लघु उद्यमहरूलाई न्यूनतम व्याजदरमा ऋण उपलव्ध गराउन सहजिकरण गर्ने र उसले उत्पादन गरेको वस्तु विक्रिको आधारमा अनुदान दिने तथा वजारिकरणमा सहजिकरण एवम् आवश्यक तालिम दिने ।<br>• महिलाहरूको कार्यवोझ घटाउने खालका वस्तुहरूमा अनुदान दिने व्यवस्था गर्ने । महिलाले पुरुषले गर्ने काम गर्न खोज्छन भने उनीहरूलाई प्रोत्साहन सहयोग गर्ने ।<br>• स्थानीय परम्परागत ज्ञान तथा प्रविधिको वैज्ञानिक अनुसन्धान अभिलेखन प्रकाशन तथा बौद्धिक सम्पत्ति दर्ता गर्न सहयोग अभिवृद्धि गर्ने । परंपरागत सीप युवा पुस्ताहरूलाई हस्तान्तरण गर्दै जाने ।<br>• युवालाई लक्षित गरी मागमा आधारित सीप र उद्यमशिलता विकास सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने<br>• स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गर्ने<br>• सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी एक स्थानीय तह एक औद्योगिक ग्राम कार्यक्रम अनुसार उद्योग ग्रामको स्थापना गर्ने<br>• उद्योग वाणिज्य सङ्घ लगायत सरोकारवाला सङ्घ संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्न कृषि मेला, सांस्कृतिक मेला आयोजना गर्ने । |

| संभावना तथा अवसर | समस्या र चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| | | • पालिकास्तरीय उद्यमी तथा व्यवसायीहरूको सञ्जाल स्थापना गरी निरन्तर अन्तर्क्रिया गर्ने ।<br>• संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक विकासको लागि आवश्यक सडक र अन्य पूर्वाधारको विकास र विस्तार गर्ने |

२.६ श्रम तथा रोजगारी

| संभावना तथा अवसर | समस्या र चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| • रोजगारीको प्रमुख क्षेत्रको रुपमा कृषि, निर्माण व्यवसाय, बैदेशिक रोजगारी,स्वरोजगारीका क्रियाकलापहरू रहेको<br>• बैदेशिक रोजगारीमा जानेको संख्या न्यून रहेको<br>• कूल भित्रिने विप्रेषण आय रु. १ करोड रहेको<br>• साना किसान परिवार औषत आय वार्षिक रु. १०००० हजार रहेको<br>• प्रधानमन्त्री तथा मुख्य मन्त्री रोजगार कार्यक्रम संचालनमा रहेका | • गाउँपालिकाभर रहेको बेरोजगारको संख्या ४५०० रहेको (चालू आ.व.को)<br>• तोकिएको श्रमको मूल्य कम रहेको ।<br>• सूचीकृत बेरोजगारहरू लक्षित समुदायवाट कम परेको ।<br>• बेरोजगारहरूमा श्वेत रोजगारीमा जोड दिने मानसिकता ।<br>• नातावाद तथा कृपावादको मानसिकताका कारणले निवेदन दिन पनि आनाकानी गर्ने प्रवृत्ति रहेको छ ।<br>• उचित ज्ञान सीप क्षमताको पहिचान नभएको<br>• तालिमको अभाव<br>• ठूला उद्योग तथा व्यवसायहरूको स्थापना नहुनु<br>• सूचना तथा प्रविधिको अभाव<br>• शिक्षित युवा विदेशिनाले शैक्षिक वातावरणको अभाव | • दक्ष सीप र क्षमतावान व्यक्तिहरूलाई गाउँपालिका अन्तर्गत रहेको विभिन्न संघसंस्थाहरूमा आवद्ध गराउने<br>• बेरोजगारको सूचिकृत संख्या मध्येबाट दक्ष सीप ज्ञान भएका व्यक्तिमध्ये छनौट गरी विभिन्न संघसंस्थाहरूसंग समन्वय गरी रोजगारी श्रृजना गर्ने<br>• विप्रेषण आयलाई उत्पादनमूलक कार्यमा उपयोग गर्न प्रवर्द्धनात्मक कार्य सञ्चालन गर्ने<br>• रोजगार सूचना केन्द्रमा उपलब्ध सूचनाको उपयोग हेतु क्षमता विकास गर्ने<br>• रोजगार प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने ।<br>• बेरोजगारहरूको सूचनाका लागि वडास्तरीय अभियान सञ्चालन गरी सूचिकृत गर्ने व्यवस्था गर्ने ।<br>• गाउँपालिकाले श्रम दरको सम्वन्धमा आवश्यक समीक्षा गरी नीतिगत परिमार्जन गर्ने । |

२.७ बैंक तथा वित्तीय सेवा एवम् सहकारी

| संभावना तथा अवसर | समस्या र चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| • बैकका शाखा: ३ वटा (राष्ट्रिय वाणिज्य, सिटिजन, साँग्रीला आदि)<br>• लघुवित्त वित्तीय संस्था १ वटा सञ्चालनमा रहेको<br>• २० वटा सहकारी सञ्चालनमा रहेको<br>• बैंक तथा वित्तीय संस्था स्थापना र दैनिक कार्य सञ्चालनका लागि | • विपन्न वर्गहरूको ऋणमा पहुँच नभएको, सहुलियत व्याजदरको वारेमा आम सरोकारवालाहरूलाई जानकारी नभएकोले सुविधा लिन नसकेको ।<br>• ऋणमा पहुँच टाँठावाठाको मात्र हुने गरेको । ऋण परिचालनमा सिन्डिकेट कायमै रहनु ।<br>• उद्योग व्यवसायका लागि आवश्यक पर्ने पूँजीको पहुँच सहज नभएको | • सहुलियत व्याजदरको सही सदुपयोगका लागि नीति निर्माण गरी सो सम्वन्धमा आम सरोकारवालाहरूलाई अभिमुखिकरण गर्ने ।<br>• गरिव तथा विपन्न वर्गको सहुलियत व्याजदरमा सहज पहुँच स्थापनाका लागि वडागत रुपमा उद्यमशील गरिव तथा |

| संभावना तथा अवसर | समस्या र चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| सहज सडक यातायातको पहुँच रहेको | • कम आय भएकालाई कर्जा सहज उपलब्ध नभएको<br>• सहकारी शिक्षाको अभाव<br>• सहकारी मूल्य मान्यताको अनुसरण नहुनु<br>• सुशासनको अभाव<br>• प्रभावकारी नियमन हुन नसक्नु<br>• वित्तीय अनुसन्धानमा कमी<br>• उत्पादनमूलक र रोजगारमूलक कार्यमा ध्यान नदिईनु<br>• वचत र ऋण संरक्षण नीतिको कमी | विपन्नहरूको तथ्याङ्क संकलन गर्ने ।<br>• हरेक वडालाई पकेट प्याकेज क्षेत्रको रुपमा विकास गरी सो अनुसार ऋण लगानी गर्ने वातावरणको श्रृजना गर्ने ।<br>• कृषिको क्षेत्रमा बढी लगानी गर्ने स्थानीय वैंक तथा वित्तिय संस्थाहरूलाई पुरस्कृत गर्ने ।<br>• बैंक तथा वित्तीय संस्था तथा स्थापित लक्षित समूहको ऋणीको वीचमा समन्वय, सहजिकरण र सिफारिसको काम गर्ने ।<br>• वातावरणीय अनुकुलनलाई ध्यानमा राखी वढी उत्पादन हुने उन्नत वीउको प्रयोग सम्वन्धमा अभिमुखिकरण गरी पहुँच स्थापना गर्ने ।<br>• सहकारीहरूको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिवृद्धि गर्ने ।<br>• भूमि वैंक अवधारणा अनुसार जमीनको उपयोग गर्ने ।<br>• वित्तिय अनुगमन र नियमनलाई व्यवस्थित र नियमित गर्ने । |

## ३. विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### सोच

गाउँपालिकाको विद्यमान अवस्था, संभावना, अवसर, समस्या, चुनौती तथा नागरिक अपेक्षा समेतलाई मध्यनजर गर्दै आर्थिक विकास क्षेत्रको सोच देहायअनुसार तय गरिएको छ:

“दीगो र सबल स्थानीय अर्थतन्त्र निर्माणमा योगदान गर्ने”

### लक्ष्य

यस गाउँपालिकाको आर्थिक विकास क्षेत्रको सोच हासिल गर्ने दिशामा निम्नअनुसार लक्ष्य तय गरिएको छ :

- उत्पादन, रोजगारी र आयमा दीगो वृद्धि गर्ने

### उद्देश्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको उद्देश्यहरू देहाय अनुसार रहेका छन्:

१. व्यावसायिक कृषि, पशुपंछीजन्य उत्पादन र औद्योगीकरणमा वृद्धि गर्नु
२. स्थानीय सीप एवम् कच्चा पदार्थमा आधारित लघु, साना तथा घरेलु उद्योगको विकास एवम् विस्तार गर्नु
३. बैंक तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम गर्नु
४. स्थानीय युवा रोजगारी अभिवृद्धि गर्नु
५. आन्तरिक एवम् वाह्य पर्यटकको आगमनमा वृद्धि गर्ने ।

६. स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन एवम् पर्यटकीय सेवा सुविधाको स्तरवृद्धि गर्ने ।

## रणनीति र कार्यनीति

योजनाको आर्थिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा तदनुरुपका कार्यनीतिहरूदेहायअनुसार रहेका छन् :

**तालिका ५ : आर्थिक विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ : **व्व्यावसायिक कृषि तथा पशुपंछीजन्य उत्पादन र औद्योगीकरणमा वृद्धि गर्नु** | |
| १.१ वडास्तरमा कृषि तथा पशुपन्छी क्षेत्रको व्यवसायिक सेवा अभिवृद्धि गर्ने | १. गाउँपालिकाभित्र गाउँपालिकास्तरीय कृषि विकास समिति गठन गरीकृषि विकासको नीति, कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन कार्यलाई व्यवस्थित गरी व्यवसायिक सेवामा अभिवृद्धि गरिनेछ ।<br>२. साना किसानहरूलाई आफ्नो जीविकोपार्जनका लागि मात्र कृषिउत्पादनगर्नु भन्दा पनि बजारमुखी उत्पादनमा प्रोत्साहनगरिनेछ ।<br>३. कृषि प्रसार कार्यलाई प्रभावकारी बनाउनका लागि निजी क्षेत्रसँग साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।<br>४. कृषि पकेट प्याकेज कार्यक्रम सञ्चालन मार्फत् कृषिमा व्यवसायीकरण गर्ने कार्यलाई जोड दिइने छ ।वडागत रुपमा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरू पहिचान तथा निर्धारण गरी आवश्यक सहयोग एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>५. एक गाउँ एक विशेष उत्पादन अन्तर्गत पकेट क्षेत्र विकास मार्फत् व्यवसायिक उत्पादन गर्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र परिचालन गरिनेछ ।<br>६. एक वडा एक कृषि प्राविधिकको नीति अवलम्वन गरिनेछ ।<br>७. कृषि तथा पशुपालन पकेट क्षेत्रहरूमा कृषि तथा पशुजन्य उत्पादन, संकलन तथा प्रशोधन केन्द्रको विकास गरिनेछ ।<br>८. व्यवसायिक कृषि उत्पादनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न विशिष्ट बालीहरू खाद्यान्न, तरकारी, अन्य नगदेवाली, फलफूलजन्य, मसलाजन्य (जस्तै टिमुर, लसुन अदुवा), धर्म तथा अध्यात्मजन्य (जस्तैः रुद्राक्ष, श्रीखण्ड, शितलचिनी), व्यवसायजन्य ( पाउलोनिया र अगरउड जस्ता) औषधिजन्य (जडिबुटी, पुष्प वा फूलजन्य आदिको प्रवर्द्धन तथा विकास गरिने छ ।<br>९. साप्ताहिक हाटबजार, कृषि मेला प्रदर्शनी आयोजना मार्फत् स्थानीय कृषि बजारको प्रवर्द्धन गरिने छ ।<br>१०. स्थानीय लोपोन्मुख बीउविजन, नश्ल, कृषि तथा पशुपन्छीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरण गरिनेछ ।<br>११. कृषकसँग अध्यक्ष कार्यक्रम अन्तर्गत गाई वा भैंसीपालन गर्ने कृषक वा समूहमार्फत् आवश्यक सहयोगका कार्यक्रम सञ्चालन गरिने छ ।<br>१२. पशु विकास पकेट क्षेत्रहरूको सार्वजनिक तथा निजी जग्गामा भुईघाँस तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई गरी पुरा गरिनेछ ।<br>१३. सबै वडाका युवा, लक्षित वर्ग र कृषकहरूको सहभागितामा कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>१४. स्थानीय लोपोन्मुख बीउविजन, नश्ल, कृषि तथा पशुपन्छीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरण गरिनेछ ।<br>१५. जमीन बाँझो राख्ने प्रवृतिलाई नियन्त्रण गर्न गाउँपालिकाबाट प्रवाह गर्ने सेवा तथा सुविधामा कडाई गर्ने नीतिगत व्यवस्था गरिनेछ ।<br>१६. नियमित घरदैलो गरी पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइनेछ । |
| १.२.कृषि व्यवसायलाई विशिष्टीकरण गरी उत्पादन र | १. कृषि, पशुपन्छी, माछा लगायत औद्योगिक वस्तु उत्पादन र प्रशोधन उद्योगहरूको स्थापना, स्तरोन्नति र प्रवर्द्धन गरिनेछ ।<br>२. कृषि र पशुपालन सम्बन्धी तरकारी, मसलाबाली, माछा, गाईभैसी र बाख्रापालनमा |

| रणनीति | कार्यनीति |
| --- | --- |
| उत्पादकत्व वृद्धि गर्ने | केन्द्रित गरी एक वडामा एक-एक वटा नमूना कृषि फर्म मोडेलको रुपमा सञ्चालन गरिनेछ ।<br>३. तरकारी, फलफूल, मसलाबाली, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरूको संकलन, प्रशोधन र चिस्यान केन्द्रको विकास र विस्तार गरिनेछ ।<br>४. जैविक उत्पादन केन्द्रको विकास गर्न कृषकलाई सचेतना, जैविक उत्पादन प्रविधि र प्रसार कार्यक्रम सञ्चालनको व्यवस्था गरिनेछ ।<br>५. गाउँपालिकामा १/१ वटा बाखा र भैंसी स्रोत केन्द्रको स्थापना गरिने छ ।<br>६. एक वडामा एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी बिरुवाको उपलब्धतालाई सहज गराइनेछ ।<br>७. फूल,टिमुर,मसलाजन्य बाली, डालेचुक, सिस्नु आदिको पकेट क्षेत्र पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ । |
| १.३. दक्ष जनशक्तिको व्यवस्थापन मार्फत् प्रभावकारी सेवा प्रवाह गर्ने | १. कृषि तथा पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालिम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ ।<br>२. **"एक वडा एक कृषि उत्पादन"** कार्यक्रमको अवधारणालाई अगाडि बढाउन आवश्यकता अनुसार वडामा एक जना जे.टि.ए. राख्ने व्यवस्थालाई क्रमशः अगाडि बढाइने छ ।<br>३. पशुपालनको लागि प्राविधिक जनशक्तिको विकास र परिचालनको लागि एक वडा एक पशु स्वास्थ्य प्राविधिकहरूलाई निरन्तरता दिइने छ । |
| १.४. कृषकलाई कृषि यान्त्रिकीकरणमा सहयोग गर्ने | १. कृषकलाई अत्यावश्यक यन्त्र, उपकरण उपलब्ध गराउन कस्टम हायरिङ केन्द्र स्थापना र सञ्चालन गरिनेछ ।<br>२. नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरूको उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>३. कृषकहरूका लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणका प्रविधि हस्तान्तरणको व्यवस्था गरिनेछ ।<br>४. कृषि सामग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र बिक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिवृद्धि गरिनेछ । |
| १.५. दीगो र भरपर्दो सिंचाइ, बाह्रै महिना उपलब्ध गराउने | १. खाद्य तथा तरकारी उत्पादनमा वृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाइ सुविधा विस्तार गर्दै जाने नीति लिइने छ ।<br>२. सञ्चालित सिंचाइ कुलोको नियमित मर्मत सम्भारका लागि आवश्यक कोषको व्यवस्था गरिने छ ।<br>३. थोरै पानीले धेरै क्षेत्र र समयमा सिंचाइ गर्न थोपा समेतका आधुनिक प्रविधीमा आधारित सिंचाई कार्यक्रम सञ्चालन गर्ने । |
| **उद्देश्य २: स्थानीय सीप एवम् कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विकास एवम् विस्तार तथा औद्योगिकीकरणको आधार तयार गर्नु** | |
| २.१ स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | १. उद्योग स्थापनाका लागि संभाव्यता अध्ययन गरी संभाव्य उद्योगहरूको स्थापनामा जोड दिइनेछ ।<br>२. कृषि, पशु, माछा र वनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र सञ्चालन गरिनेछ ।<br>३. युवालाई लक्ष्यित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिनेछ ।<br>५. स्थानीय उत्पादनको संकलन र प्रशोधनमा आधारित उद्योगको स्थापनामा जोड दिइनेछ ।<br>६. परम्परागत सीपको संरक्षण, प्रबर्द्धन तथा आधुनिकीकरण सम्बन्धी उद्योगहरूको पहिचान तथा संरक्षण गर्ने कार्यक्रम (स्थानीय सीपमा आधारित ठेकी, मादल, जुत्ता, हस्तकला, गरगहना, मूर्तिकला, गुन्द्रुक, सिन्की, मस्यौरा आदि) सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २.२. औद्योगिक विकासको आधार तयार गर्ने | १. नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकाको उपयुक्त क्षेत्रमा औद्योगिक ग्राम स्थापना गरी औद्योगिक विकासको ठोस आधार तयार गरिनेछ ।<br>२. उद्योग वाणिज्य सङ्घ लगायत सरोकारवाला सङ्घ संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।<br>३. गाउँपालिकाको पहिचान र विकाससँग सम्बन्धित मेला, महोत्सव सञ्चालन गरिनेछ ।<br>४. उद्योग सञ्चालनको लागि काठमाण्डौका औद्योगिक प्रतिष्ठान र ठूला उद्यमी व्यापारीसँगसमन्वय, सहकार्य गरिनेछ ।<br>५. संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक विकासको लागि आवश्यक सडक र अन्य पूर्वाधारको विकास र विस्तार गरिनेछ । |
| उद्देश्य ३: बैंक तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम गर्नु | |
| ३.१. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने | १. बैंकिङ लगानी कृषि क्षेत्रमा वृद्धि गर्न पैरवी गरिने छ ।<br>२. वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत् हुने कारोवारलाई प्रोत्साहन गरिने छ ।<br>४. सहकारीहरूलाई एकापसमा गाभ्ने प्रक्रियालाई सहजीकरण गरिने छ ।<br>५. सहकारीहरूको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिवृद्धि गरिनेछ । |
| ३.२. बैंकिङ कारोवारमा गाउँवासीको सहज पहुँच कायम गर्ने | १. वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असहाय, जेष्ठ नागरिकहरूको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली सञ्चालन गर्न समन्वय गरिनेछ ।<br>२. वडाहरूमा वाणिज्य बैंकका शाखाहरू स्थापनाका लागि विभिन्न वाणिज्य बैंकहरूसँग पहल गरिनेछ । |
| उद्देश्य ४: स्थानीय युवा रोजगारी अभिवृद्धि गर्नु | |
| ४.१. युवालाई लक्षित गरी उत्पादन र रोजगारीमा वृद्धि गर्ने | १. बेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय र आयोजना सञ्चालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय सञ्चालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइने छ ।<br>४. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहित गरिनेछ ।<br>५. कोभिड-१९का कारणबाट वैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरूलाई सूचीकृत गरी विशेष प्राथमिकता साथ रोजगार प्रदान गरिने छ ।<br>६. नेपाल सरकारको स्वामित्वमा रहेको बैङ्कहरूसँग समन्वय गरी शून्य प्रतिशत ब्याजदरमा ऋणको व्यवस्था गरी युवाहरूका लागि उद्यमशील कार्यक्रम सञ्चालन गरिने छ । |
| उद्देश्य ५: **आन्तरिक एवम् वाह्य पर्यटकको आगमनमा वृद्धि गर्ने** | |
| ५.१ पर्यटकीय स्थलको पहिचान नक्साङ्कन, विकास र प्रवर्द्धन गर्ने | १. गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सो अनुसारको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिवृद्धि लगायतका कार्यहरू चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ ।<br>२. पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।<br>३. निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास कार्यहरूसञ्चालन गरिनेछ । |
| ५.२ पर्यटकीय सम्पदा | १. स्थानीय संस्कृति एवम् रितीरिवाजको प्रवर्द्धन सहित होम स्टे कार्यक्रम सञ्चालन गरिने |

| रणनीति | कार्यनीति |
|---|---|
| र सेवाको विशिष्टिकरण गर्ने | छ ।<br>२. कृषि तथा पशुपालन पकेट क्षेत्रजस्ता एकीकृत कृषि फर्म सहित कृषि पर्यटनको विकास र विस्तार गरिनेछ ।<br>३. प्राकृतिक, दृश्यावलोकन, धार्मिक, साँस्कृतिक कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ ।<br>४. निजी क्षेत्रसँग साझेदारी गरी गाउँपालिकाको संभाव्य पर्यटकीय स्थलहरूमा पर्यटकीय पूर्वाधार लगायत सेवासुविधा सहित पर्यटन विकास गरिनेछ । |
| ५.३ पर्यटनको विकासको माध्यमद्धारा दिगो रोजगारी सिर्जना र आय वृद्धी गर्ने । | १. पर्यटन विकास विशेष गरी युवा, महिला र लक्ष्यित वर्गमा रोजगारी सृजना र आय वृद्धि गरिनेछ ।<br>२. कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुऱ्याउन विकास विकासका कार्यक्रमलाई लक्षित वर्ग र समुदाय प्राथमिकता दिई सञ्चालन गरिनेछ । |
| **उद्देश्य ६: स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्नु** | |
| ६.१ स्थानीय कला तथा संस्कृतिको संरक्षण गरी व्यवसायिकतातर्फ आकर्षित गर्ने । | १. स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्न कला तथा संस्कृति संवर्द्धन केन्द्रको स्थापना स्थानीय स्तरमा गरिनेछ ।<br>२. मातृभाषाको जगेर्ना गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. भाषिक साहित्यिक कार्यक्रम सञ्चालन तथा पुस्तक प्रकाशन गरिनेछ ।<br>४. सँस्कार, सँस्कृति संरक्षणको लागि डकुमेन्ट्री बनाइनेछ ।<br>५. पर्यटकलाई ध्यानमा राखी साँस्कृतिक महोत्सवहरू नियमित रुपमा आयोजना गरिनेछ ।<br>६. पर्यटन सूचना केन्द्रहरूको स्थापना गरिनेछ ।<br>७. होम स्टे प्रवर्द्धनलाई विशेष जोड दिइनेछ । |
| ६.२ मौलिक सीप, कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने | १.१ स्थानीय सीप, सम्पदा, कला र संस्कृति संरक्षणका लागि गाउँपालिकास्तरमा कला तथा संस्कृति हेर्ने संयन्त्र तयार गरी क्रियाशील गराइने छ ।<br>१.२ स्थानीय कला तथा सीपको पहिचान गरी आकर्षक तथा सजावटका सामाग्री रुपमा व्यावसायिकता अभिवृद्धि गरिनेछ ।<br>१.३ कला तथा संस्कृतिको जगेर्ना गर्न महोत्सव तथा प्रदर्शनीको आयोजना गरिनेछ ।<br>१.४ स्थानीय बाजा, नृत्य र गीतलाई पेशाका रुपमा अवलम्बन गर्न महोत्सव, चाडवाड तथा कार्यक्रममा अवसर प्रदान र प्रचार प्रसार गरिनेछ । |
| ६.३.स्थानीय सम्पदा, कला तथा संस्कृति सम्बन्धी अध्ययन अनुन्धान गरी पर्यटन विकाससँग आवद्ध गर्ने | २.१ स्थानीय मेला जात्रा, धार्मिक स्थल तथा ऐतिहासिक स्थलको पहिचान तथा प्रचार प्रसार गरी पर्यटन विकासमा उपयोग गरिनेछ ।<br>२.२ कला, सम्पदा तथा संस्कतिसँग सम्बन्धित अध्ययन अनुसन्धानका लागि शोधकर्ता, अनुसन्धान केन्द्र तथा विश्वविद्यालयका गतिविधिसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२.३ स्थानीय कला, भाषा, संस्कृति, रहनसहनका बारेमा फिल्म तथा डकुमेन्ट्री निर्माण गर्न पहल गरिनेछ ।<br>२.४ परम्परागत शिल्पी पेशालाई नयाँ प्रविधिसँग आवद्ध गराई थप व्यवसायिक बनाइनेछ ।<br>२.५ स्थानीयस्तरमा संग्राहलय स्थापना गरी स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा प्रचार प्रसार गरिनेछ । |

## ४ विषय क्षेत्रगत प्रमुख कार्यक्रम तथा आयोजना

यस आवधिक योजनाका अपेक्षित नतिजाहरू हासिल गर्नका लागि पहिचान गरिएका प्रमुख कार्यक्रम तथा आयोजनाहरू देहायअनुसार रहेका छन् :

**तालिका ६ : आर्थिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना**

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेश तथा नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | | |
| **उद्देश्य १ :** व्यवसायिक कृषि तथा पशुपंछीजन्य उत्पादन र औद्योगीकरणमा वृद्धि गर्नु | १.१. उत्पादन पकेट विकास कार्यक्रम (कृषि फार्म स्थापना समेत) | संख्या | १५ | ४५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | २७७.७८ | | वडा नं १, २,३ र ४ मा तरकारी तथा खाद्यान्न बाली, वडा नं ५ र ६ मा तरकारी, ७ र ८ मा फलफूल |
| | १.२. जैविक मल तथा विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम (भकारो सुधार कार्यक्रम समेत | पटक | १०० | ३०० | ० | ३०० | ३०० | ३०० | ३०० | १२०० | ४ | | गापास्तर |
| | १.३. बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र सञ्चालन गर्ने | संख्या | ५ | १५ | ७५० | १००० | १००० | १००० | १००० | ४७५० | ३१६.६७ | | स्थानीय आवश्यकता अनुसार विउ तथा फलफूलका विरुवा स्याउ,आरु,ओखर,खुर्पानी आदि) उत्पादन गर्ने |
| | १.४. फलफूल तथा उच्च मूल्ययुक्त बाली प्रवर्द्धन कार्यक्रम | रोपनी | ५०० | १००० | ८०० | १५०० | १६०० | १७०० | १८०० | ७४०० | ७.४ | | पकेट पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादन गर्ने (जस्तै टिमुर, लसुन, शितलचिनी, अन्य जडिबुटी,फूलजन्य खेती) |
| | १.५. संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने | स्थान | ० | १ | ० | ५००० | ५००० | ६००० | ७००० | २३००० | २३००० | | पकेट क्षेत्रमा तरकारी, फलफूल, मसलाबाली दुध जन्य पदार्थमा लक्षित गर्ने |
| | १.६. कृषि यान्त्रिकीकरण | संख्या | ५ | ३० | ० | १००० | १००० | १००० | १००० | ४००० | १३३.३३ | | व्यवसायिक फर्म, कृषि सहकारी तथा कृषक समूह मार्फत व्यवसायिक उत्पादनमा सहयोग गर्ने |
| | १.७. कृषि सम्बन्धी सालबसाली कार्यक्रम | पटक | ५ | १० | १५०० | १८०० | १८०० | १८०० | १८०० | ८७०० | ८७० | | मागको आधारमा |
| | **कृषि जम्मा** | | ६३० | १४०१ | ५५५० | १३१०० | १३२०० | १४३०० | १५४०० | ६१५५० | २४६०९.२ | | |
| | १.८. ठेहे सिंचाई आयोजना | किमि | ० | ५ | ० | १५००० | १५००० | १५००० | १५००० | ६०००० | १२००० | | ग्यागु |
| | १.९. खोल्सी सिंचाइ | किमि | ० | | | | | | | ० | | | |
| | १.१०. स्याँडा सिंचाइ आयोजना | संख्या | ० | २ | २००० | २००० | २००० | २००० | २००० | १०००० | ५००० | | स्याँडा खोला |

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेश तथा नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | | |
| | १.११. सिंचाइ सम्बन्धी सालवसाली कार्यक्रम | संख्या | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | | नियमित कार्यक्रम |
| | **सिचाई जम्मा** | | | **१२** | **२५००** | **१७५००** | **१७५००** | **१७५००** | **१७५००** | **७२५००** | **१७५००** | | |
| | १.१२. नश्ल सुधार तथा पशु उपचार केन्द्र स्थापना | संख्या | ० | ६० | ३०० | ५०० | ५०० | ६०० | ५०० | २४०० | ४० | | सिमकोटमा |
| | १.१३. उन्नत घाँसेबाली विस्तार कार्यक्रम | रोपनी | ० | २५० | ० | १०० | १०० | १०० | १०० | ४०० | १.६ | | सवै वडामा । घाँस नर्सरी सहित सार्वजनिक र निजी जग्गामा कृषि सहकारी मार्फत प्रवर्धन गर्ने |
| | १.१४. व्यवसायिक पशु तथा पन्छीपालन कार्यक्रम | संख्या | २ | १० | २२०० | २५०० | २५०० | २५०० | २५०० | १२२०० | १२२० | | व्यवसायिक रुपमा गाई,जुमा, बाखापालन, बंगूरपालन, कुखुरापालन गर्ने समूह, सहकारी तथा व्यवसायिक फर्म |
| | १.१५. उन्नत जातको माउवाखा स्रोत केन्द्र स्थापना गर्ने | संख्या | १ | ५ | ० | १५०० | १५०० | १५०० | १५०० | ६००० | १२०० | | कृषक समहू/सहकारी मार्फत सञ्चालन गर्ने |
| | १.१६. दुग्ध चिस्यान केन्द्र स्थापना | संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | |
| | १.१७. पशु बधशाला तथा मासु बजार विकास कार्यक्रम | संख्या | ० | ४ | ० | १५०० | १५०० | १५०० | १५०० | ६००० | १५०० | | |
| | १.१८. पशुसेवा सम्बन्धी सालवसाली कार्यक्रम | पटक | २ | ८ | १००० | १५०० | १५०० | १५०० | १५०० | ७००० | ८७५ | | गापास्तरमा |
| | १.१९. पशु विमा सहजीकरण कार्यक्रम | पटक | ० | ५ | ० | १०० | १०० | १०० | १०० | ४०० | ८० | | |
| | १.२०. घाँस स्रोत केन्द्र विकास कार्यक्रम | वटा | ० | १ | ० | १०० | १०० | १०० | १०० | ४०० | ४०० | | |
| | **पशु विकास जम्मा** | | | **३४३** | **३५००** | **७८००** | **७८००** | **७९००** | **७८००** | **३४८००** | **५३१६.६** | | |
| | **उद्योग, व्यापार तथा पर्यटन** | | | | | | | | | | | | |
| **उद्देश्य २ :** स्थानीय सीप एवम् कच्चा पदार्थमा आधारित | २.१. व्यापार-व्यवसाय क्षेत्रमा संलग्न भएका लक्षित समूहहरूको खण्डीकृत तथ्याङ्क संकलन, विश्लेषण तथा अद्यावधिक गर्ने | पटक | ० | १५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | ४० | | |

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेश तथा नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | | |
| लघु, साना तथा घरेलु उद्योगको विकास एवम् विस्तार गर्नु | २.२. बैंक, वित्तीय संस्था तथा अति विपन्न उद्यमीहरूबीच सहुलियत व्याजदरमा आधारित कर्जा सम्बन्धि कार्यशाला गोष्ठी | पटक | ० | १५ | ० | १०० | १०० | १०० | १०० | ४०० | २६.७ | | |
| | २.३. कृषि तथा अन्य उद्यमीहरूले उत्पादन गरेको विक्री सामाग्रीको परिमाणमा आधारित अनुदान कार्यक्रम | वटा | ० | १०० | ० | ७०० | ७०० | ७०० | ७०० | २८०० | २८ | | |
| | २.४. स्थानीय उद्यमीहरूले उत्पादन गरेको सामाग्रीहरूको वजारिकरण प्रवर्द्धन कार्यक्रम | वटा | ० | ५ | ० | १०० | १०० | १०० | १०० | ४०० | ८० | | |
| | २.५. परम्परागत ज्ञान तथा सीप युवापुस्तालाई हस्तान्तरण गर्ने कार्यक्रम | वटा | ० | १० | ० | ५०० | ६०० | ६०० | ७०० | २४०० | २४० | | |
| | २.६. युवाहरूका लागि लघु उद्यमशीलता सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | ५० | २०० | १७०० | २००० | २५०० | ३००० | ३५०० | १२७०० | ६३.५ | | |
| | २.७. एक स्थानीय तह एक उद्योगग्राम कार्यक्रम | वटा | ० | १ | ० | ५००० | ५००० | ५००० | ५००० | २०००० | २०००० | | |
| | २.८. कृषि तथा उद्योग मेला तथा प्रदर्शनी | पटक | १ | ५ | ० | १०० | १३० | १३० | १४० | ५०० | १०० | | |
| | २.९. पालिकास्तरीय उद्यमी तथा व्यवसायीहरूको सञ्जाल स्थापना, सञ्चालन तथा व्यवस्थापन | वटा | ० | ४ | ० | ५०० | ५०० | ५०० | ५०० | २००० | ५०० | | |
| | २.१०. उद्योगको संभाव्यता अध्ययन | पटक | ० | ४ | ० | २०० | २०० | २०० | २०० | ८०० | २०० | | गापास्तरमा |
| | २.११. कृषि र पशुपंक्षीजन्य उपजको प्रशोधन उद्योग स्थापना | संख्या | ० | १ | ० | ५००० | ५००० | ५००० | ५००० | २०००० | २०००० | | कृषिको २, पशुपंक्षी उपज सम्बन्धी २ र निगालोको १ गरी ५ वटा उपयुक्त पाँच |

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेश तथा नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | | |
| | | | | | | | | | | | | | स्थानमा सञ्चालन गर्ने |
| | २.१२. दक्ष जनशक्ति उत्पादन कार्यक्रम | संख्या | ० | ५ | ० | १०० | १०० | १०० | १०० | ४०० | ८० | | कृषि, पशुपालन, उद्यम विकासका कार्यहरू |
| | २.१३. बजार अनुगमन | संख्या | ३ | १५ | ५० | ७० | ८० | ९० | १०० | ३९० | २६ | | |
| | २.१४. व्यवसाय अनुगमन कार्यक्रम | | ० | १५ | ७५ | १०० | १०० | १०० | १०० | ४७५ | ३१.७ | | |
| | **उद्देश्य २ को जम्मा** | | | **३९५** | **१९४५** | **१४५९०** | **१५२३०** | **१५७४०** | **१६३६०** | **६३८६५** | **४१४१६** | | |
| **उद्देश्य ३ : बैंक तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम गर्नु** | **बैंक, सहकारी तथा वित्तीय सेवा** | | | | | | | | | | | | |
| | ३.१. उत्पादन, प्रशोधन र बजारीकरणका लागि सहकारी विकास कार्यक्रम | वटा | ० | ४ | ० | २०० | ३०० | ४०० | ५०० | १४०० | ३५० | | सहकारीको माध्यमबाट तरकारी, पर्यटन र पशुपालन प्रवर्द्धन गर्ने |
| | ३.२. बैंकिङ सेवा विस्तार कार्यक्रम | संख्या | | | | | | | | ० | | | शाखारहित सेवा गापा सबै वडामा |
| | ३.३. विप्रेषण पूँजी परिचालन कार्यक्रम | जना | ० | १० | ० | २०० | २०० | ३०० | ५०० | १२०० | १२० | | वैदेशिक रोजगारीबाट फर्केका वा परिवारलाई लक्षित गर्ने |
| | ३.४. कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय बेरोजगार उद्यमशिलता विकास कार्यक्रम | जना | ० | ५० | ० | ३०० | ४०० | ५०० | ५०० | १७०० | ३४ | | |
| | **उद्देश्य ३ को जम्मा** | | **०** | **६४** | **०** | **७००** | **९००** | **१२००** | **१५००** | **४३००** | **५०४** | | **सहकारीको माध्यमबाट तरकारी, पर्यटन र पशुपालन प्रवर्द्धन गर्ने** |
| **उद्देश्य ४: स्थानीय युवा रोजगारी अभिवृद्धि गर्नु** | **रोजगार प्रवर्द्धन** | | ० | ४ | ० | २०० | ३०० | ४०० | ५०० | १४०० | ३५० | | |
| | ४.१. गाउँपालिकाभित्र रहेका शैक्षिक वेरोजगारहरूको प्रोफाइल तयार तथा अद्यावधिकीकरण | पटक | ० | ५ | ० | १०० | १२० | १३० | १४० | ४९० | ९८ | | |
| | ४.२. गाउँपालिकाभित्र भएका वैदेशिक रोजगारवाट फर्की उद्यम व्यवसायमा लगानी गर्न इच्छुक व्यक्तिहरूको प्रोफाइल तयारी तथा अद्यावधिक | पटक | ० | ५ | ० | ७५ | ७५ | ७५ | ७५ | ३०० | ६० | | |
| | ४.३. शैक्षिक वेरोजगार तथा वैदेशिक रोजगारवाट फर्केकाहरूलाई | जना | ० | १० | ० | १५० | १५० | १५० | १५० | ६०० | ६० | | |

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेश तथा नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | | |
| | उद्यशीलता सम्वन्धि तालिम | | | | | | | | | | | | |
| | ४.४. बेरोजगारहरूको सूचनाका लागि वडास्तरीय अभियान सञ्चालन गरी सूचिकृत गर्ने व्यवस्था गर्ने | पटक | ० | ४ | ० | ५० | ५० | ५० | ५० | २०० | ५० | | |
| | ४.५. विप्रेषण आयको उत्पादनमूलक कार्यमा उपयोग सम्बन्धी अभिमुखिकरण तथा कार्यशाला गोष्ठी सञ्चालन गर्ने | पटक | ० | ४ | ० | ५० | ५० | ५० | ५० | २०० | ५० | | |
| | ४.६. विप्रेषण आयको उत्पादनमूलक कार्यमा उपयोग सम्वन्धि नीति तथा कार्यक्रम निर्माण | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | | | |
| | ४.७. ज्याला दर रेट सम्वन्धि नीति निर्माणका लागि कार्यशाला गोष्ठी गरी ज्याला दर रेट निर्धारण गर्ने | पटक | ० | ४ | ० | १०० | १०० | १०० | १०० | ४०० | १०० | | |
| | ४.८. विप्रेषणको स्रोतवाट उत्पादनमूलक कार्यमा संलग्न युवा उद्यम व्यवसायीहरूलाई पुरस्कृत गर्ने | ज्ना | ० | ५ | ० | १०० | १०० | १०० | १०० | ४०० | ८० | | |
| | ४.९. वैदेशिक रोजगारबाट फर्केर स्वदेशमा केही गर्न चाहने युवाहरूलाई सहुलियत कर्जा कार्यक्रम | ज्ना | ० | १५ | ० | ५०० | ५०० | ५०० | ५०० | २००० | १३३.३ | | |
| | ४.१०. जैविक विषादी, जैविक मलमा आधारित कृषि प्रवर्द्धन कार्यक्रम | जना | १० | ५० | २०० | ३०० | ४०० | ५०० | ५०० | १९०० | ३८ | | |
| | ४.११. निःशुल्क माटो परीक्षण तथा उपचार | जना | १ | ३ | २०० | ० | ५०० | ० | ६०० | १३०० | ४३३.३ | | |

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेश तथा नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | | |
| | **उद्देश्य ४ को जम्मा** | | | १०५ | ४०० | १६२५ | २३४५ | १६५५ | २२६५ | ७७९० | ११०२.६७ | | |
| **५ पर्यटकीय पूर्वाधार, सेवा र सुविधा** | ५.१ पर्यटन गुरुयोजना तयारी | संख्या | ० | १ | ० | १००० | ० | ० | ० | १००० | १००० | | गापास्तरमा |
| | ५.२ गाउँपालिका/ वडास्तरमा पर्यटन विकास सम्बन्धी नीति, समिति निर्माण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन। | स्थान | ० | ४ | ० | १०० | १०० | १०० | १०० | ४०० | १०० | | कृषि पकेट क्षेत्र अनुसार कृषि व्यवसायसँग आवद्ध गरी सञ्चालन गर्ने |
| | ५.३ पर्यटन सूचना केन्द्रको स्थापना गर्ने | स्थान | ० | ८ | ० | ४०० | ४०० | ४०० | ४०० | १६००० | २००० | | |
| | ५.४ संस्कृति सम्पदा सम्वन्धी डकुमेन्ट्री तयार गर्ने। | पटक | ० | १ | ० | ५०० | ० | ० | ० | ५०० | ५०० | | |
| | ५.५ होमस्टे तालिम | ज्ना | ० | १०० | ० | १५० | १५० | १५० | १५० | ६०० | ६ | | |
| | ५.६ समुदायस्तरमा होमस्टे प्रवर्द्धन कार्यक्रम | वटा | ० | ४ | ० | १००० | १००० | १००० | १००० | ४००० | १००० | | |
| | ५.७ ट्रेकिङ्ग गाईड तालिम | जना | ० | ५० | ० | ३०० | ३०० | ३०० | ३०० | १२०० | २४ | | |
| | ५.८ स्थानीयस्तरमा सांस्कृतिक महोत्सवको आयोजना गर्ने। | वटा | ० | ४ | ० | २०० | २०० | २०० | २०० | ८०० | २०० | | |
| | ५.९ पर्यटकीय पदमार्ग विकास (महाभारत श्रृंखला) | कि.मि. | ५ | ३० | ० | ३००० | ३००० | ३००० | ३००० | १२००० | ४०० | | सिमकोट बजार हुँदै बुराउसे,पञ्चमुखी हिमाल |
| | ५.१० पर्यटकीय पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | २ | ० | ५००० | ५००० | ५००० | ५००० | २०००० | १०००० | | पहिचान भएका पर्यटकीय स्थानहरूमा |
| | ५.११ पर्यटन पूर्वाधार, सुविधा सम्बन्धी सालबसाली कार्यक्रम | पटक | ० | १ | ० | २००० | २००० | २००० | २००० | ८००० | ८००० | | नेपाल सरकार र प्रदेश सरकाको ससर्त अनुदान र |
| | **उद्देश्य ५ को जम्मा** | | ५ | २०५ | ० | १३६५० | १२१५० | १२१५० | १२१५० | ६४५०० | २३२३० | | |
| **६. साँस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धन** | ६.१ स्थानीयस्तरमा सांस्कृतिक महोत्सवको आयोजना गर्ने। | वटा | | २५० | २५० | २५० | २५० | २५० | २५० | १२५० | ५ | | लामा, ब्याँसी जातजातिको विशिष्ट संस्कृति |
| | ६.२ सम्पदा अध्ययन तथा वृतचित्र | वटा | | १ | ५०० | | ५०० | | ५०० | १५०० | १५०० | | सबै सम्पदा तथा संस्कृति समेटिने गरी |
| | ६.३ स्थानीय सम्पदा संरक्षण | वटा | | ४ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३७५ | | |

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेश तथा नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | | |
| | ६.४ सँस्कृति सम्बन्धी सालबसाली कार्यक्रम | पटक | | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६०० | | नेपाल सरकार र प्रदेश सरकाको ससर्त अनुदान र |
| | ६.५ स्थानीय सम्पदा तथा संस्कृति अध्ययन | पटक | ० | १ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ७५०० | | |
| | ६.६ मौलिक कला गीत तथा नृत्य प्रशिक्षण | पटक | ० | १ | ५०० | १५०० | १५०० | १५०० | १५०० | ६५०० | ६५०० | | |
| | ६.७ स्थानीय सांस्कृतिक संग्राहलय स्थापना | संख्या | ० | १ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ७५०० | | |
| | ६.८ मौलिक गीत तथा कला प्रतियोगिता | पटक | ० | १ | १००० | १५०० | १५०० | १५०० | १५०० | ७००० | ७००० | | |
| | | | | २६४ | ६१५० | ७१५० | ७६५० | ७१५० | ७६५० | ३५७५० | ३०९८० | | |
| | **कुल जम्मा** | | | | २००४५ | ७६११५ | ७६७७५ | ७७५९५ | ८०६२५ | ३४५०५५ | १४४६५८.५ | | |

## ५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस आवधिक योजनाको कार्यान्वयन पश्चात् स्थानीय सम्भाव्यताको आधारमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्व बढ्ने,कृषिजन्य उत्पादन, वन पैदावार लगायतका स्थानीय स्रोत साधन तथा मौलिक सीपमा आधारित लघु, घरेलु तथा साना उद्योगको संख्यात्मक तथा गुणात्मक वृद्धि भएको हुने, बचत परिचालन सहित आवश्यक पर्ने पूँजीको सहज पहुँच वृद्धि भएको हुने अपेक्षा गरिएको छ। यस क्रममा योजना तर्जुमा गर्नु अघिसम्म कृषि तथा पशुपालनका क्षेत्रमा २५० जना रोजगार भएकोमा योजना अवधिको अन्त्यसम्मा ७५० जना रोजगार भएका हुने, उद्योग र व्यवसायको क्षेत्रमा १५० जना रोजगार भएकामा ६५० जना रोजगार भएका हुने र ६१३ जना रोजगारीका लागि विदेशिएकामा यो योजनाको अन्तसम्ममा स्थानीय स्तरमै रोजगारीका अवसरहरू वृद्धि भई ५० जना मात्र विदेशिने अनुमान गरिएको छ। यस्तै गरी, बाह्रै महिना सिंचाइ हुने क्षेत्र ३१०६२ रोपनी रहेकोमा योजनाको अन्त्यसम्मा ५१८४४ रोपनीमा सिंचाइ सुविधा विस्तार हुने, ८० प्रतिशत घरपरिवारले उन्नत बीउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने अनुमान गरिएको छ। अपेक्षित थप नतिजाहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ७ : आर्थिक विकास क्षेत्रको नतिजा खाका**

| नतिजा तह/ नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | |
| प्रभाव :१ स्थानीय उत्पादनमा बृद्धि एवं साँस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास भई रोजगारी र आयआर्जनका अवसरमा वृद्धि भएको हुने | कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | जना | २५० | ३५० | ४५० | ५५० | ६५० | ७५० | २७५० | -गाउँ स्थितिपत्र (वस्तुगत विवरण)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>-आर्थिक सर्वेक्षण<br>-संघ र प्रदेश सरकारका क्षेत्रगत प्रतिवेदनहरू | - कृषि, औद्योगिक र रोजगारी क्षेत्रमा संघ, प्रदेश र विकास साझेदारको लगानी वृद्धि हुनेछ<br>- जलवायु परिवर्तन र विपद्को असर न्युन हुनेछ।<br>- सांस्कृतिक तथा पर्यटन क्षेत्रमा संघ, प्रदेश र विकास साझेदारको लगानी वृद्धि हुनेछ |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | जना | १५० | २५० | ३५० | ४५० | ५५० | ६५० | २२५० | | |
| | वैदेशिक रोजगारीमा गएका व्यक्ति | जना | ६१३ | ५५० | ४०० | ३०० | १५० | ५० | १४५० | | |
| | साना किसान तथा उत्पादकको औषत वार्षिक आय | रु. हजारमा | ५ | ५.५ | ६.५ | ७.५ | ९ | ११ | ३९.५ | | |
| | आफ्नो उत्पादनबाट वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | २५ | ३५ | ४५ | ६० | ७५ | ८५ | ३०० | | |
| | पर्यटन क्षेत्रमा रोजगारी सृजना | संख्या | २० | ५० | १०० | १७५ | ३०० | ५०० | ११२५ | | |
| | पर्यटन विकास गुरुयोजना तर्जुमा | भएको/ नभएको | नभएको | नभएको | नभएको | नभएको | नभएको | नभएको | | | |
| | संरक्षित कला, सँस्कृति र सम्पदा | संख्या | ० | १ | २ | ३ | ४ | ५ | १५ | | |
| असर १: स्थानीय सम्भाव्यताको | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि | रु. हजारमा | ४.०० | ४.५ | ५ | ५.५ | ६ | ६.५ | २७.५ | -गाउँ स्थितिपत्र ( वस्तुस्थिति विवरण) | - कृषि तथा पशुसेवा प्रवाह र प्रविधी प्रसारमा वैकल्पिक प्रणालीको |

| नतिजा तह/ नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | |
| आधारमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्व बढेको हुने | उत्पादन) | | | | | | | | | -अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | प्रयोग हुनेछ ।<br>- विपद् जोखिम न्यूनीकरण भएको हुनेछ ।<br>- कृषिमा वातावरणीय ह्रास कम हुनेछ । |
| | १२ है महिना सिंचाइ हुने क्षेत्र | रोपनी | ३१०६२ | ३३५४६ | ३७२३६ | ४१३३१ | ४६२९० | ५१८४४ | २१०२४७ | | |
| | उन्नत बीउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ३५ | ४० | ५० | ६० | ७० | ८० | ३०० | | |
| असर २: आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि भएको हुने | पर्यटन प्रवर्द्धनमा संलग्न संघ/संस्था | संख्या | ० | १ | १ | ३ | ५ | ७ | १७ | - सांस्कृतिक तथा पर्यटन क्षेत्रमा संघ, प्रदेश र विकास साझेदारको लगानी वृद्धि हुनेछ | - सांस्कृतिक तथा पर्यटन क्षेत्रमा संघ, प्रदेश र विकास साझेदारको लगानी वृद्धि हुनेछ |
| | पर्यटनसँग सबन्धित सक्रिय संयन्त्र/समिति | वटा | ० | १ | १ | २ | ३ | ४ | ११ | | |
| | पर्यटन र सँस्कृतीसँग सम्बन्धित अध्ययन र सर्वेक्षण विषय | संख्या | ० | ० | १ | १ | १ | २ | ५ | | |
| | पर्यटन प्रवर्द्धनमा संलग्न संघ/संस्था | संख्या | ० | १ | १ | ३ | ५ | ६ | १६ | | |
| प्रतिफल १.१: उत्पादनयोग्य नगदे बाली तथा पशुपालनमा आधुनिक प्रविधिको प्रयोग र व्यवसायीकरण मार्फत उत्पादन तथा उत्पादकत्वको वृद्धि हुने | एकिकृत सेवा (कृषि, पशुपन्छी, मौरी लगायतका) सेवा सञ्चालन भएका पकेट क्षेत्र | संख्या | १ | १ | ३ | ५ | ६ | ८ | २३ | -गाउँ स्थितिपत्र ( वस्तुस्थिति विवरण)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>- | - कृषि तथा पशुसेवा प्रवाह र प्रविधि प्रसारमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ ।<br>- विपद्जोखिम न्यूनीकरण भएको हुनेछ ।<br>- कृषि क्षेत्रमा यस आवधिक योजनाअनुसार वार्षिक योजना तर्जुमा र आवश्यक लगानी भएको हुनेछ । |
| | पकेट क्षेत्र विकास कार्यक्रममा संलग्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र | संख्या | १ | १ | ५ | १० | १५ | २० | ५१ | | |
| | प्रवर्धित कृषिउपज संकलन तथा बजार केन्द्र | संख्या | १ | १ | २ | ४ | ५ | ७ | १९ | | |
| | संचालित कृषि संकलन केन्द्र | संख्या | १ | १ | २ | ४ | ५ | ७ | १९ | | |
| | भुइघाँसको व्यवसायिक | रोपनी | ४० | ५० | १०० | २०० | ३५० | ५०० | १२०० | | |

| नतिजा तह/ नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | |
| | उत्पादन क्षेत्र | | | | | | | | | | |
| | सक्रिय व्यवसायिक कृषक सुमह | संख्या | ३ | ५ | ८ | १० | १५ | २० | ५८ | | |
| | व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ५८८६ | ६७२७ | ८४०८ | १००९० | ११७७१ | १३४५३ | ५०४४९ | | |
| प्रतिफल १.२: कृषि व्यवसाय विशिष्टीकरण भई उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने | संचालित एक वडा एक नमूना कार्यक्रम | संख्या | ० | १ | २ | ३ | ४ | ५ | १५ | -गाउँ स्थितिपत्र (वस्तुगत विवरण)<br>-अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - सेवा प्रवाह र प्रविधि प्रसारमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ ।<br>- विपद् जोखिम न्यूनीकरण भएको हुनेछ ।<br>- कृषिमा वातावरणीय ह्रास कम हुनेछ । |
| | व्यावसायिक कृषि नर्सरी | संख्या | ० | १ | ३ | ५ | ७ | १० | २६ | | |
| | कोल्ड स्टोर/रष्टिक स्टोर/सेलार स्टोर | संख्या | ० | १ | ५ | १० | १५ | २० | ५१ | | |
| | प्रवर्द्धित कृषि उपज संकलन तथा बजार केन्द्र | संख्या | १ | १ | २ | ४ | ५ | ७ | १९ | | |
| प्रतिफल १.३: पर्यटकीय स्थलको पहिचान, नक्सांकन, विकास र प्रवर्धन भएको हुने | भमण गर्ने वार्षिक पर्यटक (बाह्य) | संख्या | ५० | ५० | १०० | २०० | ४०० | ६०० | १३५० | -गाउँ स्थितिपत्र (वस्तुगत विवरण)<br>-अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - सङ्घीय संरचना अनुसार पर्यटन प्रवर्द्धन संबन्धी सङ्घीय कानून तथा नीति तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश तथा स्थानीय सरकार, विकास साझेदार र निजी क्षेत्रबाट पर्यटन विकासमा लगानी हुनेछ । |
| | भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक) | संख्या | ५०० | ५०० | १००० | २००० | ४००० | ६००० | १३५०० | | |
| | स्तरोन्नती गरिएका पर्यटकीय सम्पदा | संख्या | ० | १ | २ | ३ | ४ | ५ | १५ | | |
| प्रतिफल १.४ :पर्यटकीय सम्पदा र सेवाको विशिष्टीकरण भएको हुने | व्यवस्थित पर्यटकीय स्थल | संख्या | ० | १ | ३ | ४ | ५ | ६ | १९ | -गाउँ स्थितिपत्र ( वस्तुस्थिति विवरण)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - सङ्घीय संरचना अनुसार पर्यटन प्रवर्द्धन संबन्धी सङ्घीय कानून तथा नीति तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश तथा स्थानीय सरकार, विकास साझेदार र निजी क्षेत्रबाट पर्यटन विकासमा लगानी हुनेछ । |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | ० | ३ | १० | ३० | ४० | ५० | १३३ | | |
| | पर्यटकीय स्तरका होटेल तथा रेष्टुरेण्ट | संख्या | ० | ३ | ४ | ५ | ६ | ७ | २५ | | |
| | कृषि पर्यटन सञ्चालन स्थान | संख्या | ० | ० | १ | २ | ३ | ४ | १० | | |

| नतिजा तह/ नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | जम्मा | | |
| असर २: कृषिजन्य उत्पादन, वन पैदावार लगायतका स्थानीय स्रोत साधन तथा मौलिक सीपमा आधारित लघु, घरेलु तथा साना उद्योगको संख्यात्मक तथा गुणात्मक वृद्धि भएको हुने | उद्योग तथा व्यवसायमा संलग्न जनसंख्या | संख्या | ८८४ | १००० | १३०० | १६०० | १९०० | २२०० | ८००० | -गाउँ स्थितिपत्र (वस्तुस्थिति विवरण)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>- | - उद्यम तथा व्यापार प्रवर्द्धनमा संघ, प्रदेश र स्थानीय सरकार सहयोग वृद्धि हुनेछ ।<br>- निजी क्षेत्रबीच स्वस्थ्य प्रतिस्पर्धा हुनेछ ।<br>- औद्योगिक विकास नीति तर्जुमा हुनेछ ।<br>- उद्यम विकास क्षेत्रमा यस आवधिक योजनाअनुसार वार्षिक योजना तर्जुमा र आवश्यक लगानी भएको हुनेछ । |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्षव्यक्ति | संख्या | ८ | १० | १५ | २० | २५ | ३० | १०० | | |
| प्रतिफल २.१ : स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार भएको हुने | सुचारु व्यापार व्यवसाय | संख्या | ४०० | ४१० | ४२० | ४४० | ५०० | ५५० | २३२० | -गाउँ स्थितिपत्र ( वस्तुस्थिति विवरण)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>- | |
| | कच्चा पदार्थको निकासी परिमाण | रु.हजारमा | ५००० | ३ | ४ | ६ | ७ | ८ | २८ | | |
| | उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | १० | ४०० | ५०० | ६०० | ८०० | ११०० | ३४०० | | |
| | उद्यम सृजना र विकास सम्बन्धी तालिम लिने उद्यमी | संख्या | ५० | ६००० | ७००० | ८००० | १०००० | १०००० | ४१००० | | |
| प्रतिफल २.२ : औद्योगिक विकासको आधार तयार भएको हुने | औद्योगिक ग्राम स्थापना | संख्या | ० | १२ | १४ | १६ | १८ | २२ | ८२ | -गाउँ स्थितिपत्र ( वस्तुस्थिति विवरण)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन | |
| | संचालित औद्योगिक व्यापार मेला | पटक | ० | ५० | १०० | २०० | ३०० | ५०० | ११५० | | |
| | औद्योगिक प्रतिष्ठान तथा उद्यमी व्यवसायी | पटक | ० | ० | १ | २ | ३ | ५ | ११ | | |

| नतिजा तह/ नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | जम्मा | | |
| | अन्तरक्रिया कार्यक्रम | | | | | | | | | प्रतिवेदन - | |
| असर ३ : बचत परिचालन सहित आवश्यक पर्ने पूँजीको सहज पहुँच वृद्धि भएको हुने | सहकारी तथा वित्तीय संस्थामा आवद्ध घरपरिवार | संख्या | १४०० | १५०० | १७०० | २००० | २१०० | २२०० | ९५०० | -गाउँ स्थितिपत्र (वस्तुस्थिति विवरण) -सर्वेक्षण प्रतिवेदन -प्रगति/अनुगमन प्रतिवेदन - | - वित्तीय सेवा र सुविधा स्थानीय तहमा विस्तार हुनेछ। - राष्ट्र बैंकलगायत वित्तीय संस्थाहरूको ग्रामीणमुखी बैंकिङ र वित्तीय नीति प्रवर्द्धन भएको हुनेछ। |
| | सेवा सुचारु वैक शाखा र वित्तीय सेवा प्रदायक | संख्या | १० | ० | १ | २ | ३ | ५ | ११ | | |
| प्रतिफल ३.१ : व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवा विस्तार भएको हुने | वित्तीय साक्षरता कार्यमबाट लाभान्वित जनसंख्या | प्रतिशत | १० | ० | १ | २ | २ | २ | ७ | -गाउँ स्थितिपत्र ( वस्तुस्थिति विवरण) -सर्वेक्षण प्रतिवेदन -प्रगति/अनुगमन प्रतिवेदन | |
| | बैंक र वित्तीय संस्थाबाट औद्योगिक, व्यवसायिक क्षेत्रमा लगानी रकम | रु. लाखमा | ४५० | १५०० | २१०० | २७०० | ३५०० | ४५०० | १४३०० | | |
| प्रतिफल ३.२ :बैंकिङ कारोवारमा गाउँवासीको सहज पहुँच कायम भएको हुने | बैकमा खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | २५ | ३० | ४० | ४५ | ५० | ७० | ४७ | -गाउँ स्थितिपत्र ( वस्तुस्थिति विवरण) -सर्वेक्षण प्रतिवेदन -प्रगति/अनुगमन प्रतिवेदन | |
| | घुम्ति बैंकिङ प्रणाली सञ्चालन | पटक | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | बेरोजगार लक्षित संचालित व्यवसाय विकास कार्यक्रम | संख्या | ० | १० | १५ | २५ | ३५ | ५० | १३५ | | |
| | वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवाले सञ्चालन गरेको व्यवसाय संख्या | संख्या | ५ | १० | १५ | २५ | ३५ | ५० | १३५ | | |
| असर ४: स्थानीय कला तथा | गाउँपालिकाबाट प्रोत्साहन भएका कलाकार तथा श्रष्टा | संख्या | ० | २ | ४ | ५ | ६ | ७ | २४ | -गाउँ स्थितिपत्र ( वस्तुस्थिति विवरण) | - गाउँपालिकाको प्राथमिकतामा परेको हुनेछ। |

| नतिजा तह/ नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | |
| संस्कृतिको संरक्षण तथा सम्बर्द्धन भएको हुने | संरक्षित ऐतिहासिक तथा साँस्कृतिक स्थल | संख्या | ० | ४५० | ६०० | ८०० | १००० | १५०० | ४३५० | -सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | |
| प्रतिफल ४.१: मौलिक संस्कृति तथा सम्पदाको संरक्षण तथा सम्वर्द्धन भएको हुने | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | ० | २५ | ३५ | ४५ | ५५ | ७० | २३० | -गाउँ स्थितिपत्र (वस्तुस्थिति विवरण)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - स्थानीय समुदाय तथा सरोकारवालाको प्रतिबद्धता र सहभागितामा अभिवृद्धि हुनेछ। |
| | संरक्षण प्राप्त स्थानीय जात्रा तथा मेला | संख्या | ० | ० | १ | २ | ३ | ४ | १० | | |
| | मातृभाषा पढाइ हुने आधारभूत विद्यालय संख्या | संख्या | ० | ० | १ | २ | ३ | ४ | १० | | |
| आयोजना तथा कार्यक्रम | यससम्बन्धित विवरण अर्को तालिकामा प्रस्तुत गरिएको छ। | | | | | | | | | | |

## ६ कार्यक्रम तथा आयोजनाहरुको सांकेतीकरण

यस आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेशसमृद्धि, लैंगिक र जलवायु सांकेतीकरण ***अनुसूची १*** मा प्रस्तुत गरिएकोछ।

## आर्थिक क्षेत्रको उपक्षेत्र

### ४.१. कृषि

नेपालको संविधान,२०७२ ले प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हकको व्यवस्था गरेको छ। यसैगरी कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको एकल अधिकार गाउँपालिकाको मातहतमा हुने गरी स्थानीय तहको काम, कर्तव्य र अधिकारमा समावेश गरेको छ।

### ४.१.१. पृष्ठभूमि

जनसङ्ख्याको अधिकांश हिस्सा रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेको एवम् कृषि क्षेत्रमा साना र मझौला किसानहरूको बढी संलग्नता रहेको छ। मूलतः कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न कृषकहरूको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ। सिंचाइ सुविधाको अभावमा कृषि क्षेत्रमा उपलब्धि गुमिरहेको छ। कतिपय स्थानमा सुख्खा खडेरीले खाद्यान्न उत्पादनमा प्रतिकूल प्रभाव परेको छ। नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हककारूपमा प्रत्याभूत गरेको सन्दर्भमा प्राकृतिक तथा अन्य सङ्कटका कारण उत्पन्न हुनसक्ने खाद्य सङ्कटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्नको आत्मनिर्भरताका लागि आवश्यक व्यवस्था गर्नुपरेको छ। गाउँपालिकाको भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, अनुसन्धान, उन्नत बिउबिजन र प्रविधि, स्रोतसाधन, कृषिउद्यमी, युवातथा सीमान्त कृषक वर्गको चाहना, तुलनात्मक लाभ र स्थानीय आवश्यकता तथा गाउँपालिकाले जिल्लास्तरमा गरेका सम्झौता, प्रतिबद्धता, लक्ष्य तथा नीतिहरूमा गरेका प्रतिबद्धतालाई ध्यानमा राख्दै कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा,व्यवसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्नु जरुरी छ। साथै सरकारी, सहकारी र निजी साझेदारीको अवधारणा अङ्गीकार गर्दै कृषि पेशालाई उच्च सम्मानजनक बनाई आयआर्जन तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षामा जोड दिनु आवश्यक छ। बढ्दो जनसङ्ख्याको चापलाई धान्न सक्ने गरी खाद्य तथा अन्य आधारभूत आवश्यकता पूरा गर्न कृषि उत्पादन र उत्पादकत्व बढाउनुपर्ने स्थिति रहेको छ। तथापि गाउँपालिकामा हरेक वर्ष कृषिजन्य वस्तुहरूको आयातलाई अपेक्षित मात्रामा न्यूनीकरण गर्न सकिएको छैन। वैदेशिक रोजगारीका लागि युवाजनशक्तिको पलायन, कृषि सामग्री आपूर्तिको कमजोर स्थिति, माटोको उत्पादकत्वमा ह्रास, कृषिमा यान्त्रिकीकरणको अभाव र बढ्दो लागत, आयातित कृषिजन्य वस्तुहरूसँगको प्रतिस्पर्धा, कृषिभूमिको अत्याधिक खण्डीकरण, अव्यवस्थित बसोबासले भू-उपयोगमा भइरहेको परिवर्तन र जलवायु परिवर्तनजस्ता कारणले कृषि क्षेत्रमा आशातीत उपलब्धि हासिल हुन सकेको छैन।

### ४.१.२ समस्या तथा चुनौती

#### समस्या

कृषि नै यस क्षेत्रको मुख्य पेसा र आर्थिक क्रियाकलापको आधार रहे तापनि उपयुक्त प्रविधि, युवा जनशक्तिको पलायनले कृषि मजदुरको अभावमा कृषिको व्यवसायीकरण तथा आधुनिकीकरण हुन नसकी अझै परम्परागत र निर्वाहमुखी कृषि प्रणालीमा सीमित छ। कृषि पेसालाई मर्यादित बनाउन नसक्दा युवाहरूको कृषि क्षेत्रमा आकर्षण घट्नुका साथै न्यून उत्पादकत्व एवम् व्यवसायिकताको कमीले गर्दा कृषि क्षेत्रबाट अपेक्षित उपलब्धि हुन सकेको छैन।

जमिनको खण्डीकरण व्यवसायिक कृषिको लागि बाधक वन्दै गएको छ। जमिन ससाना चक्लामा विभाजित हुँदै जानुले कृषि यान्त्रिकरणमा समस्या आएको छ। यस गाउँपालिकामा भएका कुल किसानहरूमा झण्डै ७० प्रतिशत साना किसानहरू छन। उनीहरूको जमिनको साइज ०.५ हेक्टरभन्दा सानो हुन्छ झन् त्यसमा पनि हरेक वर्ष टुक्रिँदै जाने प्रवृत्ति तथा छरिएर रहेको जमिनको कारणले पनि किसानहरूलाई कृषिको व्यवसायीकरणमा जान बाधा पुऱ्याएको छ।

कृषि पेशामा संलग्न साना किसानहरूको सहुलियत कृषि कर्जामा सहज पहुँच स्थापना हुन नसक्नु कृषि क्षेत्रको अर्को समस्या हो। साना किसानहरू ठूला किसानको तुलनामा बढी मिहनेती र प्रति एकाई जमिनवाट वढी उत्पादन लिन सक्ने वर्गमा पर्दछन तर उनीहरूको कृषि कर्जामा सहज पहुँच छैन। ठूला किसानहरूले लिएको कृषि कर्जा कृषि क्षेत्रका अतिरिक्त अन्यत्र लगानी हुने तर साना किसानले कर्जा नपाउनुले यो क्षेत्रको विकासमा बाधा पुऱ्याएको छ। साना किसानहरू अझै पनि निर्वाहमुखी खेती प्रणालीमा संलग्न छन। आफूलाई चाहिने बाली मात्र उत्पादन गर्ने तर बजारको आवश्यकता हेरी कृषि उपजहरू उत्पादन गर्ने क्षमता उनीहरूमा नहुनु कृषि क्षेत्रको विकासका लागि अर्को समस्या हो।

किसानहरूलाई बजार सम्बन्धी सूचनाको अभाव रहेको छ। आफूले उत्पादन गरेको बाली तथा फसलको तत्कालीन बजार मूल्य कति छ भन्ने थाहा छैन । उनीहरूले आफ्नो फसल बजार मूल्यको झण्डै आधा मूल्यमा बेच्न बाध्य हुनुले पनि किसानहरूलाई यो पेशामा थप उत्प्रेरित गर्न सकेको छैन। बजार मूल्यको सूचना र उत्पादित वस्तुको उचित मूल्य किसानका लागि सवै भन्दा ठूलो उत्प्रेरणाको स्रोत हो। व्यवसायिक रुपमा कृषि पेशामा लागेका किसानहरूको हकमा पनि विभिन्न कृषि औजारहरूको पाटपूर्जा बजारमा सहजै उपलब्ध नहुनुले पनि उनीहरूलाई काममा बाधा भएको देखिन्छ।
ठूलो संख्यामा कृषि सहकारी संस्थाहरू गाउँपालिकामा भएको भएता पनि कृषि उपजको वजारीकरण, ज्ञान, सीप तथा प्रविधिको विस्तारमा उनीहरूको भूमिका कमजोर भएकोले कृषि क्षेत्रले गति लिन सकेको छैन। यस गाउँपालिकाभरि जम्मा ५ जना कृषि प्राविधिकहरू रहेका छन। किसानहरूले सहजै कृषि प्रसार सम्वन्धी प्राविधिक सेवा पाउन सकेका छैनन। सहकारी तथा नीजि संस्थाहरूले गाउँपालिकालाई कृषिको क्षेत्रमा गरिने आर्थिक लगानी तथा यसको गुणस्तर नियन्त्रणमा प्रभाव पार्न सकेका छैनन। दर्ता भएका कृषि सहकारी तथा कृषि फर्महरू अनुदानमुखी हुनु अर्को समस्याको रुपमा रहेको छ।
गाउँपालिकामा २० वटा कृषि समूहहरू भएको भएता पनि यी समूहहरूमा साना किसानहरूको पहुँच स्थापित हुन सकेको छैन। कृषि समूहहरूको संस्थागत विकासमा लगानी हुन नसक्नुले पनि कृषि लगानीमा राजनीतिक हस्तक्षेप वढी भएको देखिन्छ। टाठाबाठा किसानहरूले मल, बीउ, औजार आदि सजिलै पाउने तर सोझा किसानहरूले नपाउनुले यो साना किसानहरू मारमा परेका छन।
किसानहरूको मनोवल उच्च राख्नका लागि आवश्यक पर्ने कृषि तालिम, फिल्ड अनुगमन, कोचिङ्ग जस्ता कार्यहरूलाई प्रभावकारी बनाउन सकिएको छैन। कृषि प्रविधिहरूलाई किसानदेखि किसानसम्म पुऱ्याउनका लागि पर्याप्त मात्रामा अगुवा कृषकहरू उत्पादन गर्नुपर्ने हुन्छ। गाउँपालिकाक कृषिमा लगानी वढाउन चुनौती छ।
अहिले पनि झण्डै १५ प्रतिशत बालबालिका तथा विशेष अवस्थाका महिलाहरू भोकमरीको शिकार भएको देखिन्छ भने झण्डै ३० प्रतिशत बालबालिकाहरू कुपोषणको शिकार भएका छन्। जलवायु परिवर्तन कृषि क्षेत्रको अर्को ठूलो समस्याको रुपमा देखिएको छ। वढ्दो तापकम, घट्दो वर्षा, वाढी पहिरोको कारणले सिंचाइ कुलोको विनास, खोलाहरू सुक्दै जाने एकातर्फ छ भने अर्कोतर्फ धेरै किसानहरू जलवायु परिवर्तनको वारेमा अनभिज्ञ छन। जलवायु अनुकुलनका अभ्यासहरू लागु गर्नु पर्ने टड्कारो आवश्यकता भएको छ।
विभिन्न रोगकिराहरूवाट झण्डै २५ देखि ३० प्रतिशत वालीनालीहरूको नास हुने गरेको छ। रोग किराबाट वच्नका लागि धेरै मात्रामा ढुसीनासक विषादीको प्रयोग गर्ने गरिएको छ। विषादीको प्रयोग गर्ने प्रचलन वढ्दो मात्रामा छ। अहिले पनि धेरै किसानहरूलाई विभिन्न प्रकारका विषादी, यसको सुरक्षित प्रयोग तथा यसवाट हुन सक्ने हानीको वारेमा जानकारी छैन। विषादीको अत्याधिक प्रयोगवाट माटोको भौतिक तथा रासायनिक गुणमा परिवर्तन आउँदै गएको देखिन्छ। माटोको अम्लियपनामा वृद्धि भएको छ। रैथाने जातहरू मासिंदै जानु, हाईव्रिड जातको प्रयोग वढ्नु बालीहरूमा रोग कीराको संक्रमण वढ्ने अर्को कारण हो।
आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सोको अधिकतम लागत मूल्यले गर्दा सोको प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरण, आधुनीकिकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा, बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा आधुनिक कृषि प्रणालीको अभावले गर्दा खेतीयोग्य भूमिको पूर्ण सदुपयोग हुन सकेको छैन भने अर्कोतर्फ माटोको उर्वराशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई दिगो विकासको धारणा अनुरुप काम गर्न सकेमा भावी पुस्ताको लागि यस गाउँपालिकालाई बस्न लायक ठाउँको रुपमा विकसित गर्न सकिन्छ।
वैदेशिक रोजगारमा जाने मानिसहरूको संख्या वढ्नु, मानिसहरू शहरतर्फ आकर्षित हुनु, खेतीपातीका लागि मानिसहरूको रुची घट्नुको कारणले गाउँघरमा जमिन वाँझो राख्ने चलन वढ्दै गएको छ। जमिन आफैमा एक अमूल्य प्राकृतिक सम्पदा भएकोले जमिन वाँझो राख्ने परिपाटीलाई निरुत्साहित गर्न जरुरी छ।

### ४.१.३ संभावना तथा अवसर

कृषि यस गाउँपालिकाको रोजगारी र जीविकोपार्जनको मुख्य क्षेत्रका रूपमा रहेको छ। कृषि क्षेत्र अन्तर्गत अन्नबाली, नगदे बाली, तरकारी खेतीलाई लिइएको छ। यसैगरी कृषि कार्यहरूसँग माछापालन, माहुरीपालन र वनजन्य क्षेत्र पनि आबद्ध गरिएको छ। समग्रमा यस गाउँपालिकाको कृषि क्षेत्र बढी निर्वाहमुखी रहेको छ।

गाउँपालिकाको कृषि क्षेत्रको अवस्था विश्लेषण गर्दा गाउँपालिकामा झण्डै ५६ प्रतिशत मानिसहरूको जीविकोपार्जनको मुख्य स्रोत कृषि रहेको छ। झण्डै ३८९९ हे.खेतीयोग्य जमिनले ढाकिएको यस गाउँपालिकामा २००० हे.मा तरकारी, १५०० हे.मा खाद्यान्न तथा ३९९ हे.मा फलफूल खेती गरिएको अनुमान छ। गाउँपालिकाले मुख्य बाली खाद्यान्नबाट विस्तारै तरकारी तथा उच्चमूल्ययुक्त बालीतर्फ फड्को मार्न थालेको पाइन्छ। यस गाउँपालिकामा तरकारी लगायत उच्चमूल्ययुक्त बाली जस्तै मह, च्याउ खेतीतर्फ पनि किसानहरूको अग्रसरता देखिँदै आएको छ। गाउँपालिकाभित्र थुपै तरकारी तथा उच्चमूल्ययुक्त बालीका लागि पकेट क्षेत्रहरू हुनु, गाउँपालिकाबाट पर्याप्त मात्रामा तरकारी जिल्ला सदरमुकाम सिमकोट भित्रिनु, गाउँपालिकाको वरिपरि बजार क्षेत्रको विकास तथा विस्तार हुँदै जानु, मानिसहरूले बढ्दो रुपमा सूचना प्रविधिको प्रयोग गर्दै जानु, किसान समूहहरू हुनु, गाउँपालिकाले कृषिको क्षेत्रमा वढ्दो रुपमा लगानी गर्दै जानु,व्यवसायिक कृषि फर्महरूको संख्या बढ्दै जानुले यस गाउँपालिकामा कृषि क्षेत्रको संभावना पर्याप्त रहेको आँकलन गर्न सकिन्छ।

विभिन्न अध्ययन सामाग्रीबाट खोल्सीलाई धानको, बरगाउँ,लिमाटाङ र स्याँडालाई गहुँको, ठेहे,सिमकोट र दोजामलाई चिनो खेतीको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने देखिन्छ। त्यसै गरेर डाँडाफया र बुराँउसेलाई फापर बालीको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिन्छ तर पकेट क्षेत्रको विकास गरी उपयुक्त बालीको खोजी र अनुसन्धान गर्नु जरुरी छ। गाउँपालिकाभित्र कृषि शाखाको स्थापना भई यसले सुचारु रुपले काम गर्नुले यहाँ कृषिको संस्थागत विकासको आधार खडा भएको देख्न सकिन्छ। यहाँ बलौटे, रातो र कालो माटो पाइन्छ। जलाधारका हिसाबले यो गाउँपालिकालाई राम्रो मानिने भएकोले यहाँ सिंचाइको पर्याप्त संभावना रहेको देखिन्छ। यहाँको मुख्य अन्न बालीहरू चिनो,धान,कोदो,गहुँ,फापर आदि हुन्। यस्तै दलहन बालीमा सिमी, मास, मसुरो, सानो केराउ, गहत, भटमास आदि उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी र तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु,फर्सी,रायो, बन्दा, प्याज, काउली, भिन्डी,गोलभेंडा,लसुन, लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ। फलफूलमा स्याउ,ओखर,आरु,चुली,काँको,नास्पाती,खुर्पानी आदिको उत्पादन हुन्छ। समशितोष्ण तथा शितोष्ण हावापानी पाइने यस गाउँपालिकामा कृषि प्रणालीमा विविधता रहेको पाइन्छ। यहाँको अधिकतम तापक्रम २५ डिग्रिभन्दा माथि हुने गरेको छ भने न्यूनतम तापक्रम माइनस १८ डिग्रीसम्म हुने गरेको छ।

बढ्दो जनसंख्या सँगसँगै यस गाउँपालिकामा बजारको पनि विस्तार भएको देखिन्छ। बजारको विस्तारले कृषि उपजहरूको बिक्री वितरणमा सहयोग पुऱ्याउँछ। सिमकोट बजार,ग्याग्रु बजार, टुलिङ बजार, धारापोरी बजार र सिमकोट लाग्नामा यस्ता कृषि उपजहरुको बिक्रि वितरण हुदै आएको छ। त्यस्तै यस गाउँपालिकामा भएका कृषि सहकारी संस्था तथा ३ वटा वैंकहरूले कृषि कर्जा प्रवाह गरिरहेको हिसावले गाउँपालिकाले कृषि क्षेत्रमा धेरै संभावना बोकेको कुरा प्रष्ट पार्छन्। गाउँपालिकाको पार्श्वचित्र २०७६ का अनुसार यस गाउँपालिकाका ६१३ जना वैदेशिक रोजगारको सिलसिलामा बाहिर रहेको तथ्याङ्कले यस गाउँपालिकाको विप्रेषण आयको राम्रो संभावना देखाउँछ। विप्रेषण आयलाई आधुनिक कृषिमा लगानी गर्न सक्ने हो भने यसले यहाँको आर्थिक विकासमा ठूलो टेवा दिन सक्ने देखिन्छ।

गाउँपालिकामा कुल खेती गरिएको जमिनको झण्डै ५३ प्रतिशत क्षेत्रफल सिंचित हुनु, गाउँपालिकामा कृषि फर्महरूको संख्या वढ्दै जानु, कृषि फर्महरूको दर्ता तथा नविकरण गर्ने परिपाटीको विकास हुनु, गाउँपालिकाभित्र कृषि मेलाहरूको आयोजना गरिनु आदिले कृषि क्षेत्रको विकासलाई उजागर गर्दछन् अहिले पनि एग्रोभेटलाई धेरै किसानहरूले आफूलाई चाहिने कृषि सामाग्री किन्ने, प्राविधिक सेवा टेवा लिने स्थलको रुपमा लिन्छन। यस गाउँपालिकामा साह्रै न्यून संख्यामा एग्रोभेटहरू रहेका छन्।

## ४.१.४ उपक्षेत्रगत सोच,लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### ४.१.४.१ सोच

कृषिमा आधुनिकिकरण सहितको व्यवसायीकरण र खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति ।

### ४.१.४.२ लक्ष्य

दिगो र व्यवसायिक विकासद्वारा कृषिक्षेत्रलाई प्रतिस्पर्धी र आयआर्जन उन्मुख बनाउने ।

### ४.१.४.३ उद्देश्य

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर उन्मुख हुनु ।
- निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यवसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
- कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु ।
- कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी स्थानीय अर्थतन्त्रमा टेवा पुर्‍याउनु ।

### ४.१.४.४ रणनीति

- कृषिक्षेत्रको उत्पादन,उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने ।
- तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभूत खाद्य वस्तुको उत्पादनबाट आय आर्जन गर्ने ।
- कृषि क्षेत्रको अतिरिक्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमाथिको निर्भरता कम गर्ने ।
- जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- कृषि सेवामा प्रयोग भइरहेको स्थानीय सिपलाई आधुनिक सिप र प्रविधिमा अनुमिलन गराइ दिगो कृषि विकास गर्ने,
- सिंचाइका उपयुक्त प्रविधि समेतको उपयोग गरी सिंचित क्षेत्र विस्तार गर्ने ।

### ४.१.४.५ प्रमुख कार्यक्रम तथा आयोजनाहरु

क. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि

- उत्पादन सामग्रीहरू, रासायनिक मल, प्राङ्गारिक मल, उन्नत बिउ बिजन, सिँचाइ,मेसिनरी औजार,जैविक तथा रासायनिक विषादी तथा बिमा प्रिमियममा लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था ।
- समूहमा आधारित साना सिँचाइ निर्माण तथा मर्मत सम्भार, सहकारीमा आधारित साना सिँचाइ पूर्वाधार निर्माण, प्लास्टिक पोखरी निर्माण गरी सिञ्चित क्षेत्र विस्तार ।
- महिलाकरण हुँदै गएको कृषि र श्रमको अभावलाई सम्बोधन तथा कृषि व्यवसायीकरण गर्न यान्त्रिकीकरणमा प्रोत्साहन ।
- कृषि यन्त्र औजार उपकरणमा अनुदान दिने र कृषि सहकारीसँगको सहकार्यमा सामुदायिक बिउबिजन प्रशोधन तथा वितरण कार्यलाई सहजीकरण गर्न सामुदायिक सेवाकेन्द्र स्थापना ।
- कृषक समूह तथा सहकारीहरूलाई बिउ भण्डारण घर, उपकरण खरिद सहयोग र बिउबिजन आत्मनिर्भर कोष स्थापनामा सहयोग ।
- उन्नत जातको धान उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन ।
- मौरीपालन र च्याउ खेती प्रवर्द्धनका कार्यक्रमको लागि आर्थिक तथा प्राविधिक सहयोग
- बिउ आलु उत्पादक कृषक तथा कृषक समूहलाई विशेष सहयोगी कार्यक्रम सञ्चालन ।
- आगामी १० वर्षभित्र फलफूलमा आत्मनिर्भरताका लागि फलफूल दशक घोषणा गरी आवश्यक कार्यक्रमहरू सञ्चालन । ह्रास भएका स्याउ बगैँचाहरूको सुदृढीकरणका लागि प्याकेज कार्यक्रम सञ्चालन ।
- तरकारी खेती,मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत

- कृषक, कृषि उद्यमी, समूह र कृषि सहकारीलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान ।
- नर्सरी स्थापना, बगैँचा व्यवस्थापन र प्रशोधनमा सहयोगी कार्यक्रम सञ्चालन ।
- कृषि पेसालाई मर्यादित बनाउन हरेक वर्ष उत्कृष्ट कृषक पुरस्कार वितरण ।
- उत्कृष्ट पुरस्कृत कृषकहरूलाई  जिल्ला स्तरिय तथा राष्ट्रिय कृषि मेला तथा कार्यक्रमहरूमा सहभागी गराउने ।
- बाली बिमा सम्बन्धी सचेतनाको कार्यक्रम सञ्चालन ।
- स्थानीय स्तरमा रहेको कृषि प्रविधिलाई आधुनिक प्रविधिसंग अन्तरघुलनका लागि विषय विज्ञबाट छोटो अवधिको तालिम,गोष्ठी तथा अन्तरक्रियाको संचालन गर्ने ।

ख. कृषिजन्य वस्तुहरूको व्यवसायीकरण र बजारीकरण

- शीतभण्डार र शीतघर निर्माणमा बाली वस्तुको किसिम, भौगोलिक स्थान, सम्भावित जोखिम र लागत सहभागिताको आधारमा अनुदान दिने ।
- सार्वजनिक निजी साझेदारीमा 'एक गाँउ एक उत्पादन'कार्यक्रम सञ्चालन ।
- कृषिउपज सङ्कलन केन्द्रहरू, हाट बजार, थोक बजार र कृषि उपज बजार पूर्वाधार विकास,फलफूल तथा तरकारी थोक बजारको निर्माण ।
- बजारको जानकारीका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग र कृषि उपज मूल्य सङ्कलन तथा लाभ लागत अध्ययन ।
- कृषिभूमिको उर्वरा शक्ति र बाली उत्पादन क्षमताको आधारमा विशिष्टीकृत कृषि उत्पादन क्षेत्रलाई पकेट क्षेत्रमा वर्गीकरण गरी उक्त क्षेत्रहरूमा उन्नत र गुणस्तरीय बिउ, बेर्ना, बिरुवाका अतिरिक्त कृषियन्त्र उपकरण र औजारको सेट, स्रोत केन्द्र स्थापना, कृषिउपज सङ्कलन केन्द्र, कृषि हाट बजार केन्द्र, प्रशोधन केन्द्र, शीतभण्डार, गोदाम घर र व्यावसायिक तालिम केन्द्र, प्राङ्गारिक मल कारखाना, जैविक विषादी उत्पादन केन्द्र, फ्लोर मिलको निमार्णका लागि पुँजीगत अनुदान ।

ग. कृषि सूचना तथा सञ्चार, प्रसार र तालिम

- एकीकृत सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना र कृषकको घरदैलोमा आधुनिक कृषि प्रविधि पुऱ्याउन हरेक वडामा कृषि प्राविधिकको व्यवस्था ।
- सामाजिक उद्यमशीलताको अवधारणालाई पनि व्यापक उपयोग गर्ने गरी कृषक तथा प्राविधिकहरूको प्राविधिक तथा व्यावसायिक क्षमता अभिवृद्धि ।
- कृषि तथा ग्रामीण विकासमा स्नातक अध्यनरत विद्यार्थीहरूलाई छात्रबृति कार्यक्रम कार्यान्वयन ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई व्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी आधारभूत ज्ञान र सीप अभिवृद्धि गराउन तालिम कार्यक्रम सञ्चालन ।

घ. कृषि क्षेत्रको अनुसन्धान तथा सर्वेक्षण

- कृषि अनुसन्धान केन्द्रको स्थापना ।
- कृषि तथा पशुपन्छी सम्बन्धी आधारभूत तथ्याङ्क नियमित रूपमा सङ्कलन तथा प्रकाशन ।

ङ. गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवम् विपद् व्यवस्थापन तथा सचेतना

- विषादी न्यूनीकरण अभियान कार्यक्रम र तरकारी बालीमा विषादीको अवशेष तथा जोखिम विश्लेषण गरी प्रतिवेदन सार्वजनिक तथा सचेतना कार्यक्रम सञ्चालन ।
- कृषि व्यवस्थापन सूचना प्रणाली स्थापना गरी कृषि क्षेत्रमा हुने विभिन्न विपद् तथा जोखिम सम्बन्धमा पूर्व जानकारीको व्यवस्था ।

- मुख्य बजार केन्द्रहरू र व्यवसायिक उत्पादन क्षेत्रमा विषादी द्रुत परीक्षण प्रयोगशाला र घुम्ती प्रयोगशाला स्थापना तथा प्रयोग,विषादी तथा गुणस्तर मापन प्रयोगशालाको स्थापना गर्ने दक्ष जनशक्तिको विकास गर्ने ।

### ४.१.५.अपेक्षित उपलब्धि तथा नतिजा खाका

आधार वर्ष २०७८/७९ मा चिनो,कोदो, धान,गहुँ,फापर,दलहन, तरकारी, फलफूल, आलुको वार्षिक उत्पादन न्यून रहेकोमा योजना अवधिको अन्तिम वर्ष २०८३/८४ मा चिनो,कोदो, धान,गहुँ,फापर,दलहन, तरकारी, फलफूल, आलु वार्षिक उत्पादनमा बृद्धि भएको हुनेछ । भौगोलिक अवस्था सुहाउँदो कृषि यान्त्रिकीकरण तथा कृषि प्रविधिको विकास, प्रसार र अनुसरण भएको एवम् कृषिजन्य उद्योगका लागि आवश्यक कच्चा पदार्थ उत्पादन, प्राङ्गारिक कृषि वस्तुहरूको उत्पादन र कृषि वस्तुहरूको भण्डारण क्षमता, सङ्कलन केन्द्रहरू लगायत बजार पूर्वाधार वृद्धि भएको हुनेछ । आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,पर्यटन,उद्योग तथा बाणिज्य उपक्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ४.१.६.अनुमान तथा जोखिम पक्ष

कृषि क्षेत्रमा विश्वव्यापी उष्णताका कारण पृथ्विको तापक्रम बढ्न जाने सम्भावना छ जसले गर्दा समयमा वर्षा नहुने,अति बृष्टि र अनाबृष्टिको सम्भावना,हाम्रा पानीका मुहानहरु सुक्दै जाने हुनाले खडेरी,भोकमारीको जोखिम बढ्ने सम्भावना जोखिम छ ।

## ४.२ पशुपन्छी विकास

### ४.२.१ पृष्ठभूमि

पशुपन्छीपालन यस गाउँपालिकाको सम्भावित विकासको आधार रहेको सन्दर्भमा यस क्षेत्रको विशेष आर्थिक महत्व रही आएको छ । पशुजन्य पदार्थको उपलब्धतामा आत्मनिर्भर बन्न पशुपालन क्षेत्रलाई उच्च प्राथमिकतामा राखी उल्लेखनीय प्रगति हासिल गर्नका लागि उन्नत नस्ल, पशु आहार, पशु स्वास्थ्य र व्यवसायीकरणका क्षेत्रमा थप अनुसन्धान र विकास गर्न आवश्यक छ । त्यस्तै दिगो विकास लक्ष्यमा उल्लिखित भोकमरीको अन्त्य, खाद्य र पोषण सुरक्षाजस्ता लक्ष्य प्राप्त गर्न पशुपन्छी विकास कार्यक्रमको ठूलो भूमिका रहन्छ । गाउँपालिकामा हाल प्रतिवर्ष दूध,मासु र अन्डा उत्पादन भई प्रतिवर्ष दूध, मासु र अन्डाको उपलब्धतामा बृद्धि भइरहेको छ । पशुजन्य पदार्थहरूको उपभोगबाट न्यूनतम पौष्टिक तत्वहरूको आपूर्तिका लागि प्रतिव्यक्ति प्रतिवर्ष दूध ९१ लिटर, मासु १४ किलोग्राम र अन्डा ४८ ओटा हुनुपर्नेमा हाल दूध उत्पादन ३० प्रतिशतले, मासु उत्पादन १७ प्रतिशतले र अन्डा उत्पादन ७ प्रतिशतले न्यून रहेको देखिन्छ ।

### ४.२.२ समस्या तथा चुनौती

सिमकोट गाउँपालिकामा रहेका अधिकांश पशुहरू स्थानीय रहेका छन् भने उन्नत जातका पशुहरूको संख्या न्यून रहेको छ । स्थानीय जातका पशुहरूको उत्पादन क्षमता सामान्यतया न्यून हुने भएकाले समग्र गाउँपालिकाको पशुपालन क्षेत्रको उत्पादन/उत्पादकत्व पनि न्यून रहेको छ। पशु उत्पादन/उत्पादकत्व सुधार गर्नु गाउँपालिकाको पशुपालन क्षेत्रको एउटा मुख्य चुनौतीका रुपमा रहेको छ ।

सिमकोट गाउँपालिकाभित्र १५ जना पशु प्राविधिकहरू भएता पनि गाउँपालिकाले एकजना पशु प्राविधिकवाटै प्राविधिक सेवाको काम गर्दै आएको छ। गाउँपालिकाभित्र पशु विकासको नीति, कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन कार्यलाई व्यवस्थित र पारदर्शी बनाउनका लागि गाउँपालिकामा संस्थागत प्रबन्ध कमजोर रहेको छ। प्राविधिक सेवा टेवाको काम सहज, सरल तथा छिटो छरितो नहुनु र उत्पादकत्व कम हुनुले युवा पुस्ता पशुपालनप्रति आकर्षित हुन सकेको छैन। दुग्ध चिस्यान केन्द्र तथा प्रशोधन केन्द्रहरू संचालन भएका छैनन्। मासुपसलहरू भएता पनि स्वच्छ मासुपसलको अभाव देखिन्छ। भएका मासु पसलेहरूलाई स्वच्छता र सरसफाइ सम्बन्धी तालिम तथा नभएको स्थानमा मासु पसल गर्न चाहाने उद्यमीहरूको पहिचान गरी आवश्यक सहयोगको जरुरी भएको देखिन्छ। गाउँपालिकाभित्र १० वटा पशुपालन समूहहरू भएता पनि उनीहरूका लागि क्षमता विकासका कार्यक्रमहरू पर्याप्त रुपमा गर्न नसक्दा ती समूहहरू निष्क्रिय हुँदै गएका छन । पशुपालनका लागि उचित किसिमका गोठ तथा खोरको प्रबन्ध हुन सकेको छैन। साथै, उन्नत घाँस खेती पनि विकास हुन सकेको छैन। दूध तथा दुग्धजन्य वस्तुको समुचित बजार व्यवस्थापन हुन नसक्दा किसानहरूले उत्पादन गरेको मासु, दूध तथा घीऊ समयमा बिक्री नभई खेर जाने गरेको समेत छ। सबै किसानहरूलाई पशु विमाको बारेमा जानकारी

हुन सकेको छैन। उन्नत पशुहरूमा बढी रोग लाग्ने तथा गाउँपालिका प्राकृतिक प्रकोपको हिसाबले संवेदनशील गाउँपालिका भएकोले पनि पशु बिमाको कार्यक्रममा किसानहरूको पहुँच स्थापना गर्न जरुरी छ। बाखामा हाडनाता प्रजनन् पशुपालन क्षेत्रको यहाँको अर्को एउटा समस्या हो। गाउँघरमा अझै पनि बाखाको प्रजनन्का लागि उन्नत र बाहिरको बोको लगाउने प्रचलन स्थापित नहुँदा बाखामा हाडनाता प्रजनन् कायमै छ।

### ४.२.३ संभावना तथा अवसर

सिमकोट गाउँपालिका पशुपालनको दृष्टिकोणले धेरै संभावना बोकेको गाउँपालिका हो। पहाडी भूबनावट, पर्याप्त भुईघाँस,चरन क्षेत्र, मिहनेती किसान, वढ्दै गएको बजार क्षेत्रले पनि यसको संभावनाको उजागर गरेको हो। यहाँ झण्डै ५८७१ वटा भैंसी, ५१०५६ वाखा, उन्नत कुखुरा १९३९०० हुनुले पनि यहाँको पशुपालन विस्तारै व्यावसायिक बन्दैछ भन्ने संकेत गर्दछ। यहाँ भएको २ वटा व्यवसायिक चौंरी फर्म, ५० वटा भन्दा वढी वाखा फर्म तथा १ वटा स्थानीय गाई फर्मले पनि यहाँ पशुपालनको प्रचुर संभावना रहेको देखाउँछ। यस गाउँपालिकामा ४ वटा मासु पसल सञ्चालनमा आएका छन। दुग्ध चिस्यान केन्द्रको आवश्यकता भए गाउँपालिकाको कुनै पनि वडामा सञ्चालन गर्न सकिने अवस्था छ। दुग्धजन्य पदार्थको विकी गर्न दुग्ध डेरी स्थापना गर्न सकिने अवसर छ। पशुपालन समुह १० वटा रहेको छ भने झण्डै १५ जना पशुपालन प्राविधिकहरू रहेका छन। त्यस्तै हुम्ला जिल्लामा पशु विमा कम्पनीको शाखा कार्यालय स्थापना तथा सक्रिय हुनुले पनि यहाँ पशु विमाका लागि सहज वातावरण भएको अनुमान गर्न सकिन्छ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.२.४.१ सोच

पशुपालन आय आर्जनको प्रमुख आधार,सिमकोटबासीका लागि बहार।

#### ४.२.४.२ लक्ष्य

स्वच्छ एवम् गुणस्तरीय पशुपन्छीजन्य उत्पादनका माध्यमबाट गाउँपालिकालाई पशुपालनमा आत्मनिर्भर बनाउने।

#### ४.२.४.३ उद्देश्य

- सिमकोट गाउँपालिकालाई पशुपन्छीजन्य उत्पादनमा बृद्धि गरी कुपोषण हटाउनु र खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउनु।
- पशुपन्छी पालनलाई प्रविधियुक्त, परिणाममुखी, व्यवसायिक र प्रतिस्पर्धी बनाई पशुपन्छीजन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्नु।
- पशुपन्छी पालनलाई महिला, युवा तथा सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आय आर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु।
- पशुजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर न्यूनीकरण गर्न स्वस्थ पशुपन्छी उत्पादन गर्नु।

#### ४.२.४.४ रणनीति

- पशुपन्छी उत्पादक कृषक, समुदाय, सहकारी संस्था एवम् निजी उद्यमीहरूको प्रतिस्पर्धी क्षमता वृद्धि गर्दै पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत रूपमा प्राविधिक, वित्तीय सेवा उपलब्ध गराउने।
- पशुपन्छीजन्य व्यवसायमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने।
- पशुपन्छीजन्य मूल्य श्रृङ्खला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधारका साथै पशुपन्छीजन्य उत्पादनको गुणस्तरमा अभिवृद्धि गर्दै स्थानीय, क्षेत्रीय,राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमुखी पशुपन्छी पालन पद्धतिको विकास गर्ने।
- पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्ने।

#### ४.२.४.५ प्रमुख कार्यक्रमहरू

क. उत्पादन र उत्पादकत्व वृद्धि गर्ने आधार तयार तथा सुदृढीकरण उन्नत नस्लका पशुको उपलब्धतामा वृद्धि

- गाई, भैंसी, जुमा,बाखा र बङ्गुरको कृत्रिम गर्भाधानबाट उन्नत नस्लका पशुहरूको सङ्ख्या वृद्धि र नस्ल सुधार अभियान कार्यक्रम ।
- कृत्रिम गर्भाधान सेवा नपुगेको क्षेत्रमा प्राकृतिक गर्भाधानको लागि साँढे, बोका, थुमा तथा वीर वितरण ।
- उन्नत नस्लका गाई,भैंसीको स्रोत केन्द्र स्थापना कार्यक्रमको विस्तार ।

ख. पशु आहाराको उपलब्धतामा वृद्धि
- घाँसमा आधारित पशुपालन प्रवर्द्धन गर्न अभियानको रूपमा कार्यक्रम सञ्चालन ।
- एक गाउँ एक घाँस स्रोत केन्द्र स्थापना गरी घाँसको विकास र विस्तार ।
- चरन विकास, डाले घाँस, भुँइ घाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उपपदार्थहरूको सदुपयोगलाई प्रोत्साहन ।
- खेर गइरहेका सार्वजनिक वा अनुत्पादक वन क्षेत्रको जग्गा कबुलियत गरी करारमा उपलब्ध गराउन आवश्यक समन्वय ।

ग. पशु स्वास्थ्य सेवाको संस्थागत विकास र सुदृढीकरण
- खोरेत, पी.पी.आर,रेबिज,स्वाइन फिबर, रानीखेत जस्ता रोगको रोकथामका लागि प्रयोगका क्षेत्रमा थप लगानी, पूर्वाधारको विकास तथा स्तरोन्नति ।
- पशुरोग अन्वेषणका लागि आधारभूत प्रयोगशालाको स्थापना ।

### ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सम्पूर्ण कृषकहरुले आफ्नो आवश्यकता परिपुर्तिको लागि दूध,दही,घ्यूको उत्पादन गरेता पनि यीनीहरुको बजारीकरण फस्टाएको छैन । उत्पादित दुग्धजन्य पदार्थ स्थानीय बजारमा अवस्थित होटेल र पसलले प्रयोगमा ल्याएका हुनेछन् । गाउँपालिकाका केहि वडाहरुको वरिपरी दुग्ध उद्योगको स्थापना,दुध बजार सञ्चालन भइ दुध,मासु,अन्डाको उत्पादनमा गाउँपालिका आत्मनिर्भर भएको हुनेछ । पशुपन्छी क्षेत्रबाट योजना अवधिका पाँच वर्षमा अनुमानित थप ५ सय प्रत्यक्ष रोजगारी सिर्जना भएको हुनेछ । आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,पर्यटन,उद्योग तथा बाणिज्यको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ४.२.६.अनुमान तथा जोखिम पक्ष

सामुदायिक र कबुलियती वनहरुको कारण चरन क्षेत्र घट्दै जानेछ । मानिसहरुको पशुपालन प्रतिको मोह घट्दै गइरहेको र अन्य व्यवसायमा आकर्षित हुनेछन् । पशु हेरचाहका लागि जनशक्ति पाउन मुश्किल हुनेछ  जसले गर्दा पशुको संख्या घटेको हुनेछ । पशुपालन गर्ने व्यक्तिको व्यवसाय धरापमा पर्ने जोखिम छ ।

## ४.३ सिंचाई

### ४.३.१ पृष्ठभूमी

सीमित क्षेत्र र बढ्दो जनसङ्ख्याका कारण कृषि उत्पादकत्व बढाउन सिँचाइको राम्रो व्यवस्था हुनु अपरिहार्य भएकोले सिँचाइ पूर्वाधारको विकासको साथै सम्पन्न सिँचाइ प्रणालीहरूको व्यवस्थापन सुदृढ एवम् प्रभावकारी बनाउन योजनाबद्ध ढङ्गबाट प्रयास भइरहेको छ । पचास प्रतिशत हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन बाँकी रहेको छ ।

### ४.३.२ समस्या तथा चुनौती

करिब  ६ हजार हेक्टर कृषियोग्य जमिन मध्ये परम्परागत प्रविधि र आर्थिक दृष्टिकोणबाट करिब ०.१ ह्जार हेक्टरमा मात्र सतह जलस्रोतबाट सिँचाइ सुविधा पुऱ्याउन सकिने अवस्था रहेको छ । आ.व. २०७८/७९ को अन्त्य सम्ममा बिभिन्न निकायको सहयोगमा बढी भन्दा बढी हेक्टरमा सिँचाइ सुविधा पुगेको छ । सिंचाइ योजना प्राकृतिक खोला प्रणाली अवधारणामा निर्माण गरिएकाले बर्षैभरी एकैनाशले सिंचाइको भरपर्दो सुविधा उपलब्ध हुन नसक्नु,निर्माण सम्पन्न भइसकेका सिंचाइ प्रणालीको पर्याप्त मर्मत सम्भार हुन नसक्नु,सिंचाइ सुविधापुगेको वा पुग्न सक्ने भूमिमा खण्डिकरण र अव्यवस्थित घर बन्नु,सिंचाइको उपयोग नहुनु,प्राकृतिक मुल तथा मुहानहरु सुक्दै जानु,उपलब्ध पानीको श्रोत माथिको चाप बढ्नु,सिंचाइ तथा जलउपयोग क्षमता न्यून हुनु, ठूला तथा बहुउद्धेश्यीय आयोजनामा पर्याप्त लगानी हुन नसक्नु यस क्षेत्रका समस्याका

रुपमा रहेका छन् । सिमकोट गाउँपालिका आगलागि, बाढीपहिरोको पर्याय भएकोले सिंचाइ कुलोको क्षति एउटा प्रमुख चुनौतीको रुपमा रहेको छ । वर्षायाममा ठूलो वर्षा र यसले निम्त्याउने बाढीको कारणले गर्दा माथिल्लो भागबाट ठूला ठूला ढुंगा झर्ने, माटो थुप्रिने र कुलो पुरिने समस्याहरू किसानले भोग्दै आएका छन् । सिंचाइ कुलोको लागि पर्याप्त पानीको स्रोतको कमी, भएको स्रोतको पनि समुचित प्रयोग हुन नसक्नु तथा वैकल्पिक सिंचाइ सुविधाको अभ्यासमा कमी हुनु समस्याको रुपमा रहेको छ । सिंचाइ प्रदेश सरकारको मातहतमा रहेकोले स्थानीय तहसंग यसको सहकार्य बढाउनु पर्ने देखिन्छ । कृषि तथा सिंचाइ बीच कमजोर संस्थागत समन्वय, वर्षात्को पानी तथा साना खोलाहरूमा निर्भर हाम्रा सिंचाइ आयोजना यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू रहेका छन् ।

### ४.३.३ संभावना तथा अवसर

गाउँपालिकाभरि वर्षैभरि सञ्चालनमा रहने २५ वटा सिंचाइ आयोजनाहरू रहेका छन । यी सिंचाइ आयोजनाबाट झण्डै २००० रोपनी जमिनमा सिंचाइ हुने गरेको छ भने झण्डै १५० वटा मौसमी सिंचाइ आयोजनाहरूबाट झण्डै ९००० रोपनीमा सिंचाइ सुविधा पुगेको छ । कुल खेती गरिएको जमिनको झण्डै ५३ प्रतिशत जमिनमा सिंचाइ सुविधा पुगेको छ । अत्यावश्यक स्थानहरूमा प्लाष्टिक पोखरीहरूको निर्माण गरी सञ्चालनमा ल्याइएको छ । झण्डै ४७ प्रतिशत जमिनमा सिंचाइको संभावना रहेको छ । सतही जलस्रोतको ठूलो भण्डार उपलब्ध हुनु, सिँचाइ विकास र विस्तारका लागि जनशक्ति जिल्लामै उपलब्ध हुनु, सिँचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच बढ्दै जानु, नयाँ सङ्गठनात्मक परिवर्तनबाट सबै जिल्लामा सिँचाइ कार्यालयको स्थापना भई सेवाप्रवाहमा सुधार हुनु, कृषि क्षेत्रको उत्पादन र उपादकत्व बढाई कृषि उपजमा आत्मनिर्भर बनाउन सिँचाइको भरपर्दो र दिगो व्यवस्था गर्नैपर्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.३.४.१ सोच

सम्पूर्ण कृषियोग्य भूमिमा बाह्रैमहिना सिँचाइ सुविधा ।

#### ४.३.४.२ लक्ष्य

कृषियोग्य भूमिमा भरपर्दो र दिगो सिँचाइ सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादन वृद्धिमा सहयोग गर्ने ।

#### ४.३.४.३ उद्देश्य

- सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिनु ।
- विकसित सिँचाइ प्रणालीमा व्यवस्थापन सुदृढीकरण गरी दिगोपन बढाउनु ।
- सिँचाइको आवश्यकता भएको स्थान र समयमा निर्बाध रूपमा पानीको उपलब्धता बढाउनु ।

#### ४.३.४.४ रणनीति

- बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि सतह सिँचाइ, बहुउद्देश्यीय र जलाशययुक्त सिँचाइ आयोजनाहरूलाई अघि बढाउने ।
- उच्च क्षमतामा सञ्चालन गर्न प्राविधिक एवम् आर्थिक दृष्टिकोणले उपयुक्त एवम् नयाँ प्रविधिमा आधारित सिँचाइको विकास गर्ने ।
- निर्माण सम्पन्न भइसकेका सिँचाइ प्रणालीहरूको मर्मत सम्भार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरूको सहभागिता सुनिश्चित गर्ने ।
- सिँचाइ विकासको गुरुयोजना, कृषि विकास रणनीतिका लक्ष्यहरूको परिपूर्ति र जलवायु परिवर्तन अनुकूलन हुने गरी सिँचाइ प्रणालीको विकास एवम् विस्तार गर्ने ।

#### ४.३.४.५ प्रमुख आयोजना तथा कार्यक्रमहरू

- बृहत् सिचाई कार्यक्रम तथा आयोजनाहरू
- मूल नहर निर्माण तथा नहर अन्तर्गतका शाखा र प्रशाखा नहरहरूको संरचना निर्माण तथा कमान्ड क्षेत्र विकास ।

- अविकसित क्षेत्रमा सिँचाइ प्रणाली र अतिआवश्यक मर्मत संभार एवम् सञ्चालनको काम हेक्टरमा सतह सिँचाइ सुविधा एवम् नयाँ प्रविधिबाट थप सिँचाइ सुविधा ।
- विभिन्न उप-आयोजनाहरूबाट करिब २० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने ।

### ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सतही जलाधार योजनाको कार्यान्वनबाट सतह सिँचाइ तर्फ चुवाँ खोला,ग्याग्रु खोला,चिमिक खोला,हिल्दम खोला,ह्याप्का खोला,खोल्सी खोला,स्याडा खोला र याङ्गु खोला सिंचाईबाट केहि हेक्टर जमिन र नयाँ प्रविधि सिँचाइ तर्फ केहि हेक्टरमा सिंचाई गरी थप जमिनमा सिँचाइ सुविधा पु¥याइनेछ । मर्मत सम्भारतर्फ कृषकबाट सञ्चालित र सरकारबाट व्यवस्थित सिँचाई गरी सिँचाइ प्रणालीको मर्मत सुधार भएको हुनेछ । आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,सिँचाई,पर्यटन,उद्योग तथा बाणिज्य उपक्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ४.३.६.अनुमान तथा जोखिम पक्ष

हाम्रा सिंचाईका कुलो र नहरहरु परम्परागत प्रकृतिका छन् । जलवायु परिवर्तन असरका कारण पानीका मुहान सुक्ने अनुमान छ । सुख्खा पहिरो पनि बेलाबेलामा जाने कारणले कुलो र नहरहरु भत्किने सम्भावना छ जसले गर्दा समयमै सिंचाईका लागि पानी आपुर्ति गर्न नसकिने अवस्थाले गर्दा खेती गर्न नसकिने जोखिम छ ।

## ४.४ पर्यटन,संस्कृति तथा सम्पदा

### ४.४.१ पृष्ठभूमि

प्राकृतिक,सांस्कृति,ऐतिहासिक तथा धार्मिक ,सम्पदाको दृष्टिबाट हुम्ला नेपालकै एक प्रमुख पर्यटकीय गन्तव्य जिल्ला हो । पवित्र तिर्थस्थल मानसरोवर र कैलाशको प्रवेशद्धारको रुपमा रहेको यस जिल्लामा पर्यटन,संस्कृति तथा सम्पदाका प्रशस्त सम्भावना बोकेका स्थलहरु थुप्रै भेटिन्छन् । यस्ता पर्यटकीय गन्तव्य,संस्कृति तथा सम्पदाहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी यी क्षेत्रलाई स्थानीय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ । आन्तरिक पर्यटकहरुको वृद्धिले सिर्जित अवसरबाट लाभ प्राप्त गरी पर्यटन आगमन द्रुततर रूपमा वृद्धि हुने राम्रो सम्भावना रहेको छ । यसबाट उच्च रोजगारी सिर्जना र आयको वितरणमा पनि सहयोग पुग्नेछ । पर्यटन क्षेत्रको स्थानीय अर्थतन्त्रमा योगदान बढ्न सक्ने अवस्था रहे तापनि पर्यटनबाट आशातीत प्रतिफल प्राप्त हुन सकेको छैन । खासगरी पर्यटन पूर्वाधार विकास नहुनु,यातायातको समस्या हुनु,संस्कृति तथा सम्पदाको उचित संरक्षण नभएका कारणले पर्यटन आगमन, बसाइ र उनीहरूले गर्ने खर्चमा उल्लेखनीय वृद्धि हुन सकेको छैन ।

संघ, प्रदेश तथा स्थानीय कानून, नीति, योजनाको आधारमा स्थानीय सरकारले योजनाबद्ध तथा विशेष प्रयास गरी मौलिक संस्कृति तथा सभ्यताको संरक्षण तथा सम्बर्द्धन गर्नुपर्ने अभिभारा समेत स्थानीय सरकारको जिम्मेवारीमा रहेको छ । नेपालको पर्यटन नीति २०६५ ले राष्ट्रिय सम्पदाहरूलाई दिगो उपयोगको माध्यमबाट पर्यटकीय क्रियाकलापमा प्रयोग गरी राष्ट्रिय आयमा पर्यटन क्षेत्रको योगदान उल्लेख्य मात्रामा वृद्धि गराई जनताको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य राखेको छ । उपरोक्त संवैधानिक अधिकार क्षेत्र र राष्ट्रिय नीतिलाई मध्यनजर गरी गाउँपालिकाको समग्र विकासको एक अग्रणी क्षेत्रको रुपमा पर्यटन विकास तथा प्रवर्द्धनलाई उत्पादन, रोजगारी र आयवृद्धितर्फ डोऱ्याउन पर्यटन र सांस्कृतिक सम्पदा सम्बन्धी क्षेत्रको संभावना, अवसर र विद्यमान अवस्था समेत समस्या तथा चुनौती र चाल्नुपर्ने कदमबारे संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

### ४.४.२ समस्या र चुनौती

गाउँपालिकाभित्र पर्ने पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्सांकन, संरक्षण र व्यवस्थापन हुन सकेको छैन । महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना नहुनु समस्याको रुपमा रहेको देखिन्छ । भएका पर्यटकीय सम्पदा, विशेषता, सेवा

सुविधाको बारेमा पनि सूचना र प्रचारको कमी रहेको छ। पर्यटन विकासमा पर्यटन उपज र क्रियाकलापको अपेक्षित विकास र विविधीकरण हुन नसक्नु,राष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन अपेक्षित रूपमा गर्न नसकिनु,धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणं सम्वर्द्धन र पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त सहभागी गराउन नसक्नु,पर्यटन क्षेत्रको विकासमा उद्यमशीलता विकासलाई जोड्न नसकिनु,पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण हुन नसक्नु र पर्यटकीय गतिविधि प्रविधिमैत्री नहुनु पर्यटन क्षेत्रका समस्याका रुपमा रहेका छन् । बाह्य प्रभावले गर्दा स्थानीय मौलिक कला संस्कृति तथा भाषा लोप हुने अवस्थामा पुगेको छ । मौलिक कला संस्कृतिको संरक्षणमा ध्यान पुग्न सकेको छैन । कला तथा संस्कृति संरक्षणको लागि संरचनागत व्यवस्था पनि हुन सकेको छैन । भएका पर्यटकीय सम्पदा, संस्कृति, सेवा सुविधा आदिको वारेमा सूचनाको आदान-प्रदानको कमी रहेको छ । पर्यटन, कला तथा संस्कृतिको विकासका लागि गाउँपालिकामा संस्थागत संरचना स्थापना हुन नसक्नु, स्थानीयस्तरमा होटेल, स्वस्थ खानेपानीको उपलव्धता हुन नसक्नु प्रमुख समस्याको रुपमा रहेका छन् ।

जिर्ण पुरातात्विक सम्पदाहरूलाई पुनर्निर्माण गरी पहिलेको अवस्थामा पुनर्स्थापन गर्दै पर्यटन क्षेत्रलाई पूर्वावस्थामा फर्काउनु यस क्षेत्रको प्रमुख चुनौती हो । भूकम्प तथा अन्य प्राकृतिक प्रकोपहरुबाट पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभावलाई प्रवर्द्धन गर्दै यस क्षेत्रको पुनरूत्थान गर्नु, प्राचीन सम्पदाहरूमा बढ्दो अतिक्रमणलाई रोक्नु, पर्याप्त पर्यटकीय सूचनाको व्यवस्था गर्नु, सडक यातायातलाई थप भरपर्दो बनाउनु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको खोजीसँगै पूर्वाधार विकास मार्फत पर्यटकीय उपजको विकास गरी पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण गर्नु समेत चुनौतीका रूपमा रहेका छन् ।

### ४.४.३ संभावना तथा अवसर

पर्यटन नेपाली समाज र अर्थतन्त्रको एउटा अभिन्न अंगका रुपमा स्थापित भइसकेको छ । ***अतिथि देवो भव:*** जस्तो मर्यादित संस्कारमा हुर्किएको नेपाली समाजमा पर्यटन प्रवर्द्धनको सम्भावना उच्च रहेको छ । नेपालको राष्ट्रिय आयको झण्डै ७ प्रतिशत योगदान प्रदान गर्दै आएको पर्यटन क्षेत्रले सिमकोट गाउँपालिकाको कुल आयको ५ प्रतिशत योगदान पुऱ्याएको छ । गाउँपालिकाको कुल आय तथा रोजगारीमा पर्यटन क्षेत्र सहयोगी सावित हुने कुरा विभिन्न दस्तावेजहरूमा उल्लेख गरिएको छ ।

सिमकोट गाउँपालिकाको विकासको सन्दर्भमा पर्यटन ठूलो आयामको रुपमा स्थापित भइसकेको छ। गाउँपालिकाको विकासका लागि पर्यटनलाई एउटा ठूलो उद्यमको रुपमा स्थापित गर्न सकिने संभावनाहरू रहेका छन। वैदेशिक मुद्राको सबैभन्दा बढी आर्जनका हिसाबले मात्र होइन एक देशको संस्कृति अर्को देशले सिक्नका लागि पनि पर्यटन व्यवसायलाई निकै ठूलो विकासको आयामको रुपमा लिइएको छ ।

कर्णाली नदीमा गरिने कायाकिङ्ग, वार्षिक १० हजारको हाराहारीमा मानसरोवर तथा कैलाश आउने पर्यटक, परम्परागत लामा जातिको संस्कृति, वडा नं. २ को राम्पाल मन्दिर,वडा नं ३ प्रसिद्ध रलिङ्ग गुम्बा,वडा नं ५ र ६ को हरेक वर्ष साउने पूर्णिमामा लाग्ने मेला, वडा नं.४ को पञ्चमुखी हिमाल तथा सोही स्थानमा रहेको दहले यहाँको धार्मिक पर्यटकीय महत्वलाई सम्झाउँदछ । पर्यटन उद्योगलाई गाउँपालिकाको गरिवी निवारणका लागि एउटा सफल वाटोको रुपमा लिन सकिन्छ । साथ-साथै समुदायमा भएको असमानताको अन्त्यका लागि पनि यसलाई महत्वपूर्ण औजारको रुपमा लिइन्छ । अहिले पनि झण्डै २५ प्रतिशत गाउँपालिकावासीहरू गरिवीको रेखामुनि रहेका छन् भने झण्डै औसत ५० प्रतिशत वहुआयामिक गरिवीको चपेटामा परेका छन । एउटा क्षेत्रको मात्र विकास, प्रवर्द्धनले मात्र गाउँपालिकामा समृद्धि ल्याउन सकिंदैन यसका लागि वहुक्षेत्रगत संयोजन, सहकार्य चाहिन्छ भन्ने कुरा हामीले सामना गरिरहेको बहुआयामिक गरिवीले आफै बोल्छ । उच्च पहाडी वेल्टमा कृषियोग्य जमिनको पनि कमी छ । हाम्रा उच्च भिरालोपनले भरिएका जमिनहरूमा खेती गर्न नसकिए पनि पर्यटनहरूलाई आकर्षण गरेर जीविकोपार्जनलाई अभिवृद्धि गर्न सकिन्छ भन्ने कुरालाई पर्यटन सम्वन्धि असल अभ्यासहरूले प्रमाणित गरिसकेका छन । माउण्टेन वाइकिङ्ग, बञ्जिजम्प, भीर तथा पर्वत आरोहण, ट्रेकिङ्ग, हाईकिङ्ग, चराहरूको अवलोकन, उडान, पाराग्लाईडिङ्ग आदि मुख्य पर्यटन सम्बन्धि गतिविधिहरूको रुपमा सञ्चालन गर्न सकिने संभावनाहरू रहेका छ ।

## ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

गाउँपालिकाको पर्यटन,संस्कृति तथा सम्पदा प्रवर्द्धन सम्बन्धी सोच, लक्ष्य, उद्देश्य, रणनीति,प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ४.४.४.१ सोच

यस गाउँपालिकाको पर्यटन, संस्कृति तथा सम्पदा विकास उपक्षेत्रको सोच देहायअनुसार रहेको छः
"सेवाक्षेत्रको विस्तार, विविधिकरण सहित रोजगारी सिर्जना एवम् आयमा वृद्धि"

### ४.४.४.२ लक्ष्य

यस गाउँपालिकाको पर्यटन, संस्कृति तथा सम्पदा विकास उपक्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः
गाउँपालिकालाई साँस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने ।

### ४.४.४.३ उद्धेश्य

गाउँपालिकाको पर्यटन, संस्कृति तथा सम्पदा विकास उपक्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्:

१. आन्तरिक एवम् वाह्य पर्यटकको आगमनमा वृद्धि गर्ने ।
२. स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन एवम् पर्यटकीय सेवा सुविधाको स्तरवृद्धि गर्ने ।

### ४.४.४.४ रणनीतिहरु

योजनाको साँस्कृतिक तथा पर्यटन विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ :

- पर्यटकीय स्थलको पहिचान नक्साङ्कन, विकास र प्रवर्द्धन गर्ने
- पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने
- पर्यटनको विकासको माध्यमद्धारा दिगो रोजगारी सिर्जना र आय वृद्धी गर्ने ।
- स्थानीय कला तथा संस्कृतिको संरक्षण गरी व्यवसायिकतातर्फ आकर्षित गर्ने ।

### ४.४.४.५ प्रमुख आयोजना तथा कार्यक्रमहरू

क. पर्यटन पूर्वाधार,संस्कृति तथा सम्पदाहरूको विकास

- प्रमुख पर्यटकीय स्थलहरूसम्म आवश्यक पूर्वधारहरू (विश्रामस्थल, चमेना गृह, शौचालय,पोर्टर, सेल्टर, पर्यटक संरचना केन्द्र आदि) सहित सहज पहुँच हुने गरी स्थानीय तह,समुदाय तथा निजी क्षेत्रको सहकार्य र सहभागितामा पर्यटन पदमार्ग लगायत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालन ।

ख. नीतिगत तथा संस्थागत सुधार

- पर्यटन क्षेत्रको सुधार र आन्तरिक पर्यटन,संस्कृति तथा सम्पदाको प्रवर्द्धनका लागि सम्बन्धित ऐन, नियमहरू तथा आवश्यक नयाँ नियमावलीको तर्जुमा ।
- पर्यटन तथा होटल व्यवस्थापनको सुदृढीकरण ।

ग. पर्यटन, संस्कृति तथा सम्पदा प्रवर्द्धन

- पर्यटनको प्रतिफल ग्रामीण जनस्तरसम्म पुर्‍याई गरिबी न्यूनीकरणमा सघाउन पर्या- पर्यटन, कृषि पर्यटन तथा ग्रामीण पर्यटन विकासका लागि सामुदायिक एवम् निजी होमस्टेको स्तरवृद्धि लगायतका प्रवर्द्धनात्मक कार्यक्रम ।
- पर्यटन,संस्कृति तथा सम्पदा प्रवर्द्धनका लागि निजी तथा अन्य क्षेत्र समेतको सहभागितामा प्रचारप्रसार अभियान कार्यक्रमहरू सञ्चालन ।
- पर्वतीय पर्यटनको विकासका लागि हिमालहरूको सहज रूपमा सूचना प्राप्त हुने गरी हिमालचुलीहरूको पिक प्रोफाइल तयार ।

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

योजनाको अन्त्यमा विदेशी पर्यटन आगमन सङ्ख्या वार्षिक १ सय, विदेशी पर्यटकहरूको सरदर बसाइ अवधि ५ दिन र सरदर दैनिक खर्च ६० अमेरिकी डलर पुगेको हुनेछ । यसै गरी आन्तरिक पर्यटकहरुको संख्यामा बृद्धि भई पर्यटन क्षेत्रबाट पहिलो,दोस्रो र तेस्रो वर्ष क्रमशः ५० जना,७० जना र ८५ जनाको रोजगारी सिर्जना भएको हुनेछ । संस्कृति प्रवर्द्धन र सम्पदा संरक्षणको लागि गाउँपालिकाबाट बजेट विनियोजन भई कार्यान्वयनमा आएको हुनेछ । आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,पर्यटन,उद्योग तथा बाणिज्यको र सहकारी क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ४.४.६.अनुमान तथा जोखिम पक्ष

सिमकोट नाका हुदै मानसरोवर र कैलाश प्रवेश गर्ने श्रद्धालु र तिर्थयात्रीहरुको संख्या महामारी र यातायातको असुविधाका कारण घट्दो क्रममा रहेको छ । अधिकांश तिर्थयात्रीहरु तातोपानी,कोरला नाका हुदै मानसरोवर र कैलाश यात्रा गर्नेछन् भने केहि भारतीय तिर्थयात्रीले लिपु लेकबाट मानसरोवर सम्मको बाटो निर्माण भए पछि सोही बाटोबाट आवत जावत गर्ने सम्भावना छ । त्यसै गरी सिमकोट गाउँपालिकाका सम्पूर्ण पर्यटकिय क्षेत्रहरु पर्यटक प्रतिवन्धित क्षेत्र हुन् जसले गर्दा पर्यटक आवागमनमा असहजता पैदा गरेको छ र यसका कारण पर्यटकहरु जिल्ला र गाउँपालिका आउने क्रम घट्दै जाने जोखिम छ ।

## ४.५ उद्योग, व्यवसाय, वाणिज्य र आपुर्ति

### ४.५.१ पृष्ठभूमी

उद्योग क्षेत्र आर्थिक विकासको इन्जिन हो । औद्योगिक विकासले रोजगारी सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता गर्न सहयोग पुऱ्याउँदछ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवम् बृहत् आधार सहितको औद्योगिक विकास मार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोत साधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ । यस गाउँपालिकामा औद्योगिक लगानीमैत्री वातावरण नहुनु, विद्युत्को आपूर्तिमा कमी हुनु, औद्योगिक पूर्वाधारहरूको पर्याप्त विकास नहुनु, आवश्यक जनशक्ति पलायन हुनु आदिले गर्दा औद्योगिक विकासले गति लिन र अपेक्षित रूपमा अर्थतन्त्रको विस्तार हुन नसकिरहेको अवस्था छ । त्यसै गरेर वाणिज्य क्षेत्रको विकासले वस्तु तथा सेवाको सहज आपूर्ति र गाउँमा उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धि हुन सक्दछ । स्थानीय स्तरमा उत्पादित वस्तुको व्यापार साथै सेवाको व्यापारबाट स्थानीय अर्थतन्त्रले बढी फाइदा लिन सक्दछ । तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान गरी वाणिज्य क्षेत्रको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको विकास र विस्तार गर्ने उद्देश्यका साथ वाणिज्य क्षेत्रको प्रवर्द्धनमा जोड दिनुपर्ने हुन्छ । तर स्थानीय व्यापारले अपेक्षित सफलता हासिल गर्न सकेको छैन । आयात प्रतिस्थापन हुने वस्तुको आन्तरिक उत्पादनमा कमी भई आयातमा वृद्धि हुन नसकी निर्यात कमजोर हुने भएकाले प्रत्येक वर्ष बस्तु उत्पादन बढाउदै जानु पर्ने देखिन्छ ।

### ४.५.२ समस्या तथा चुनौती

व्यवसायिक सोच तथा संस्कारको अभाव उद्योग, व्यापार तथा व्यवसाय सञ्चालनको एउटा प्रमुख समस्याको रुपमा रहेको छ । त्यस्तै, सबै स्थानमा सडक सञ्जाल नपुग्नु अर्को समस्याको रुपमा रहेको छ । स्थानीय उपभोक्ता तथा सेवा प्रदायकहरूमा उद्योग, व्यापार तथा व्यवसायलाई प्रवर्द्धन गर्न चाहिने तालिम तथा प्रशिक्षणको विषयमा उन्नत सोचको अभाव रहेको छ । तालिम प्रतिको सोच र अवधारणामा परिवर्तन जरुरी देखिएको छ । व्यवसायिक सेवा प्रदायक संस्था तथा व्यवसायिक प्रविधिको अभाव अर्को समस्याको रुपमा विद्यमान छ ।

यहाँका नागरिकको क्रयशक्ति वृद्धि संगै उपभोग्य सामग्री र विलासिताका वस्तुको मागमा उच्च वृद्दि भएपनि उक्त माग धान्नेगरी आन्तरिक उत्पादन बढ्न नसक्नु,वैकल्पिक ऊर्जा उत्पादन गर्न नसक्नु,कृषि क्षेत्रलाई यान्त्रिकीकरण, औद्योगिकीकरण तथा व्यवसायीकरण गर्न नसक्दा यसको उत्पादन तथा उत्पादकत्व न्यनू हुन गई कृषिजन्य आयात बृद्धि  हुनु,औद्योगिक लगानीमा भन्दा आयात व्यापारमा व्यवसायिक आकर्षण बढ्दै जानु प्रमुख समस्याका रुपमा रहेका छन् साथै बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह गर्ने ऋणमा सबै व्यवसायीहरूको पहुँच स्थापना हुन नसक्नु अर्को समस्याको रुपमा रहेको छ । गरिब तथा विपन्न वर्गको वित्तिय सूचनामा पहुँच नहुनु, पहुँच भई हाले पनि उनीहरूले सहजै ऋण लिन नसक्नु आदि समस्याहरू रहेका छन् । उद्योग, व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने दीर्घकालीन नीति, रणनीति, कार्यक्रम तथा बजेटको अभाव रहेको छ । गाउँपालिकाले उद्योग, व्यवसाय तथा व्यापारलाई प्राथमिकतामा राखेको छैन । यसका लागि बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन भई मानिसहरूको क्षमता विकास गर्ने कार्यहरू हुन सकेको छैन ।

उत्पादनमुखी बजारको व्यवस्थापन हुन नसक्नु, व्यवसाय सम्बन्धी सूचना केन्द्रको कमी हुन, ऋण लिनका लागि मात्र व्यवसाय दर्ता गर्ने प्रचलन हावी हुनु पनि उद्योग व्यापार क्षेत्रको विकासका व्यवधानहरू हुन् ।
स्थानीय वस्तुले लाभ लिन सक्ने बजारको खोजी गर्नु, वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्नु, विशेष आर्थिक क्षेत्र पूर्ण रूपमा सञ्चालनमा ल्याउनु, माग अनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु एवम् कमजोर औद्योगिक श्रम सम्बन्ध जस्ता विषयहरू सम्बोधन गर्नु, पेट्रोलियम पदार्थ, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयातमा उच्च रूपमा भएको वृद्धि निरुत्साहित गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् । त्यस्तै बस्तु निकासी प्रयोगमा ल्याउनु, आयात हुने वस्तुहरूको स्थानीय स्तरमै उत्पादन बढाउनु, प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्दै व्यापार बढाउन पर्याप्त पूर्वाधार विकास गर्नु,सरोकारवाला सबैको सहयोग र सहकार्य प्राप्त गर्नु, व्यापारका नयाँ क्षेत्रहरूको पहिचान, विविधीकरण र प्रवर्द्धन गर्न प्रर्याप्त स्रोतसाधनको व्यवस्था गर्नु पनि यस क्षेत्रका चुनौती हुन् ।

### ४.५.३ संभावना तथा अवसर

कर्णाली करिडोर र तिब्बतको ताक्लाकोटसँग नजिकको पहुँच भएकाले उद्योग-व्यापार विकासको संभावना राम्रो रहेको छ। गाउँपालिका क्षेत्र भित्र ७ वटा भन्दा बढी बजार क्षेत्र बिस्तार हुनु, गाउँपालिकाको केन्द्र जिल्ला सदरमुकाममा हुनुले पनि व्यापार व्यवसायका लागि आधार खडा गरेको देखिन्छ। गाउँपालिकामा कुटानी-पिसानी मिल हुनु, ३ वटाभन्दा बढी काठ तथा फर्निचर उद्योग सञ्चालनमा रहनु पनि उद्योग, व्यापार क्षेत्रको संभावना बढाएको हो। गाउँपालिकामा काठ, जडिबुटी, खोटो,फलफूल, खाद्यान्न, तरकारी आदिमा आधारित उद्योग, व्यापार तथा व्यवसायहरूको धेरै संभावना रहेको छ।

व्यापार वाणिज्य क्षेत्रमा स्थानीय नीति, ऐन, नियमहरू निर्माण गरी निर्यात प्रवर्द्धन र आन्तरिक उत्पादन वृद्धिमा ठोस सहयोग पुग्ने अवसर छ। त्यस्तै छिमेकीगाउँहरुको आर्थिक वृद्धिबाट व्यापारका क्षेत्रमा यस गाउँपालिकाले लाभ लिन सक्ने अवस्था हुनु,व्यापारमा अन्तर सम्बन्ध बढदै जानु, ऊर्जा सङ्कट समाधान गर्न सरकार प्रतिबद्ध रहनुले व्यापार र वाणिज्य क्षेत्रमा थप अवसर सृजना गरेको छ.। त्यस्तै, नयाँ सञ्चार तथा यातायात प्रविधिहरूको जगमा उत्पादित बस्तुको व्यापार हुने क्रम बढ्ने अवसर छ। स्थानीय लगानी र व्यापारलाई एकीकृत ढङ्गले हेर्ने नीतिगत व्यवस्थाका साथै आन्तरिक कनेक्टिभिटीमा व्यापक लगानी एवम् गुणस्तर र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु अनिवार्य छ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.५.४.१ सोच

वाणिज्य क्षेत्रको विकास र विस्तार गरी आर्थिक समृद्धि प्राप्त गर्नु।

#### ४.५.४.२ लक्ष्य

औद्योगिक क्षेत्रको विकास र विस्तार एवं आन्तरिक निर्यात व्यापार प्रवर्द्धन गरी रोजगारीमा वृद्धि गर्ने।

#### ४.५.४.३ उद्देश्य

- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी राष्ट्रिय उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु।
- औद्योगिक क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु।
- आन्तरिक व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत,साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धन मार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्नु।
- तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाउनु।

#### ४.५.४.४ रणनीति

- उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिने।
- स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने।
- अन्तर गाउँपालिका तथा जिल्ला बीचको औद्योगिक अन्तरसम्बन्ध सुदृढ गरी सन्तुलित विकासमा उद्योग क्षेत्रको योगदान बढाउने।
- लगानीकर्ता तथा स्थानीय व्यापारीलाई औद्योगिक लगानीमा प्रोत्साहन गर्न नीतिगत व्यवस्था गर्ने।
- लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, संस्थागत, कानुनी तथा प्रक्रियागत सुधार गर्ने।
- वाणिज्य क्षेत्रलाई आयआर्जनको प्रमुख सम्भागको रूपमा स्थापित गर्न यस क्षेत्रको स्थानीय व्यापार र लगानीलाई एकीकृत दृष्टिले सहजीकरण गर्ने।
- निर्यात हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न उत्पादनशीलआयात र व्यवस्थापनमा जोड दिँदै निर्यात प्रवर्द्धन गर्ने।
- निर्यात व्यापारका लागि पहिचान गरिएका र गरिने वस्तुको वस्तुगत व्यापार विविधीकरण गर्ने।
- वाणिज्य सम्बद्ध विद्यमान संरचना, पूर्वाधार एवम् आधारहरूको क्षमता अभिवृद्धि तथा सुदृढीकरणमा जोड दिँदै यसको अधिकतम उपयोग गर्ने।

**४.५.४.५ प्रमुख कार्यक्रमहरू**

क. औद्यौगिक पूर्वाधार विकास कार्यक्रम

- विशेष आर्थिक क्षेत्र स्थापना तथा सञ्चालन
- आठ वटा वडामा सार्वजनिक-निजी साझेदारीमा कम्तीमा एक/एक ओटा उद्योग स्थापना ।

ख. घरेलु तथा साना उद्योग विकास कार्यक्रम

- युवा लक्षित कार्यक्रम, समावेशी क्षमता विकास कार्यक्रम जस्ता कार्यक्रमहरू सञ्चालन ।
- उद्यमीहरूका लागि तालिम प्रदान गरी उपयुक्त प्रविधि हस्तान्तरण ।
- महिला उद्यमशिलता विकास कोष स्थापना गरी महिला उद्यमीहरूलाई कर्जामा पहुँच वृद्धि ।

ग. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

- लघु उद्यम विकास कार्यक्रमको स्थापना गरी पाँच वटै वडामा लागु ।
- घरेलु तथा साना उद्योग विकास कार्यक्रम र लघु उद्यम विकास कार्यक्रम मार्फत ५० जनालाई तालिम प्रदान ।

घ. ग्रामीण विकास उद्यम तथा विप्रेषण कार्यक्रम

- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई उद्यमी बन्न उत्प्रेरित गर्ने खालका तालिम कार्यक्रमहरू सञ्चालन तथा प्राविधिक सहयोग ।
- उद्योग स्थापना गर्नका निम्ति आधार तथ्याङ्क सङ्कलन गर्ने एवम् बजार नक्साङ्कन तयार ।

ङ. वातावरणीय क्षेत्र सहयोग कार्यक्रम

- अधिक वातावरण प्रदूषण गर्ने उद्योगमा कोइलाको वैकल्पिक उपयोगको सम्भाव्यता सम्बन्धी अध्ययन ।
- प्लास्टिक झोलाको विकल्प सम्बन्धी अध्ययन ।

च. वस्तु विकास कार्यक्रम

- तुलनात्मक तथा निर्यातयोग्य वस्तुहरूको उत्पादन वृद्धि, गुणस्तर सुधार तथा समग्र मूल्य श्रृङ्लाको विकास ।
- निजी क्षेत्रसँगको लागत साझेदारीमा उच्च मूल्य कम तौल भएका वस्तुहरू जस्तैःसिस्नो,च्याउ, अल्लो लगायतका उच्च निर्यात सम्भावना भएका वस्तुहरूको उत्पादन वृद्धि र गुणस्तर सुधारमा सहयोग ।
- भण्डारण गृहहरू र प्रशोधन केन्द्रहरू निर्माण ।
- कृषिमा आधारित कच्चा पदार्थका लागि आर्थिक एवम् प्राविधिक सहयोग ।
- ब्रान्डिङ, प्याकेजिङ र लेवलिङमा सहयोग पुग्ने कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन ।

छ. व्यापार सम्बद्ध क्षमता विकास कार्यक्रम

- निजी क्षेत्रको व्यापारजन्य क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन ।
- निर्यातयोग्य वस्तुहरूको कटिङ, ब्रान्डिङ, लेबलिङ र प्याकेजिङका तालिमहरू सञ्चालन ।
- महिला उद्यमीहरूलाई उपयुक्त घरेलु उद्यम सम्बन्धी तालिम सञ्चालन ।
- सिस्नो,च्याउ,अल्लो जस्ता उच्च मूल्य कम आयतन भएका वस्तुहरूको प्रशोधन गर्ने नयाँ प्रविधिको हस्तान्तरण ।

### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको, आधुनिक प्रविधिको अधिकतम प्रयोग सँगै गुणस्तरीय वस्तुहरूको उत्पादनद्वारा व्यापार बढ्न गई औद्योगिक एवम् बौद्धिक सम्पत्तिको संरक्षण तथा संवर्द्धन भएको हुनेछ । आगामी पाँचवर्ष भित्र उद्यमीहरूलाई तालिम दिइएको हुनेछ भने साना तथा मझौला उद्योगहरू स्थापना भएका हुनेछन् । लघु उद्यमी सृजना भई उद्योग क्षेत्रमा रोजगारी सिर्जना भएको हुनेछ । गाउँपालिकागत रुपमा व्यापार विविधीकरण भएको,योजना अवधिको अन्तिम वर्ष कुल उत्पादनसँग वस्तु निकासी अनुपात ० प्रतिशतबाट १ प्रतिशत र वस्तु तथा सेवा निकासीको अनुपात ० प्रतिशतबाट १ प्रतिशत पुगेको हुनेछ । साथै व्यापारले स्थानीय रोजगारीको सृजना एवं कर संकलनमा सघाउ पुग्ने देखिन्छ । गाउँपालिकामा कम्तिमा ५ वटा वाणिज्य बैंक तथा निजि बैंक र सहकारी बैंकको स्थापना भएको हुनेछ । आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,पर्यटन,उद्योग तथा बाणिज्यको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

हुम्ला जिल्ला राष्ट्रिय सडक सञ्जालसंग जोडिन अझै चार पाँच वर्ष समय लाग्न सक्छ । हवाई यातायात महङ्गो र भरपर्दो छैन । तसर्थ गाउँपालिकामा उद्योग,व्यापार र व्यवसाय स्थापनाका लागि कच्चा पदार्थ एवं अन्य आवश्यक सामग्रीहरु महङ्गो पर्दै जानेछन् जसले गर्दा उद्योग,व्यापार र व्यवसाय सञ्चालन गर्न जोखिम बढ्दै जानेछ ।

## ४.६ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.६.१ पृष्ठभूमी

गरिबी न्यूनीकरण, मर्यादित जीवन र सुरक्षित भविष्यका लागि श्रम,रोजगारी र सामाजिक सुरक्षा अपरिहार्य छ । यस सिमकोट गाउँपालिकामा आर्थिक,सामाजिक, प्राकृतिक र पर्यावरणीय जोखिमको सामना गर्नु परिरहेको छ । लोक कल्याणकारी राज्यको अवधारणा बमोजिम कमजोर, विपन्न र विभिन्न जोखिममा रहेका समुदायको जीवनयापनलाई सहज बनाउन र सबै नागरिकको जीवन सुरक्षित, संरक्षित र गुणस्तरिय बनाउन श्रम,रोजगारी र सामाजिक सुरक्षा उपलब्ध गराउनु स्थानीय सरकारको दायित्व हो । नेपालको संविधानले पनि सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा स्थापित गरे अनुरूप सबै नागरिकको गुणस्तरिय जीवन सुनिश्चितताका लागि राज्यले सामाजिक सुरक्षा र श्रम तथा रोजगारीको नीति अवलम्बन गरेको छ । आर्थिक तथा सामाजिक वञ्चीतिकरण र जोखिममा परेका नागरिकहरूको श्रम,रोजगारी र सामाजिक सुरक्षाका लागि विभिन्न लक्षित समुहहरूलाई खाद्यान्न, पोषण स्वास्थ्य, शिक्षा, कृषि, श्रम तथा रोजगारीका कार्यक्रम संचालित छन् । हाल गाउँपालिकाले प्रधानमन्त्री तथा मुख्य मन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ भने सामाजिक सुरक्षा वापत् ज्येष्ठ नागरिक,एकल महिला,अपाङ्ग व्यक्ति र बालबालिकाहरुलाई मासिक रुपमा रकम उपलब्ध हुदै आइरहेको छ साथै अन्य संरक्षणका कार्यक्रमहरु पनि संचालन हुदै आइरहेका छन् ।

### ४.६.२ समस्या तथा चुनौती

सामाजिक सुरक्षा योजनालाई स्थानगत बनाउन नसकिनु, सामाजिक सुरक्षा योजना लगानीको आंकलन गर्न आवश्यक पर्ने सूचना र तथ्याङ्कको कमी हुनु,विभिन्न निकाय र तहबाट प्रदान गरिने श्रम,रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रमहरूमा एकीकृत ढाँचा नहुदा दोहोरो र असामञ्जस्य हुनु, नागरिकहरूको श्रम,रोजगारी र सामाजिक सुरक्षा कार्यक्रमहरूमा सहज पहुँच स्थापना गर्न नसकिनु र सामाजिक सुरक्षा वितरण प्रणाली प्रभावकारी नहुनुका साथै कार्यान्वयनमा विभिन्न क्षेत्रहरूबीच समन्वय नहुनु समस्याको रुपमा रहेका छन् । अत्याधिक महङ्गी र विभिन्न सुविधाहरुको अभावका कारण राज्यबाट प्रदान गरिने सामाजिक सुरक्षा प्रभावहिन जस्तै देखिन्छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा सबैको आबद्धता बढाउनु, सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी योजनालाई वित्तीय रूपमा दिगो बनाउनु,सामाजिक सुरक्षालाई आर्थिक,सामाजिक विकासका अन्य क्षेत्रका नीति तथा कार्यक्रमहरूसंग आबद्ध गर्नु,वास्तविक वञ्चितीकरण र जोखिममा रहेका वर्ग र समुदायको पहिचान गरी सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरूमा उनीहरूको सहज पहुँच सुनिश्चित गर्नु,जेष्ठ नागरिकको जनसंख्याको हिस्सा बढ्दै जाँदा राज्य कोषमा पर्ने थप सामाजिक सुरक्षा दायित्वलाई सम्बोधन गर्नु ,सामाजिक सुरक्षा र संरक्षणमा राज्यको असीमित दायित्व र सानो वित्तीय क्षमता बीच सन्तुलन कायम गरी सामाजिक सुरक्षा योजना र कार्यक्रमको दिगो प्रणाली स्थापना गर्नु प्रमुख चुनौती रहेका छन् ।

### ४.६.३ संभावना तथा अवसर

श्रम तथा रोजगारीका लागि सङ्घीय सरकारबाट प्रधानमन्त्री रोजगार कार्यक्रम र प्रदेश सरकारबाट मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुनु,श्रम तथा रोजगार मन्त्रालयको स्थापना हुनु,सामाजिक सुरक्षा सम्बन्धी कानुनी व्यवस्था भई कार्यक्रम प्रारम्भ हुनु,सामाजिक सुरक्षा कोष लगायत विभिन्न कोषको स्थापना हुनु,सामाजिक सुरक्षा सम्बन्धी खर्चमा राज्यको उल्लेखनीय वृद्धि हुनु र जोखिम वहनका लागि बिमा क्षेत्रको विविधीकरण र बजार विस्तार हुनु यस उपक्षेत्रका प्रमुख सम्भावना तथा अवसर हुन् ।

### ४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.६.४.१ सोच

सबैका लागि श्रम तथा रोजगारी सहित दिगो सामाजिक सुरक्षा प्रणाली र समतामुलक समाज ।

#### ४.६.४.२ लक्ष्य
श्रम तथा रोजगारी र सामाजिक सुरक्षालाई दिगो र पहुँचयोग्य बनाई नागरिकको हकको कार्यान्वयन गरेर स्थानीय सरकार प्रति नागरिकको विश्वास सुदृढ गर्ने ।

#### ४.६.४.३ उद्देश्य
१. बेरोजगार नागरिकलाई श्रम तथा रोजगारीमा संलग्न गराउनु ।
२. सबै नागरिकलाई अनिवार्य रुपमा सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु ।
३. आर्थिक, सामाजिक वञ्चितीकरण र जोखिममा परेका समुदायलाई सामाजिक संरक्षणं प्रदान गर्नु ।
३. सामाजिक सुरक्षा र संरक्षण मार्फत नागरिकहरूको आर्थिक,सामाजिक,पर्यावरणीय र अन्य जोखिम न्यूनीकरण गर्नु ।

#### ४.६.४.४ रणनीति
१.रोजगार कार्यक्रमलाई अन्य कार्यक्रमसंग समायोजन गरेर नियमित गर्ने ।
२.सामाजिक सहयोग र संरक्षणका कार्यक्रम विस्तार गरी आर्थिक,सामाजिक वञ्चितीकरण तथा जोखिममा परेका क्षेत्र,लिङ्ग, वर्ग र समुदायको पहुचँ बढाउने ।
३.योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथै अनौपचारिक क्षेत्रमा समेत विस्तार गरी सर्वव्यापी बनाउने ।
४.सामाजिक सुरक्षा, सहयोग र संरक्षणलाई स्थानीय तहमा प्रभावकारी बनाउन सूचना प्रणालीको विकास गर्ने ।

#### ४.६.४.५ प्रमुख कार्यक्रमहरु
- रोजगार कार्यक्रमको निरन्तरता तथा हालको रोजगार दिनमा बृद्धि
- श्रमिकहरुको क्षमता विकास कार्यक्रम
- सामाजिक सुरक्षा रकम प्राप्त गर्ने व्यक्तिहरुको तथ्याङ्क संकलन,अद्यावधिक र अनलाइनबाट सेवा
- सामाजिक सुरक्षा वापतको रकमलाई बैंकिङ प्रणाली मार्फत भुक्तानी
- प्राप्त रकमलाई बचत वापत संकलन एवं लगानी
- सामाजिक सुरक्षालाई बिमाको अभिन्न अंगको रुपमा विकास

### ४.६.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका
गाउँपालिकाबाट श्रम तथा रोजगारमूलक कार्यक्रमलाई निरन्तरता दिएको हुनेछ र प्रति बेरोजगार परिवारले एक वर्षमा १५० दिन बराबरको श्रममा संलग्न हुन पाउनेछन् । कुल जनसख्याको करिव ४० प्रतिशत हिस्सा आधारभूत सामाजिक सुरक्षामा आबद्ध भएको हुनेछ । गाउँपालिकाको बजेटमा सामाजिक सुरक्षा खर्चबृद्धि भएको हुनेछ । आर्थिक, सामाजिक वञ्चितीकरण र जोखिममा परेका वर्ग,क्षेत्र,लिंग र समुदायलाई गाउँपालिकाबाट सामाजिक संरक्षण प्रदान गरिएको हुनेछ ।

### ४.६.६ अनुमान तथा जोखिम पक्ष
नेपालमा रहेको बेरोजगारीबाट सिमकोट गाउँपालिका पनि अछुतो छैन । शैक्षिक बेरोजगारी एवं अन्य बेरोजगार व्याप्त छ । तालिम अभावका कारण यहाँका वासिन्दाहरु सस्तो श्रम गर्न वाध्य हुनेछन् । जसले गर्दा गुणस्तर युक्त श्रम शक्ति अन्य व्यक्तिसंग प्रतिस्पर्धा गर्न गाह्रो हुनेछ र वैदेशिक रोजगारमा समेत असर पर्ने देखिन्छ ।

## ४.७ बैंक,वित्तीय सेवा एवं सहकारी
### ४.७.१ पृष्ठभूमी
देशको आर्थिक-सामाजिक विकासमा बैंक,वित्तिय संस्था एवं सहकारी क्षेत्रको योगदान रहन्छ । यी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवाप्रवाहमा संलग्न गराई उत्पादनमूलक कार्यमा संलग्न गराउनुपर्ने आवश्यकता रहेको छ । यस क्षेत्रले छरिएर रहेका श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट समग्र अर्थतन्त्रमा योगदान दिन सक्दछ । खासगरी कृषि क्षेत्रमा बैंक,वित्तिय संस्था एवं सहकारी संस्थाले गरेको योगदान प्रशंसनीय छ । बैंक,वित्तिय संस्था एवं सहकारी क्षेत्रले थप सम्भावित क्षेत्रहरूमा आफ्नो उपस्थिति नदेखाइसकेको हुनाले यी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन आवश्यक रहेको छ । हाल यस गाउँपालिकामा ३ वटा बैंक,वित्तिय सेवा सञ्चालन गर्ने

निर्धन उत्थान बैंक र २० वटा भन्दा बढी विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरू र एक हजार भन्दा बढी सदस्यहरू आबद्ध रहेका छन् । विशेषत सहकारी क्षेत्रमा महिला सदस्यको सहभागिता र नेतृत्वमा महिलाको पहुँच बढी छ । यस क्षेत्रले नागरिकहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीको अवसर प्रदान गर्दछ साथै विपन्नवर्ग, जनजाति, दलित, अपाङ्ता भएका व्यक्ति,सबै वर्ग, क्षेत्र र समुदायलाई समेट्न सफल भएको छ ।

### ४.७.२ समस्या तथा चुनौती

विपन्न वर्गहरूको कर्जामा पहुँच कठिन रहेको छ । अति विपन्न वर्गहरूसँग कर्जाका लागि चाहिने सूचना तथा धितोको अभाव हुने गरेको छ । सहुलियत ब्याजदरको बारेमा आम सरोकारवालाहरूलाई जानकारीको कमी रहेको छ । बैंकबाट कर्जा प्राप्त गर्न नयाँ ग्राहक तथा उद्यमीहरूका लागि कठिन हुने गरेको छ । उद्योग व्यवसायका लागि आवश्यक पर्ने पूँजीको पहुँच सहज हुन सकेको छैन साथै, कम आय भएका वर्गलाई समेत कर्जा सहज रुपमा उपलब्ध हुन सकेको छैन । सहकारी शिक्षाको सम्बन्धमा ज्ञान र जागरुकताको कमी रहेको छ । सुशासनको कमजोर छ । कर्जा प्रवाहको बारेमा प्रभावकारी अनुगमन हुन नसकेको । वित्तीय अनुसन्धानको कमी रहेको छ । उत्पादनमूलक रोजगारीमा ध्यान पुग्न सकेको छैन ।बचत तथा ऋण संरक्षण नीतिको कमी रहेको छ । सहकारीको लक्ष्य एवं उद्धेश्य र यसका सिद्धान्तहरुको बारेमा जानकारी नभइ बचत संकलन गर्ने उद्धेश्यले स्थापना भएका सहकारी संस्थाहरुको निष्कृयता,लागानीमा विस्तार नहुनु,ब्यापार र व्यवसाय नफस्टाउनु, लगानीको लागि पूँजीको कमि,उद्योग स्थापना गर्न कठिनाई,उपयूक्त प्रविधिको विकास हुन नसक्नु आदि सहकारी क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन् । सहकारी सम्बन्धी ऐन-नियममा समय सापेक्ष परिमार्जन गर्ने, उत्पादनशील क्षेत्रमा सहकारीको योगदान बढाउने, ठूलो सङ्ख्यामा रहेका सहकारी संस्थाहरूमा वित्तीय सुशासन कायम गर्ने, सहकारी संस्थाहरूमा विपन्न वर्गलाई समेट्ने र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने चुनौती रहेका छन् ।

### ४.७.३ संभावना तथा अवसर

गाउँपालिका भित्र २ वटा सरकारी बैंक राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक एवं २ वटा निजी बैंकका शाखाहरू सिटिजन्स बैंक र सांग्रिला बैंक यस गाउँपालिकामा रहेका छन । १ वटा लघु वित्त तथा २० वटा सहकारी संस्थाहरू यो गाउँपालिकामा स्थापना भई यी सहकारी संस्थाहरूबाट कर्जा प्रवाह हुने गरेको छ । बैंक तथा वित्तीय सेवाका हिसाबले यो गाउँपालिका सवल रहेको छ । बैंक,वित्तिय संस्था एवं सहकारीका माध्यमबाट उत्पादन तथा गरिबी निवारणको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने,यस क्षेत्रमा रहेका सहभागीहरूको शिक्षा तथा क्षमता अभिवृद्धि गर्ने, स-साना बचतलाई परिचालन गरी पुँजी निर्माणमा योगदान पुऱ्याउने, जनतामा सामुदायिक तथा सहयोगी भावनाको विकास गर्ने र स्थानीय स्तरमा वित्तीय अन्तर सम्बन्ध कायम गर्ने अवसर रहेका छन् ।

### ४.७.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ४.७.४.१ सोच

स्थानीय स्रोत, श्रम, सीप र पुँजीको अधिकतम परिचालन मार्फत आर्थिक-सामाजिक रूपान्तरण ।

#### ४.७.४.२ लक्ष्य

उपलब्ध स्थानीय स्रोत, श्रम, सीप र पुँजीको सामूहिक रूपमा परिचालन गरी सामाजिक सशक्तीकरण गर्ने ।

#### ४.७.४.३ उद्देश्य

- बैक,वित्तिय संस्था एवं सहकारीमा आधारित उत्पादन, उद्यम तथा सेवा व्यवसायको विकास र विस्तार गरी गाउँपालिकाको दिगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउनु ।
- बैक,वित्तिय संस्था एवं सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गर्नु ।

#### ४.७.४.४ रणनीति

- बैंक,सहकारी एवं वित्तिय संस्थाहरूलाई उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशील गराउने ।
- बैंक तथा सहकारीको माध्यमबाट आर्थिक-सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने ।
- अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई यस क्षेत्रमा सुशासन कायम गर्ने ।

#### ४.७.४.५ प्रमुख कार्यक्रमहरू

क. बैक,वित्तिय तथा सहकारी क्षेत्रको प्रवर्द्धन कार्यक्रम

- कृषि, उद्योग र सेवाको क्षेत्रमा रोजगारीको सिर्जना तथा उत्पादन वृद्धि ।
- स्थानीय प्राथमिकताका क्षेत्रहरूको विकासका लागि प्रोत्साहन तथा सहभागितामा आधारित पुँजीगत अनुदान ।
- लक्षित समूह सहकारी प्रवर्द्धन र पहुँच अभिवृद्धि कार्यक्रमः सहकारी सचेतना, संस्था गठन, विकास, शिक्षा र तालिम तथा आयोजना सञ्चालनका लागि क्षमता विकास, बिउ पुँजी, प्राविधिक सहयोग वा सहभागितामा आधारित पुँजीगत अनुदान उपलब्ध गराउने ।

ख. उद्यमशीलता तथा क्षमता विकास

- सहकारी सङ्घ-संस्थाका पदाधिकारी र कर्मचारीहरूलाई सहकारी व्यवस्थापन तथा उद्यमशीलता र नेतृत्व विकासका तालिम ।
- प्रशिक्षक तथा प्रशिक्षण विधि, पाठ्यपुस्तक पाठ्यक्रम तथा पाठ्य सामग्रीहरूको स्तरोन्नति र सुधार ।

### ४.७.५ अपेक्षित उपलब्धि नतिजा खाका

बैंक, वित्तिय एवं सहकारी संस्थाको सङ्ख्या हालको बाट बृद्धि २४ पुगेको हुनेछ । सहकारी सङ्घ संस्थामा महिला सदस्यको प्रतिनिधित्व ५० प्रतिशत र सहकारी क्षेत्रबाट प्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या ५० पुगेको हुनेछ । तालिम प्राप्त सहकारीकर्मीहरूको सङ्ख्या १०० पुगी नेतृत्व विकास व्यवस्थापन सीप विकास भएको हुनेछ । बैंक,वित्तिय संस्था एवं बचत तथा ऋण सहकारी संस्थाको विश्वसनीयता बढेको हुनुका साथै यस क्षेत्रको माध्यमबाट सम्भाव्य आर्थिक क्षेत्रमा लगानी अभिवृद्धि भई गाउँपालिकाको समग्र अर्थ व्यवस्थामा टेवापुगेको हुनेछ । आर्थिक क्षेत्र अन्तर्गत कृषि,पशुपन्छी,पर्यटन,उद्योग तथा बाणिज्यको र सहकारी क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद ५
# सामाजिक विकास क्षेत्र

## १.पृष्ठभूमि

देशको समग्र विकास तथा समृद्धिका लागि सामाजिक क्षेत्रको विकास मुख्य बाहकको रुपमा लिइने गरिन्छ । नेपालको संविधानले लिएको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न सामाजिक विकास महत्वपूर्ण आधार हो । नेपालको राष्ट्रिय तथा प्रादेशिक आवधिक योजना, दिगो विकास लक्ष्य लगायत अन्तर्राष्ट्रिय मञ्चमा अभिव्यक्त प्रतिबद्धता समेतले सामाजिक विकासका सबै क्षेत्रहरुलाई उच्च महत्व र प्राथमिकता दिएको देखिन्छ । सामाजिक विकासले असल, योग्य, सक्षम, समतामुलक, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गरी मुलुकको सर्बाङ्गीण विकासको आधार तयार गर्दछ । सामाजिक विकास क्षेत्रले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहित युवा तथा खेलकुद जस्ता उपक्षेत्रलाई समेटेको छ ।

नेपालले विकास प्रकृयामा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, युवा तथा खेलकुद र सामाजिक समावेशीकरणका सवालहरुलाई नीतिगत तथा व्यवहारिक रुपमा प्राथमिकतामा राखेको छ । नेपालको संविधानले सामाजिक विकासका सबै अवयवहरुलाई मौलिक हक र राज्य निर्देशक सिद्धान्त तथा नीतिअन्तरगत समावेश गरेको छ । नेपालले लिएको दिगो विकास लक्ष्यले गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरणका सबालहरु समावेश गरिएका छन् । नेपालको १५ औं राष्ट्रिय आवधिक योजना तथा कर्णाली प्रदेशको प्रथम आवधिक योजनाका दस्तावेजहरुमा सामाजिक विकास उच्च प्राथमिकताको क्षेत्रका रुपमा रहेको छ ।

नेपालले विकासको यात्रामा अन्य क्षेत्रको तुलनामा सामाजिक क्षेत्रमा उल्लेखनिय उपलब्धि हासिल गरेको छ । वर्तमान संविधानले मौलिक हक अन्तरगत आधारभुत स्वास्थ्य तथा पोषण तथा माध्यमिक शिक्षा, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभुत गरेको देखिन्छ । संविधानको राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रको शिक्षा तथा स्वास्थ्य, सामाजिक न्याय र रोजगारीमा सहज पहुँच स्थापित गर्न निर्देशित गरेको छ । वर्तमान १५ औं राष्ट्रिय योजनाले समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनको लागि अवसर प्रदान गर्ने कुरालाई उच्चतम महत्व दिएको छ । कर्णाली प्रदेशको पहिलो आवधिक योजनाले सामाजिक विकासलाई विकासको मुख्य चालकका रुपमा लिइ शिक्षा, स्वास्थ्य, सामाजिक समावेशीकरण र कला तथा संस्कृति क्षेत्रको प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ । नेपालले लिएको दिगो विकास लक्ष्य सहित आवधिक, रणनीतिक र वार्षिक योजना मार्फत सामाजिक विकासको उच्च आकांक्षा प्रतिविम्बित भएको छ । शैक्षिक गुणस्तर अभिवृद्धि, स्वास्थ्य तथा पोषणमा पहूँच विस्तार, भाषा तथा संस्कृति संरक्षण, सामाजिक सुरक्षा र सबैखाले विभेदको अन्त्य गर्ने दिशामा तीनवटै तहका सरकारको कृयाशिलता बढेको देखिन्छ । सामाजिक विकासको क्षेत्रमा सरकारी, सामुदायिक तथा गैरसरकारी क्षेत्रको अग्रसरता तथा साझेदारीका बाबजुद आशातित उपलब्धि हासिल हुन सकेको छैन ।

सिमकोट गाउँपालिका प्रसिद्ध तिर्थस्थल मानसरोवर र कैलाश प्रवेश गर्ने प्रमुख प्रवेश मार्ग र चीनको स्वसाशित क्षेत्र तिब्बत जोड्ने कर्णाली राजमार्गसँग आवद्ध रही विकासको उच्च सम्भावना बोकेको क्षेत्र हो । हावापानीको विविधता, यातायात संजालको विस्तार गर्न सकिने सम्भावना, उर्वरशिल भूमि, नदीजन्य खनिज, जलयात्राका लागि प्रसिद्ध क्षेत्र हो । पछिल्लो दशकमा यस क्षेत्रमा यातायात तथा सञ्चारको सुबिधा, विद्युतिकरण, सरसफाइ, स्वाथ्य तथा शिक्षा क्षेत्रमा अनेकौं सकारात्मक उपलब्धिहरु हासिल भएका छन् । सिमकोट गाउँपालिकाले विगत वर्षदेखि नै स्वास्थ्य संस्था स्तरोन्नती, एक घर एक धारा, बाल हिंसा न्यनीकरण, अपांगता भएका नागरिकलाई सहयोग, आधुनिक सार्वजनिक शौचालय, लक्षित वर्ग स्वरोजगारी, फोहोर व्यवस्थापनमा साझेदारी, शैक्षिक सुधार जस्ता क्षेत्रलाई प्राथमिकता दिएको देखिन्छ । सामाजिक विकास क्षेत्रको सम्भावना तथा अवसर र समस्या तथा चुनौति पहिचान गरी देहायका उप-शीर्षकहरुमा प्रस्तुत गरिएको छ ।

## ३.समस्या तथा चुनौती,सम्भावना र अवसर विश्लेषण

**तालिका ८: सामाजिक विकास क्षेत्रको समस्या तथा चुनौती,सम्भावना र अवसर विश्लेषण**

| संभावना तथा अवसर | समस्या र चुनौति | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| **शिक्षा,विज्ञान तथा नवप्रवर्तन** | | |
| - सामुदायिक विद्यालय २३ र संस्थागत ५ वटा गरी कुल २८ वटा विद्यालय सञ्चालनमा रहेको (सामुदायिक तर्फ आधारभूत १ देखि ५ सम्मका १२ वटा विद्यालय, आधारभूत ६ देखि ८ सम्मका ४ वटा, माध्यमिक तह ९ देखि १० सम्म५ वटा र माध्यमिक ११ देखि १२ सम्म २ वटा र संस्थागत तर्फ कक्षा ११ देखि १२ सम्म सञ्चालनमा रहेका २३ वटा विद्यालय रहेको)<br>- कच्ची भवन १०० र पक्की भवन ० वटा रहेको<br>- १ वटा आंगिक क्याम्पससञ्चालनमा रहेको तथा १५० जना विद्यार्थी अध्ययनरत रहेको<br>- विद्यालयमा आधारित कुल २३ वटा वाल विकास केन्द्र सङ्घीय अनुदानबाट र २३ वटा वाल विकास केन्द्र गाउँपालिकाबाटसञ्चालनमा रहेको ४ वटा सामुदायिक सिकाई केन्द्र सञ्चालनमा रहेको<br>- कुल दरवन्दी १३१ रहेकोमा कुल १३१ .जना शिक्षक कार्यरत रहेको<br>- शिक्षक विद्यार्थी अनुपात ४० रहेको<br>- साविक उमाविमा ४ जना शिक्षक अनुदानमा कार्यरत रहेको<br>- प्राविधिक धारका १ वटा विद्यालय सञ्चालनमा रहेको<br>- प्राविधिक धारतर्फ निमाशि ४ जना, माशि४ जना गरी ८ जना कार्यरत रहेका<br>- शिक्षण सिकाइ अनुदान तर्फ सङ्घीय मावि अनुदान २ जना र प्रदेश मावि अनुदान ० जना रहेको<br>- प्रारम्भिक बाल विकास केन्द्रमा सहजकर्ता सङ्घीयस्रोतका २३ जना र स्थानीय स्रोतको ० जना गरी कुल २३ जना कार्यरत रहेको | १०० वटा कक्षा कोठाको कमी<br>- सबै विद्यालयमा गुणस्तरीय खानेपानीको सहज सुबिधामा कमी<br>- विद्यालयमा खेलमैदानको कमी<br>- आधारभूत तथा मावि स्तरका सबै विद्यालयमा कम्प्युटर ल्यावको कमी<br>- विद्यालयमा पुस्तकालय र विद्युतीय पुस्तकालयको कमी<br>- सबै मावि स्तरका (५ वटा) विद्यालयमा विज्ञान प्रयोगशाला नभएको<br>- शैक्षिक गुणस्तरको एक रुपतामा कमी<br>- विद्यार्थी निरन्तरता दर कमी रहेको<br>- विषयगत शिक्षकको कमी<br>- विद्यालयमा बालमैत्री तथा अपांगमैत्री कक्षा कोठाको नभएको<br>- सबै विद्यालयमा विद्युतिय हाजिरीको अभ्यास कमी भएको<br>- आधारभूत तहका विद्यालयमा इन्टरनेट सुबिधानभएको<br>- प्रारम्भिक बाल विकासमा केन्द्रको खेल सामाग्री, सिकाइ सामग्री तथा कक्षा कोठा व्यवस्थापनको कमी<br>- बालविकास सहज कर्तामा उपयुक्त तालिमको कमी<br>- मागमा आधारित शिक्षक तालिमको कमी<br>- बालबालिकाको निरन्तरता दर र उपस्थिति दरमा कमी<br>- विद्यालय अनुगमन संयन्त्रको कमी<br>- अविभावक शिक्षाको अभ्यासमा कमी<br>- सबै विद्यालयमा व्यवस्थित घेरावारको कमी<br>- विद्यालयमा खेलकुद तथा सिकाइ सामाग्रीको कमी<br>- विद्युतिय सूचना प्रबिधिमा आधारित वैकल्पिक सिकाइ अभ्यासको कमी<br>- अविभावकको चेतनामा कमी | - १००विद्यालयको कक्षा कोठा पक्की भवन निर्माण गर्ने<br>- सबै विद्यालयमा गुणस्तरीय खानेपानी व्यवस्था गर्ने<br>- आधारभूत तथा माध्यामिक विद्यालयमा खेलमैदान निर्माण गर्ने<br>- सबै माध्यामिक स्तरका विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था गर्ने<br>- वडा नं. ३ को सबै विद्यालय र ४ को १ वटा विद्यालयमा मातृभाषामा कक्षा सञ्चालन गर्ने<br>- सबै माध्यमिक विद्यालयमा विद्युतीय पुस्तकालयको स्थापना गर्ने<br>- सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना गर्ने<br>- विद्यालयमा नवनिर्माण भवनमा बालमैत्री तथा अपांगमैत्री कक्षा कोठाको निर्माण गर्ने<br>- सबै विद्यालयमा गुणस्तरीय इन्टरनेट सहित सूचना, सञ्चार र प्रविधि विस्तार गर्ने<br>- हरित विद्यालय कार्यक्रम सञ्चालन गरी विद्यालयलाई हरियाली र आकर्षक गराउने<br>- सबै प्रारम्भिक बाल विकासमा केन्द्रको खेल सामाग्री, सिकाइ सामग्री तथा कक्षा कोठा व्यवस्था गर्ने<br>- सबै विद्यालयमा विद्युतिय हाजिरी स्थापना गर्ने<br>- सबै मावि तथा निमावि स्तरका विद्यालयमा सिसि क्यामराको स्थापना गर्ने<br>- शिक्षण सिकाइ प्रकृयालाई बालमैत्री गराउने<br>- बालविकास सहजकर्तालाई |

| संभावना तथा अवसर | समस्या र चुनौति | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| - शैक्षिक सत्र २०७८/०७९ मा विद्यालयमा ४६७१ .जना विद्यार्थी अध्ययनरत रहेका<br>- कम्प्युटर ल्याव ७ वटा सामुदायिक विद्यालयमा रहेको<br>- २ वटा सामुदायिक माविमा पुस्तकालय रहेको<br>- सबै विद्यालयमा आधारभूत तहको खानेपानी तथा शौचालय सुविधा रहेको<br>५ .वटा विद्यालयमा खेलकुद मैदान रहेको<br>- ७वटा माध्यमिक तहका सबै विद्यालयमा इन्टरनेट सुविधा रहेको<br>- विद्यालयमा वि.व्य.स. गठन भएको<br>- पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी ९५ . प्रतिशत रहेको<br>- प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा ६ सम्मका विद्यार्थीलाई दिवा खाजा सुविधा उपलब्ध रहेको<br>- ७वटा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला रहेको<br>- माध्यमिक विद्यालयमा विद्यालय सुधार योजना अद्यावधिक भएको<br>- विद्यार्थीका लागि छात्रवृत्ति सुबिधा उपलब्ध रहेको<br>- विद्यालयमा स्यानीटरी प्याडको व्यवस्था रहेको<br>- स्थानीय स्रोतबाट १७जना शिक्षक कार्यरत रहेको<br>- दिवाखाजा भान्सेभत्ता स्थानीय रुपमा उपलब्ध रहेको<br>- गाउँ शिक्षा योजना तथा स्थानीय पाठ्यक्रम निर्माण भएको<br>- शिक्षक डायरी र परिचय पत्र तयार भएको | - विद्यालयको शैक्षिक अभिलेख व्यवस्थापन कमी<br>- विद्यालयमा जंक फुड नियन्त्रणको कमी<br>- शैक्षिक बेरोजगारी<br>- व्यवस्थापन समिति र शिक्षक अविभावक समितिको बैठकमा नियमिताको कमी तथा शैक्षिक एजेण्डाको कमी हुने गरेको<br>- आवासिय विद्यालयको कमी<br>- विद्यालयमा बालमैत्री शिक्षण सिकाईको कमी<br>- बाल क्लवको कृयाशिलतामा कमी<br>- माध्यामिक विद्यालयमा शिक्षकको दरवन्दी कमी<br>- क्याम्पस तहमा आर्थिक स्रोतको कमी | नियमित तालिमको व्यवस्था गर्ने<br>- वर्षको दुइ पटक शिक्षक विद्यार्थीको घरमा पुगेर विवरण संकलन गर्ने<br>- शिक्षा शाखामा २ जना जनशक्ति थप गर्ने<br>- सबै विद्यालयमा मापदण्ड अनुरुपको घेरावार निर्माण गर्ने<br>- सबै विद्यालयमा खेलकुद तथा सिकाइ सामाग्रीको व्यवस्था गर्ने<br>- उच्च शिक्षा कक्षा सञ्चालनमा आर्थिक सहयोग उपलब्ध गराउने<br>- विद्यालयमा नियमितताका लागि आवासिय विद्यालय सञ्चालन गर्ने<br>- अविभावक शिक्षा सञ्चालन गर्ने<br>- विद्यालयको शैक्षिक अभिलेख व्यवस्थापन प्रभावकारी गराउने<br>- विपन्न तथा अनाथ बालबालिकाका लागि विशेष छात्रवृतिको व्यवस्था गर्ने<br>- शिक्षक र विद्यार्थीलाई दण्ड र पुरस्कारको व्यवस्था गर्ने<br>- जनकल्याण माविमा प्राविधिक विषय अन्तरगत कृषि धारको कक्षा सञ्चालन गर्ने<br>- मागमा आधारित शिक्षक तालिम व्यवस्था गर्ने<br>- प्रत्येक विद्यालयमा गुनासो पेटीकाको व्यवस्था गर्ने<br>- विद्युतिय सूचना प्रविधिमा आधारित शिक्षण तालिम सञ्चालन गर्ने<br>- विद्यालयमा जंकफुड निषेध तथा अनुगमन गर्ने<br>- माविस्तरका सबै विद्यालयमा नर्स कार्यक्रम सञ्चालन गर्ने<br>- बाल क्लवको क्षमता विकास गर्ने<br>- अतिरिक्त कृयाकलापलाई नियमित तथा प्रभावकारी गराउने<br>- बालमैत्री स्थानीय शासनलाई आवश्यक आधार तयार गरी कार्यान्वयन गर्ने |

| संभावना तथा अवसर | समस्या र चुनौति | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| **स्वास्थ्य तथा पोषण** | | |
| - एक वटा अस्पातल, ४ वटा स्वास्थ्य चौकी,(ठेहे,बरगाँउ,डाडाँफया र स्याडा स्वास्थ्य चौकी) ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, दोजाम,बुराउसे र माथील्लो गाँउ आधारभुत स्वास्थ्य केन्द्र ),पाँच ओटा सामुदायीक स्वास्थ्य इकाई (कुम्लीक ज्युला, हिल्दुम,चौगानफया,साता,स्याडा र उदिढुस्का) र एक वटा आर्युवेद औषधालय रहेको छ ।<br>- १५ शैयाको अस्पताल सिमकोट बजारमा रहेको<br>- खोप केन्द्र तथा १७,गाउँघर क्लिनिक ५ वटा रहेको<br>- अन्य क्षेत्रका स्वास्थ्य संस्थासँग हवाई यातायातको कारण सहज पहूँच तथा भौगोलिक निकटता रहेको<br>- ६ स्थानमा वर्थिङ केन्द्र रहेको<br>- अधिकृत स्तरको ६ वटा, सहायक स्तरको १६ वटा गरी .कुल २२ जना स्वीकृत दरवन्दी रहेकोमा मेडिकल अधिकृत ० जना, अधिकृत छैटौं तह ४ जना, सहायक पाँचौ ६ जना, सहायक चौंथो ८ जना र कार्यालय सहयोगी ४ जना र विद्यालय नर्स पाँचौ तह ० जना गरी १८ जना स्थायी जनशक्ति कार्यरत रहेको<br>- आधारनेपाल,युएसए आइ डी, युनीसेफ, सप्रोस नेपाल, सिप नेपाल, जीएनआइ, एसआइडीसी जस्ता गैससले स्वास्थ्य क्षेत्रमा सहयोग गरिरहेका<br>- कुपोषणको अवस्थामा सुधार हुँदै गएको<br>- स्वास्थ्य शाखामा ३ जना कार्यरत रहेको<br>- मापदण्ड अनुसारको ३ वटा स्वास्थ्य चौकी र ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन रहेको | - वृद्धि अनुगमन गरिएका २ वर्ष मुनिका कुल बालबालिका मध्ये ८.२ प्रतिशत बालबालिकामा कुपोषण रहेको<br>- मापदण्ड अनुसार १ वटा हेल्थपोष्ट र ८ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र गरी कुल ९ वटा भवन कमी रहेको<br>- मापदण्ड अनुसारका सबै वडामा खोप केन्द्र तथा गाउँघर क्लिनीकको भवनको कमी रहेको<br>- स्वास्थ्य क्षेत्रमा जनचेतनाको कमी रहेको<br>- जिल्ला अस्पताल बाहेका सबै स्वास्थ्य संस्थामा ल्याव सेवाको कमी<br>- महिला स्वास्थ्य स्वयम सेविका तथा स्वास्थ्यकर्मीलाई क्षमता विकासका अवसरको कमी<br>- स्वास्थ्य संस्थामा स्तनपान कक्षको व्यवस्थापन नरहेको<br>- स्वास्थ्य सेवाका लागि भौगोलिक विकटता र एम्बुलेन्स सेवाको कमी<br>- जिल्ला अस्पताल बाहेकका स्वास्थ्य संस्थामा घेराबारको कमी<br>- सबै स्वास्थ्य संस्थामा मापदण्ड अनुसारका शौचालयको कमी<br>- पोषण तथा स्वस्थ आहार सम्बन्धी चेतनाको कमी<br>- सबै स्वास्थ्य संस्थामा हस्पिटलजन्य फोहोर व्यवस्थापनको कमी<br>- ८ स्वास्थ्य इकाइमा इन्टरनेट सुविधाको कमी<br>- सबै स्वास्थ्य संस्थामा विद्युतिय हाजिरीको अभ्यासमा कमी<br>- सबै स्वास्थ्य संस्थामा सिसि क्यामराको उपयोगमा कमी<br>- प्रोटोकल अनुसारको गर्भपरिक्षण नगर्ने महिला करिब ..... प्रतिशत रहेको<br>- अन्धविश्वास धामी झाँक्रीको अभ्यास कायमै रहेको<br>- नसर्ने रोगको विस्तार तथा स्वस्थ खानपानको अभ्यासमा कमी | - बालबालिकालाई वृद्धि अनुगमनको दायरामा ल्याउन स्वास्थ्य आमा समूह मार्फत जनचेतना वृद्धि गर्ने<br>- पूर्ण खोप, पूर्ण संस्थागत सुत्केरी र पोषणको अवस्था सुधारका भिडियो विज्ञापन मार्फत प्रचार प्रसार गर्ने<br>- मापदण्ड अनुसार हाल नभएका स्थानहरुमा स्वास्थ्य चौकीको ...... वटा भवन निर्माण गर्ने<br>- सबै वडामा खोप केन्द्र भवन निर्माण गर्ने<br>- स्वास्थ्यकर्मीका लागि नियमित तालिमको व्यवस्था गर्ने<br>- सबै स्वास्थ्य संस्थामा स्वस्छ खानेपानीको व्यवस्था गर्ने<br>- सबै स्वास्थ्य संस्थामा शौचालय तथा घेरावारको व्यवस्था गर्ने<br>- सबै स्वास्थ्य संस्थामा सोलार, सिसि क्यामरा, इन्टरनेट तथा विद्युतिय हाजिरी र कम्प्युटर तथा ल्यापटपको व्यवस्था गर्ने<br>- सबै स्वास्थ्य संस्था, गाउँ कार्यपालिका कार्यालय र वडा कार्यालयमा स्तनपान कक्षको निर्माण गर्ने<br>- नसर्ने रोग नियन्त्रण गर्न जनचेतना अभिवृद्धि गर्ने<br>- नसर्ने रोग नियन्त्रण गर्न योग अभ्यासको अनुसरण र खानपान तथा जीवन शैलीलाई सुधार गर्न सचेतना वृद्धि गर्ने<br>- सबै वडामा एम्बुलेन्स सुबिधा सञ्चालन गर्ने<br>- शिक्षकहरूलाई स्वास्थ्य तथा पोषण सम्बन्धी तालिम सञ्चालन गर्ने<br>- सबै स्वास्थ्य चौकीमा प्रयोगशाला विस्तार गर्ने<br>- हाल सञ्चालनमा रहेका स्वास्थ्य चौकीका प्रयोगशाला स्तरोन्नती गर्ने |

| संभावना तथा अवसर | समस्या र चुनौति | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| - ४६ जना महिला स्वास्थ्य स्वयंसेविका कार्यरत रहेको<br>- परिवार नियोजन साधनको प्रयोग दर करिब २६.९९ प्रतिशत रहेको<br>- ९८ प्रकारका औषधी निशुल्क उपलब्ध रहेको<br>- ९६.२ प्रतिशत संस्थागत सुत्केरी हुने अभ्यास रहेको<br>- प्रोटोकल अनुसार ४ पटक गर्भ परिक्षण गर्ने ७९ प्रतिशत गर्भवती सुत्केरी रहेको<br>- ल्याव, ओपिडी र खोप, पोषण, परिवार नियोजन, आमा सुरक्षा, क्षयरोग, कुष्ठरोग, ग्रामीण अल्टा साउण्ड सेवा, मलेरिया तथा महामारी नियन्त्रण सेवा उपलब्ध रहेको<br>- स्वस्थ्य क्षेत्रका सूचकहरूमा सुधार हुँदै गएको | - एम्बुलेन्स सेवा नभएको<br>- वृद्धि अनुगमनमा नियमितताको कमी<br>- स्वस्थ आनिवानीको अभ्यासमा कमी<br>- स्वास प्रस्वास संक्रमण दर उच्च रहेको<br>- नियमित स्वास्थ्य परिक्षणको कमी<br>- रोग लुकाउने प्रचलन रहेको<br>- स्वास्थ्य बीमाको अभ्यासमा कमी रहेको | - वार्षिक रुपमा स्वास्थ्य शिविर सञ्चालन गर्ने<br>- ४० वर्ष माथिका नागरिकलाई नियमित स्वास्थ्य परिक्षणको दायरामा ल्याउन टोल टोलमा स्वास्थ्य शिविर सञ्चालन गर्ने<br>- स्वास्थ्य बीमालाई प्रभावकारी गराउन जनचेतना तथा विशेष व्यवस्था गर्ने<br>- स्वास्थ्य संस्था मार्फत घरमा प्रसुति चेक जाँचको व्यवस्था गर्ने<br>- प्रत्येक स्वास्थ्य संस्थामा अल्ट्रा साउण्ड कार्यक्रम र किशोरी आइरन तथा फोलिक एसिड वितरण कार्यक्रम<br>- मादक पदार्थ तथा सुर्तीजन्य वस्तु निरुत्साहन गर्ने<br>- स्वास्थ्य स्वयम सेविकालाई तालिमको व्यवस्था गर्ने<br>- गर्भवती सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गर्ने<br>- गर्भवतीका लागि निशुल्क एम्बुलेन्स सेवा<br>- गर्भ परीक्षण सेवा लिन आउनेका लागि निशुल्क खाजा उपलब्ध गराउने |
| **खानेपानी तथा सरसफाइ** | | |
| - संघ तथा प्रदेश सरकारले आवधिक विकास योजनामा एक घर एक धारा नीति लिएको<br>- कुल ८५ प्रतिशत घरपरिवारमा पाइप धाराको पानी र करिव २५ प्रतिशत घरपरिवारमा निजी धारा उपयोग गर्ने अभ्यास रहेको<br>- खुला दिसामुक्त क्षेत्र घोषणा भइ सकेको<br>- ८२ प्रतिशत घरपरिवारमा शौचालय निर्माण भइ प्रयोगमा रहेको<br>- खानेपानीका स्रोतका रुपमा मुल, खोला र भूमिगत जलस्रोत रहेको<br>- स्थानीय सरकारले एक घर एक धारा | - करिव १८ प्रतिशत घरमा शौचालय नरहेको<br>- फोहोरको व्यवस्थापनमा चुनौति रहेको<br>- घरबाट निस्कने फोहोरको व्यवस्थापनको अभ्यासमा कमी<br>- ल्याण्डफिल्ड साइडको कमी<br>- १५ प्रतिशत घरपरिवारमा पाइपबाट खानेपानी सुविधाको उपलब्धतामा कमी<br>- सार्वजनिक सौचालयको कमी रहेको<br>- व्यक्तिगत शौचालयको सरसफाइमा कमी<br>- खानेपानीको गुणस्तर परीक्षण नियमिततामा कमी<br>- खानेपानी तथा सरसफाइ गुरुयोजना | - सबै घरमा शौचालयको प्रयोगलाई अनिवार्य गराउने<br>- एक घर एक धारा निर्माणलाई संघ तथा प्रदेश सरकारसँग समन्वय गरी प्रभावकारी गराउने<br>- गुणस्तरीय खानेपानी आपुर्तीका लागि खानेपानीको गुणस्तर परीक्षणलाई नियमित गर्ने<br>- हाल सञ्चालनमा रहेका खानेपानी योजनाको नियमित मर्मत तथा सम्भारको व्यवस्था गर्ने<br>- स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जनचेतनाका लागि महिला समूह, पोषण समूह, बालक्लव, युवा क्लवलाई परिचालन गर्ने |

| संभावना तथा अवसर | समस्या र चुनौति | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| कार्यक्रम कार्यान्वयनमा ल्याएको<br>- सरसफाइ सम्बन्धी आनीवानीमा सुधार हुँदै गएको<br>- मिटर जडान भएको धारा नरहेको<br>- खानेपानीको सेवा विस्तारले समयको वचत तथा तरकारी खेतीलाई सहज भएको<br>- सबै घरमा शौचालयको निमार्ण प्रयोगको अभ्यास सहज हुँदै गएको<br>- घरमा करेसावारी निर्माण गरी खेरजाने पानीको उपयोग हुने गरेको | तयारी भए पनि प्रभावकारी कार्यान्वयनको कमी<br>- स्वास्थ्य तथा सरसफाइ सम्बन्धी आनिबानीमा कमी रहेको<br>- खानेपानीको मुहान सफाइ तथा सुरक्षाको अभ्यासमा कमी<br>- ल्याण्डफिल्ड साइटको स्थापना नभएको | - बजार क्षेत्रमा सार्वजनिक शौचालय स्थापना गर्ने<br>- खानेपानीको मुहान सरफाइ र संरक्षण व्यवस्थापनमा उपभोक्ता समितिलाई जिम्मेवार गराउने<br>- ल्याण्डफिल साइटको लागि स्थल छनौट गरी निर्माण गर्ने<br>- घरमै फोहोर व्यवस्थापनका लागि सचेतना वृद्धि गर्ने<br>- प्लास्टिक तथा सिसाजन्य वस्तुको कम उपयोग र बजार क्षेत्रमा फोहोरलाई पुन: प्रयोगको अभ्यास प्रवर्द्धन गर्ने<br>- बजार क्षेत्रमा पिउने पानीको सार्वजनिक धारा व्यवस्था |
| **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | | |
| - संविधान, राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनासहित दिगो विकास लक्ष्यले लक्षित वर्ग तथा सामाजिक समावेशीकरणलाई महत्व दिएको<br>- लैंगिक नीति तयार हुने क्रममा रहेको<br>- लक्षित वर्ग अन्तरगत महिला सञ्जाल गठन भएको<br>- ज्येष्ठ नागरिक समिति र अपागं समिति वडास्तरमा गठन भएर कृयाशिल भएको<br>- अनाथ तथा आमा बाबु विहिन बालबालिकालाई आर्थिक सहयोग उपलब्ध हुदै आएको<br>- ग वर्गको अपांगता भएका व्यक्तिलाई मासिक रु. ५०० का दरले एकमुष्ट वार्षिक रुपमा रु. ६००० उपलब्ध गराइएको<br>- बालमैत्री स्थानीय शासन कार्यान्वयनको क्रममा रहेको<br>- महिला समूह,स्वास्थ्य आमा समूह र महिला सहकारी रहेको<br>- सबै विद्यालयमा लैगिंक फोकल व्यक्ति र गुनासो पेटिकाको व्यवस्था भएको<br>- सेनिटरी प्याडको वितरण कक्षा ६ | - सबै लक्षित वर्गका समूह तथा सञ्जालहरू गठन हुन नसकेको<br>- बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन हुन नसकेको<br>- अविभावक विहिन बालबालिका रहेको<br>- घरेलु हिंसा सम्बन्धी घटनाहरु घट्ने गरेको<br>- अपांगमैत्री, बालमैत्री तथा ज्येष्ठ नागरिकमैत्री पूर्वाधारको कमी<br>- छुवाछुतको अभ्यास विभिन्न स्वरुपमा कायम रहेको<br>- अन्धविश्वास तथा गलत सामाजिक अभ्यास र बानी व्यवहार कायम रहेको<br>- ज्येष्ठ नागरिकको मनोरञ्जनका लागि दिवासेवा केन्द्रको कमी<br>- लक्षित वर्गको लागि स्वरोजगारीका अवसरको कमी<br>- दलित जातिमा गरिवी व्याप्त रहेको<br>- बाल हिंसा, महिला हिंसा, ज्येष्ठ नागरिक हिंसा कायमै रहेको<br>- बाल विवाह तथा बहु विवाहको संख्यामा कमी नआएको<br>- छोरा छोरी विभेद विभेद कायमै रहेको<br>- लिंगं पहिचान गरी भ्रुण हत्या गर्ने अभ्यास रहेको | - वडा तथा गाउँपालिकास्तरमा सबै लक्षित वर्गको समूह,सञ्जाल गठन तथा परिचालनलाई प्रभाबकारी गराउने<br>- बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक व्यवस्था गर्ने<br>- हिंसामा परेका व्यक्तिलाई गोप्य रुपमा न्याय पाउने व्यवस्था गर्ने ( स्थानीय महिला हिंसा हेल्पलाइन, पारिश्रमिक सहित मनोसामाजिक विमर्शकर्ताको व्यवस्था)<br>- महिला,बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा हिंसा सम्बन्धी घटना हेर्ने २ जना जनशक्ति थप गर्ने<br>- सबै वडामा ज्येष्ठ नागरिक मनोरञ्जन स्थल, स्वास्थ्य परीक्षण, योगा र फिजियोथेरापी सेवा उपलब्ध गराउने<br>- सबै वडामा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्ने<br>- गाउँपालिकास्तरमा असक्त र असहाय ज्येष्ठ नागरिक स्याहार केन्द्र स्थापना गर्ने |

| संभावना तथा अवसर | समस्या र चुनौति | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| भन्दा माथिका सबै विद्यालयमा रहेको<br>- एकल महिला, दलित, बालबालिका, ज्येष्ठ नागरिकका लागि विविध कार्यक्रम सञ्चालनमा रहेको<br>- अपांगता भएका व्यक्तिका लागि अपांग संघ संस्था मार्फत कार्यक्रम सञ्चालनमा रहेको<br>- सामाजिक सुरक्षा कार्यक्रम सहज हुँदै गएको<br>- लक्षित वर्गको सहभागिता सबै क्षेत्रमा हुने गरेको<br>- लैगिंक हिंसा, बाल विवाह तथा बहु विवाह सम्बन्धमा सचेतना कार्यक्रम संचालन हुदै आइरहेको | - बाल बालिकामा डिजिटल एडिक्सन कायम रहेको<br>- बालबालिकामा दुर्व्यसनी.वृद्धि रहेको<br>- लक्षित वर्गकलाई उद्यमशिलताका अवसरमा कमी<br>- सुरक्षित आवासको कमी | - उत्कृष्ट छोरा बुहारी पुरस्कार कार्यक्रम<br>- लक्षित वर्ग उत्कृष्ट उद्यमी पुरस्कार (महिला, दलित, अपांग, आदिवासी जनजाति, एकल महिला)<br>- सेफ हाउस स्थापना गर्ने<br>- गाउँपालिका केन्द्रमा शिशु स्याहार केन्द्र स्थापना गर्ने<br>- लक्षित वर्गका लागि क्षमता विकास तथा आय आर्जनका अवसर सृजना गर्ने<br>- लक्षित वर्गको नेतृत्व विकासका अवसर उपलब्ध गराउने<br>- विभेद अन्त्य गर्न धर्मगुरु तथा सामाजिक अगुवा विचको अन्तरकृया कार्यक्रम सञ्चालन गर्ने<br>- सार्वजनिक पूर्वाधारलाई बालमैत्री, महिलामैत्री, अपागंमैत्री र ज्येष्ठ नागरिकमैत्री निर्माणमा जोड दिने<br>- वडा कार्यालय, गाउँपालिका कार्यालय तथा स्वास्थ्य संस्थामा स्तनपान कक्षको स्थापना गर्ने<br>- हिंसा पिडित महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका लागि उद्दार, राहात तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने<br>- बाल विवाह, बहु विवाह तथा सबै खाले हिंसाको अन्त्यका लागि महिला समुह, बाल क्लव, युवा क्लव तथा टोल सुधार संस्थालाई प्रभाबकारी रुपमा परिचालन गर्ने<br>- डिजिटल एडिक्सन तथा दुर्व्यसनी नियन्त्रणका लागि बालक्लव मार्फत टोलस्तरमा अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने<br>- विद्यालयमा किशोर किशोरी सचेतना कार्यक्रम सञ्चालन गर्ने |
| **युवा तथा खेलकूद विकास** | | |
| - गाउँपालिकास्तरमा खेलकुद प्रतियोगिता आयोजना हुने गरेको | - युवा बेरोजगारी व्यापक रहेको<br>- युवा स्वरोजगारीका अवसरको कमी | - युवा स्वरोजगारीका अवसर सृजना गर्न तालिम, प्रोत्साहन र |

| संभावना तथा अवसर | समस्या र चुनौति | सम्भावना उपयोगको रणनीति |
|---|---|---|
| - वडा नं. ५ मा जिल्लास्तरीय खेल मैदान निर्माणाधीन रहेको<br>- युवा क्लव सक्रिय रहेका<br>- राष्ट्रपति रनिङ शिल्ड आयोजना हुने गरेको<br>- युवा क्लव मार्फत खेल आयोजनाको अभ्यास रहेको<br>- खेलकुद सामग्री वितरण गर्ने अभ्यास रहेको<br>- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको<br>- प्रदेश स्तरका खेलाडी छनौट हुने गरेको<br>- स्थानीय स्तरमा व्यवसायिक कृषिमा युवाहरु संलग्न रहेको<br>- युवा लक्षित रोजगारीको व्यवस्था रहेको<br>- राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा युवा सहभागिता उल्लेखनिय रहेको | - युवाहरु कुलत तथा दुर्व्यसनीमा लाग्ने गरेको<br>- बेदेशिक रोजगारीमा उच्च आकर्षण रहेको<br>- खेलमैदान तथा खेल सामग्रीको उपलब्धतामा कमी रहेको<br>- खेलकुदमा प्रशिक्षणमा कमी<br>- स्तरीय खेल मैदानको कमी रहेको<br>- युवाका लागि सहुलियतपूर्ण ऋणको उपलब्धता नरहेको<br>- युवा आत्मनिर्भरता र स्वरोजगारीका अवसरमा कमी<br>- शैक्षिक बेरोजगारी रहेको<br>- युवा क्लवहरूमा सृजनशिलता तथा रचनात्मक कृयाकलापको कमी<br>- युवाका लागि सीपमूलक तालिमको कमी<br>- स्वरोजगारी र आत्मनिर्भरताको भावनामा कमी<br>- युवालाई व्यवसायिकता र उद्यमशिलतामा प्रेरित गर्न नसकिएको | सहुलियत कर्जाको व्यवस्था गर्ने<br>- गाउँपालिका स्तरमा फुटवल, क्रिकेट, एथ्लेटिक्स, ब्याट मिन्टन, भलिवलको नियमित प्रशिक्षणको व्यवस्था गर्ने<br>- एक वडा एक स्तरीय खेल मैदान निर्माण गर्ने<br>- खेलमा लाग्न चाहने युवालाई प्रोत्साहित गर्ने<br>- कृषि तथा उद्योग क्षेत्रमा युवाको सहभागिता बढाउन तालिम तथा सहज कर्जा उपलब्ध गराउने<br>- युवालाई दुर्व्यसनीबाट छुटाउन तथा सकारात्मक भावना विकास गर्न युवा उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने<br>- खेलकुदको विकास तथा खेलाडीको सहयोगका लागि गाउँपालिका स्तरमा कोषको स्थापना गर्ने |
| **भाषा, कला तथा संस्कृति** | | |
| - नेपाली र लामा भाषा बोलिने गरेको<br>- देवताको मन्दिरहरुमा नियमित मेला लाग्ने गरेको<br>- प्रमुख धार्मिक स्थलहरूमा रहेको<br>- स्थानीय कलाकारहरु रहेका<br>- डोको, नाम्लो, भाँडा, औजार, बौद्ध माला, ताम्रा पत्र निर्माण लगायतका स्थानीय सिप रहेको<br>- हिन्दु, बौद्ध र क्रिश्चियन लगायतका धर्मालम्बीहरू रहेको | - वाह्य संस्कृतिको प्रभावले स्थानीय कला तथा संस्कृति लोप हुदै गएको<br>- नेपाली भाषा बाहेकका भाषा लोप हुँदै गएको<br>- मेला व्यवस्थापन कमजोर हुने गरेको<br>- मौलिक सिप प्रवर्द्धनको कमी रहेको<br>- परम्परागत पेशाहरु व्यवसायिक हुन नसकेका<br>- साँस्कृतिक प्रोत्साहनका लागि कार्यक्रमको कमी रहेको<br>- गीत तथा संगीतको क्षेत्रमा प्रोत्साहन तथा प्रशिक्षणको कमी | - वाह्य संस्कृतिको प्रभाव कम गर्न विद्यालयस्तरमा कार्यक्रम सञ्चालन गर्ने<br>- स्थानीय मौलिक कला तथा संस्कृति सम्बन्धी अनुसन्धान गर्ने<br>- वडा नं १,३ र ४ मा लामा ( तामाङ) भाषामा अध्ययन अध्यापन गराउने<br>- मेला व्यवस्थापन व्यवस्थित र प्रभावकारी गराउने<br>- स्थानीय कला तथा सिप सम्बन्धी प्रदर्सनीको आयोजना गर्ने<br>- स्थानीय स्तरमा गीत तथा संगीत सम्बन्धी प्रशिक्षणको व्यवस्था गर्ने |

## ३.विषय क्षेत्रगत सोच,लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति

सिमकोट गाउँपालिकाको शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद लगायत स्थानीय तहको लागि उपलब्ध सामाजिक विकास क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिलाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### सोच

सिमकोट गाउँपालिकाको सामाजिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको छ:

गाउँपालिकाको समस्या एवं चुनौती,संभावना तथा अवसर र नागरिकको अपेक्षा समेतलाई गाउँपालिकाले आयोजना गरेको सहभागितामूलक छलफलका आधारमा सामाजिक विकास क्षेत्रको सोच देहायअनुसार तय गरिएको छ :

"सुशिक्षित, स्वस्थ र सक्षम नागरिक"

### लक्ष्य

सामाजिक विकास क्षेत्रको सोचतर्फ उन्मुख हुने दिशामा निम्नअनुसार लक्ष्य तय गरिएको छ :

- सभ्य, स्वस्थ्य र स्वावलम्बी जनशक्ति विकास गर्ने

### उद्देश्य

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु,
- स्वास्थ्य तथा पोषणको अवस्थामा गुणात्मक सुधार गर्नु,
- स्वच्छ खानेपानीमा सबैको पहुँच तथा सरसफाइ क्षेत्रको प्रवर्द्धन गर्नु,
- लक्षित वर्गको क्षमता, आत्मसम्मान तथा आत्मनिर्भरतामा अभिवृद्धि गर्नु,
- युवा स्वरोजगारी तथा आत्मविश्वासको अभिवृद्धि गर्नु,

### रणनीति तथा कार्यनीति

सिमकोट गाउँपालिकाको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न दीर्घकालिन सोचतर्फ उन्मुख भई अन्तरसरकार तथा विकास साझेदार संस्थासँग समन्वय र सहकार्यको अभिवृद्धि गरी आवधिक विकास योजनाको प्राथमिकता तथा रणनीति कार्यान्वयन गरिनेछ । यस योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सामाजिक विकास क्षेत्रतर्फ देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ ।

**तालिका ९ : सामाजिक विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु** | |
| १. गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि आधार तयार गर्ने । | १.१ आधुनिक विद्युतीय सूचना प्रविधिको पहुँच तथा शिक्षण सिकाई प्रक्रिया यथोचित उपयोगलाई प्रभावकारी गराउन मोवाइल एप, डिजिटल पाठ्य सामग्री, मल्टिमिडियाको उपयोग, विद्युतीय पुस्तकालय स्थापना तथा सञ्चालनलाई विस्तार गर्दै प्रभावकारी गरिनेछ ।<br>१.२ सबै विद्यालयमा गुणस्तरीय इन्टरनेट सुविधा विस्तार गरी विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट अध्ययन, खोज तथा क्षमता विकासका लागि सुशिक्षित तथा अभ्यस्त गराइने छ ।<br>१.३ इन्टरनेट, कम्प्यटर, ई-हाजिरी र सिसि क्यामेरा जडान गरी दैनिक हाजिरी, सूचना प्रवाह, अनुगमन तथा मूल्याङ्कन र अभिलेख व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ विद्यालयहरुको अनुगमन गर्ने प्रणालीलाई मजबुत बनाईनेछ ।<br>१.५ शिक्षक तथा प्रारम्भिक बाल विकास सहजकर्ता आवश्यक पदपूर्ति, क्षमता विकास तथा प्रोत्साहनलाई प्रभावकारी गरिनेछ ।<br>१.६ गुणस्तरीय शिक्षाको मापदण्ड सुनिश्चितता (Quality Assurance Scheme) तयार गरी लागू गरिनेछ ।<br>१.७ विद्यालयका शैक्षिक गतिविधि अनुगमन गरी समयमै सुधार गर्न शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अविभावक समिति सहितको स्थानीय विद्यालय अनुगमन संयन्त्र तयार गरी शिक्षाको गुणस्तर सुधारको लागि पृष्ठपोषण र सहजीकरण गरिनेछ । |
| २. विद्यालय शिक्षालाई व्यवहारिक तथा जीवनउपयोगी बनाउन प्राविधिक तथा जीवनपयोगी शिक्षाका अवसर उपलब्ध गराउने । | २.१ प्राविधिक शिक्षामा पहुँच कायम गर्न माध्यमिक विद्यालयमा माग अनुसारको प्राविधिक धारको थप कक्षा सञ्चालन गरिनेछ ।<br>२.२ विद्यालयमा कृषि, पशुपालन, व्यवहारिक प्राविधिक ज्ञानलाई साप्ताहिक रुपमा अतिरिक्त कक्षा सञ्चालन गरी सिकाउने तथा प्रयोगात्मक अभ्यासको व्यवस्था गरिनेछ ।<br>२.३ विद्यालयमा बगैचा स्थापना र वृक्षारोपणतथा संरक्षणको अभ्यास संस्थागत गरिनेछ ।<br>२.४ विपद व्यवस्थापन, सरसफाइ तथा पोषण सम्बन्धी आधारभूत जानकारी दिइ व्यहारिक अभ्यास गराइनेछ ।<br>२.५ समाजका सफल उद्यमी, कृषक, कालिगड, ख्यातीप्राप्त व्यक्ति तथा सिल्पीहरुसँग साप्ताहिक कार्यक्रमअन्तरगत अन्तरकृया तथा सीप हस्तान्तरणका अवसर उपलब्ध गराइने छ । |
| ३. विद्यालयको संस्थागत सक्षमता अभिवृद्धि गर्ने | ३.१ विद्यालय सुधार कार्ययोजना तयारी र कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।<br>३.२ विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अविभावकसँगको गठनलाई नियमित गरी विद्यालयमा शैक्षिक व्यवस्थापनको वातावरण तयार गरिनेछ ।<br>३.३ विद्यालयमा बालक्लब र वातावरण तथा सरसफाई क्लब जस्ता सिर्जनात्मक गतिविधिमार्फत् बाल सहभागिता अभिवृद्धिको प्रयासलाई संस्थागत गरिनेछ ।<br>३.४ शैक्षिक कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा विद्यालय आवश्यक प्राविधिक सहयोग पुऱ्याउन यातायातको साधनको खरिद तथा व्यवस्था गरिनेछ ।<br>३.५ माध्यमिक विद्यालयहरुमा सवारी साधनको व्यवस्था गर्दै लगिनेछ ।<br>३.६ नमुना विद्यालय छनौट गरी नमुना विद्यालयको अवधारणालाई विस्तारित रुपमा कार्यान्वयन गरिनेछ ।<br>३.७ माध्यमिक विद्यालयमा स्वास्थ्य सेवा एवं स्वास्थ्य शिक्षाका लागि एकजना नर्सको व्यवस्था गरिनेछ ।<br>३.८ स्थानीय आवश्यकता अनुसारको शैक्षिक क्यालेन्डर गाउँपालिकाबाट तयार गरी लागू गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>३.९ जनसंख्यालाई ध्यानमा राखेर मापदण्डका आधारमा थप विद्यालय खोल्ने र विद्यार्थी संख्या न्यून भएका विद्यालयहरु गाभिनेछ । |
| ४. विद्यालय शिक्षामा सबैको लागि उचित अवसरहरु तयार गर्ने । | ४.१ वैकल्पिक शिक्षा तथा समावेशी शिक्षाको लागि शिक्षक, शैक्षिक सामाग्री, प्रशिक्षण, अनुगमन र मूल्याकंनको व्यवस्था गरिनेछ ।<br>४.२ विद्यालयहरूमा अपांगतामैत्री भौतिक संरचना, घुम्ने कुर्सी लगायत सहयोगी सामाग्रीको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.३ मातृभाषा शिक्षा हासिल गर्ने अवसर प्रदान गर्न आवश्यकताअनुसार तामाङ भाषामा कक्षा सञ्चालन गर्न पहल गरिनेछ ।<br>४.४ गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न भौगोलिक दुरी टाढा भएका, अति विपन्न र अनाथ बालबालिकाका लागि आवासिय विद्यालय सञ्चालन गरिनेछ ।<br>४.५ विपन्न तथा पछाडी परेको समुदायका बालवालिकाहरुलाई माध्यमिक तहसम्मको विद्यालय शिक्षा सुनिश्चित गर्ने नीति अवलम्वन गरिनेछ ।<br>४.६ विद्यालयमा बालबालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रवन्ध गरिनेछ ।<br>४.७ विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका सबै बालबालिकाको विवरण चुस्त राख्दै विद्यालय आउने वातावरण तयार गरिनेछ । |
| ५. उच्च शिक्षामा पहुँच कायम गर्न स्थापना, सञ्चालन र गुणात्मक सुधार गर्ने । | ५.१ स्नातक तहको शिक्षामा पहुँच तथा गुणस्तर कायम गर्न क्याम्पस सञ्चालन भएका शैक्षिक संस्थामा जनशक्ति तथा पूर्वाधार निमार्णमा आवश्यक पहल गरिनेछ ।<br>५.२ स्नातक तहमा कक्षा सञ्चालन भएका क्याम्पसलाई स्थानीय आवश्यकताका आधारमा स्नातकोत्तर तहको कक्षा सञ्चालनमा आवश्यक पहल गरिनेछ ।<br>५.३ गाउँपालिकाभित्र प्राविधिक धारको विशिष्ट कलेज स्थापनाका लागि विश्वविद्यालयसँग आवश्यक समन्वय तथा निजी क्षेत्रलाई प्रोत्साहनका अतिरिक्त प्रदेश तथा संघ सरकारसँग पैरवी गरिनेछ ।<br>५.४ उच्च शिक्षा अध्ययन गर्ने जेहन्दार तथा विपन्न विद्यार्थीलाई गाउँपालिकाबाट सहयोगको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २ : स्वास्थ्य तथा पोषणको अवस्थामा गुणात्मक सुधार गर्नु** | |
| १. गुणस्तरीय स्वास्थ्य सेवामा स्थानीय-वासीको सुलभ तथा सहज पहुँच स्थापित गर्न सेवा विस्तार, सामग्री व्यवस्था तथा पूर्वाधारको स्तरोउन्नती गर्ने | १.१ गुणस्तरीय स्वास्थ्य सेवाको सहज उपलब्धताका लागि स्वास्थ्य संस्थाको पूर्वाधार, औजार तथा उपकरण, औषधी र स्वास्थ्य सामग्रीको व्यवस्था गरिनेछ ।<br>१.२ स्थानीय स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवालाई थप, विस्तार तथा गुणस्तरीय गराइनेछ ।<br>१.३ ल्यास सेवा, अल्ट्रा साउण्ड कार्यक्रम, बर्थिङ सेन्टर, खोप केन्द्र, स्वास्थ्य इकाइको विस्तार गरी आवश्यक दरवन्दी थप गरिनेछ ।<br>१.४ नसर्ने रोगको रोकथामका लागि जनसमुदायमा योग, आयुर्वेद, खानपान, जीवनशैली, तनाव व्यवस्थापनबारे सचेतना कार्यक्रम सञ्चलन गरिनेछ ।<br>१.५ गरिवीको रेखामुनी रहेका घरपरिवारको निःशुल्क उपचारको प्रबन्ध मिलाइनेछ ।<br>१.६ एम्वुलेन्स सेवालाई सहज तथा विपन्न तथा असहाय वर्गलाई निःशुल्क हुने गरी स्वास्थ्य संरचना तयार गरिनेछ ।<br>१.७ पूर्ण खोपको सुनिश्चिता लागि आवश्यक आधारहरू तयार गरिनेछ ।<br>१.८ प्रसूति केन्द्रहरूको सेवा प्रवाहलाई सुदृढ गरी गर्भपरीक्षण तथा संस्थागत सुत्केरी सेवालाई शतप्रतिशत गराउन आवश्यक प्रोत्साहनका गतिविधि सञ्चालन गरिनेछ ।<br>१.९ जटिल तथा खर्चिला रोगको उपचारलाई सहज तुल्याउन विपन्न वर्गलाई लक्षित गरी कोषको स्थापना गरिनेछ ।<br>१.१० स्वास्थ्य संस्थामा अपुग भौतिक संरचना भवन, शौचालय, खानेपानी सुविधा, तारवार र प्रतिक्षालय निर्माण तथा भौतिक सुविधाहरू थप गर्दै लगिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.११ स्वास्थ्य सेवालाई सहज तथा प्रभावकारी गराउन सामाजिक सञ्जाल तथा मोवाइल एपको उपयोगलाई विस्तार गरिनेछ । |
| २. स्वास्थ्य संस्थाको सदृढीकरण तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराउने | २.१ बैरेनी अस्पतालको पूर्वाधार, सेवा तथा सुविधा विस्तार गरी २५ शय्याको गुणस्तरीय सेवा सहितको अस्पताललाई छिटो निर्माण गरिनेछ ।<br>२.२ स्वास्थ्य संस्थामा विद्युतीय हाजिरी तथा सिसि क्यामरा लगायत आधुनिक सूचना प्रविधिको उपयोग गरी तथ्याङ्क व्यवस्थापन लगायत सेवा प्रवाहको अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरी नियमन गरिनेछ ।<br>२.३ स्वास्थ्यसम्बन्धी पूर्वाधारहरू महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकमैत्री रुपमा निर्माण गरिनेछ ।<br>२.४ स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराउँदै लगिनेछ ।<br>२.५ स्वास्थ्य स्वयम् सेविकाको सुविधा विस्तार गरी स्वास्थ्य तथा पोषणसम्बन्धी जनचेतना विस्तारमा परिचालन गरिनेछ ।<br>२.६ वार्षिक रुपमा उत्कृष्ट स्वास्थ्यकर्मीहरूलाई पुरस्कृत गरिनेछ ।<br>२.७ स्वास्थ्यकर्मीहरुलाई नियमित तालिम तथा अतिरिक्त जिम्मेवारी बहन गर्ने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन तथा सुबिधा उपलब्ध गराइनेछ । |
| ३. पोषण तथा स्वस्थ जीवनशैलीको प्रवर्द्धनका लागि आवश्यक आधारहरु तयार गर्ने | ४.१ व्यक्तिगत स्वास्थ्य तथा पोषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्न स्वास्थ्य आमा समूह, बालक्लव तथा महिला समूहलाई स्थानीय खानबाट पोषणको सन्तुलन कायम गर्ने सम्बन्धमा आवश्यक तालिमको प्रवन्ध गरिनेछ ।<br>४.२ पाँच वर्षमुनिका सम्पूर्ण बालवालिकाको वृद्धि अनुगमन तथा पोषणको अवस्थाको मूल्यांकन गरी सुधार ल्याउन नियमित जाँच तथा खोज पडतालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>४.३ कुपोषणरहित टोल/वडा सुनिश्चित अभियान तथा सुनौलो हजार दिन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.४ पोषण सम्बन्धी स्वस्थ बानी व्यवहारको प्रवर्द्धन, योग, खेलकुद र शारीरिक व्यायामसमेत समावेश गरी जनस्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.५ पोषण तथा नवजात शिशुको अत्यावश्यक स्याहारबारे जनचेतना अभिवृद्धि गरिनेछ।<br>४.६ असल खानपान सम्बन्धी मार्गदर्शन (Food Based Dietary Guideline) लगायत पोषण सम्बन्धी अन्य सूचनामूलक सामाग्रीहरू स्वास्थ्य संस्था र महिला स्वास्थ्य स्वयंसेविकामार्फत् समुदाय र घरपरिवारस्तरमा वितरणको व्यवस्था गरिनेछ । |
| ४. जनस्वास्थ्य तथा पोषणमा सुधारका लागि सामुदायस्तका गतिविधिलाई प्रभावकारी गराउने | ५.१ स्वास्थ्य आमा समूहका सदस्यलाई स्वस्थ जीवनशैली सम्बन्धमा अभिमुखीकरण र महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरी सामुदायिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।<br>५.२ स्वास्थ्य क्षेत्रमा सहकार्य गरी रहेको सरकारी तथा गैरसरकारी संस्थालाई जनस्वास्थ्य क्षेत्रको प्रवर्द्धनमा प्रोत्साहित गरिनेछ ।<br>५.३ स्वास्थ्य बीमा कार्यक्रमलाई सबै स्थानीय बासीलाई समेट्ने गरी अभियान रुपमा सञ्चालन गरिनेछ ।<br>५.४ जनस्वास्थ्यको अवस्था सुधारका लागि स्वास्थ्य, पोषण तथा जीवनशैलीलाई एकीकृत गरी जनस्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५.५ बालबालिका, अशक्त, र जेष्ठ नागरिकहरूको नियमित स्वास्थ्य जाँच घर-घर मै पुग्ने गरी स्वास्थ्य घुम्ती सेवाको प्रबन्ध गरिनेछ ।<br>५.६ विद्यालयहरुमा किशोर-किशोरी स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रम तथा सुरक्षित महिनावारी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५.७ विद्यालयहरुमा सेनिटरी प्याडको उपलब्धता तथा सद्उपयोगलाई प्रभावकारी गराई महिला शिक्षकमार्फत् परामर्शको वातावरण गराइनेछ । |
| **उद्देश्य ३: स्वच्छ खानेपानीमा सबैको पहुँच तथा सरसफाई क्षेत्रको प्रवर्द्धन गर्नु** | |
| १. स्वच्छ खानेपानीमा सहज पहुँच स्थापना गर्न सहकार्य तथा साझेदारीको प्रवर्द्धन गर्ने | १.१ सबै घरपरिवारमा खानेपानीको सहज पहुँच पुर्याउन एक घर एक धारा कार्यक्रमलाई अन्तरसरकार, गैसस, उपभोक्ता तथा समुदायसँग साझेदारी तथा समन्वयगरी कार्यान्वयन गरिनेछ ।<br>१.२ खानेपानीको मुहानको अभाव रहेको सुख्खा क्षेत्रमा लिफ्टिङ विधिबाट खानेपानी सुबिधा विस्तार गरिनेछ ।<br>१.३ स्वच्छ तथा सुरक्षित खानेपानीको उपलब्धता सुनिश्चित गर्न नियमित खानेपानीको गुणस्तर परीक्षण तथा शुद्धिकरणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।<br>१.४ संचालनमा रहेका खानेपानी आयोजनाको निरन्तरता, संरक्षण र मर्मत-संभारको लागि उपभोक्ता समितिसँग सहकार्य तथा साझेदारी गरिनेछ ।<br>१.५ खानेपानीको गुणस्तर परिक्षण तथा सुधारलाई नियमित कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |
| २. सरसफाई तथा स्वस्थ जीवन शैलीको प्रवर्द्धन गर्न संस्थागत संरचना, पूर्वाधार तथा व्यक्तिगत आनिवानीमा सुधार गर्ने | २.१ खानेपानी तथा सरसफाई गुरु योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>२.२ अधिक आवत जावत हुने सार्वजनीक स्थलमा शौचालय तथा सार्वजनिक स्थलहरूमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।<br>२.३ घरको फोहोर घरमै व्यवस्थापन गर्ने अभ्यासलाई सबै घरपरिवारमा पुऱ्याई शून्य फोहोर अभियान सञ्चालन गरिनेछ ।<br>२.४ खुला दिशामुक्त क्षेत्र घोषणालाई पालना गर्दै पुर्ण सरसफाइयुक्त क्षेत्र घोषणाका लागि आधारहरू तयार गरिनेछ ।<br>२.५ पोषण, जनस्वास्थ्य तथा पूर्ण सरसफाई कार्यक्रमसँग एकीकृत गरी सञ्चालन गरिनेछ ।<br>२.६ टोलस्तरमा साप्ताहिक रुपमा सार्वनिक स्थलको सरसफाईको निरन्तर अभ्यासलाई कायम गरिनेछ ।<br>२.७ सरसफाईको प्रवर्द्धन गर्न आमा/महिला समूह, बाल क्लव र युवा क्लबलाई परिचालन गरिनेछ ।<br>२.८ पानीका मुहान तथा वितरण प्रणालीलाई प्रदूषणबाट जोगाउन आवश्यक पूर्वाधार तयार गरिनेछ । |
| ३. स्थानीय समुदायसँगको साझेदारी तथा सहकार्यमा फोहोरमैला व्यवस्थापनलाई दिगो | ३.१ घरको फोहोर घरमै व्यवस्थापन गरी शून्य फोहोर अभियानलाई समुदायसँगको सहकार्यमा अगाडी बढाइनेछ ।<br>३.२ उपयुक्त स्थलमा ल्याण्डफिल्ड साइट निर्क्यौल गरी समुदाय तथा सहकारी संस्थासँगको साझेदारीमा व्यवस्थित रुपमा प्रयोगमा ल्याइनेछ ।<br>३.३ बजार क्षेत्रमा घरबाट निस्कने फोहोर व्यवस्थापनको लागि लागत साझेदारीमा कम्पोष्ट बिन वितरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| तथा संस्थागत गराइने गर्ने | ३.४ बजार तथा घना वस्ती क्षेत्रमा ढल निर्माण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।<br>३.५ प्लास्टिक तथा शिसाजन्य वस्तुको उपयोग निरुत्साहित गर्दै वैकल्पिक वस्तुको उपयोगलाई प्रोत्साहन र पुनः प्रयोग तथा चक्रिय उपयोगका लागि प्रोत्साहित गरिनेछ ।<br>३.६ प्लास्टिकजन्य वस्तुको उपयोगलाई दुरुत्साहन र वैकल्पिक झोलाको रुपमा कपडा, जुटका झोलको उपयोगलाई प्रवर्द्धन गरिनेछ ।<br>३.७ सार्वजनिक तथा बजार क्षेत्रको फोहोर संकलन तथा व्यवस्थापनका लागि संस्थागत संयन्त्र तयार गरिनेछ ।<br>३.८ फोहोरलाई मोहोर बनाउने अभियानका रुपमा फोहोरलाई वर्गीकरण र व्यवस्थापन गर्ने सीप तथा प्रणालीको विकास गरिनेछ । |
| **उद्देश्य ४: लक्षित वर्गको क्षमता, आत्मसम्मान तथा आत्मनिर्भरतामा अभिवृद्धि गर्नु** | |
| १. महिला, अपाङ्गता भएका व्यक्ति, दलित लगायत आर्थिक तथा सामाजिक रुपमा पिछडिएको वर्गको क्षमता विकास, आत्मसम्मान र आत्मनिर्भरताका अवसर अभिवृद्धि गर्ने | १.१ महिला, अपाङ्गता भएका, दलित, आदिवासी तथा जनजाति र आथिक तथा सामाजिक रुपमा पछाडि परेको वर्गका लागि आयआर्जनका अवसर वृद्धि गर्न तुलनात्मक लाभका क्षेत्रमा उद्यमशिलता तथा सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>१.२ लक्षित वर्गका लागि अधिकारको सम्बन्धमा सचेतना तथा क्षमता अभिवृद्धिका अवसर उपलब्ध गराइनेछ ।<br>१.३ लक्ष्यित वर्गका लागि केन्द्रित गरी स्थानीयस्तरमा सम्भावना भएका उच्च मूल्यका कृषि, पशुपालन लगायत वस्तु र सेवा उत्पादन गर्ने व्यवसाय सञ्चालन गर्न ज्ञान, सीप, प्रविधि र प्रोत्साहनको प्रवन्ध गरिनेछ ।<br>१.४ विपन्न तथा आर्थिक सामाजिक रुपले पिछडिएको वर्गका विद्यार्थीलाई केन्द्रित गरी सेवा आयोग तयारी कक्षामा सहभागिताका अवसर सिर्जना गरिनेछ ।<br>१.५ महिला समुह, बाल क्लव, टोल विकास संस्था र महिला समूहलाई स्थानीय कानून बमोजिम दर्ता गराई सामाजिक सुधारमा क्रियाशील गराइनेछ । |
| २. स्थानीय संरचना, नीति तथा निर्णय प्रक्रियामा लक्ष्यित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने | २.१ महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आदिवासी जाति, दलित, अति विपन्न तथा जोखिममा रहेका वर्गको सञ्जाल/समिति गठन गरी क्रियाशिल बनाइनेछ ।<br>२.२ स्थानीयस्तरमा गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाबाट गठन हुने समिति, संस्था तथा संरचना लगायत उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा विद्यालय व्यवस्थापन समिति, युवा क्लव, स्थानीय विपद व्यवस्थापन समितिमा सबै वर्गको सहभागिता अर्थपूर्ण बनाइनेछ ।<br>२.३ बस्ती तहबाट हुने योजना तर्जुमा प्रकृयालाई समावेशी नीतिलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२.४ लक्ष्यित वर्गका संजालका पदाधीकारीलाई कानुनी तथा नीतिगत व्यवस्था र अधिकारका सम्बन्धमा तालिम सञ्चालन गरिनेछ । |
| ३. सामाजिक कुसंस्कार, विभेद तथा हिंसा अन्त्यका लागि नीतिगत र व्यवहारिक रुपमा | ३.१ बालविवाह, वोक्सी प्रथा, हिंसा, छुवाछुत, दाइजो प्रथा जस्ता अमानविय व्यवहारलाई निरुत्साहित गर्न निगरानी, दुरुत्साहनसहित पिडितका लागि गोप्य सुनुवाइ र मनोविमर्श सेवा तथा कानूनी उपचारलाई प्रभाबकारी गराइनेछ ।<br>३.२ लुप्त रुपमा रहेको छुवाछुतको अन्यका लागि धर्म गुरु सहितको सर्वपक्षीय धार्मिक कार्यक्रमको आयोजना गरी छुवाछुतमुक्त गाउँपालिकाको व्यवहारिक कार्यान्वयन गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| अर्थपूर्ण प्रयत्न गर्ने | । <br>३.३ लैंगिक हिंसा तथा यौनजन्य अपराधहरू रोक्न समुदाय तथा किशोरीकेन्द्रित कार्यक्रमहरू सञ्चालन गरिनेछ । <br>३.४ लैंगिक उत्तरदायी बजेट विनियोजन पद्दतीलाई संस्थागत गरिनेछ । <br>३.५ बालप्रतिभा प्रस्फुटन गराउने खालका कार्यक्रमहरु विद्यालयभित्र र बाहिर सञ्चालन गर्ने वातावारण मिलाइनेछ । <br>३.६ बालिकाको उच्च शिक्षासम्मका शिक्षाका अवसरको निरन्तरताका लागि बालिका बीमालाई कार्यान्वयनमा ल्याइनेछ । <br>३.७ आर्थिक तथा सामाजिका रुपमा पिछडिएको वर्गका इच्छुक व्यक्तिलाई सीप, अवसर र सहायक सामग्री वितरण गरी व्यवसायिक बनाइनेछ । <br>३.८ हिंसापीडित महिला तथा बालबालिकाहरूका लागि सञ्चालित सुरक्षित आवास गृह सञ्चालना गरिनेछ । <br>३.९ ज्येष्ठ नागरिकका लागि दिवा सेवा केन्द्र सञ्चालन, नियमित स्वास्थ्य जाँच, योग अभ्यास, खानपिन र मनोरञ्जनका अवसर सिर्जना गरिनेछ । <br>३.१० जेष्ठ नागरिकको स्याहार तथा सम्मानमा कमी हुन नदिन छोरा बुहारी प्रोत्साहन तथा अति असहायको लागि स्याहार केन्द्रको स्थापना गरिनेछ । |
| ४. स्थानीय पूर्वाधार तथा संरचना अपांगमैत्री, जेष्ठ नागरिकमैत्री, बालमैत्री तथा महिलामैत्री गराउने | ४.१ सार्वजनिक पूर्वाधार निर्माणमा बाल, अपांग, जेष्ठ नागरिक मैत्री अवधारणाको अवलम्बन गरिनेछ । <br>४.२ सरकारी कार्यालय तथा बढी जमघट हुने बजार क्षेत्रमा सार्वजनिक स्थलमा स्तनपान कक्षको निर्माण गरिनेछ । <br>४.३ सार्वजनिक यातायात, सेवा प्रदायक निकाय तथा मेला जात्रालाई महिला, अपाङ्ग, अशक्त र जेष्ठ नागरिकमैत्री बनाउन व्यवहारिक तथा नीतिगत प्रयत्न गरिनेछ । |
| ५. लक्षित वर्गको क्षमता विकास, जागरुकता तथा हित प्रर्वद्धनका लागि समुदायस्तरमा आधारहरु तयार गराउने | ५.१ टोल विकास संस्था, महिला समूह, युवा क्लब, बालक्लब, महिला, दलित, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित अधिकारमुखी समूह र सञ्जालमार्फत् समुदाय परिचालनको कार्यक्रम सञ्चालन गरिनेछ । <br>५.२ समुदाय परिचालन मार्फत् दलित, एकल महिला, ज्येष्ठ नागरिक र पछाडि परेको समुदायको अधिकार सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ । <br>५.३ सामाजिक सुरक्षा कार्यक्रमलाई सर्वसुलभ र सेवाग्राहीमैत्री बनाउन जानकारी तथा सहजीकरण गरिनेछ । |
| **उद्देश्य ५: युवा स्वरोजगारी तथा खेलकुदको प्रवर्द्धन गर्नु** | |
| १. युवा सशक्तिकरण तथा स्वरोजगारीका अवसरको सिर्जना गरी युवा वर्गको आत्मविश्वास तथा व्यवसायिकतामा अभिवृद्धि गर्ने | १.१ बेरोजगार युवाका लागि उनीहरुको चाहाना, क्षमता र योग्यता तथा बजारको मागअनुसारको रोजगारीका अवसर सृजना गर्न क्षमता विकास तथा प्रोत्साहनका अवसरहरु सिर्जना गरिनेछ । <br>१.२ युवाहरूको सीप, क्षमता तथा आत्मविश्वासमा वृद्धि गरी कृषि, उद्योग, निर्माण, मर्मत, व्यापार, पर्यटन तथा यातायात क्षेत्रमा अवसर तथा प्रोत्साहनको व्यवस्था गरिनेछ । <br>१.३ युवा लक्ष्यित सङ्घीय तथा प्रादेशिक कार्यक्रम एवं संघ/संस्थाका कार्यक्रमसँग एकीकृत गरी युवासम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । <br>१.४ युवा जाँगरलाई उत्पादनमा जोडन प्रतिफलमा आधारित अनुदान तथा सहयोगको |

| रणनीति | कार्यनीति |
|---|---|
| | व्यवस्था गरिनेछ । |
| २. युवा वर्गमा सकारात्मक सोच, नवप्रर्वतन तथा उद्यमशील संस्कृतिको विकास गर्ने । | २.१ राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा सफलता हासिल गरेका युवा तथा उत्प्रेरकहरूका अनुभव स्थानीय युवाहरू माझ आदान प्रदान गरी सत्मार्गतर्फ अभिप्रेरित गरिनेछ ।<br>२.२ युवामा व्यावसायिक तथा नेतृत्वदायी क्षमता विकास गर्न क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.३ सङ्घीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा युवा उद्यमी र उद्यमशिलता विकास गरिने छ ।<br>२.४ लागू पदार्थ दुर्व्यसन विरुद्ध सचेता बढाउने तथा संभावित ठाउँहरूमा निगरानी समूह गठन तथा परिचालन र दुर्व्यसनबाट उन्मुक्तिका लागि सुधार गृहसम्मको खर्चमा सहयोग उपलब्ध गराइनेछ ।<br>२.५ युवा परिचालन मार्फत लागु पदार्थ दुर्व्यसन र मानव बेचबिखन विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. खेलकुदको विकासका लागि पूर्वाधार निर्माण, खेलाडीलाई अवसरको सृजना र खेलाडी प्रोत्साहन गर्ने | ३.१ गाउँपालिकास्तरको रंगशाला तथा एक वडा एक खेल मैदानसहित सहायक पूर्वाधारको विस्तार गरिनेछ ।<br>३.२ खेलाडीमा प्रतिस्पर्धी तथा उच्चस्तरको खेल क्षमता विकास हुने गरी प्रशिक्षण तथा खेल सामग्रीको नियमित व्यवस्था गरिनेछ ।<br>३.३ खेल क्षेत्रमा राम्रो उपलब्धी हासिल गरेका खेलाडीलाई नियमित प्रशिक्षण तथा प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।<br>३.४ अन्तर स्थानीय तह र पालिकास्तरमा खेलकुद प्रतियोगिता वार्षिक रुपमा सञ्चालन गरिनेछ । |

## ४.विषय क्षेत्रगत कार्यक्रम तथा आयोजना

सिमकोट गाउँपालिकाको प्रथम आवधिक योजनाले तय गरेको नतिजा हासिल गर्न गाउँपालिकाको आफ्नै स्रोत, स्थानीय संघ संस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँगको साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा सामाजिक विकासका लागि देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिने छ।

**तालिका १० : सामाजिक विकासका लागि सञ्चालन गरिने कार्यक्रम तथा आयोजना**

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | **शिक्षा,विज्ञान तथा नवप्रवर्तन** | | | | | | | | | | | | |
| उद्देश्य १ : गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु | १.१ विद्यालय पूर्वाधार सुधार कार्यक्रम | पटक | १ | ५ | ० | १००० | १००० | १००० | १००० | ४००० | ८०० | | - विद्यालयमा ५० कोठाको भवन निर्माण<br>- आवि तथा मावि तहका १३ वटा विद्यालयमा खेल मैदान निर्माण<br>- सबै मावि (६ वटामा) विज्ञान प्रयोगशाला निर्माण<br>- सबै विद्यालयमा मापदण्ड अनुरुपको घेरावार निर्माण<br>- हरित विद्यालय कार्यक्रम |
| | १.२ विद्यालय सुविधा विस्तार कार्यक्रम | पटक | १ | ५ | ० | १५०० | १५०० | १५०० | १५०० | ६००० | १२०० | | - कक्षा कोठा व्यवस्थापन (वोर्ड, बेन्च तथा सिकाइ सामग्री)<br>- सबै विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन<br>- ३० वटा विद्यालयमा बालमैत्री शौचालय |
| | १.३ विद्यालय सूचना प्रविधि कार्यक्रम | पटक | १ | ५ | ० | २००० | २००० | २००० | २००० | ८००० | १६०० | | - सबै मावि र आविमा सिसि क्यामरा तथा विद्युतीय हाजिरी स्थापना |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | | | | | | | | | | | | | - सबै विद्यालयमा गुणस्तरीय इन्टरनेट सुविधा विस्तार<br>- सबै विद्यालयमा मल्टि मिडिया तथा ल्यापटप व्यवस्था<br>- सूचना प्रविधिमा आधारित सिकाइसम्बन्धी शिक्षक अभिमुखीकरण<br>- सबै विद्यालयमा गुणस्तरीय इन्टरनेट सहित सूचना, सञ्चार र प्रविधि विस्तार गर्ने |
| | १.४ आवासिय विद्यालय सञ्चालन | संख्या | २ | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५०० | | गाउँपालिकास्तरमा १ वटा आवासिय विद्यालय स्थापना |
| | १.५ विद्यालय संरचनागत सुधार कार्यक्रम | पटक | १ | ३ | ३०० | ३०० | ३०० | ० | ० | ९०० | ३०० | | - सबै विद्यालयमा प्राथमिक उपचार सामग्री व्यवस्था<br>- विद्यालयमा गुनासो पेटीका स्थापना<br>- ७ वटा माविमा विद्यालय नर्स कार्यक्रम<br>- बाल क्लब, विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ अभिमुखिकरण<br>- शैक्षिक क्यालेण्डर निर्माण |
| | १.६ प्रारम्भिक बाल विकास कार्यक्रम | पटक | १ | ५ | ५० | १०० | १०० | १०० | १०० | ४५० | ९० | | - सबै प्रारम्भिक बाल विकास केन्द्रमा स्वच्छ खानेपानी, शौचालय, सिकाई सामग्री, |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | | | | | | | | | | | | | खेल सामग्री तथा बसाई व्यवस्थापन<br>- प्रारम्भिक बाल विकास केन्द्रमा सिकाइ कुना निर्माण<br>- बाल विकास सहजकर्ता तालिम |
| | १.७ शैक्षिक गुणस्तर सुधार कार्यक्रम | पटक | १ | १० | ० | १००० | १००० | १००० | १००० | ४००० | ४०० | | - वडा नं. ३ को सबै विद्यालय र वडा नं ४ को २ वटा विद्यालयमा मातृभाषामा कक्षा सञ्चालन<br>- विद्यालयमा सिकाई सामाग्री व्यवस्थापन<br>- विद्यालयको एक जना शिक्षक वा कर्मचारीका लागि सूचना व्यवस्थापन (इएमआइएस अद्यावधिकरण) तालिम<br>- अभिभावक शिक्षा<br>- शिक्षक विद्यार्थी नियमितता अनुगमन<br>- शिक्षक विद्यार्थी अनलाइन सिकाई अभिमूखिकरण<br>- देशका सफल विद्यालयसँग सफल अनुभव आदान प्रदान<br>- बाल क्लवको क्षमता |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | | | | | | | | | | | | | विकास गर्ने<br>- विद्यालय वाहिर रहेका विद्यार्थीको खोजपडताल (वर्षमा २ पटक)<br>- विपन्न तथा अनाथ बालबालिकाका विशेष छात्रवृति |
| | १.८ विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | १ | ५ | १४०० | १४०० | १४०० | १४०० | १४०० | ५६०० | ११२० | | - उत्कृष्ट विद्यालय, उत्कृष्ट तहगत विषयगत शिक्षक, उत्कृष्ट बाल विकास सहजकर्ता तथा उत्कृष्ट तहगत विद्यार्थी पुरस्कार तथा सम्मान<br>- शिक्षक तथा बाल विकास सहजकर्तालाई मागमा आधारित तालिम |
| | १.९ जीवनउपयोगी शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | २ | १० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १२०० | १२० | | - माध्यमिक विद्यालयका विद्यार्थीलाई लागि कृषि, प्रविधि, कानून, सकारात्मक सोच तथा स्वास्थ्य सम्बन्धी कक्षा सञ्चालन (मासिक रुपमा)<br>- सफल व्यवसायी, अभियन्ता र विज्ञसँग अन्तरकृया<br>- प्रतिभावान विद्यार्थी पहिचान तथा सहयोग |
| | १.१० प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | १ | ५ | ० | ५०० | ५०० | ५०० | ५०० | २००० | ४०० | | - कर्णाली माविमा प्रविधिक धार अन्तरगत कृषि |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | | | | | | | | | | | | | विषयको कक्षा सञ्चालन<br>- प्राविधिक सामग्री तथा व्यवस्थापन सहयोग |
| | १.११ क्याम्पस सञ्चालन सहयोग कार्यक्रम | | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | ५० | | वार्षिक रुपमा |
| | १.१२ विद्यालय पोषण सुधार कार्यक्रम | पटक | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | | - विद्यालय खाजा व्यवस्था तथा जंक फुड नियन्त्रण सचेतना<br>- स्थानीय खाद्यवस्तुबाट पौष्टिक तथा स्वादिष्ट खाना तयारी अविभावक तथा दिवा खाजा व्यवस्थापन समिति अभिमुखिकरण<br>- विपन्न विद्यार्थीलाई पोषक तथा शौक्षिक सामग्री निशुल्क वितरण<br>- पौष्टिक खाना उपयोग सम्वन्धमा आमा भेला |
| | १.१३ शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम | पटक | १ | ५ | ० | ५०० | ५०० | ५०० | ५०० | २००० | ४०० | | विश्वविद्यालयसँग सहकार्य गर्ने |
| | १.१५ शिक्षा शाखा व्यवस्थापन | पटक | १ | ५ | ० | ५०० | ५०० | ५०० | ५०० | २००० | ४०० | | - शैक्षिक तथ्यांक अद्यावधिकरण सम्बन्धमा विद्यालय शिक्षक तथा कर्मचारी अभिमूखिकरण<br>- २ जना जनशक्ति थप |
| | १.१६ गाउँ शिक्षा योजना तर्जुमा | पटक | १ | ५ | ० | १००० | १००० | १००० | १००० | ४००० | ८०० | | |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | १.१७ नियमित कार्यक्रम | पटक | १ | ५ | ५०० | ५६० | १००० | १००० | १००० | ४०६० | ८१२ | | तालिम, अनुगमन मर्मत लगायत नियमित कार्यक्रम |
| | १.१८ स्थानीय पाठ्यक्रम निर्माण | पटक | १ | ५ | ० | ५०० | ० | ० | ० | ५०० | १०० | | |
| | १.१९ नेतृत्व तथा क्षमता विकास | पटक | १ | ५ | ५०० | ६०० | ७०० | ८०० | ८०० | ३४०० | ६८० | | |
| | **उद्देश्य १ जम्मा** | | | | **५१००** | **१३८१०** | **१३८५०** | **१३६५०** | **१३६५०** | **५८३६०** | **१०७७२** | | |
| | **स्वास्थ्य तथा पोषण** | | | | | | | | | | | | |
| उद्देश्य २ : स्वास्थ्य तथा पोषणको अवस्थामा गुणात्मक सुधार गर्नु | २.१ जनस्वास्थ्य संस्था पूर्वाधार कार्यक्रम | पटक | १ | ५ | ० | १००० | १००० | १००० | १००० | ४००० | ८०० | | - खोप केन्द्र भवन निर्माण<br>- सबै स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रको घेरावार निर्माण<br>- सबै स्वास्थ्य संस्थामा स्वस्थ खानेपानीको व्यवस्थापन (यूरो गार्ड तथा फिल्टर जडान)<br>- स्तनपान कक्षको निर्माण ( स्वास्थ्य संस्था, गाउँपालिका कार्यालय र वडा कार्यालयमा) |
| | २.२ स्वास्थ्य संस्थामा विद्युतीय सूचना प्रविधि विस्तार | पटक | १ | ५ | ० | ५०० | ५०० | | | १००० | २०० | | स्वास्थ्य संस्थामा सोलार, सिसि क्यामरा, इन्टरनेट तथा विद्युतिय हाजिरी र कम्प्युटर तथा ल्यापटपको व्यवस्था |
| | २.३ स्वास्थ्य सेवा विस्तार | पटक | १ | ५ | ५०० | ५५० | ६०५ | ६०५ | ६०५ | २८६५ | ५७३ | | - सबै स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा प्रयोगशाला सञ्चालन |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | | | | | | | | | | | | | |
| | २.४ जनस्वास्थ्य सबलीकरण कार्यक्रम | पटक | १ | ३ | २०० | २२० | २२० | २२० | २२० | १०८० | ३६० | | - एम्बुलेन्स सञ्चालन<br>- अल्ट्रा साउण्ड कार्यक्रम (सबै स्वास्थ्य संस्थामा)<br>- स्तन तथा पाठेघरको क्यान्सरको स्किनिङ्ग कार्यक्रम (स्वास्थ्य संस्थामा वार्षिक रुपमा) |
| | २.५ जनस्वास्थ्य सचेतना कार्यक्रम | पटक | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० | | - नसर्ने रोग नियन्त्रण गर्न पेन प्याकेजमार्फत जनचेतना अभिवृद्धि<br>- स्वास्थ्य आमा समुह मार्फत सचेतना (खोप, पोषण, वृद्धि अनुगमन र गर्भ परिक्षण)<br>- जनस्वास्थ्य मोवाइल एप<br>- पोषण, स्वस्थ आनिबानी तथा मातृशिसु स्वास्थ्य सुधारका लागि भिडियो तथा अडियो विज्ञापन |
| | २.६ पोषण सुधार कार्यक्रम | पटक | १ | ५ | ९८२ | ९८२ | ९८२ | ९८२ | ९८२ | ४९१० | ९८२ | | - स्थानीय खाद्यवस्तुमा आधारित सन्तुलित खाना तयारीमा महिला समुह तथा स्वास्थ्य आमा समुह अभिमुखिकरण<br>- सबै सरकारी कार्यालयमा स्तनपान कक्ष निर्माण<br>- पोषण सुधारमा विद्यालयमा अतिरिक्त कक्षा |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | २.७ स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | १ | ५ | ० | १००० | १००० | १००० | १००० | ४००० | ८०० | | - स्वास्थ्यकर्मीका लागि नियमित तथा अतिरिक्त क्षमता विकास तालिम<br>- स्वास्थ्य स्वयम सेविका तालिम |
| | २.८ जनस्वास्थ्य तथा पोषण प्रवर्द्धन कार्यक्रम | पटक | १ | ५ | ० | ५०० | ५०० | ५०० | ५०० | २००० | ४०० | | - सामाजिक विषयका शिक्षकहरूलाई स्वास्थ्य तथा पोषण सम्बन्धी तालिम<br>- स्वास्थ्य आमा समूह तथा महिला समूह अभिमूखिकरण<br>- स्वास्थ्य तथा पोषण सुधारका लागि भिडियो निर्माण तथा प्रसारण<br>- विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम |
| | २.९ मातृशिशु तथा गर्भवती स्याहार कार्यक्रम | पटक | १ | ५ | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | १६०० | | - संस्थागत सुत्केरीका लागि निशुल्क एम्बुलेन्स सेवा<br>- गर्भवती सुत्केरी भेटघाट कार्यक्रम<br>- पाँच वर्ष मुनिका बालबालिका तथा गर्भवती महिलाको पोषण लेखाजोखा<br>- कुपोषित बालबालिका तथा गर्भवती महिलाको तयारी खानाद्धारा उपचार<br>- विपन्न बालबालिका, |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | | | | | | | | | | | | | गर्भवती तथा सुत्केरीका लागि पौष्टिक आहार वितरण<br>- वर्थिंग सेण्टरमा सुत्केरी प्रतिक्षालय<br>- गर्भपरिक्षण तथा वृद्धि अनुगमन नियमितता खोज पडताल<br>- गर्भपरिक्षण तथा ग्रामीण अल्ट्रा साउण्ड सेवा लिन आउनेका लागि निशुल्क खाजा |
| | २.१० स्वस्थ आचरण प्रवर्द्धन कार्यक्रम | पटक | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | | - हरेक वडामा नियमित योग अभ्यास स्थल निर्माण<br>- स्वस्थ खानपान सम्बन्धी विद्यार्थी अभिमुखिकरण |
| | २.११ स्वास्थ्य बीमा प्रवर्द्धन | पटक | १ | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० | | - गाउँपालिकाभर |
| | २.१२ सालवसाली कार्यक्रम | पटक | १ | ५ | २२८० | २२८० | २२८० | २२८० | २२८० | ११४०० | २२८० | | - नियमित कार्यक्रम |
| | **उद्धेश्य २ जम्मा** | | | | **१११६२** | **१४२३२** | **१४२८७** | **१३७८७** | **१३७८७** | **६७२५५** | **१३५९५** | | |
| | **खानेपानी तथा सरसफाइ** | | | | | | | | | | | | |
| उद्देश्य ३: स्वच्छ खानेपानीमा सबैको पहुँच तथा सरसफाइ क्षेत्रको प्रवर्द्धन गर्नु | ३.१ एक घर एक धारा कार्यक्रम | घरपरिवार संख्या | ६२ | ७०० | ३२५० | ३२५० | ३२५० | ३२५० | ३२५० | १६२५० | २३.२१ | | - ३०० घरमा एक घर एक धारा<br>- सार्वजनिक धारा ( सिमकोट,लाग्ना,माझ गाउँ,धारपोरी) |
| | ३.२ खानेपानी आयोजना मर्मत | आयोजना | २ | ४० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | ७५० | | १४ वटा आयोजना |
| | ३.३ शौचालय निर्माण | संख्या | ० | २५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १००० | | - ९५ घरधुरीमा सौचालय |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | | | | | | | | | | | | | निर्माण सहयोग<br>- सार्वजनिक सौचालय निर्माण (सिमकोट, ग्याग्रु,लाग्ना,धारापोरी) |
| | ३.४ खानेपानी गुणस्तर परीक्षण तथा सुधार | पटक | ३ | ४५० | ६० | १०० | १५० | ११० | ३३ | ४५३ | १.०१ | | - १४ आयोजना |
| | ३.५ सरसफाइ सचेतना कार्यक्रम | पटक | ३ | ५० | ८० | ८० | ८० | ९० | १०० | ४३० | ८.६ | | - शुन्य फोहोर सचेतना अभिमूखिकरण (महिला समूह, बाल क्लव, टोल विकास संस्था, युवा क्लव)<br>- विद्यालय सरसफाइ शिक्षा ( मासिक रुपमा) |
| | ३.६ फोहोरमैला प्रशोधन स्थल (स्यानिटरी ल्याण्डफिल) निर्माण | संख्या | १ | १ | ० | ० | ० | ० | ४०००० | ४०००० | ४०००० | | - स्थान पहिचान तथा निर्माण |
| | ३.७ फोहोर व्यवस्थापन | पटक | ४८ | २५० | २००० | २००० | २००० | २००० | २००० | १०००० | ४० | | - टोलस्तरमा सरसफाइ समिति गठन<br>- शुन्य फोहोर सम्बन्धमा सरसफाइ समिति अभिमुखिकरण<br>- फोहोर पुनः प्रयोग अभ्यास ( (सिमकोट, ग्याग्रु,लाग्ना,धारापोरी)<br>- उत्कृष्ट सरसफाइ समिति पुरस्कार |
| | ३.८ सालवसाली कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० | | - नियमित कार्यक्रम |
| | **उद्धेश्य ३: जम्मा** | | | | १७३९० | १७४३० | १७४८० | १७४५० | ५७३८३ | १२७१३३ | ४२८२२.८२ | | |
| | **लैङ्गिक समानता तथा** | | | | | | | | | | | | |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | **समाजिक समावेशीकरण** | | | | | | | | | | | | |
| उद्देश्य ४: लक्षित वर्गको क्षमता, आत्मसम्मान तथा आत्मनिर्भरतामा अभिवृद्धि गर्नु | ४.१ महिला स्वरोजगार कार्यक्रम | पटक | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० | | - लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा २५ जना<br>- महिला रोजगारमूलक तालिम ४० जना<br>- प्रतिफलका आधारमा उद्यमी महिला सहयोग (१२० जना) |
| | ४.२ दलित स्वरोजगारी कार्यक्रम | पटक | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० | | - लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा (१० जना)<br>- आरन सुधार २० वटा<br>- मोवाइल मर्मत तालिम २५ जना<br>- गाडी मर्मत तालिम २० जना<br>- कपडा सिलाइ तालिम ६० जना<br>- तरकारी खेती तालिम ६० जना<br>- प्लम्बर तथा वायरिङ्ग तालिम ४० जना<br>- प्रतिफलका आधारमा उद्यमी सहयोग (४० जना) |
| | ४.३ आदिवासी जनजाति तथा पिछडिएको वर्ग रोजगार कार्यक्रम | पटक | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० | | - लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा १५० जना |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | | | | | | | | | | | | | - च्याउ खेती तालिम ४० जना<br>- पशुपालन ४० जना<br>- मोवाइल मर्मत तालिम २० जना<br>- गाडी मर्मत तालिम ३० जना<br>- मौरी पालन ४० जना<br>- तरकारी खेती तालिम ६० जना<br>- प्लम्बर तथा वायरिङ्ग तालिम ४० जना<br>- प्रतिफलका आधारमा उद्यमी सहयोग (५० जना) |
| | ४.४ अपांगता भएका व्यक्ति स्वरोजगारी तथा आत्मनिर्भरता कार्यक्रम | जना | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० | | - मागमा आधारित तालिम ५० जना<br>- उद्यमी सहयोग २० जना |
| | ४.५ हिंसा न्यूनिकरण कार्यक्रम | पटक | १ | ७ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ३५७.१४२९ | | - स्थानीय महिला हिंसा हेल्पलाइन<br>- मनोसामाजिक विमर्शकर्ता नियुक्त (१० जना)<br>- महिला तथा बालबालिका शाखामा हिंसा हेर्ने २ जना जनसक्ति थप<br>- हिंसा पिडितका लागि गोप्य परामर्श र कानुनी उपचार |
| | ४.६ सामाजिक विभेद तथा | पटक | १ | ७ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ३५७.१४२९ | | - बाल विवाह, बहु विवाह, |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | कुप्रथा निरुपण कार्यक्रम | | | | | | | | | | | | छुवाछुत तथा सबै खाले हिंसाको अन्तका लागि समुदाय तथा विद्यालयमा अतिरिक्त कक्षा<br>- सहभोज कार्यक्रम<br>- महिला हिंसा, बाल विवाह र बालश्रम विरुद्ध वडास्तरमा अन्तरकृया<br>- दिवसीय कार्यक्रम सञ्चालन (जेष्ठ नागरिक दिवस, अपांगता दिवस, बाल दिवस, अन्तराष्ट्रिय महिला दिवस) |
| | ४.७ लक्षित वर्ग हित प्रवर्द्धन | पटक | २ | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५० | | - लक्षित वर्गको सञ्जाल गठन तथा परिचालन (वडा तथा गाउँपालिकास्तरमा)<br>- लक्षित वर्ग उत्कृष्ट उद्यमी पुरस्कार |
| | ४.८ ज्येष्ठ नागरिक सुस्याहार कार्यक्रम | पटक | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | | - ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना (हरेक वडामा)<br>- ज्येष्ठ नागरिक मनोरञ्जन, स्वास्थ्य परिक्षण, योगा र फिजियोथेरापी सेवा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रमा)<br>- उत्कृट छोरा बुहारी पुरस्कार कार्यक्रम |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | | | | | | | | | | | | | - असक्त र असहाय जेष्ठ नागरिक स्याहार केन्द्र स्थापना (गाउँपालिकास्तरमा) |
| | ४.९ लक्षित वर्गको सञ्जाल गठन तथा परिचालन | पटक | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० | | - सञ्जाल पदाधिकारीलाई अधिकार तथा जिम्मेवारी सम्वन्धी अभिमुखिकरण |
| | ४.१० बालमैत्री गाउँपालिका घोषणा कार्यक्रम | पटक | ० | १ | १५० | १५० | १५० | १५० | १००० | १६०० | १६०० | | - डिजिटल एडिक्सन कम गर्न अतिरिक्त कृयाकलाप सञ्चालन (टोलस्तरमा बालक्लवद्धारा)<br>- लागु दुर्व्यसन नियन्त्रणका लागि बाल मनोपरामर्श<br>- विद्यालयमा किशोर किशोरी सचेतना कार्यक्रम<br>- विपन्न तथा जेहन्दार विद्यार्थी उच्च शिक्षा सहयोग (वार्षिक २ जना)<br>- सांकेतिक भाषा प्रशिक्षण (५ जना शिक्षक) |
| | ४.११ बालिका बीमा कार्यक्रम | पटक | १ | ५ | ३५० | ४०० | ५०० | ५०० | ५५० | २३०० | ४६० | | - २० वर्ष विमा |
| | ४.११ शिशुस्याहार केन्द्र स्थापना | स्थान | ० | ३ | ० | १०० | १०० | १०० | १०० | ४०० | १३३.३३३ | | - गाउँपालिकास्तरमा |
| | ४.१२ सेफ हाउस स्थापना | स्थान | ० | १ | ५५० | ५५० | ५५० | ५५० | ५५० | २७५० | २७५० | | - गाउँपालिकास्तरमा |
| | ४.१३ नियमित कार्यक्रम | पटक | ५ | ४ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ३२५ | ८१.२५ | | - नियमित कार्य |
| | **उद्धेश्य ४: जम्मा** | | | | **३७१५** | **३८६५** | **३९६५** | **३९६५** | **४८६५** | **२०३७५** | **७०८८.८६९** | | |
| | **युवा तथा खेलकुद** | | | | | | | | | | | | |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| उद्देश्य ५: युवा स्वरोजगारी तथा खेलकुदको प्रवर्द्धन गर्नु | ५.१. युवा स्वरोजगार कार्यक्रम | जना | ० | १०० | २०० | २५० | ३०० | ४०० | ७०० | १८५० | १८.५ | | - युवाका लागि मागमा आधारित तालिम (ड्राइभिङ, गाडी मर्मत, मोवाइल मर्मत, होटल तथा रेष्टुरेण्ट सञ्चालन, पल्मवर तथा इलेक्ट्रिक वाइरिङ, पशुपालन, च्याउ खेती, तरकारी)<br>- लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा १५० जना<br>- प्रतिफलमा आधारित उद्यमी युवा सहयोग (५० जना) |
| | ५.२ एक वडा एक खेल मैदान कार्यक्रम | पटक | ० | ८ | २४०० | २४०० | २४०० | २४०० | २४०० | १२००० | १५०० | | - स्थान पहिचान तथा निर्माण |
| | ५.३ खेलकुद प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० | | - वार्षिक रुपमा उत्कृष्ट खेलाडी सम्मान तथा पुरस्कार<br>- वार्षिकरुपमा गाउँपालिकास्तरीय खेल आयोजना<br>- राष्ट्रपति रनिगं शिल्ड आयोजना<br>- फुटवल, क्रिकेट, एथ्लेटिक्स, ब्याट मिन्टन, भलिवल प्रशिक्षणको व्यवस्था<br>- युवा क्लवलाई खेल सामग्री वितरण |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाई लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत तथा कार्यक्रम विवरण (सडक, बस/पार्क शहरी सुविधा, ढल आदि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | ५.५ युवा उत्प्रेरणा कार्यक्रम | पटक | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० | | - युवा उत्प्रेरणाका लागि अभियन्ता तथा उत्प्रेरकहरूसँग अन्तरकृया<br>- सकारात्मक सोच विकास अभिमुखिकरण<br>- दुर्व्यसनी विरुद्ध युवा क्लव परिचालन |
| | ५.६ प्रतिभावान युवा प्रोत्साहन | पटक | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० | | - आर्थिक, सामाजिक, शैक्षिक लगायतका क्षेत्रमा उदाहरणीय कार्य गर्ने २ युवा लाई हरेक वर्ष |
| | ५.७ सालबसाली कार्यक्रम | पटक | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० | | - नियमित कार्यक्रम |
| | **उद्धेश्य ५ : जम्मा** | | | | ३६०० | ३६५० | ३७०० | ३८०० | ४१०० | १८८५० | २५१८.५ | | |
| | **सामाजिक विकासको कुल जम्मा** | | | | ४०९६७ | ५१९८७ | ५२२८२ | ५२६५२ | ९३७८५ | २९१९७३ | ७६७९७.१९ | | |

## ५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस आवधिक योजनाको कार्यान्वयन पश्चात विद्यालय शिक्षामा विद्यालय उमेरका सबै बालबालिकाको पहुँच स्थापित भएको हुनेछ। गुणस्तरीय प्राविधिक तथा उच्च शिक्षामा अवसर स्थानीय स्तरमा सहज रुपमा उपलब्ध भएको हुनेछ। सबै विद्यालयमा शिक्षण सिकाइमा विद्युतीय सूचना प्रविधिको उपयोग भइ शैक्षिक गुणस्तरको क्षेत्रमा उल्लेखनिय सुधार भएको हुनेछ। स्वास्थ्य तथा सरसफाइ सम्बन्धी आनिबानीमा गुणात्मक सुधार भइ पूर्ण खोप तथा पूर्ण संस्थागत सुत्केरी क्षेत्रको रुपमा घोषणा कार्यान्वयन भएको हुनेछ भने जटिल खालको कुपोषण रहेका बालबालिका संख्या शून्य भएको हुनेछ। ल्याव सेवासहितको आधारभूत स्वास्थ्य सेवाको पहुँच औषत ४५ मिनेटभन्दा कम र अस्पतालसम्मको पहुँच औषत १ घण्टा ३० मिनेटभन्दा कम समयमा हासिल गर्न सकिने अवस्था तयार भएको हुनेछ।

सबै घरपरिवारमा स्वच्छ खानेपानीको सहज पहुँच तथा स्वच्छ शौचालयको प्रयोग भइ तथा पूर्ण सरसफाइका आधारहरू तयार भएको हुनेछ। बजार तथा बजारउन्मुख क्षेत्र र बढी आवत जावत हुने क्षेत्रमा व्यवस्थित ४ स्थानमा सार्वजनिक शौचालयको स्थापना भएको हुनेछ। समुदाय तथा घरपरिवार तहमा घरमै फोहोर व्यवस्थापनको अभ्यास कार्यान्वयनमा आएको हुनेछ भने फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनका लागि उपयुक्त स्थानको छनौट गरी फोहोर व्यवस्थापन केन्द्रको निर्माण तथा सञ्चालनमा आएका हुनेछन्।

लक्षित वर्गको निर्णय प्रकृयामा समावेशी नीतिअनुसारको सहभागिता सुनिश्चित भएको हुनेछ। लक्षित वर्गले सञ्चालन गरेको उद्योग तथा व्यवसायको संख्यामा बृद्धि भएको हुनेछ। स्वरोजगारमूलक तालिम प्राप्त गर्ने महिला १०० जना, दलित १६५ जना, अपांग ५० जना तथा पिछडिएको वर्गको ४७० जना भएको हुनेछन्। हरेक वडामा एक एक वटा खेल मैदान निर्माण भएका हुने छन् भने राष्ट्रिय तथा प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी संख्या क्रमशः ३ र ५ जना भएको हुनेछ। युवाद्वारा सञ्चालित उद्योगको संख्या ५० भएको हुनेछ। सामाजिक विकास क्षेत्रको नतिजा खाका देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ११ : सामाजिक विकास क्षेत्रको नतिजा खाका**

| नतिजा तह/ नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधारहरु | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | |
| **प्रभाव:** सुसस्कृत, स्वस्थ्य र उद्यमशील जनशक्ति निर्माण भएको हुने | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३५२ | ३६५ | ३९० | ४३० | ४६० | ५०० | २१४५ | - गाउँ स्थितिपत्र<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- सरकारी, गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। |
| | अस्पताल पुग्न लाग्ने औसत समय | घण्टा | ३ | ३ | २ | २ | १.५ | १.५ | १० | | |
| | कक्षा १० को जिपिए औसत | प्रतिशत | २.८ | २.९ | ३ | ३ | ३.१ | ३.१ | १५.१ | | |
| | लक्षित वर्गले सञ्चालन गरेका उद्योग | संख्या | ४०० | ४३० | ४८० | ६५० | ७२० | ८०० | ३०८० | | |
| | बालश्रमिका रुपमा काम गर्न बसेका बालबालिका | संख्या | ७ | ० | ० | ० | ० | ० | ० | | |
| **असर १:** गुणस्तरीय, प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसर सहज भएको हुने | वार्षिक रुपमा प्राविधिक शिक्षामा उत्तिर्ण विद्यार्थी | संख्या | - | ३० | ३० | ९० | ९० | ९० | ३३० | - गाउँ स्थितिपत्र<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- विद्यालय सुधार योजना प्रतिवेदन | - स्थानीय सरोकारवालाको योगदान अभिवृद्धि हुनेछ।<br>- शैक्षिक विकासमा सरकारी, गैसस र समुदायको सहकार्य र साझेदारीमा वृद्धि हुनेछ। |
| | विद्यालय वाहिर रहेका (५-१५ वर्ष)बालबालिका | प्रतिशत | ३ | २.५ | १.५ | ० | ० | ० | ४ | | |
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ६० | ६२ | ६६ | ७० | ७२ | ७५ | ३४५ | | |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ८५ | ८७ | ८८ | ९० | ९३ | ९५ | ४५३ | | |

| नतिजा तह/ नतिजा | सूचक विवरण | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | पुष्ट्याईंका आधारहरु | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | - नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | -कोभिड १९ को असर न्यूनीकरण हुनेछ। |
| **प्रतिफल १.१:**विद्यालय तहको शिक्षामा गुणस्तरीयता वृद्धि भएको हुने | कक्षा १ भर्ना भएका प्रारम्भिक बाल विकास कक्षाको अनुभव भएका बालबालिका | संख्या | ९७ | ९८ | ९९ | ९९ | १०० | १०० | ४९६ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | कक्षा ८ को उपलब्धि दर (औषत जिपिए) | अंक | २.६ | २.७ | २.८ | २.९ | ३ | ३.१ | १४.५ | | |
| | शिक्षक विद्यार्थी अनुपात | अंक | २६ | २६ | | २५ | २५ | २५ | १०१ | | |
| | सिकाइमा विद्युतीय सूचना प्रविधिको उपयोग गर्ने विद्यालय | संख्या | ० | २ | ७ | १३ | १३ | १३ | ४८ | | |
| **प्रतिफल १.२:**प्राविधिक तथा व्यवसायिक शिक्षाका आधार तयार भएको हुने | स्थानीय स्तरमा सञ्चालित प्राविधिक धारका विद्यालय | संख्या | १ | १ | १ | २ | २ | २ | ८ | -सर्वेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | -स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ६६ | ६६ | ८० | १०० | १०० | १०० | ४४६ | | |
| | स्थानीय स्तरमा सञ्चालित प्राविधिक विषय | संख्या | १ | १ | १ | २ | २ | २ | ८ | | |
| **असर २:** स्वास्थ्य तथा पोषणको अवस्थामा गुणात्मक सुधार भएको हुने | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ | १०० | ४८० | -गाउँ स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | -सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ।<br>-राजनीतिक प्रतिबद्धता तथा स्थानीय तहका सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीमा वृद्धि हुनेछ। |
| | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | ज्ना | २८४ | २६४ | २४० | २२० | २०० | १८० | ११०४ | | |
| | स्वाशप्रश्वासको संक्रमण (ARI) दर (प्रति हजारमा) | ज्ना | ६४६ | ६३० | ५९० | ४४० | ३७० | ३०० | २३३० | | |
| | परिवार नियोजनाका साधानको उपयोग दर | संख्या | २६ | २८ | ३१ | ३५ | ४० | ४४ | १७८ | | |
| **प्रतिफल २.१:**स्वास्थ्य सेवामा सहज पहुँच विस्तार भएको हुने | प्रोटोकल अनुसार ४ पटक गर्भ परिक्षण गराउने गर्भवती | प्रतिशत | ८१ | ८५ | ९० | ९५ | ९७ | १०० | ४६७ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | -स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | ल्याव सेवा उपलब्ध स्थानीय | संख्या | १ | २ | २ | ३ | ३ | ३ | १३ | | |

| नतिजा तह/ नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधारहरु | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | |
| | स्वास्थ्य संस्था | | | | | | | | | | |
| | स्वास्थ्य संस्थामा सम्म पुग्न लाग्ने औषत समय | मिनेट | ९० | ९० | ६० | ६० | ४५ | ४५ | ३०० | | |
| **प्रतिफल १.२:**पोषणसम्बन्धी अभ्यासमा गुणात्मक सुधार भएको हुने | जंक फुड निषेधित विद्यालय संख्या | संख्या | ० | ४ | १२ | २० | ३० | ३६ | १०२ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | कम तौल भएका २ बर्षमूनीका बालबालिका | प्रतिशत | ०.४ | ०.३ | ०.१ | ० | ० | ० | ०.४ | | |
| | असल खानपानसम्बन्धी अभिमुखिकरणमा सहभागी | संख्या | ० | ५० | १५० | २०० | २५० | ३०० | ९५० | | |
| **असर ३:** स्वच्छ खानेपानीमा सहज पहुँच तथा सरसफाईको प्रवर्द्धन भएको हुने | पाइपबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ६१ | ६५ | ७० | ८० | ९० | १०० | ४०५ | - गाउँ स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको सहयोग एवम् साझेदारी वृद्धि हुनेछ। |
| | जोखिमयुक्त अवस्थामा साबुन पानीले हातधुने अभ्यास गर्ने घरपरिवार | प्रतिशत | २० | २५ | ३० | ३५ | ४२ | ५० | १८२ | | |
| | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | संख्या | ० | ० | ८ | १५ | २२ | ३० | ७५ | | |
| | WASH Plan अनुसार सरसफाईको मापदण्ड पुरा गर्ने घरधुरी | संख्या | ० | ० | ८ | १५ | २२ | ३० | ७५ | | |
| **प्रतिफल ३.१:** सबै घरधुरीमा स्वच्छ खानेपानीको पहुँच स्थापित भएको हुने | निजी धारा संख्या | संख्या | १६ | २० | २५ | ३५ | ४२ | ५० | १७२ | -सर्वेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | नियमित गुणस्तर परिक्षण तथा कायम भएको खानेपानी आयोजना | संख्या | ० | १० | २० | ३५ | ४५ | ५० | १६० | | |
| | गुणस्तर कायम गरिएको खानेपानी उपयोग गर्ने घरधुरी | प्रतिशत | ० | १० | २५ | ४० | ५० | ६० | १८५ | | |
| **प्रतिफल ३.१:**सरसफाईजन्य आनीबानीमा सुधार भएको हुने | सुरक्षित शौचालय भएका घरधुरी | संख्या | ५५ | ५८ | | ७२ | | ८० | २१० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | सार्वजनिक शौचालय संख्या | संख्या | ० | १ | २ | २ | ३ | ३ | ११ | | |
| | फोहोर विसर्जनको स्थल | संख्या | २ | ५ | १५ | २५ | ३५ | ४५ | १२५ | | |

| नतिजा तह/ नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधारहरु | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | |
| | (खाडल) भएको घरधुरी | | | | | | | | | | |
| **असर ४:** लक्षियत वर्गको क्षमता विकास तथा आत्मनिर्भरता अभिवृद्धि भएको हुने | लक्षित वर्गको कार्यक्रममा विनियोजना हुने बजेट | प्रतिशत | ०.३ | ३ | ५ | ७ | ७ | ७ | २९ | - गाउँ स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - संघ, प्रदेश र गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- सामाजिक सुरक्षा र सकारात्मक विभेद नीति तथा कार्यक्रमको निरन्तरता हुनेछ। |
| | सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ११ | २१ | ३१ | ४१ | ५१ | ६१ | २०५ | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | १० | ५० | १०० | ३०० | ४०० | ५०० | १३५० | | |
| | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | संख्या | ० | २ | ४ | ८ | ८ | ८ | ३० | | |
| **प्रतिफल ४.१:**आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको वर्गको नीति निर्माण तहमा सहभागिता अभिवृद्धि भएको हुने | महिला तथा लक्षित वर्गले नेतृत्व गरेका स्थानीय समिति/संरचना | संख्या | १० | ११ | १४ | १७ | २२ | २५ | ८९ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | बस्तीस्तरको योजना तर्जुमा छलफलमा सहभागी लक्षित वर्ग | प्रतिशत | ३० | ३३ | ३५ | ३७ | ४१ | ४५ | १९१ | | |
| | उपभोक्ता समितिमा लक्षित वर्गको सहभागिता | प्रतिशत | ३३ | ३४ | ३५ | ३७ | ३९ | ४१ | १८६ | | |
| **प्रतिफल ४.२:** लक्षित वर्गको क्षमता विकासका अवसरहरू उपलब्ध भएको हुने | गाउँपालिकाले लक्षित वर्गको क्षमता विकासको लागि आयोजना गरिने तालिम | पटक | ३ | ८ | १३ | १८ | २२ | २५ | ८६ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | बाल विवाहका घटना | संख्या | ४७९ | ४२० | २५० | १५० | ० | ० | ८२० | | |
| | महिला तथा बालबालिकाको क्षमता विकासका कार्यक्रममा वार्षिक रुपमा संलग्न | संख्या | ० | ६० | १२० | १८० | २४० | ३०० | ९०० | | |
| **प्रतिफल ४.३:**आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको वर्गको रोजगार प्राप्तिका अवसर | सीपमूलक तालिम हासिल गर्ने दलित | | ५० | ८० | ११० | १४० | १७० | २०० | ७०० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | सीपमूलक तालिम हासिल गर्ने अपांग | | ११ | २० | २८ | ३७ | ४४ | ५० | १७९ | | |
| | सहयोग वा अनुदानमा | | ० | १० | २० | ३० | ४० | ५० | १५० | | |

| नतिजा तह/ नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधारहरु | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | |
| प्रवर्द्धन भएको हुने | महिला, दलित तथा अपांगद्धारा सञ्चालित व्यवसाय | | | | | | | | | | |
| **असर ५:** युवा वर्गमा सृजनशिलता तथा उद्यमशिलता विकासका अवसर वृद्धि भएको हुने | सक्रिय युवा क्लव तथा युवा संजाल | संख्या | ११ | ११ | १२ | १३ | १४ | १५ | ६५ | - गाउँ स्थितिपत्र<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - स्थानीय सरोकारवालाको सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ।<br>- युवामैत्री वातावरण र लगानीमा वृद्धि हुनेछ। |
| | क्लब तथा सञ्जालमा आवद्ध युवा | संख्या | १५० | १६० | १७० | १८० | १९० | २०० | ९०० | | |
| | उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | १५० | १८० | २५० | ३३० | ४१० | ५०० | १६७० | | |
| | कभर्ड हल तथा खेलकुद मैदान | संख्या | ० | ० | ० | १ | १ | १ | ३ | | |
| | राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | १ | १ | १ | २ | ३ | ३ | १० | | |
| **प्रतिफल ५.१:** युवा स्वरोजगारीका अवसर प्रवर्द्धन भएको हुने | वार्षिक रुपमा स्वरोजगारमूलक तालिममा सहभागी हुने युवा | संख्या | ० | ३० | ४० | ६० | ६० | ६० | २५० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ।<br>- निजी क्षेत्रको सोच, सक्रियता र साझेदारीमा वृद्धि भएको हुनेछ। |
| | सहयोग वा अनुदानमा युवाद्धारा सञ्चालित उद्यम | संख्या | ५० | ६० | ७० | ८० | ९० | १०० | ४०० | | |
| | तालिम हासिल गरेपछि स्वरोजगारीमा लागेका युवा | संख्या | ७ | २० | ४० | ६६ | ८० | १०० | ३०६ | | |
| **प्रतिफल ५.२:**खेलकुद क्षेत्रको विकासका अवसर उपलब्ध भएको हुने | खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ० | १०० | २०० | ३०० | ४०० | ५०० | १५०० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकार-वालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | ० | ० | १ | ३ | ४ | ५ | १३ | | |
| | वार्षिक रुपमा गाउँपालिकास्तरमा आयोजना हुने खेलकुद | संख्या | १ | २ | ३ | ५ | ५ | ५ | २० | | |
| **असर ६:** मौलिक सम्पदा, कला | नव पहिचान भएका सांस्कृतिक सम्पदा | संख्या | ० | ० | २ | ५ | ५ | ५ | १७ | - गाउँ स्थितिपत्र<br>- सर्वेक्षण प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् |

| नतिजा तह/ नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधारहरु | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | | | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौं | जम्मा | | |
| र संस्कृति संरक्षणका आधार तयार भएको हुने | राष्ट्रियस्तरका कलाकार | संख्या | ४ | ४ | ५ | ५ | ६ | ६ | २६ | - प्रगति/अनुगमन प्रतिवेदन | साझेदारीमा वृद्धि हुनेछ। |
| | प्रवर्द्धित धार्मिक सांस्कृतिक क्षेत्र | संख्या | ० | ० | १ | २ | ४ | ५ | १२ | | |
| **प्रतिफल ६.१:**स्थानीय संस्कृति तथा सम्पदा संरक्षणका अवसर सृजना भएको हुने | स्थानीय संस्कति सम्बन्धी अध्ययन | संख्या | ० | ० | ० | १ | १ | १ | ३ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | स्थानीय संस्कृतिक संग्राहलय | संख्या | ० | ० | ० | १ | १ | १ | ३ | | |
| | व्यवस्थित मेला तथा जात्रा | संख्या | ० | २ | ३ | ३ | ३ | ३ | १४ | | |
| **प्रतिफल ६.२:**कला तथा गीत संगीतको प्रवर्द्धन भएको हुने | स्थानीय कला तथा सीप प्रतियोगिता | संख्या | ० | १ | २ | ३ | ४ | ५ | १५ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | गीत तथा संगीत प्रशिक्षण | संख्या | ० | १ | २ | ३ | ४ | ५ | १५ | | |
| | वार्षिक गाउँपालिकास्तरीय गीत तथा नृत्य प्रतियोगिता | संख्या | ० | १ | २ | ३ | ४ | ५ | १५ | | |
| आयोजना तथा कार्यक्रम | यस सम्बन्धित विवरण अघिल्लो तालिकामा प्रस्तुत गरिएको छ। | | | | | | | | | | |

## ६ प्रमुख कार्यक्रम तथा आयोजनाहरुको सांकेतीकरण

यस आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेशसमृद्धि, लैंगिक र जलवायु सांकेतीकरण ***अनुसूची २*** मा प्रस्तुत गरिएकोछ।

## सामाजिक विकास क्षेत्रको उपक्षेत्र

## ५.१ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.१.१ पृष्ठभूमी

नेपालको संविधान,२०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ । नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवम् दिगो विकासका लक्ष्य अनुरूप समावेशी र समन्यायमा आधारित शिक्षा सबैमा पुऱ्याउन समेत शिक्षा क्षेत्रको विकास अपरिहार्य छ । शिक्षा प्रणालीलाई आर्थिक, सामाजिक रूपान्तरणको संवाहकका रूपमा विकास गर्ने, सबै तह एवम् विधाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ शिक्षा क्षेत्रका नीति तथा कार्यक्रमहरू उन्मुख रहेका छन् ।

### ५.१.२ समस्या तथा चुनौती

शिक्षामा सहज पहूँच स्थापित हुँदै गइ रहेको भएता पनि गुणस्तरीय शिक्षाको क्षेत्रमा अपेक्षित सुधार हुन सकेका छैन । सामुदायिक विद्यालय तथा निजी विद्यालयको शैक्षिक उपलब्धिमा समानता हुन सकेको छैन । व्यवहारिक तथा जीवन उपयोगी शिक्षाको कमीका कारण शैक्षिक बेरोजगारी तथा प्रतिभा पलायनको अवस्था कायमै रहेको छ । विद्यालयमा कक्षा कोठाको कमी रहेको छ भने सबै विद्यालयमा स्वच्छ खानेपानीको सहज पहुँच पुग्न सकेको छैन । सबै मावि तथा आधारभूत स्तरका विद्यालयमा विद्युतीय पुस्तकालयको कमी रहेको छ । सबै आधारभूत स्तरका विद्यालयमा विज्ञान प्रयोगशाला नभएको देखिन्छ । विद्यार्थी निरन्तरता दर, विषयगत शिक्षक, विद्युतिय हाजिरीको अभ्यास, गुणस्तरीय इन्टरनेट सेवाको कमी रहेको छ । प्रारम्भिक बाल विकास केन्द्रमा खेल सामाग्री, सिकाइ सामग्री तथा कक्षा कोठा व्यवस्थापनको कमी रहेको छ । विद्यालय शिक्षक तथा बालविकास सहजकर्तामा उपयुक्त तालिमको कमी रहेको छ । विद्यालय अनुगमनको कमी रहेको यस क्षेत्रमा अविभावक शिक्षाको अभ्यासमा कमी रहेको छ । विद्यालयमा खेलकुद तथा सिकाइ सामाग्री, अविभावकको चेतना र विद्यालयको शैक्षिक अभिलेख व्यवस्थापनको कमी रहेको छ । सिकाइ प्रभावित रहेको शिक्षा क्षेत्रमा विद्युतिय सूचना प्रबिधिमा आधारित वैकल्पिक सिकाइ अभ्यासको कमी रहेको छ । विद्यालयमा जंक फुड नियन्त्रण गर्न कठिन छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अविभावक समितिको बैठकमा नियमिताको कमी तथा शैक्षिक एजेण्डाको कमी हुने गरेको छ । विद्यालय बाहिर रहेका बालबालिकाको संख्या एकिन गर्न कठिन रहेको छ । विद्यालयमा बालमैत्री शिक्षण विधिमा सुधारका बावजुद पनि बालमैत्री तथा बाल केन्द्रित तथा सामग्री केन्दित शिक्षण सिकाइको कमी रहेको छ । विद्यार्थी तथा शिक्षक नियमितता, नियमित मुल्याङ्कन प्रणाली र शैक्षिक गुणस्तरको मापदण्डमा अस्पष्टताका कारण शैक्षिक गुणस्तर सुधारमा कठिनाइ भएको छ । प्राविधिक धार सञ्चालन भएका विद्यालयमा सिकाइ सामग्री र कक्षा कोठा व्यवस्थापनको कमी रहेको छ । उच्च शिक्षामा सम्वन्धन प्राप्ति तथा सञ्चालनमा रहेको क्याम्पसमा आर्थिक श्रोतको कमी रहेको छ ।

सबैका लागि गुणस्तरिय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, विशेष तथा लक्षित समुहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसकिनु,भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु,तहगत, क्षेत्रगत एवम् विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्नु मुश्किल पर्नु, प्राविधिक शिक्षालाई शिक्षाको मूलधारको रूपमा विकास गर्न नसकिनु,तोकिएको शैक्षिक वर्षमा तह पार गर्नेको सङ्ख्या कम हुनु,बजारको माग अनसार जनशक्ति उपलब्ध नहुनु,उत्पादित जनशक्तिले पनि योग्यता अनुसारको राजेगारी प्राप्त गर्न नसक्नु,शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभुति गर्न नसकिनु,सार्वजनिक लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन, प्रतिभाको पलायन, नियन्त्रण जस्ता विषयहरू शिक्षा क्षेत्रमा प्रमुख समस्याका रूपमा रहेका छन् ।

त्यसै गरेर शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यावसायिक तथा रोजगारीमूलक बनाउने,सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानी अनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत शिक्षा सम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चूनौतीपूर्ण छ ।

### ५.१.३ सम्भावना तथा अवसर

नेपालको संविधानले सामाजिक क्षेत्रका सबालहरुलाई विशेष महत्व दिएको छ । वर्तमान संविधानले मौलिक हक अन्तरगत प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने व्यवस्था गरेको छ भने अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउने सुनिश्चितता गरेको देखिन्छ । यसका अतिरिक्त नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ। गुणस्तरीय शिक्षामा सबैको पहूँच स्थापित गर्ने दिशामा नेपालले लिएको दिगो विकास लक्ष्य तथा बागमती प्रदेशको पहिलो आवधिक विकास योजनाले लिएको गुणस्तरीय शिक्षा तथा दक्ष जनशक्ति भन्ने शैक्षिक विकास क्षेत्रको दीर्घकालिन सोचले राज्यको ध्यान शिक्षाको गुणस्तर सुधारमा केन्दित भएको स्पष्ट हुन्छ । यहि कुरालाई मध्यनजर गर्दै सिमकोट गाउँपालिकाले माध्यमिक तहसम्मको शिक्षाको गुणस्तर सुधारमा विगत वर्ष देखिनै विशेष महत्व दिएको छ । गाउँपालिकामा गाउँ शिक्षा योजना तथा स्थानीय पाठ्यक्रम निर्माण हुने क्रममा रहेको छ भने पछिल्लो दिनमा विद्यालय शिक्षामा पहुँच र गुणस्तरमा सुधार हुँदै गएको छ।

### ५.१.४ उपक्षेत्रगत सोच,लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ५.१.४.१ सोच

शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, मानव पुँजीको विकास ।

#### ५.१.४.२ लक्ष्य

- सबैलाई जीवनोपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गर्ने ।
- गाउँपालिकाको आवश्यकता अनुरूप गुणस्तरीय, व्यावसायिक र सीपयुक्त शिक्षाप्रदान गर्ने ।
- रोजगारी एवम् स्वरोजगारीका लागि सीपमूलक शिक्षाको विस्तार गर्ने ।

#### ५.१.४.३ उद्देश्य

- शिक्षामा समतामूलक अवसरहरू सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय-सान्दर्भिक र गुणस्तरयुक्त बनाउनु ।
- वैकल्पिक उपायहरूको अवलम्बनबाट सबै तह एवम् प्रकारको शिक्षा र सीपमूलक तालिममा पहुँच अभिवृद्धि गर्नु ।
- शैक्षिक प्रशासनमा निरन्तर सुधार र सुशासनलाई संस्थागत गर्नु ।

#### ५.१.४.४ रणनीति

- जीवनपर्यन्त शिक्षा, अनिवार्य आधारभूत शिक्षा तथा नि:शुल्क आधारभूत र माध्यमिक शिक्षा पद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार गर्ने ।
- सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
- आर्थिक रूपले विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
- उच्चशिक्षालाई पहुँचयोग्य, प्रतिस्पर्धी र अनुसन्धानमूलकबनाउने ।
- सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षा बीचको गुणस्तरमा रहेको अन्तर घटाउने ।

#### ५.१.४.५ प्रमुख कार्यक्रमहरू

क. प्रारम्भिक बालशिक्षा

- चार वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बाल शिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचना भित्रै प्रारम्भिक बाल शिक्षा सञ्चालन ।
- प्रारम्भिक बाल शिक्षालाई व्यवस्थित सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन अनुदानको व्यवस्था ।
- प्रारम्भिक बाल शिक्षा कार्यक्रमको दिगो तथा गुणात्मक विकासका लागि सहकार्य ।

ख. आधारभूत शिक्षा

- आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन ।
- तोकिएका क्षेत्रहरूमा विद्यालय दिवा खाजा कार्यक्रम, छात्रवृत्तिका कार्यक्रमहरू, वैकल्पिक शैक्षिक कार्यक्रम ।
- समयमै नि:शुल्क पाठ्यपुस्तक वितरण ।
- गुणस्तर सुधारका लागि न्यूनतम सिकाइ वातावरण निर्माण ।
- शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, शिक्षक तालिम ।
- बालमैत्री शिक्षण सिकाइ प्रवर्द्धनका लागि सिकाइ सामग्री अनुदान, प्रारम्भिक कक्षामा पढाइ सीपविकास कार्यक्रम, बहु वर्ग शिक्षण, मातृ भाषामा शिक्षा ।
- पुस्तकालय तथा सिकाइ कुना स्थापना ।

ग. माध्यमिक शिक्षा

- माध्यमिक शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयार गर्ने कार्यक्रम सञ्चालन ।
- माध्यमिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमूना विद्यालयको विकास तथा सञ्चालन ।
- विद्यालयमा प्रधानाध्यापकको छुट्टै पदीय व्यवस्था ।
- शिक्षक तालिम, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना ।
- कक्षा ९ देखि नै व्यवसायिक र प्राविधिक शिक्षाको पहुँच विस्तार ।

घ. अनौपचारिक शिक्षा

- सामुदायिक अध्ययन केन्द्र मार्फत साक्षरता कार्यक्रम सञ्चालन गरी सबै वडालाई साक्षर घोषणा गर्ने कार्यक्रम ।
- सामुदायिक अध्ययन केन्द्रको क्षमता विकास गरी निरन्तर शिक्षा कार्यक्रम सञ्चालन ।
- अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण ।

ङ. शैक्षिक व्यवस्थापन

- शैक्षिक संस्थामा नयाँ बन्ने भौतिक संरचनाहरू विभिन्न खाले विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री बनाउने र समग्र शैक्षिक व्यवस्थापन सुधारका लागि केन्द्रदेखि स्थानीय तहसम्मका जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन ।

### ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

योजनाको अन्त्यमा १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर १०० प्रतिशत पुगेको हुनेछ । कक्षा एकमा बालविकासको अनुभव सहित भर्ना हुन आउने बालबालिकाहरूको सङ्ख्या १०० प्रतिशत पुगेको र आधारभूत तह कक्षा १-८ को खुद भर्नादर ९८ प्रतिशत तथा माध्यमिक तह कक्षा ९-१२ को खुद भर्नादर ९५ प्रतिशत पुगेको हुनेछ । साथै, कक्षा ८ र १० को टिकाउ दर क्रमश: ९० र ८० प्रतिशत पुगेको हुनेछ । सबै वडाहरूमा सामुदायिक अध्ययन केन्द्र स्थापना भएको हुनेछन् । गुणस्तरीय प्राविधिक तथा व्यावसायिक तालिमको पहुँचका लागि आधार सुनिश्चित भएको हुनेछ । सामाजिक क्षेत्र अन्तर्गत शिक्षा,स्वास्थ्य तथा पोषण ,खानेपानी तथा सरसफाइ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,सामाजिक सुरक्षा र युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा अगाडिको पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

सिमकोट गाउँपालिकाका अधिकांश बासिन्दाहरुको बजारमोहको कारणले गर्दा द्रुत रुपमा बसाई सराई भइरहेको छ भने आर्थिक रुपमा सम्पन्न घरपरिवारले आफ्ना बालबालिकाहरुलाई गुणस्तरीय तथा उच्च शिक्षाका लागि जिल्ला बाहिर पठाउदै आइरहेका छन् । आगामी दिनमा यो क्रम नियमित रहिरहने हो भो दुर्गमका हाम्रा विद्यालयहरुले विद्यार्थी नपाउने अवस्था आउन सक्छ । यसैगरी गाउँपालिकाको प्रमुख प्राथमिकता बाटो परेको हुनाले जिर्ण विद्यालय भवनहरु पुनर्निर्माण हुने अवस्थामा नपुग्ने हुदा विद्यालयमा पठन पाठन गर्न जोखिम हुने सम्भावना छ ।

## ६.१ स्वास्थ्य तथा पोषण

### ६.१.१ पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधान बाटै निर्देशित छ । स्वास्थ्य सेवाका विभिन्न कार्यक्रमहरूको फलस्वरूप शिशु मृत्युदर  र नवजात शिशु मृत्युदर घटेको छ । साथै पाँच वर्षमुनिको बाल मृत्युदर पनि घटेका छ । यसैगरी परिवार नियोजनको साधन प्रयोगमा बृद्धि छ भने कुलप्रजनन दर २.२ रहेको छ । तौल नपुगेका बच्चाको प्रतिशत घट्दै गएको छ । स्वास्थ्य सम्बन्धी उपरोक्त संवैधानिक व्यवस्था एवम् दिगो विकासका लक्ष्य हासिल गर्ने सोचका साथ स्वास्थ्य क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक भएको छ ।

### ६.१.२ समस्या तथा चुनौती

स्वास्थ्य क्षेत्रमा उल्लेखनिय सुधार भएको भएता पनि गुणस्तरीय स्वास्थ्य सेवा तथा पोषण सुबिधामा सहज पहुँच स्थापित हुन सकेको छैन भने स्वास्थ्य क्षेत्रमा जनचेतनाको कमी रहेको छ । स्थानीय स्वास्थ्य संस्थामा मापदण्ड अनुसारको हेल्थपोष्ट र आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन, खोप केन्द्र तथा गाउँघर क्लिनीकको भवनको कमी रहेको छ । सिमकोट जिल्ला  अस्पताल बाहेकका सबै स्वास्थ्य संस्थामा ल्याव सेवाको कमी रहेको छ । स्वास्थ्य संस्थामा स्तनपान कक्ष, व्यवस्थित घेराबार, मापदण्ड अनुसारका शौचालय र हस्पिटलजन्य फोहोर व्यवस्थापनको कमी रहेको छ । स्वास्थ्य सेवामा सहज पहुँच स्थापित गर्न भौगोलिक विकटता र एम्बुलेन्स सेवाको कमी रहेको छ । वृद्धि अनुगमन गरिएका २ वर्ष मुनिका कुल बालबालिका मध्ये ०.४ प्रतिशत बालबालिकामा कुपोषण रहेको यस क्षेत्रमा पोषण तथा स्वस्थ आहार सम्बन्धी चेतनाको कमी रहेको देखिन्छ । सम्पूर्ण स्वास्थ्य संस्थामा इन्टरनेट सुविधाको कमी रहेको छ । महिला स्वास्थ्य स्वयम सेविका तथा स्वास्थ्यकर्मीलाई क्षमता विकासका अवसरको कमी रहेको छ । स्वास्थ्य संस्थामा विद्युतिय हाजिरीको अभ्यास र सिसि क्यामराको उपयोगमा कमी रहेको छ । प्रोटोकल अनुसारको गर्भ परीक्षण नगर्ने महिला करिव ४० प्रतिशत छन् । स्थानीयस्तरमा अन्धविस्वास, धामी झाँक्रीको अभ्यास कायमै रहेको छ । स्वस्थ खानपानको अभ्यासमा कमी  तथा नसर्ने रोगको विस्तार हुँदै गएको देखिन्छ । वृद्धि अनुगमनमा नियमितताको कमी रहेको छ भने स्वास प्रस्वास संक्रमण दर उच्च रहेको छ । नियमित स्वास्थ्य परीक्षणको अभ्यास न्यून रहेको यस क्षेत्रमा रोग लुकाउने प्रचलन उच्च रहेको छ । सहज स्वास्थ्य सुबिधा तथा स्वास्थ्य बीमाको अभ्यासमा कमी रहेको छ ।

### ६.१.३ संभावना तथा अवसर

अस्पताल स्तरको सुबिधा स्थानीयस्तरमा उपलब्ध हुने सम्भावना छ । सिमकोट गाउँपालिका क्षेत्रमा १ अस्पताल, ४ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभुत स्वास्थ्य केन्द्र, १ वटा आयुर्वेद औषधालय, २ वटा वर्थिगं सेण्टर, ८ वटा गाउँघर क्लिनिक र ८ वटा खोप क्लिनिक रहेको देखिन्छ । हाल गाउँपालिकामा अधिकृत स्तरको १ जना, सहायक स्तरको १ जना, कार्यालय सहयोगी १ जना गरी कुल ३ जना स्वीकृत दरवन्दी र स्वास्थ्य संस्था स्तरमा आवश्यकता अनुसारको जना जनशक्ति कार्यरत रहेका छन् । स्वास्थ्य क्षेत्रमा आधारनेपाल,युएसए आइ डी, युनीसेफ, सप्रोस नेपाल, सिप नेपाल, जीएनआइ, एसआइडीसी जस्ता  गैससले स्वास्थ्य क्षेत्रमा सहयोग गरिरहेका छन्  । कुपोषणको अवस्थामा सुधार हुँदै गएको छ । कुल ४६ जना महिला स्वास्थ्य स्वयंसेविका कार्यरत रहेका छन् । मापदण्ड अनुसारको २ वटा स्वास्थ्य चौकी र ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन रहेको यस क्षेत्रमा ९८ प्रकारका औषधी निशुल्क उपलब्ध रहेको छ । कुल ९६.२ प्रतिशत संस्थागत सुत्केरी हुने अभ्यास रहेको छ । स्थानीय स्वास्थ्य संस्थामा ओपिडी र खोप, पोषण, परिवार नियोजन, आमा सुरक्षा, क्षयरोग सेवा उपलब्ध रहेको छ । गाउँपालिका क्षेत्रभित्र एम्बुलेन्स सञ्चालनमा आउने सम्भावना रहेको छ । हालका दिनमा स्वस्थ्य क्षेत्रका सूचकहरुमा सकारात्मक परिवर्तन हुँदै गएको देखिन्छ ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.१.४.१ सोच

गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँच मार्फत स्वस्थ र सबल नागरिक विकास ।

#### ६.१.४.२ लक्ष्य

सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क रूपमा उपलब्ध गराउने ।

#### ६.१.४.३ उद्देश्य

- सबै वर्ग र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु
- स्वस्थ जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।

#### ६.१.४.४ रणनीति

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने ।
- पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच आमनागरिकसम्म पुऱ्याउने ।
- नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने ।
- स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने ।
- गाउँपालिकामा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने ।

#### ६.१.४.५ प्रमुख कार्यक्रमहरू

क. सेवाप्रवाहमा सुधार

- बाल स्वास्थ्य तथा पोषण ।
- परिवार स्वास्थ्य तथा सुरक्षित मातृत्व ।
- नसर्ने रोगको रोकथाम तथा उपचार ।
- अन्य कीटजन्य रोग नियन्त्रण एवम् प्राकृतिक प्रकोप व्यवस्थापन ।
- विद्यालय स्वास्थ्य कार्यक्रम मार्फत निःशुल्क आँखा जाँच ।
- थप स्वास्थ्य सेवाहरूको विस्तार ।
- रक्त सञ्चार सेवाको स्थापना तथा विस्तार ।
- वडास्तरमा पूर्ण खोप घोषणा कार्य गरी उपलब्धताको सुनिश्चितता ।

ख. भौतिक पूर्वाधार विकास तथा सुधार

- मापदण्ड अनुरूप भूकम्प लगायत अन्य विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री स्वास्थ्य संरचनाहरूको निर्माण, मर्मत सम्भार एवं स्तरोन्नति
- असुरक्षित संरचनाहरूको निर्माण, पुनर्निर्माण तथा मर्मत सम्भार ।

ग. औषधी, औजार तथा उपकरण व्यवस्था

- बहुवर्षीय सम्झौताका आधारमा औषधी खरिद ।
- गुणस्तरीय अत्याधुनिक स्वास्थ्य औजार उपकरणको व्यवस्था, अभिलेखीकरण, योजनाबद्ध मर्मत सम्भार तथा प्रतिस्थापन ।

घ. जनशक्ति विकास तथा गुणस्तरीय स्वास्थ्य सेवा

- सबै स्वास्थ्य संस्थाहरूमा दरबन्दी बमोजिम चिकित्सकको व्यवस्था ।
- क्षमता विकासको एकीकृत कार्यक्रम ।
- अस्पतालजन्य फोहोर मैलाको व्यवस्थापन सम्बन्धी अनुसन्धान ।

ङ. पोषण सम्बन्धी कार्यक्रम

बहुक्षेत्रीय पोषण कार्यक्रमको निरन्तरता र गुणस्तरियता ।

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

योजना अवधिमा पाँच वर्ष मुनिको बाल मृत्युदर,मातृ मृत्युदर  घटेको, नवजात शिशु मृत्युदर घटेको, कुल प्रजनन दर २.१ पुगेको,क्षयरोगी बिरामीहरू पत्ता लागेको र पाँच वर्षमुनिका बच्चाहरू मध्ये पुड्कोपना भएका बच्चाहरूको प्रतिशत घटेको हुनेछ । सामाजिक क्षेत्र अन्तर्गत शिक्षा,स्वास्थ्य तथा पोषण ,खानेपानी तथा सरसफाइ,लैङ्गिक

समानता तथा सामाजिक समावेशीकरण,सामाजिक सुरक्षा र युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा अगाडिको पृष्ठमा प्रस्तुत गरिएको छ।

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

स्वास्थ्य तथा पोषण क्षेत्रमा पर्याप्त बजेट विनियोजन भए पनि आवश्यक पूर्वाधार,जनचेतना र प्रविधिको अभावले गर्दा आशातित उपलब्धि हासिल नहुन सक्छ।

## ७.१. खानेपानी तथा सरसफाइ

### ७.१.१ पृष्ठभूमी

खानेपानी तथा सरसफाइ सेवा आधारभूत मानव अधिकारको रूपमा स्थापित छ। खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रूपमा नै व्याख्या भएबाट यस क्षेत्रमा थप जोड दिनु आवश्यक भएको छ । हाल आधारभूत स्तरको खानेपानी सेवाको संरचना पुगेको जनसङ्ख्या र सरसफाइ सुविधाबाट लाभान्वित जनसङ्ख्या प्रतिशत उल्लेख्य रहेको छ। उच्च/मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या १५ प्रतिशत रहेको छ। खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्ने साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षात्को पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ। खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने,साविकका गाविसहरु खुला दिसामुक्त घोषणा भइसकेको सन्दर्भमा गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त क्षेत्रको रुपमा घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ। यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ।

### ७.१.२ समस्या तथा चुनौती

स्वच्छ खानेपानीमा सहज पहुँच सुनिश्चित हुन नसकेको यस क्षेत्रमा खानेपानीको दिगो व्यवस्थापन तथा व्यवस्थित सरसफाइको अभ्यास स्थापित हुन सकेको छैन। करिव २ प्रतिशत घरमा शौचालय नरहेको देखिन्छ। प्लास्टिक तथा सिसाजन्य फोहोरको व्यवस्थापन तथा घरबाट निस्कने फोहोरको व्यवस्थापनको अभ्यासमा कमी रहेको छ। ल्याण्डफिल्ड साइड निर्माण हुन सकेको छैन। नागरिकको जमघट हुने बजार क्षेत्र सिमकोट बजार,सिमकोट लाग्ना,धारापोरी,ग्याग्रु र बरगाउँमा सार्वजनिक सौचालयको कमी रहेको छ। निजी शौचालयको सरसफाइको अभ्यासमा कमी रहेको छ। गाउँपालिकाका अधिकांश घरपरिवारमा पाइप धारको खानेपानी सुविधाको उपलब्धतामा रहे पनि स्वच्छ तथा सुरक्षित देखिदैन। गाउँपालिकाको ५ वर्षे खानेपानी तथा सरसफाइ योजना तयार भए पनि यसको सही कार्यान्वयन हुन नसक्नु एउटा समस्याको रुपमा रहेको छ। यस क्षेत्रमा खानेपानीको नियमित गुणस्तर परीक्षण हुन सकेको छैन। स्वास्थ्य तथा सरसफाइ सम्बन्धी आनिबानीमा अपेक्षित सुधार हुन नसकेको र खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको योगदान आशातित रुपमा हुन सकेको छैन।

### ७.१.३ सम्भावना तथा अवसर

छुट्टै विशिष्टीकृत शाखाको रूपमा खानेपानी तथा सरसफाइ शाखा रहनु, पानी तथा सरसफाइ सेवा एवम् संरचनाको विकास तथा विस्तारमा स्थानीय सरोकारवाला निकाय, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था तथा उपभोक्ता समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न तहमा खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू क्रियाशील रहनु र सरसफाइ कार्यक्रमले सामाजिक अभियानको रूप लिनु आदि कारणहरूले गर्दा यस क्षेत्रमा आशातीत सुधार गर्न सकिने अवस्था सिर्जना हुन गएको छ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ७.१.४.१ सोच

खानेपानी तथा सरसफाइ सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार।

#### ७.१.४.२ लक्ष्य

सबै जनसङ्ख्यालाई आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने।

### ७.१.४.३ उद्देश्य

- गाउँपालिका भित्रको सबै जनसङ्ख्यालाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु ।
- मध्यम तथा उच्च स्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्नु ।

### ७.१.४.४ रणनीति

- आधारभूत स्तरको खानेपानी सेवा सबै जनसङ्ख्यालाई उपलब्ध गराउने ।
- सबै जनसङ्ख्यालाई आधारभूत स्तरको सरसफाइ तथा शौचालयको सुविधा पुऱ्याउने ।
- जलवायु अनुकूलन आयोजनाको निर्माण, जलाधार क्षेत्र तथा परम्परागत स्रोतको संरक्षण र भूमिगत पानीको पुनर्भरणको व्यवस्था गर्ने ।
- ढल तथा फोहरमैला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने ।

### ७.१.४.५ प्रमुख कार्यक्रमहरू

क. आधारभूत खानेपानी सेवा

- क्रमागत रूपमा सञ्चालन भइरहेका खानेपानी आयोजनाहरूको 'एक घर एक धारा'अवधारणामा आधारित भई निर्माण एवम् विस्तार ।
- गाउँपालिका क्षेत्रमा खानेपानी सेवा विस्तार, निर्माण र सञ्चालनका कार्यक्रमहरू सञ्चालन ।
- सुख्खाग्रस्त क्षेत्रमा खानेपानी आयोजनाहरू निर्माण ।
- वर्षात्को पानी सङ्कलन तथा उपयोग गरी खानेपानी आयोजनाहरू सञ्चालन ।

ख. खानेपानी गुणस्तर तथा सेवास्तर अभिवृद्धि

- खानेपानी गुणस्तर सुधारका लागि खानेपानी सुरक्षा योजना, पानी प्रशोधन प्रविधि लगायतका गुणस्तर सुधार सम्बन्धी कार्यक्रमहरू सञ्चालन ।
- बढी जनघनत्व भएका वडाहरूमा ठूला तथा साना खानेपानी आयोजनाहरू सञ्चालन ।

ग. मर्मतसम्भार, पुनर्निर्माण तथा पुनर्स्थापना

- विगतमा सम्पन्न भई हाल आंशिक वा पूर्ण रूपमा क्षतिग्रस्त आयोजनाहरू मर्मत सुधार ।
- खानेपानी आयोजनाहरू दिगो रूपमा सञ्चालन हुने गरी पुनर्निर्माण तथा सेवा पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन ।
- ठूला, मझौला र साना सबै प्रकारका खानेपानी तथा सरसफाइ आयोजनाहरूको मर्मत सम्भार व्यवस्थापन योजना तयार तथा कार्यान्वयन ।

घ. सरसफाइ सुविधा र सेवा स्तर अभिवृद्धि

- सामाजिक अभियानको रूपमा सञ्चालन गरिने वातावरणीय सरसफाइ आयोजना अन्तर्गत पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन ।
- सार्वजनिक स्थान र संस्थागत क्षेत्रमा सफा शौचालय कार्यक्रम ।

ङ. क्षमता अभिवृद्धि तथा संस्थागत सुधार

- संस्थागत सुधार तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन ।
- खानेपानी सेवा नियमन तथा अनुगमन र सूचना व्यवस्थापनलाई सबलीकरण ।
- स्थानीय सरोकारवाला निकाय, उपभोक्ता समिति, सामुदायिक संघ संस्था, गै.स.स. र सम्बद्ध निकाय तथा आयोजनाका कर्मचारीहरूको सीप, ज्ञान तथा क्षमता अभिवृद्धि ।
- खानेपानी सेवा नपुगेको क्षेत्रहरूको पहिचान गरी सेवा पहुँच विस्तार ।
- खानेपानी चुहावट हुने स्थानहरूको पहिचान गरी व्यवस्थापन कार्यक्रमहरू सञ्चालन ।

## ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

योजनाको प्रथम वर्षमा ८६ प्रतिशत, दोस्रो वर्षमा ८८ प्रतिशत र तेस्रो वर्षमा ९० प्रतिशत सफा तथा सुरक्षित खानेपानी सेवा पुगेको हुनेछ । आधारभूत सरसफाइ सेवामा प्रथम वर्षमा ८४ प्रतिशत, दोस्रो वर्षमा ८७ प्रतिशत र तेस्रो वर्षमा ८९ प्रतिशत जनताको पहुँच पुगेको हुनेछ । उच्च/मध्यमस्तरको खानेपानी सेवाको पहुँच प्रथम वर्षमा २० प्रतिशत, दोस्रो वर्षमा २५ प्रतिशत र तेस्रो वर्षमा ३० प्रतिशत जनतामा पुगेको हुनेछ भने निर्माण भएर पनि सञ्चालनमा नरहेका खानेपानी आयोजनाहरूको मर्मत सम्भार तथा पुनर्स्थापना भई सञ्चालनमा आएको हुनेछ ।

पूर्ण सरसफाइयुक्त गाउँ,टोल घोषणा हुनेछन् । सामाजिक क्षेत्र अन्तर्गत शिक्षा,स्वास्थ्य तथा पोषण ,खानेपानी तथा सरसफाइ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,सामाजिक सुरक्षा र युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा अगाडिको पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

खानेपानी तथा सरसफाइ क्षेत्रमा विगत देखि ठूलो मात्रामा बजेट विनियोजन गरी कार्यान्वयन हुदै आइरहेको परिप्रेक्ष्यमा जनचेतनाको अभाव र अरुको मुख ताक्ने प्रबृतिले गर्दा निर्माण भएको संरचनाहरु बिग्रिने भत्किने घटनाहरु दिनानुदिन बढ्दै गइरहेका छन् । सफा तथा सुरक्षित पिउने पानी प्रयोगकर्ताको संख्या घट्दै जानु,शौचालय प्रयोग गर्ने संख्यामा कमी आउनु जस्ता तथ्याङ्कबाट पनि के पुष्टि हुन्छ भने निर्माण गरिएका संरचनाहरुको दिगो व्यवस्थापन र समुदायको अपनत्व नहुदा यस क्षेत्रमा आगामी दिनहरुमा अरु बढी जोखिम हुने सम्भावना छ ।

## ८.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

### ८.१.१ पृष्ठभूमि

महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन् । विविध सरकारी प्रयासका कारण महिला घरमूली, सम्पत्तिमाथि महिलाको स्वामित्व, महिला साक्षरता र श्रम सहभागितामा बृद्धि हुदै गएको छ । अहिले पनि लैङ्गिक हिंसा र बालविवाह महिला विकासको अवरोधको रूपमा रहेको छ । आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने, महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हकहुने, स्थानीय सरकारका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने, महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने, गाउँकार्यपालिकामा चार जना तथा नगर कार्यपालिकामा पाँच जना महिला सदस्य रहने, गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुनेगरी गाउँसभा र नगरसभाको गठन हुने महत्वपूर्ण हक अधिकारहरू नेपालको संविधानमा व्यवस्था गरिएको छ । त्यसैगरी सामाजिक समावेशीकरणको सवालमा नेपालको संविधानले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । यसैगरी संविधानमा समावेशीकरणलाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग,आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोगको व्यवस्था गरिएको छ । यस क्षेत्रको समुदाय तथा व्यक्तिहरूको लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र संवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएको भए पनि विभिन्न जाति, वर्ग एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेको अन्तरको अन्त्य गर्नु आवश्यक भएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

संवैधानिक तथा नीतिगत व्यवस्था बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायको क्षेत्रमा सकारात्मक परिवर्तनहरु देखिए तापनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको सहभागिता न्यून रहेको छ । लक्षित वर्ग सञ्जाल गठन तथा परिचालन प्रभाबकारी हुन सकेको छैन । बालमैत्री स्थानीय शासन कार्यान्वयन हुन सकेको छैन । घरेलु हिंसाका घटना लुप्त रुपमा रहेका छन् । अपांगमैत्री, बालमैत्री तथा ज्येष्ठ नागरिकमैत्री सार्वजनिक पूर्वाधारको कमी रहेको छ । छुवाछुतको अभ्यास विभिन्न स्वरुपमा रहेको कायम रहेको छ । अन्धविश्वास, गलत सामाजिक अभ्यास र व्यवहार कायम रहेको छ । आधुनिक जीवनशैलीले ज्येष्ठ नागरिकको जीवन यापन कठिनाइपूर्ण भएको छ । लक्षित वर्गको स्वरोजगारीका अवसरको कमी रहेको छ भने दलित तथा जनजातिमा गरिवी व्यापकता रहेको छ । बाल हिंसा, महिला हिंसा, ज्येष्ठ नागरिक हिंसा, बाल

विवाह तथा बहु विवाहको अभ्यास कायमै रहेको छ। छोरा छोरी विभेद कायम रहेको यस क्षेत्रमा लिगं पहिचान गरी भ्रुण हत्याको अभ्यास रहेको वृद्धि हुँदै गएको छ। बाल बालिकामा डिजिटल एडिक्सन कायम रहेको छ भने बालबालिकामा दुर्व्यसनमा.वृद्धि हुँदै गएको छ। अन्तरशाखा समन्वयको कमीले लक्षित वर्गसम्बन्धी सूचनामा कमी रहेको छ । लक्षित वर्गको क्षमता विकास तथा जनचेतना अभिवृद्धिका कार्यक्रम प्रयाप्त हुन सेकेका छैनन् । पिछडिएको वर्गमा कानून तथा अधिकार सम्बन्धमा जानकारीको कमी रहेको छ। लक्षित वर्गको आत्मनिर्भरताका लागि पर्याप्त अवसरमा कमी रहेको छ।

## ८.१.३ सम्भावना तथा अवसर

नेपालको संविधान, राष्ट्रिय तथा प्रादेशिक आवधिक योजना सहित दिगो विकास लक्ष्यले लक्षित वर्गको हित तथा सामाजिक समावेशीकरणलाई महत्व दिएको छ। सिमकोट गाउँपालिकामा लैगिक नीति तयार हुने अवस्थामा छ भने लक्षित वर्ग अन्तरगत महिला सञ्जाल गठन र कृयाशिल रहेको छ। ज्येष्ठ नागरिक समिति र अपागं समिति वडास्तरमा गठन भएर कृयाशिल भएका छन् । अनाथ तथा आमा बाबु विहिन कुल बालबालिकालाई गाउँपालिकाको तर्फबाट आर्थिक सहयोग उपलब्ध रहेको छ। ग वर्गको अपांगता भएका व्यक्तिलाई मासिक रु. ५०० का दरले एकमुष्ट वार्षिक रुपमा रु. ६००० उपलब्ध गराइएको छ। बालमैत्री स्थानीय शासन कार्यान्वयनको क्रममा रहेको छ । गाउँपालिकाभित्र महिला समूह,स्वास्थ्य आमा समूह र महिला सहकारी रहेका छन् । सबै विद्यालयमा लैगिंक फोकल व्यक्ति र गुनासो पेटिका तथा हेल्प लाइनको जानकारी रहेको रहेको छ । एकल महिला, दलित, बालबालिका, ज्येष्ठ नागरिकका लागि कार्यक्रम सञ्चालनमा रहेको छ। अपांगता भएका व्यक्तिका लागि अपांग संघ मार्फत कार्यक्रम सञ्चालनमा रहेको छ । सामाजिक सुरक्षा कार्यक्रम सहज हुँदै गएको छ । अपांग कल्याण संघ, हेड नेपाल,बहिरा विद्यालय जस्ता संस्थाले लक्षित वर्गको क्षेत्रमा काम गर्ने गरेको छ। लक्षित वर्गको सहभागिता सबै क्षेत्रमा हुने गरेको छ भने लैगिंक हिंसा, बाल विवाह तथा बहु विवाहमा सम्बन्धमा सचेतना कार्यक्रम कार्यान्वयनमा रहेको छ।

सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको सहभागिता वृद्धि हुँदै गएको छ। लैगिंक हिंसा, बाल विवाह तथा बहु विवाहका घटनामा कमी हुँदै गएको छ। लक्षित वर्गका लागि रोजगारी, सीप विकास र सहभागिताका विशेष अवसरहरु रहेका छन्।

## ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### ८.१.४.१ सोच

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत मर्यादित, न्यायपूर्ण र अर्थपूर्ण सहभागितामा मुलुकको समावेशी विकास।

### ८.१.४.२ लक्ष्य

सामाजिक आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा पछाडि परेका समुदायहरूको जिवनस्तरमा सुधार गर्ने।

### ८.१.४.३ उद्देश्य

सामाजिक,आर्थिक तथा राजनीतिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरणका माध्यमबाट सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गर्नु।

- लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्नु।
- राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरूको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नु।
- आर्थिक, सामाजिक वा शैक्षिक अवसरबाट बञ्चितिमा परेका दलित, जनजाति,पिछडा वर्ग,सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यका लागि उपलब्ध साधन स्रोत, सेवातथा सुविधामा पहुँच सुनिश्चित गर्नु।

### ८.१.४.४ रणनीति

- गाउँपालिकामा उपलब्ध स्रोत साधनहरूमा महिला, आदिवासी जनजाति, दलित तथा अपाङ्गता भएका व्यक्तिको पहुँच बढाउने ।
- निर्णय प्रक्रिया तथा अन्य संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्ने ।
- सीप विकास तालिम प्रदान गरी रोजगारीका अवसरहरू उपयोग गर्न सक्षम तुल्याउने ।
- आदिवासी जनजाति, दलित वर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्ने ।
- लैङ्गिक मूलप्रवाहीकरण गर्दै स्थानीय स्तरका प्रत्येक तह र विकास प्रक्रियाका सबै चरणमा महिलाहरूको उल्लेखनीय र निर्णयमा प्रभाव पार्न सक्ने गरी अर्थपूर्ण सहभागिता बढाउने ।
- महिलाहरूको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागि संरक्षणात्मक सेवाउपलब्ध गराई सशक्तीकरण गर्ने ।
- मातृ स्वास्थ्य र प्रजनन स्वास्थ्य लगायतका आधारभूत स्वास्थ्य सेवाहरूका बारेमा महिलाको चेतना बढाई ती सेवामा सहज पहुँच सुनिश्चित गर्ने ।

### ८.१.४.५ प्रमुख कार्यक्रमहरू

क. महिला विकास कार्यक्रम

- आर्थिक तथा सामाजिक रूपले पछाडि परेका विपन्न महिलाको वैयक्तिक, आर्थिक तथा सामाजिक सशक्तीकरणको लागि समुदाय तहमै सामाजिक परिचालन ।
- महिला समिति अन्तर्गत व्यवसायिक समूहको विकास र गरिबी विरुद्ध महिला अभियान ।
- बालबालिका उपर हुने शारीरिक तथा मानसिक ज्यादती विरुद्ध अभिभावकीय सचेतना ।
- विपद् जोखिम सम्बन्धी आपत्कालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालन ।
- मानव बेचबिखन नियन्त्रणको लागि गाउँस्तरीय समिति गठन, सामुदायिक कार्य योजना तर्जुमा तथा कार्यान्वयन ।

ख. लैडिगक हिंसा निवारणका लागि एकीकृत विकास कार्यक्रम

- ग्रामीण समुदायमा लैङ्गिक समानता कायम गर्न महिला तथा बालबालिका माथि हुने हिंसाको रोकथामका लागि वर्तमान कानुनी अवस्थाबारे सचेतना अभिवृद्धि ।
- महिला तथा बालबालिकाका संविधान प्रदत अधिकार तथा कानुनमा भएका पछिल्ला परिवर्तन सम्बन्धी जानकारीमूलक कार्यक्रम
- एकल महिला सुरक्षा कोष सञ्चालन तथा एकल महिलाको क्षमता अभिवृद्धि ।

ग. सीपमूलक कार्यक्रम

- दलित, आदिवासी जनजाति,अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित नागरिक र आर्थिक रूपले विपन्न खस आर्यहरूलाई रोजगारमूलक सीप विकास सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि ।

घ. पेशा, भाषा तथा संस्कृतिको संरक्षण सम्बन्धी कार्यक्रम

- दलित, आदिवासी जनजाति समुदायका परम्परागत पेशाहरूको विकास, संरक्षण र संवर्द्धन तथा पेशाको आधुनिकीकरण
- भाषा एवम् संस्कृतिको संरक्षण र संवर्द्धन ।

ङ. लक्षित कार्यक्रम

महिला, आदिवासी जनजाति, दलित,किसान, श्रमिकहरूको आर्थिक तथा समाजिक विकासका लागि लक्षित कार्यक्रमहरूको माध्यमबाट उपलब्ध रोजगारीका अवसरहरूको उपयोग गर्न सक्षम बनाउने

## ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आर्थिक तथा सामाजिक जीवनमा पुरुष र महिलाको उपस्थिति समानता उन्मुख भएको, स्थानीय तहको बिभिन्न संयन्त्रमा महिला प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत पुगेको, प्रत्यक्ष रूपले लैङ्गिक उत्तरदायी बजेट विनियोजनको

अनुपात कम्तीमा २५ प्रतिशत पुगेको, महिला विकास कार्यक्रम मार्फत समूह सदस्य सङ्ख्यामा बृद्धि भएको, लैङ्गिक हिंसा घटेको, हिंसा पीडित महिलाहरूको लागि पुनर्स्थापना केन्द्र स्थापना भई तिनीहरूको पुनर्स्थापना भएको हुनेछ । निर्णय प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित भएको हुने, उपलब्ध स्रोत साधनहरूमा समुदायको पहुँच बढेको हुने, राजनीतिक, प्रशासनिक, शैक्षिक क्षेत्रमा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता भएको हुने र आदिवासी जनजाति समुदायको भाषा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन भएको हुनेछ । सामाजिक क्षेत्र अन्तर्गत शिक्षा,स्वास्थ्य तथा पोषण ,खानेपानी तथा सरसफाइ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,सामाजिक सुरक्षा र युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ८.१.६ अनुमान तथा जोखिम पक्ष

सिमकोट गाउँपालिकाले लैससास समुहको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहे पनि पर्याप्त बजेट विनियोजन अभावका कारण सो बर्गका व्यक्तिहरुको समस्या समाधान गर्न सकिने अवस्था देखिदैन । यसका अलवा लैससास बर्ग भित्र पनि अर्को  छुट्टै समूहको सृजना हुन गई समग्र कार्यक्रमहरुमा प्रभाव पार्न सकिने देखिन्छ । जसले गर्दा लक्षित समूहको नाममा अर्को समूहले अवसर लिन सक्ने जोखिम छ ।

## ९.१ युवा तथा खेलकुद

### ९.१.१ पृष्ठभूमी

गाउँपालिकाको विकासमा युवा सहभागिता अभिबृद्धि गर्दै राजनीतिक,सामाजिक,सांस्कृतिक र आर्थिक अधिकारहरुको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास,सशक्तिकरण र उद्यमशिलताका लागि शिक्षा,स्वास्थ्य,रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था कार्यान्वयनका लागि एकीकृत कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याउन एकातिर आवश्यक छ भने अर्कोतिर युवाव्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ । खेलकुदले सामाजिक एकता सुदृढ गर्ने र  पहिचान स्थापित गर्ने प्रमुख माध्यमको रुपमा रही आएको छ । नागरकिलाई रोजगारको अवसर सिर्जना गर्न,खेल पर्यटनको माध्यमबाट दिगो शिक्षा,स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न स्थानीय तहदेखि नै खेलकुदको संस्थागत विकास एवम् यससंग सम्बन्धित पूर्वाधार निर्माण गरी "युवाका लागि खेलकुद"अभियानलाई सार्थकता दिन आवश्यक छ ।

### ९.१.२ समस्या तथा चुनौती

युवा स्वरोजगारीका अवसरको कमी तथा बेरोजगारी तथा युवा पलायनको प्रवृति व्यापक रहेको छ । युवाका लागि विश्वासनिय र मर्यादित रोजगारीका अवसर तथा प्रोत्साहनमा कमी रहेको छ । युवा कुलत तथा दुर्व्यसनमा बढ्दो रहेको छ । बैदेशिक रोजगारीमा उच्च आकर्षण रहेको छ । खेलमैदान तथा खेल सामग्रीको उपलब्धतामा कमी रहेको छ । खेलकुदमा प्रशिक्षण तथा नियमित अभ्यासमा कमी रहेको छ भने स्तरीय खेल मैदानको पनि कमी रहेको छ । युवाका लागि सहुलियत ऋण उपलब्धतामा कमी रहेको छ । युवा आत्मनिर्भरता र स्वरोजगारीका अवसरमा कमी रहेको छ । युवाका लागि सीपमूलक तालिम, स्वरोजगारी र आत्मनिर्भरताको भावनामा कमी रहेको छ । राजनीतिक तथा सामाजिक क्षेत्रमा युवा सहभागिता तथा चासो न्यून रहेको छ । युवा उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमको प्रभावकारीतामा कमी रहेको छ ।

### ९.१.३ सम्भावना तथा अवसर

वर्तमान संविधानको व्यवस्था अनुसार राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्नु रहेको छ । स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने कुरालाई वर्तमान पन्ध्रौं राष्ट्रिय योजनाले महत्व दिएको छ । बागमती प्रदेशको पहिलो आवधिक योजनाले युवा उद्यमशिलता तथा रोजगारी अभिवृद्धि गर्ने उद्देश्यका साथ युवालाई आत्मनिर्भरताका अवसरहरु प्रदान गर्ने नीति लिएको देखिन्छ । गाउँपालिकास्तरमा खेलकुद प्रतियोगिता आयोजना हुने गरेको छ भने स्थानीय क्लव मार्फत पनि खेलकुदको

आयोजना हुने गरेको छ । गाउँपालिकाको वडा नं. ५ मा जिल्लास्तरीय खेल मैदान निमार्णाधीन रहेको छ । हरेक वडामा एक युवा क्लव गरी ८ वटा युवा क्लव सकृय रहेका छन् । खेलकुद सामग्री वितरण गर्ने अभ्यास रहेको छ । स्थानीय स्तरमा व्यवसायिक कृषिमा संलग्न युवा १५ जना रहेका छन् । राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा युवा सहभागिता उल्लेखनिय रहेको छ ।

### ९.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ९.१.४.१ सोच

युवाको सर्वाङ्गीण विकासका लागि स्वच्छ, व्यवसायिक र प्रविधिमैत्री खेलकुदमा अभिवृद्धि ।

#### ९.१.४.२ लक्ष्य

खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित,उद्यमशील,अधिकार प्रति सचेत र कर्तव्यप्रति प्रतिवद्ध युवाशक्तिको विकास र परिचालन गर्ने ।

#### ९.१.४.३ उद्देश्य

- युवामा दक्षता र क्षमताको विकास गर्नु ।
- युवालाई उद्यमशिल,रोजगारमुलक र स्वरोजगार बनाउनु ।
- खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्नु ।
- खेलकुद क्षेत्रलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।
- सबै क्षेत्रमा युवा र खेलकुदलाई मुलप्रवाहीकरण गर्नु।

#### ९.१.४.४ रणनीति

१. सबै संगको समन्वय र  सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण गरिनेछ ।
२. खेलकुद पूर्वाधारको विकास,संचालनमा युवालाई प्रोत्साहित गर्ने ।
३. युवा तथा खेलकुद विकासमा आवद्ध निकाय तथा संघ संस्थाहरुको क्षमता विकास गर्ने ।
४.प्रतिभावान युवा खेलाडिको पहिचान,क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने ।
५.आर्थिक तथा सामाजिक विकासका लागि युवा र खेलकुद गतिविधिलाई प्राथमिकता दिने ।

#### ९.१.४.५ प्रमुख कार्यक्रमहरु

- खेलकुदको विकासका लागि पिरामिड विधि अपनाउने ।
- युवा खेलाडिहरुलाई तालिम तथा प्रोत्साहनको व्यवस्था गर्ने ।
- खेलकुदका लागि गाँउस्तरिय रंगशाला निर्माण गर्ने ।
- गाँउस्तरिय खेलकुद समिति गठन गरी यूवाहरुलाई सक्रिय वनाउने ।
- वडा, विद्यालय स्तरिय तथा गाँउस्तरिय खेलकुद प्रतियोगिता संचालन गर्ने ।
- यूवाहरुलाई दुर्व्यसनवाट जोगाउन अभियानहरु संचालन गर्ने ।
- यूवा क्लवहरु गठन तथा क्रियाशिल बनाउने ।

### ९.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सबै वडामा एक एक वटा सुविधा सम्पन्न खेलमैदान निर्माण भई संचालनमा आएका हुनेछन् । युवाका लागि खेलकुद प्रतियोगिताको आयोजना गरी सबैलाई सहभागी हुने अवसर सिर्जना भएको हुनेछ । प्रतिभावान युवा खेलाडीको पहिचान गरी प्रविधिहरूको माध्यमबाट प्रशिक्षण दिई खेलाडीको खेल कौशलमा स्तरोन्नति भई जिल्लास्तरिय पदको हासिल दर वृद्धि भएको हुनेछ । युवा खेलकुदमा उल्लेखनिय सुधार आइ युवा सहभागिताको बृद्धि र कामको लागि विदेशिने युवाको संख्यामा कमि आएको हुनेछ । सामाजिक क्षेत्र अन्तर्गत शिक्षा,स्वास्थ्य तथा पोषण ,खानेपानी तथा सरसफाइ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,सामाजिक सुरक्षा र युवा तथा खेलकुद क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो अगाडिको पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ९.१.६ अनुमान तथा जोखिम पक्ष

युवाहरुको वैदेशिक रोजगार प्रतिको मोह र कतिपय युवा लागु औषध दुर्व्यसनमा लाग्दा उनीहरु प्रति समाजले गर्ने अपेक्षा घट्दो छ । साथै युवाहरुलाई आफ्नो रुची र क्षमता अनुसारको क्षेत्रमा संलग्न हुन नसक्दा वितृष्णा समेत पैदा हुने र उनीहरुमा नकारात्मक सोच पैदा हुने सम्भावना देखिन्छ । त्यसै गरी खेलकुद क्षेत्रमा सही व्यक्तिले सहि स्थान नपाउदा र समग्र क्षेत्रबाट खेलकुदको लागि विनियोजन हुने बजेटको मात्रा न्यून हुनुले पनि युवाहरु अन्यन्त्र बरालिने जोखिम छ ।

### ९.१.७ आयोजना तथा कार्यक्रमको सांकेतीकरण

आयोजना तथा कार्यक्रमहरूको प्रकृतिका आधारमा स्थानीय दीर्घकालीन लक्ष्य/रणनीतिक स्तम्भ संकेत, दिगो विकास लक्ष्य संकेत, दिगो राष्ट्रिय लक्ष्य संकेत, प्रदेश समृद्धि संकेत, लैंससास संकेत र जलवायु परिवर्तत अनुकूलन संकेत अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद ६
# पूर्वाधार विकास क्षेत्र

## १ पृष्ठभूमि

आर्थिक तथा सामाजिक विकास र सेवा प्रवाहमा पूर्वाधार क्षेत्रको भूमिका प्राथमिक तथा महत्वपूर्ण हुन्छ। पूर्वाधार विकासले बजार, सेवा सुविधामा पहुँच र उपभोगमा वृद्धि भई सेवाग्राही जनसंख्याबीच अन्तर-आवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार हुने र सोमार्फत् विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ। भौतिक पूर्वाधार तथा संरचनाको विकास र विस्तारबाट दिगो लाभ लिन पूर्वाधारको गुणस्तरीय निर्माण र दिगो सञ्चालनका साथै यसबाट वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरूको अवलम्बन जरुरत पर्दछ। भौतिक पूर्वाधार विकासले स्थानीय स्तरमा विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी सामाजिक तथा आर्थिक विकास र वातावरणीय स्थितिमा दिगो सुधार गर्न विकास उपलब्धिको साधनको रुपमा कार्य गर्दछ।

अन्तराष्ट्रिय प्रतिवद्धताको रुपमा प्रस्तुत दिगो विकास लक्ष्यले समावेशी र दिगो शहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, गरिबीलाई कम गर्ने तथा सबैलाई हरियाली र खुल्ला ठाउँहरू उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ। यसै लक्ष्य अनुरुप भूउपयोग योजना अनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधार तथा संरचनाको विकास द्रुत गतिमा गर्ने, बढी फलदायी र वातावरणमैत्री आयोजना सञ्चालन गर्ने, निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी भौतिक पूर्वाधार विकासका आयोजनाको छनौट र कार्यान्वयनको जरुरत रहन्छ।

उपरोक्त सन्दर्भमा आधारित भई विकास प्रतिफललाई विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख हुन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः आवास, बस्ती तथा शहरी विकास, सडक तथा यातायात, विद्युत् तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार र प्रविधि जस्ता विषय क्षेत्रको विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ। गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, संभावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

## २.समस्या तथा चुनौती,सम्भावना र अवसर विश्लेषण

**तालिका १२ : पूर्वाधार विकास क्षेत्रको समस्या तथा चुनौती,सम्भावना र अवसर विश्लेषण**

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| **आवास, भवन तथा वस्ती विकास** | | |
| १. नक्शापास सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गर्न सकिने<br>२. नक्शापास कार्यविधि बमोजिम घर नक्शा पास र घरको अभिलेखीकरण गर्न सकिने<br>३. ८ वटै वडामा एकीकृत बस्ती विकासको लागि उपयुक्त स्थान रहेको<br>४. सम्पूर्ण वडामा पर्यटकीय क्षेत्रको विकासको लागि उपयुक्त स्थान रहेको<br>५. वडा नं. १ को ग्याग्रु, वडा नं. २ को ठेहे, वडा नं.३ को च्यामाटाङ,वडा नं ५ र ६ को विभिन्न क्षेत्रमा बजार विकासको संभावना रहेको<br>६. ५ वटा .वडाको आफ्नै वडा कार्यालय भवन सञ्चालनमा रहेको<br>७. वडा नं. ५ र ६ वडाको वडा कार्यालय भवन मापदण्ड अनुसार र भूकम्प प्रतिरोधी भएको<br>८. वडा नं. २ को ग्याग्रु र वडा नं ७ को धारापोरीमा प्रहरी चौकी रहेको<br>९. ५ वटा स्वास्थ्य संस्था आफ्नै भवनमा सञ्चालनमा रहेको<br>१०. वडा नं. ५ मा मानसरोवर बहुमुखी क्याम्पस संचालनमा रहेको<br>११. वडा नं. ५ को तलडिल क्षेत्रमा ल्याण्डफिल | • भवन निर्माण मापदण्ड तथा आचारसहिता तयार तथा स्वीकृत नभएको<br>• भूउपयोग, वस्ती विकास तथा भौतिक विकास योजना निर्माण नभएको<br>• संभाव्य स्थानमा एकीकृत वस्ती तथा जग्गा विकास आयोजना सञ्चालन हुन नसकेको<br>• भूउपयोग क्षेत्र निर्धारण नभएको<br>• गाउँपालिकाको प्रशासकीय भवन नभएको<br>• व्यवस्थित स्थान सहितको वडा कार्यालय भवन नभएको<br>• हाल सञ्चालनमा रहेका वडा कार्यालय भवन मापदण्ड अनुरुप निर्माण नभएको र भूकम्प प्रतिरोधी नरहेको<br>• अधिकांश गाउँ तथा वस्तीहरू छरिएर रहेको<br>• विद्यालय,स्वास्थ्य संस्था तथा वडा कार्यालय भवन | • भूउपयोग क्षेत्र निर्धारण गरी योजना तयार गर्ने र सो अनुसार संरचना निर्माण कार्यलाई नियमित गर्ने<br>• सहरी योजना, बस्ती विकास र भवन निर्माण मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने<br>• स्थान पहिचान र सर्वेक्षण गरी विषयगत सेवा सहितको गाउँपालिकाको प्रशासकीय भवन निर्माण गरी सेवा सुचारु गर्ने र वडाहरुमा पनि उपयुक्त स्थान र जग्गा पहिचान गरी वडा कार्यालय भवन निर्माण गर्ने<br>• वडा कार्यालयबाट विषयगत सेवा सहितको सेवा सुचारु गर्ने<br>स्याम्ने तथा अति जोखीममा रहेका वस्तीहरु मा एकीकृत, व्यवस्थित र सुरक्षित वस्तीको विकास गर्ने<br>• सिमकोट बजारमा (सडक, ढल, सार्वजनिक शौचालय, पार्क र खुल्लास्थान, कृषि बजार, पार्किङस्थल, खानेपानी, विश्राम स्थल आदि पूर्वाधारको विकास गर्ने<br>• योजना, भवन र सहरी विकास तथा निर्माण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>• सम्पूर्ण वडामा पार्क र पर्यटकीय पूर्वाधारको |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| साइट निर्माणको लागि स्थान पहिचान भएको | मापदण्ड अनुसार निर्माण नभएको र भूकम्प प्रतिरोधी नरहेको<br>• कुनै पनि स्वास्थ्य संस्थाको भवन मापदण्ड अनुसार निर्माण नभएको भूकम्प प्रतिरोधी नभएको<br>• सामुदायिक भवनको उपयोगमा कमी रहेको | विकास गर्ने<br>• नयाँ सामुदायिक भवन निर्माण, उपलब्ध भवनहरूको स्तरोन्नति गरी वहुउद्देश्यीय उपयोगको व्यवस्था गर्ने<br>• शहरी विकास मन्त्रालयसँगको साझेदारीमा ल्याण्डफिल साइटको डिपिआर तयार गरी निर्माण र व्यवस्थापन गर्ने<br>• गाउँपालिका भित्रका मठमन्दिर र पाटीपौवा निर्माण, मर्मतसंभार र संरक्षण गर्ने<br>• प्राविधिक जनशक्ति, निर्माण व्यवसायी, निर्माणकर्मीहरूको लागि नयाँ तथा भूकम्प प्रतिरोधि प्रविधि, निर्माण सामाग्री, मापदण्ड, निर्माण गुणस्तर आदि सम्बन्धी तालिम तथा क्षमता विकास गर्ने<br>• छिमेकी गाउँपालिकाहरू संगको समन्वय र साझेदारीमा निर्माण गुणस्तर प्रयोगशाला स्थापना र व्यवस्थापन गर्ने |
| **सडक, पुल तथा यातायात** | | |
| **कच्ची सडक ५**<br><br>**सडक पुल चालु तथा निर्माणाधिनः ०**<br><br>**झोलुङ्गे पुल १८**<br>• | • यातायात गुरुयोजना निर्माण भई गाउँपालिकाको सडकको वर्गीकरण, नक्शांकंन, मापदण्ड निर्धारण, नामाकरण, साँकेतीकरण नभएको<br>• गाउँपालिका भित्रको पुरै .... कि.मि. सडक कच्ची रहेको<br>• अधिकांश सडकहरूमा नाला र पुल तथा कल्भर्ट नभएको<br>• सडकमा उच्च ग्रेड पर्खाल र नाली नभएको,<br>• सडकमा मोड (घुम्ती) नमिलेको) सडकको चौडाई कम भएको<br>• वर्षैभरी सडक पूर्ण रुपमा सञ्चालन हुने अवस्था नभएको<br>• निर्माण भएका सम्पूर्ण सडकमा सार्वजनिक यातायातका साधन सञ्चालन हुन नसकेको | – सडकको वर्गीकरण, नामाकरण, मापदण्ड, साँकेतीकरण प्राथमिकता निर्धारण सहित सडक गुरुयोजना तयार गर्ने र सो अनुसार सडक तथा भवन निर्माणलाई व्यवस्थित गर्ने<br>– प्राथमिकताको आधारमा सहयोगी संरचना समेत बार्षिक गाउँपालिका केन्द र वडा केन्द्र जोड्ने देहायका सडकको ग्राभेल र स्तरोन्नति गर्ने<br>– सिमकोट-खार्पु सडक<br>– सिमकोट-धारापोरी सडक<br>– सिमकोट-दोजाम सडक<br>– यातायात गुरुयोजनाको मापदण्ड र प्राथमिकता अनुसार सहायक संरचना समेत सडकहरूको ग्राभेल तथा स्तरोन्नति गर्ने<br>– सडक पुल तथा कल्भर्ट निर्माण गर्ने<br><br>**झोलुङ्गे पुल**<br>– |
| **जलश्रोत,विद्युत तथा वैकल्पिक उर्जा** | | |
| • गाउँपालिकाको अधिकांश बस्तीहरूमा राष्ट्रिय प्रशारण लाईनको विद्युत सेवा उपलब्ध रहेको<br>• गाउँपालिकाको १ प्रतिशत घरधुरीमा सोलार होम प्रणाली रहेको<br>• सिमकोट बजार क्षेत्रमा सोलार प्रणालीमा आधारित सडक बत्ती जडान भएको<br>• ४० प्रतिशत घरधुरीमा सुधारिएको धुवाँरहित चुल्हो उपलब्ध रहेको<br>• गाउँपालिका कार्यालय र २ वटा वडा कार्यालयमा पावर व्याकअपको व्यवस्था रहेको | • ट्रान्समिटरको क्षमता कम भएको<br>• वितरण लाईनमा काठे तथा पुराना पोल रहेका<br>• ट्रान्समिसन लाईनको गुणस्तर कम रहेको<br>• करिब ५ प्रतिशत घरधुरीमा विद्युतको पहुँच उपलब्ध नभएको<br>• प्रमुख वस्ती/टोलहरूमा सडक वत्तीको व्यवस्था हुन नसकेको<br>• गाउँ/बस्तीका प्रमुख | • विद्युत नपुगेको घरपरिवारमा विद्युत विस्तार गर्ने<br>• ट्रान्समिटरको क्षमता र ट्रान्समिसन लाईनको स्तर बृद्धी गर्ने<br>• जिर्णपोलको विस्थापन गर्ने<br>• गाउँ/बस्तीको मुख्य चोकमा सोलार प्रणालीमा आधारित सडक बत्ती जडान गर्ने<br>• वायोग्यास, सोलार र सुधारिएको चुल्हो प्रवर्द्धन र विस्तार गर्ने<br>• पुराना र जिर्ण ट्रान्समिसन लाईन विस्थापन गर्ने<br>• गाउँपालिका कार्यालय, वडा कार्यालय,स्वास्थ्य संस्था र विद्यालयमा |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| | स्थानमा सोलार प्रणालीमा आधारित सडक बस्तीको व्यवस्थामा कमी रहेको<br>• कार्यालय, स्वास्थ्य संस्था, विद्यालयमा पावर व्याकअप सुविधा नभएको र उपलब्ध भएकोमा समेत सुचारु नभएको | भरपर्दो प्रणालीको पावर व्याकअपको व्यवस्था गर्ने |
| **सूचना,सञ्चार तथा प्रविधि** | | |
| – गाउँपालिका कार्यालय, २ वडा कार्यालय, २ वटा माध्यामिक विद्यालय र २ वटा स्वास्थ्य संस्थाहरूमा इन्टरनेट सेवा उपलब्ध रहेको<br>– इन्टरएक्टिभ वेवसाइट अद्यावधिक भई रहेको, वेबसाइट, फेसबुक र प्रकाशन मार्फत प्रकाशन र प्रसारण भैरहेको<br>– प्रोफाइल सूचना प्रणाली, SUTRA, राजस्व, पञ्जिकरण, HMIS, EMIS योजना,गाउँपालिका कार्यालय, विषयगत शाखा, र प्रहरी चौकीमा ल्याण्डलाइन टेलीफोन सेवा सुचारु रहेको<br>– ल्याण्डलाईन टेलिफोन उपलब्ध रहेको<br>– माथिल्लो बजार स्थित रेडियो कैलाश र रेडियो कर्णालीको टावरबाट कभरेज रहेको | – ल्याण्डलाइन टेलिफोन लाइन उपलब्धता र उपयोगमा कमी रहेको<br>– सबै विद्यालय, स्वास्थ्य संस्थामा इन्टरनेट सुविधाको उपलब्ध नभएको<br>– गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थामा इन्टरनेटको क्षमता र नेटवर्क कमजोर रहेको<br>– मोवाइल टेलिफोन कभरेज कमी रहेको (सबै वडाहरूमा)<br>– सबै स्वास्थ्य संस्थाहरू, वडा कार्यालय र आधारभूत स्वास्थ्य केन्द्रमा पावर व्याकअप पर्याप्त संचार सुविधा नभएको<br>– टेलिफोन टावरहरू पावर व्याकअप पर्याप्त नभएको | – सिमकोट विकास बुलेटिन प्रकासन र प्रसारण गर्ने (त्रैमासिक)<br>– प्राविधिक सफ्टवेयर र उपकरणहरू थप गर्ने<br>– जिआइस सफ्टवेयर खरिद तथा तालिम सञ्चालन गर्ने<br>– गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरूमा सर्भर र इन्टरनेटको क्षमता अभिवृद्धि गर्ने<br>– गाउँपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्थामा विद्युतीय माध्यमबाट सेवा प्रवाहको प्रबन्ध गर्ने<br>– सिमकोट गाउँपालिका मोवाइल एप्स स्थानीय तह मोबाइल एप्लीकेशन सञ्चालनको व्यवस्था गर्ने<br>– जनता तथा जनप्रतिनिधि अन्तरसम्वाद कार्यक्रम सञ्चालन गर्ने |

## ३.विषय क्षेत्रगत सोच,लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

यस गाउँपालिकाको आवास, बस्ती, भवन तथा शहरी विकास, सडक तथा यातायात, विद्युत् र वैकल्पिक ऊर्जा, सूचना तथा संचार प्रविधि लगागत स्थानीय तहको लागि उपलब्ध पूर्वाधार विकास सम्बन्धी अधिकार क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### सोच

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको सोच देहायअनुसार रहेको छः

- योजनावद्ध, व्यवस्थित, वातावरणमैत्री पूर्वाधार र उत्थानशील गाउँपालिका

### लक्ष्य

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- बसोबास, बजार, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित मैत्री पुर्ण भौतिक पुर्वाधार र उत्थानशील बनाउने

### उद्देश्य

गाउँपालिकाका पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- व्यवस्थित र उत्थानशील आवास, बजार, औद्योगिक तथा पर्यटकीय पूर्वाधारको विकास गर्नु,
- सडक, यातायात र मैत्रीपूर्ण पूर्वाधार तथा सुविधाको विकास र विस्तार गर्नु,
- विद्युत् र बैकल्पीक तथा स्वच्छ ऊर्जाको उपलब्धता र उपभोगमा वृद्धि गर्नु, र
- सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवाको उपलब्धता र उपभोगमा वृद्धि गर्नु ।

# ४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति गर्ने तथा कार्यनीति अबलम्बन गरी पूर्वाधार विकास सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

**तालिका १३ : पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : व्यवस्थित र उत्थानशील आवास, बजार, औद्योगिक तथा पर्यटकीय पूर्वाधारको विकास गर्नु** | |
| १. पूर्वाधार विकास आयोजनालाई योजनावद्ध, दिगो र सुव्यस्थित रुपमा सञ्चालन गर्ने । | १.१ गाउँपालिकाबाट रु. ५ लाखभन्दा कम लागतका आयोजना सञ्चालनमा निरुत्साहित गरिनेछ र रु. ५ लाख भन्दा बढी लागतका सबै आयोजनामा योजनाको खाताको प्रयोगलाई सुचारु गरिनेछ ।<br>१.२ आयोजना स्थलहरूमा आयोजना सम्बन्धी जानकारी सहितको सूचना पाटी लगायत आयोजना सम्बन्धमा अनुसन्धानमा आधारित भई सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई परिमाणमुखी बनाइनेछ ।<br>१.३ पूर्वाधार विकास कार्यमा कानूनी व्यवस्था अनुसार वातावरणीय अध्ययन गरी वातावरण व्यवस्थापन कार्यलाई एकीकृत गरी सञ्चालन गरिनेछ ।<br>१.४ गाउँपालिकामा भौतिक पूर्वाधार विकास आयोजनाको निर्माण र सञ्चालनमा सार्वजनिक निजी साझेदारीको अवधारणा लागू गर्न कानूनी र संस्थागत व्यवस्था गरिनेछ ।<br>१.७ गाउँपालिकाबाट सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी आयोजनमा अधिकतम जनसहभागिता प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।<br>१.५ राष्ट्रिय भवन-संहिता, २०७२ प्रभावकारी रुपमा कार्यान्वयन गर्न इञ्जिनियर, सव-इञ्जिनियर, कन्सल्टेण्ट र निर्माण कार्यमा संलग्न दक्ष कामदारहरूलाई सो सम्बन्धी तालिम प्रदान गरी प्रमाणपत्र दिने र प्रमाण पत्र प्राप्त प्राविधिक र दक्ष व्यक्तिहरूबाट मात्र निर्माण कार्य गर्ने गराउने व्यवस्था मिलाइनेछ ।<br>१.६ उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनामा अनिवार्य रुपमा प्राविधिक सुपरीवेक्षणको गर्ने व्यवस्था गरिनेछ र आयोजना निर्माण गर्नु अघि उपभोक्ता समितिलाई प्राविधिक र व्यवस्थापकीय विषयमा तालिम प्रदान गरिनेछ ।<br>१.७ टेण्डर हुने सबै आयोजनाहरू ई-टेण्डरबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । |
| २. वडा कार्यालयलाई सेवा प्रवाह केन्द्रको रुपमा विकास गर्ने | २.१ वडा कार्यालयमा विषयगत शाखा र कर्मचारीको व्यवस्था गरी विषयगत सेवा प्रवाहको व्यवस्था गरिनेछ ।<br>२.२ सबै वडा कार्यालयहरूमा पूर्वाधार तथा संरचनाको विकास गरी आफ्नै भवनबाट प्रमुख विषय क्षेत्रको सेवा सुचारु गरिनेछ ।<br>२.३ मापदण्ड अनुसार वडा कार्यालय भवन अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिक मैत्री तथा महिलामैत्री रुपमा निर्माण र सञ्चालन गरिनेछ । |
| ३. गाउँपालिकाको व्यवस्थित विकासको लागि भूउपयोग क्षेत्र निर्धारण गरी सो अनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत, संरक्षण क्षेत्रको निर्धारण गर्ने । | ३.१ भुउपयोग क्षेत्र निर्धारणको विस्तृत सर्वेक्षण र नक्सांकन गरिनेछ ।<br>३.२ भूउपयोग क्षेत्रहरूको बीचमा ग्रिनवेल्टको विकास गरिनेछ ।<br>३.३ गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक तथा पर्ती जग्गाहरूको पहिचान, नक्सांकन र अभिलेख तयार गरी पार्क, खुल्ला क्षेत्र, पोखरी, खेलमैदान र अन्य व्यवसायिक आयोजनामा उपयोग गरिनेछ ।<br>३.४ गाउँपालिका क्षेत्रमा नापी नक्सा, घरजग्गा, धनीपुर्जा, सडक र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणालीमा आधारित अद्यावधिक अभिलेख तयार गरिनेछ ।<br>३.५ नमूनाको रुपमा योजनाबद्ध रुपमा जग्गा एकीकरण, विकास र पूर्वाधार निर्माण गरी आवास र वस्ती विकास सुरक्षित र व्यवस्थित बनाइनेछ । |
| ४. भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजनाको आधारमा सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित | ३.१ सडकको मापदण्ड, वर्गीकरण, नामकरण, प्राथमिकीकरण र साँकेतीकरण सहित यातायात गुरुयोजना निर्माण सडक निर्माण तथा भवन र सञ्चालन गर्ने<br>३.२ भू-उपयोग क्षेत्र अनुसार भौतिक निर्माणको योजना तर्जुमाको आधारमा सडक तथा अन्य पूर्वाधार विस्तार, विकास र स्तरोन्नति गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| गर्ने । | ३.३ भवन निर्माण सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा लागू गर्न भवन बिभाग, नापी कार्यालय, सरोकारवाला निकायसँग समन्वय र साझेदारी गरी तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.४ भूउपयोग क्षेत्र अनुसार निर्धारण गरिएको कृषि क्षेत्रलाई बेचविखन र प्लटिङ लगायत जग्गा विकासका लागि उपयोग गर्न जग्गाको बेचविखनमा रोक लगाउन आवश्यक कानूनी व्यवस्था गरिनेछ र कृषि कार्यमा प्रयोग गर्नेलाई प्रोत्साहन तथा सहुलियतको व्यवस्था गरिनेछ ।<br>३.५ सडक तथा टोल/बस्तीमा प्रतिक्षालय वा चौतारो निर्माण कार्य सञ्चालन गरिनेछ । |
| ५. गाउँपालिकाको शहर एवम् बजार उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने । | ३.१ भू-उपयोग क्षेत्र निर्धारण, भौतिक विकास योजना तर्जुमा गरी योजनावद्ध तथा व्यवस्थित वस्ती विकासको आधार तयार गरिनेछ ।<br>३.२ औद्योगिकग्राम, बजार, पार्क, खुल्ला क्षेत्र, आपतकालिन सामग्री भण्डार गृह लगायत सार्वजनिक पूर्वाधार विकासको लागि स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमशः सञ्चालन गरिनेछ ।<br>३.३ व्यवस्थित बस्ती विकास र बजार व्यवस्थापनका लागि आधारभूत पूर्वाधारहरूको निर्माण गरी नमूना बस्ती र बजारको विकास गरिनेछ ।<br>३.५ बजार र बस्ती क्षेत्रमा खुल्ला स्थान समेत हरियाली पार्क, पोखरी र खुल्ला स्थान समेतको व्यवस्था गरिनेछ ।<br>३.६ उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रममा जनसहभागिता १०(नगत जम्मा) प्रतिशत कायम गरिनेछ ।<br>३.७ उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रममा ५ प्रतिशत मर्मत सम्भार कोषको रुपमा धरौटी कायम गरिनेछ । |
| **उद्देश्य २: सुदृढ यातायात र सहायक पूर्वाधार तथा सुविधाको विकास र विस्तार गर्नु,** | |
| १. गाउँपालिका क्षेत्रभित्र यातायात तथा आवागमन भरपर्दो, सुरक्षित र बजार अनुकुल बनाउने । | १.१ सबै बस्ति स्तरमा,वडाको केन्द्र, बजार क्षेत्र, औद्योगिक तथा पर्यटकीय केन्द्रसम्म पक्की सडकको विकास गरी नियमित मर्मत संभारको व्यवस्था गरिनेछ ।<br>१.२ सडक सञ्जाल वा स्तरोन्नत सडक नपुगेका स्थानहरूमा सडकको पहुँच पुऱ्याउन सडक विस्तार र स्तरोन्नति गरिनेछ ।<br>१.३ यातायात गुरुयोजना, मापदण्ड अनुसार रेखाङ्कन, नक्साङ्कन तथा नामाकरण गरी सडक क्षेत्र निर्धारण गरी सडक निर्माण र नियमित मर्मत-संभारको व्यवस्था गरिनेछ ।<br>१.४ गाउँपालिकाको प्रमुख सडकहरूमा नाली बाहेक ७ मिटरको चौडाई कायम गरी निर्माण र सञ्चालन गरिनेछ। सडकको बीचबाट ६.५ मिटर दायाबायाँसम्म भौतिक संरचना निर्माण गर्न रोक लगाइनेछ ।<br>१.५ सडक तथा सार्वजनिक स्थानमा निर्माण सामग्री तथा अवरोध पुऱ्याउने खालका अन्य सामाग्रीहरू राख्नेलाई कानून अनुसार कारवाही गरी आवागमनलाई सहज बनाइनेछ ।<br>१.६ बसपार्कतथा बिसौनी, सवारी साधन पार्किङ्गस्थल, सवारी साधन सेवा केन्द्र समेत सवारी साधन व्यवस्थापनको लागि उपयुक्त स्थानमा पूर्वाधार निर्माण र व्यवस्थापन गरिनेछ । |
| २. सडक अधिकार क्षेत्र र मापदण्ड तयार गर्ने । | २.१ यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड, नामाकरण, रेखाङ्कन र प्राथमिकता निर्धारण गरी कार्यान्वयन गरिनेछ ।<br>२.२ यातायात गुरुयोजनाको नियमित रुपमा अद्यावधिक गरी सोको प्राथमिकता अनुसार सडक निर्माण तथा स्तरोन्नति गरिनेछ ।<br>२.४ प्रहरी प्रशासन, टोल विकास संस्थाहरू र नागरिक समाजसँग समन्वय र सहकार्य गरी सडक अधिकार क्षेत्रको अतिक्रमण हटाइनेछ ।<br>२.५ सडक मापदण्ड लागू हुनु भन्दा अघि बनेका र रहेका संरचनाहरू हटाउन सरोकारवालासँग परामर्श र वैकल्पिक व्यवस्था गरी संरचना हटाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.६ परम्परागत रुपमा रहेका सडक, बाटो तथा गल्लीहरूको अतिक्रमण हटाउन विशेष पहल गरिनेछ र सडक अधिकार क्षेत्रको संरक्षणको लागि निगरानी र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.७ गाउँपालिका क्षेत्र भित्रको मूल तथा सहायक सडकहरूको दायाबायाँ दुवै तर्फ वृक्षारोपण गरी सडक संरक्षण र सुन्दरतामा अभिवृद्धि गरिनेछ । |
| ३. कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय र वातावरण मैत्री र उत्थानशिल पूर्वाधारको विकास र विस्तार गर्ने। | ३.१ गाउँपालिकाका रणनीतिक सडकहरूको प्राथमिकता अनुसार क्रमशः ग्राभेल, सोलिङ र पिच/ढलान गर्दै स्तरोन्नति गर्दै लगिनेछ ।<br>३.२ सडक सञ्जाल निर्माण गर्दा कृषि, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी निर्माण गरिनेछ ।<br>३.३ वातावरणीय अध्ययन पश्चात् विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ ।<br>३.४ सडक विकास र स्तरोन्नतिसँग कृषि, पशु विकास, उद्योग व्यवसाय विकासका प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.५ सडकको वर्गीकरण, नामकरण र मापदण्ड अनुसार चौडा गरी नाला, सडक पेटी, पुल तथा कल्भर्ट लगायतका सडकको सहायक संरचना समेत सडकको स्तरोन्नति गरिनेछ । |
| **उद्देश्य ३ : विद्युत् र स्वच्छ ऊर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु,** | |
| १. विद्युत् लाइन तथा क्षमता वृद्धि गर्ने । | १.१ विद्युत् प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा विद्युत् लाईनको क्षमता विस्तार, जिर्ण पोल र तार मर्मत गरिनेछ ।<br>१.२ खुलातार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरिनेछ ।<br>१.३ वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरूमा पावर ब्याकअप, इन्टरनेट र इन्ट्रानेटको व्यवस्था गरिनेछ ।<br>१.४ ओभर ग्राउण विद्युत् लाईनलाई अण्डरग्राउण्ड प्रणालीमा रुपान्तरण गर्न विद्युत् प्राधिकरण र नेपाल सरकारसँग पैरवी गरिनेछ ।<br>१.५ नेपाल विद्युत् प्राविधिकरणसँग समन्वय र साझेदारी गरी विद्युत् क्षमता (ख्यतिबनभ) कम भएको कारण विद्युत् अवरोध हुने स्थानहरूमा विद्युतको क्षमता विस्तार गरिनेछ । |
| २. नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्द्धन गरी स्वच्छ ऊर्जाको पहुँच र उपयोग वृद्धि गर्ने। | २.१ वैकल्पिक ऊर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ ऊर्जामा पहुँच वृद्धि गरिनेछ ।<br>२.२ दाउरा र जैविक ऊर्जाको प्रयोगलाई कम गर्दै लैजान , सुधारिएको चुल्हो, बायो ब्रिकेट, विद्युत् चुल्हो, सोलारको प्रवर्द्धन एवम् विस्तार गरिनेछ ।<br>२.३ गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.४ नविकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन दिई प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य ४: विद्युतीय सुशासन, सूचना तथा सेवाको उपभोगमा वृद्धि गर्नु** | |
| १. विद्युतीय सुशासनको प्रवर्द्धन गर्ने। | १.१ गाउँपालिकाको सेवा प्रवाहलाई सहज बनाउन विद्युतीय खरिद प्रणाली लगायत सेवा प्रवाहमा विद्युतीय सुशासन लागू गरिनेछ ।<br>१.२ गाउँपालिकामा सूचना केन्द्र स्थापना गरी सूचना प्रविधिमैत्री बनाइने तथा एकीकृत रुपमा स्थानीय तथ्याङ्कको व्यवस्थापन गरिनेछ ।<br>१.३ प्रत्येक वडा कार्यालयमा सूचना केन्द्र स्थापना गरी सूचना संकलन, विश्लेषण संस्थागत गरी सूचना प्रवाहलाई व्यवस्थित गरिनेछ । |
| २. गाउँबासीमा स्वास्थ्य, शिक्षा, सुरक्षा, रोजगारी, प्रकोप लगायतका विषयमा पहुँच अभिवृद्धि गर्न | २.१ गाउँ कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धि गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ ।<br>२.३ सबै विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन र स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने । | २.३ कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ ।<br>२.४ ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाइबर प्रविधिको इन्टरनेट विस्तार सञ्चालन र विस्तार गर्न नेपाल टेलीकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गरिनेछ ।<br>२.५ टेलिफोन टावरको संख्या र क्षमता वृद्धि गर्न टेलिकम सेवा प्रदायकसँग समन्वय र पैरवी गरिनेछ ।<br>२.६ स्थानीय सञ्चार माध्ययसँग समन्वय गरेर स्वास्थ्य, शिक्षा, सरसफाई, कृषि, उद्यम विकास र विपद व्यवस्थापन लगायतका विषय क्षेत्रमा जनउपयोगी सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ । |
| ३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउने । | ३.१ राजस्व, प्रशासन, योजना, खरिद व्यवस्थापन तथा स्थानीय तथ्याङ्क सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित भई सेवा प्रवाह र विकास कार्य सञ्चालनको व्यवस्था गरिनेछ ।<br>३.२ मोबाइल एप्स्, एफएम रेडियो, पत्रपत्रिका र वेवसाइटको माध्यमबाट सम्पादित योजना, कार्यक्रम, गतिविधि, हासिल उपलब्धि प्रकाशन र प्रसारणको लागि सूचना र सञ्चार प्रविधिको अधितकम उपयोग गरिनेछ ।<br>३.३ गाउँपालिकाको मुखपत्रको रुपमा सिमकोट **विकास बुलेटिन** त्रैमासिक प्रकाशनको व्यवस्था गरिनेछ ।<br>३.४ पदाधिकारी र सेवाग्राही रेडियो, टिभी र सामाजिक सञ्जाल माध्यमबाट संवाद कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ ।<br>३.५ स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य सञ्चालन, उपलब्धि, सफल अभ्यासबारे पत्रकार संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ ।<br>३.६ सामाजिक सञ्जालको प्रयोगलाई समाज अनुकुल र रचनात्मक बनाउन पहल र प्रयास गरिनेछ । |

## ५.कार्यक्रम तथा आयोजना

**तालिका १४ : पूर्वाधार विकास क्षेत्रको कार्यक्रम तथा आयोजना**

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गन | स्थानगत, लक्षित वर्ग वा आयोजना विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| उद्देश्य १: आवास, बस्ती र शहरी विकास | एकीकृत वस्ती विकास आयोजना | संख्या | १ | ५ | १५००० | १६५०० | १८१५० | १९९६५ | २१९६१.५ | ९१५७६.५ | १८३१५.३ | | |
| | बसपार्क निर्माण र सञ्चालन | संख्या | ० | १ | | १०००० | ११००० | १२१०० | १३३१० | ४६४१० | ९२८२ | | |
| | फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र (Landfill) निर्माण र सञ्चालन | स्थान | ० | १ | | ५००० | ५५०० | ६०५० | ६६५५ | २३२०५ | ४६४१ | | |
| | गाउँपालिका कार्यालयको प्रशासकीय भवन (एकीकृत विषयगत सेवा सहिको भवन) | स्थान | ० | १ | | ३००० | ३४५० | ३४८४.५ | ३६५८.७२५ | १३५९३.२३ | २७१८.६५ | | |
| | वडा कार्यालय भवन (विषयगत सेवा सहितका) निर्माण | संख्या | ० | ८ | | ५००० | ५७५० | ५८०७.५ | ६०९७.८७५ | २२६५५.३८ | ४५३१.०७५ | | |
| | आधारभूत पूर्वाधार सहित बजार विकास र व्यवस्थापन | संख्या | १ | | ४००० | ४२०० | ४८३० | ४८७८.३ | ५१२२.२१५ | २३०३०.५२ | ४६०६.१०३ | | |
| | भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामग्री, गुणस्तर सम्बन्धी क्षमता विकास तालिम तथा सचेतना कार्यक्रम | पटक | ० | ६ | | ५०० | ५०५ | ५१०.०५ | ५१५.१५०५ | २०३०.२०१ | ४०६.०४०१ | | |
| | असुरक्षित बस्तीहरूको संरक्षणको लागि रिटेनिङ बाल, ग्याविन वाल तथा बाँध निर्माण | मिटर | १००० | ५००० | ३००० | ३१५० | ३६२२.५ | ३६५८.७२५ | ३८४१.६६१ | १७२७२.८९ | ३४५४.५७७ | | |
| | हरित उद्यान, पिकनिक स्थल निर्माण | स्थान | ० | ८ | | ५०० | ५७५ | ५८०.७५ | ६०९.७८७५ | २२६५.५३८ | ४५३.१०७५ | | |
| | सामुदायिक भवन निर्माण र स्तरोन्नति | संख्या | ० | १५ | | २००० | २३०० | २३२३ | २४३९.१५ | ९०६२.१५ | १८१२.४३ | | |
| | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण र स्तरोन्नति | संख्या | | १ | | ५००० | | | ० | ५००० | १००० | | |
| | मठमन्दिर, पाटीपौवा र धर्मशाला, | संख्या | | | | ० | ० | ० | ० | ० | ० | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण, मर्मतसम्भार र संरक्षण | | | | | | | | | | | |
| | मरानघाट तथा क्रियापुत्री भवन | संख्या | | ३० | | ३००० | ३४५० | ३४८४.५ | ३६५८.७२५ | १३५९३.२३ | २७१८.६४५ | |
| | **उद्देश्य १ को जम्मा** | | | | | | | | | **२६९६९५** | ५३९३८.९ | |
| **उद्देश्य २: सडक, पुल तथा यातायात** | पक्की सडक निर्माण | कि.मि | ५ | २० | १३२००० | १३८६०० | १५९३९० | १६०९८३.९ | १६९०३३.१ | ७६०००७ | १५२००१.४ | |
| | संरचना समेत सडक ग्राभेल कि.मि. | कि.मि. | ० | ५ | ० | ० | १०००० | १०१०० | १०६०५ | ३०७०५ | ६१४१ | |
| | सडक पक्की पूल निर्माण | संख्या | ० | ४ | | ० | ० | १५०० | १५७५ | ३०७५ | ६१५ | |
| | झोलुङ्गे पुल | स्थान | ० | ४ | | २५०० | २८७५ | २९०३.७५ | ३०४८.९३८ | ११३२७.६९ | २२६५.५३८ | |
| | **उद्देश्य २ को जम्मा** | | | | | | | | | ८०५११४.७ | १६१०२२.९ | |
| **उद्देश्य ३: विद्युत् तथा वैकल्पिक ऊर्जा** | सडक वत्ती जडान र विस्तार | संख्या | २२ | १५०० | ४००० | ४४०० | ४८४० | ५३२४ | ५८५६.४ | २४४२०.४ | ४८८४.०८ | |
| | जीर्ण र काठे पोल प्रतिस्थापन कार्यक्रम | संख्या | १ | ५ | ७०००० | ७३५०० | ७७१७५ | ८१०३३.७५ | ८५०८५.४४ | ३८६७९४.१८७५ | ७७३५८.८४ | |
| | वैकल्पिक ऊर्जा प्रवर्द्धन (सोलार, वायोग्यास र सुधारिएको चुल्हो) | पटक | १ | ५ | १२०० | १२६० | १३२३ | १३८९.१५ | १४५८.६०८ | ६६३०.७५७५ | १३२६.१५२ | |
| | पावर व्याकअप प्रणाली जडान र मर्मत संभार | संख्या | ० | ५ | २०० | २१० | २२०.५ | २३१.५२५ | २४३.१०१३ | ११०५.१२६२५ | २२१.०२५३ | |
| | **उद्देश्य ३ को जम्मा** | | | | | ० | ० | ० | ० | ४१८९५०.४७१३ | ८३७९०.०९ | |
| **उद्देश्य ४: सूचना तथा सञ्चार प्रविधि** | इन्टरनेट क्षमता विस्तार | पटक | १ | | १००० | ११०० | १२१० | १३३१ | १४६४.१ | ६१०५.१ | १२२१.०२ | |
| | सेवा प्रवाह सम्बन्धी सफ्टवेयर प्रणाली सञ्चालन | पटक | ६ | ७ | ५०० | ५५० | ६०५ | ६६५.५ | ७३२.०५ | ३०५२.५५ | ६१०.५१ | |
| | सिमकोट विकास बुलेटिन प्रकाशन र प्रसारण | चौमासिक | ० | १६ | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | ६१.०५१ | |
| | सिसिटिभि, डिजिटल डिस्प्ले वोर्ड, नेटवर्किङ, विद्युतीय हाजिरी, अडियो नोटिस वोर्ड स्थापना | संस्था | ७ | २५ | ३०० | ३३० | ३६३ | ३९९.३ | ४३९.२३ | १८३१.५३ | ३६६.३०६ | |
| | स्थानीय मिडिया परिचालन कार्यक्रम | पटक | | | | ० | ० | ० | ० | ० | ० | |
| | जनप्रतिनिधि सेवाग्राही अन्तरसम्वाद कार्यक्रम | त्रैमासिक | ४ | १६ | ४० | ४४ | ४८.४ | ५३.२४ | ५८.५६४ | २४४.२०४ | ४८.८४०८ | |
| | **उद्देश्य ४ को जम्मा** | | | | | | | | | ११५३८.६४ | २३०७.७२८ | |
| | **पूर्वाधार क्षेत्रको जम्मा** | | | | २३१२९० | २८०३९९ | ३१७२४२.९ | ३२८८२४ | ३४७५४२.५ | ३०१०५९७ | ६०२११९.४ | |

## ६.पूर्वाधार विकास क्षेत्रको अपेक्षित उपलब्धि तथा नतिजा

गाउँपालिका वडा नम्बर ५ र ६ को सिमकोट क्षेत्रमा र वडा नम्बर ७ को सिमकोट बजार क्षेत्र समेत २ स्थानमा जग्गा एकीकरण र जग्गा विकास गरी नमूनाको रुपमा एकीकृत र व्यवस्थित बस्ती विकास भएको हुनेछ। गाउँपालिकाको ग्याग्रु,सिमकोट लाग्ना,धारापोरी,टुलिङ आदि क्षेत्रमा योजनावद्ध र भौतिक पूर्वाधारयुक्त सुरक्षित तथा व्यवस्थित वस्ती विकास भएको हुनेछ। योजना अवधिमा ५ वटा बजार केन्द्रहरू आधारभूत पूर्वाधार समेत व्यवस्थित रुपमा विकास भएका हुनेछन्। वडाका प्रमुख वस्तीहरूमा एक पोखरी, एक मनोरञ्जन पार्क तथा उद्यान र एक खुल्ला स्थानको व्यवस्थापन हुनेछ। गाउँपालिका ८० प्रतिशत घरपरिवार भूकम्प प्रतिरोधि आवासमा बसोबास गरेका हुनेछन्।

गाउँपालिकाको ८ वटै वडा केन्द्रहरू बाह्रै महिना यातायात सुचारु हुने सडक सञ्जालमा जोडिकएका हुनेछन्। पक्की सडकमा पहुँच हुने जनसंख्या २० प्रतिशत पुगेको हुनेछ। गाउँपालिकामा बसोबास गर्ने हरेक घरपरिवार ६० मिनेट सयममा गाउँपालिका केन्द्र र ३० मिनेट समयमा बडा केन्द्रमा पुग्न सक्नेछन्। हरेक स्वास्थ्य संस्थामा यातायात सुविधा पुगेको हुनेछ। गाउँपालिकामा बसोबास गर्ने २५ प्रतिशत घरपरिवारसँग यातायातको आफ्नै कुनै साधन उपलब्ध रहेको हुनेछ।

यसैगरी योजना अवधिमा ५० प्रतिशत घरपरिवारले विद्युत, सुधारिएको चुल्हो, वायोग्यास लगायत सुधारिएको र स्वच्छ ऊर्जामा पहुँच पुगेको हुनेछ। यसैगरी टिभि, कम्प्युटर, इन्टरनेट र इमेल लगायत सुचना प्रविधिमा ८५ प्रतिशत जनसंख्याको पहुँच पुगेको हुनेछ। पूर्वाधार विकास क्षेत्रको नतिजा खाका देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १५ : पूर्वाधार विकास विषय क्षेत्र नतिजा खाका**

| नतिजा तह | नतिजा | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | सूचनाको स्रोत | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | |
| **प्रभाव :**<br>बसोबास र भौतिक सुविधा तथा अन्तर आवद्धता सहज, व्यवस्थित र उत्थानशील भएको हुने | पक्की/सुरक्षित घरमा बसोबास गर्ने परिवार | प्रतिशत | ६० | ६२ | ६५ | ७० | ७५ | ८० | ३५२ | -गाउँ स्थितिपत्र<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन<br>-नेपाल सरकार र प्रदेश सरकारको विषय क्षेत्रगत प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- समुदायको योगदान र निगरानीमा वृद्धि हुनेछ। |
| | गाउँपालिका केन्द्रमा पुग्न लाग्ने औसत समय | मिनेट | १२० | ११० | १०० | ९० | ८० | ६० | ४४० | | |
| | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | २६ | ४० | ६० | ९० | १२० | १५० | ४६० | | |
| | आफ्नै यातायातको साधन भएका घरपरिवार | प्रतिशत | १० | १२ | १५ | १८ | २२ | २५ | ९२ | | |
| | नविकरणीय ऊर्जाको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ३३ | ३५ | ३८ | ४२ | ४६ | ५० | २११ | | |
| | कम्प्युटर, इन्टरनेट इमेल लगायत सुचना प्रविधिमा पहँच भएका जनसंख्य | प्रतिशत | ४५ | ५० | ५६ | ६२ | ६८ | ७५ | ३११ | | |
| **असर १ :**<br>आवास, बजार, औद्योगिक तथा पर्यटकीय पूर्वाधार व्यवस्थित र उत्थानशील भएको हुने | **वस्ती विकास र आवास** | | | | | | | | ० | | - |
| | भूकम्प प्रतिरोधी प्रविधि अनुसार निर्माण भएका आवासीय घर | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ९० | ३८० | -गाउँ स्थितिपत्र<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन<br>-नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - सङ्घीय शासन अनुसार नीतिगत वातावरण तयार हुनेछ।<br>-स्थानीय सरोकारवालाको सहकार्य एवम् साझेदारी वृद्धि हुनेछ।<br>- कोभिड १९ को असर न्यूनीकरण हुनेछ। |
| | मापदण्ड अनुसार निर्माण भएका आवासीय घर | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ६० | २३० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | ४५ | ४७ | ४८ | ५० | ५२ | ५५ | २५२ | | |
| | चट्याङ रहित घर निर्माण | प्रतिशत | ३ | ५ | ८ | १० | १२ | १५ | ५० | | |
| | भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष | ज्ना | १२० | १५० | १८० | २१० | २४५ | ३०० | १०८५ | | |

| नतिजा तह | नतिजा | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | सूचनाको स्रोत | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | |
| | व्यक्ति | | | | | | | | | | |
| **असर २ :** यातायात र सहायक पूर्वाधार तथा सुविधा विकास र विस्तार भएको हुने | **सडक तथा यातायात** | | | | | | | | ० | | |
| | नियमित यातायात सञ्चालन हुने रुट | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | ४० | - गाउँ स्थितिपत्र<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ।<br>- संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ । |
| | पक्की सडक | कि.मि. | २२ | ३४ | ४६ | ५८ | ७० | ८२ | २९० | | |
| | ग्राभेल सडक | कि.मि. | ७८ | ९६ | ११४ | १३२ | १५० | १६८ | ६६० | | |
| | पक्की पुल | संख्या | ३ | ६ | ७ | ८ | १० | १३ | ४४ | | |
| | नियमित मर्मत संभार भएको सडकको लम्बाई | कि.मि. | ७८ | ९० | १०२ | ११४ | १२६ | १३८ | ५७० | | |
| | वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | ० | ०.५ | १.० | १.५ | २.० | ३ | ८ | | |
| **असर ३ :** विद्युत् र स्वच्छ ऊर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि भएको हुने | **जलश्रोत,विद्युत् र वैकल्पिक ऊर्जा** | | | | | | | | ० | | |
| | जडान भएका सडक वत्ती | संख्या | २०० | २५० | ३०० | ३५० | ४०० | ५०० | १८०० | - गाउँ स्थितिपत्र<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | धुवारहित चुल्हो जडान भएका परिवार | प्रतिशत | ५ | ८ | १२ | १६ | १८ | २० | ७४ | | |
| | प्रति घरपरिवार वार्षिक विद्युत् खपत दर | प्रतिशत | ३६० | ३७० | ३८० | ३९० | ४०० | ४२० | १९६० | | |
| **असर ४:** विद्युतीय सुशासन, सूचना तथा सेवाको उपलब्धता र उपभोगमा वृद्धि भएको हुने | **सूचना ,सञ्चार तथा प्रविधि** | | | | | | | | ० | | |
| | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ६५ | ६८ | ७२ | ७६ | ८० | ८५ | ३८१ | - गाउँ स्थितिपत्र<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन<br>- नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी वृद्धि हुनेछ । |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ६० | ६४ | ६८ | ७२ | ७६ | ८० | ३६० | | |
| | गाउँपालिकाबाट सञ्चालित मोवाइल एप्स, सफ्टवयर आदि | संख्या | ८ | ९ | १० | ११ | १२ | १२ | ५४ | | |
| | फ्रि वाइफाइ जोन (पर्यटकीय क्षेत्रमा) | संख्या | ० | २ | ४ | ६ | ८ | ९ | २९ | | |
| **प्रतिफल १.१ :** वस्ती तथा आवास भौतिक पूर्वाधारयुक्त, सुरक्षित र व्यवस्थित विकास भएको हुने | योजनावद्ध र भौतिक पूर्वाधारयुक्त सुरक्षित र व्यवस्थित वस्ती | संख्या | ० | १ | १ | २ | २ | २ | ८ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघ, प्रदेश, गैसस, निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। |
| | पोखरी, उद्यान र खुल्ला स्थान उपलब्ध वस्ती | संख्या | ० | २ | ४ | ६ | ८ | १० | ३० | | |
| **प्रतिफल १.२ :** बजारहरू व्यवस्थित र आधारभूत पूर्वाधारयुक्त भएका हुने | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | ० | १ | २ | ३ | ४ | ५ | १५ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ।<br>- संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। |
| | पक्की सडकमा पुग्न लाग्ने औषत समय | मिनेट | १०५ | ८० | ७० | ६० | ५० | ४५ | ३०५ | | |
| **प्रतिफल २.१ :** | १२ है महिना यातायात सुचारु सडक | संख्या | ५ | ६ | ७ | ८ | ८ | ८ | ३७ | - सर्वेक्षण प्रतिवेदन | - संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा |

| नतिजा तह | नतिजा | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | सूचनाको स्रोत | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | |
| यातायातको पहुँचमा वृद्धि भएको हुने | संजालमा जोडिएका वडा | | | | | | | | | -प्रगति प्रतिवेदन | वृद्धि हुनेछ। |
| | वडा केन्द्र पुग्न लाग्ने समय | मिनेट | ६० | ५० | ४५ | ४० | ३५ | ३० | २०० | | |
| **प्रतिफल २.२ :**स्वच्छ ऊर्जा पहुँचमा वृद्धि भएको हुने | सुधारिएको इन्धनमा पहुँच भएका घरपरिवार | प्रतिशत | ६५ | ६६ | ६८ | ७२ | ७६ | ८० | ३६२ | -सर्वेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | - संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। |
| **प्रतिफल ४.१** : सूचना प्रविधिको पहुँचमा वृद्धि भएको हुने | कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएको जनसंख्या | प्रतिशत | ४४ | ४८ | ५८ | ६५ | ७२ | ८० | ३२३ | -प्रगति प्रतिवेदन | - संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। |
| **प्रतिफल ४.२** :विद्युतीय सुशासनको उपयोगमा वृद्धि भएको हुनेछ | विद्युतीय प्रणाली | संख्या | ६ | ७ | ८ | ९ | १० | १० | ४४ | | |
| | विद्युतीय प्रणालीबाट सेवा सुचारु विषय क्षेत्र | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | ६५ | | |
| | | | | **१८८६.५** | **२०७८** | **२२८२.५** | **२४९०** | **२७८५** | **११५२२** | - | - |
| आयोजना तथा कार्यक्रम | यससम्बन्धित विवरण अघिल्लो तालिकामा प्रस्तुत गरिएको छ। | | | | | | | | | - | - |

## ७.आयोजना तथा कार्यक्रमको सांकेतिकरण

आयोजना तथा कार्यक्रमको सांकेतिकरण अनुसुची ३ मा उल्लेख गरिएको छ। -

# पूर्वाधार विकासको उपक्षेत्रगत विवरण

## ६.१ बस्ती,आवास,भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमी

निजी क्षेत्र समेतको सक्रियतामा सबैका लागि क्षमतानुसारको सुरक्षित आवासको व्यवस्था गर्न किफायती, वातावरणमैत्री तथा प्रकोपको जोखिममुक्त सार्वजनिक तथा निजी भवनहरू निर्माण तथा विकास गर्नुपर्ने आवश्यकता रहेको छ । दैवी प्रकोपबाट हुने क्षतिलाई समेत मध्यनजर गरी भवन संहिता निर्माण गर्ने तथा भएका भवनहरूको जोखिम परीक्षण गरी आवश्यकतानुसार सबलीकरण गर्नु उत्तिकै जरूरी छ । प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने संवैधानिक प्रावधान अनुसार समेत सबैका लागि सुरक्षित, पर्याप्त र औकात अनुसारको आवास उपलब्ध गराउने दूरदृष्टि सहितको राष्ट्रिय आवास नीति, २०६८ को प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ । विस्तृत घरधुरी सर्वेक्षण, २०७६ अनुसार यस सिमकोट गाउँपालिकामा कुल २६०८ घर/भवन रहेका छन्, जसमा २४४५ परिवार बसोवास गर्दछन् । आवासीय घरहरूमध्ये ९६.१३ प्रतिशत घरपरिवार आफ्नै स्वामित्वको घरमा बस्दछन् । अति विपन्न लक्षित वर्गका लागि सरकारबाट जनता आवास कार्यक्रम र व्यावसायिक क्षेत्रमा आवास एकाई निर्माण कार्य अघि बढेको छ । स्थानीय निर्माण सामग्री र प्रविधि प्रयोग गरी बनाइएका सरकारी भवनहरूको प्रारूप तयार गरी किफायती आवासका विभिन्न नमुनाहरू तयार भएका छन् ।

गाउँपालिकामा क्षेत्रमा गाउँपालिका, प्रदेश तथा नेपाल सरकारका सम्बन्धित निकायबाट आवास तथा भवन सडक, पूल निर्माण जस्ता विद्युतीकरण जस्ता पूर्वाधार तथा संरचना निर्माण भएका छन् । गाउँपालिकामा बस्ती विकास तथा भवन निर्माण र योजना सम्बन्धी आधारभूत मापदण्ड २०७२ मा आधारित भई पूर्वाधार विकास र निर्माण कार्यहरू सञ्चालन हुँदै आएको छ । साथै गाउँपालिकामा सडकको मापदण्ड तयार भई कार्यान्वयनमा रहेको छ र यसै अनुसार घरनक्सा पास र भवन तथा भौतिक विकास निर्माणको कार्य सञ्चालनमा रहेको छ ।

### ६.१.२ समस्या तथा चुनौती

गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण समेत भूउपयोग योजना तथा यातायात गुरुयोजना तर्जुमा नहुँदा बस्ती तथा भौतिक विकासलाई व्यवस्थित र भवन निर्माण मापदण्ड पालना गर्न गराउन कठिनाई देखिएको छ । यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवासको निर्माणमा चुनौती थपिएको छ । गाउँपालिका क्षेत्रमा व्यवस्थित बसपार्क र पार्किङ स्थल र यातायातको पक्की सडक नपुगेको वडा र बस्तीहरमा यातायात सञ्चालन हुन सकेको छैन । गाउँपालिकाको वडा नम्बर ५ र ६ सिमकोट क्षेत्रमा सडक, ढल तथा नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, कृषि बजार, पार्क तथा खुल्लास्थान, पार्किङस्थल, खानेपानी लगायतका पूर्वाधार र सुविधाको कमी रहेको छ । राष्ट्रिय भूउपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सो अनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण हुन सकेको छैन । गाउँपालिका क्षेत्रका केहि बस्ती तथा क्षेत्रहरू कटान तथा ढुवानको समस्याका कारण करिब १०० जती घरपरिवार पहिरो तथा बाढीको जोखिम रहेका छन् ।

गाउँपालिकाको बजार र सहर उन्मुख एवम् ग्रामीण क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धिमूलक र प्रभावकारी बनाउन गाउँपालिकामा कार्यपालिकाको एकीकृत भवन, वडा कार्यालय भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधारहरूको कमी रहेको छ । गाउँपालिकामा दमकल र एम्बुलेन्स, विपद्को समयमा सुरक्षित आश्रय स्थल, गोदाम घर र विपदको अवस्थामा उद्धारको सामग्रीको कमी रहेको देखिन्छ । गाउँपालिकामा बसोबास गर्ने कुल घरपरिवारमध्ये ६ प्रतिशत परिवार कच्ची तथा असुरक्षित घरमा बसोबास गरेको देखिन्छ ।

राष्ट्रिय भूउपयोग नीति, २०७२ तथा राष्ट्रिय भूमि ऐन, २०७६ बमोजिम गाउँपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरूको बीचमा हरित क्षेत्रको अवधारणा सहितको भूउपयोग योजना बनाउनु जरुरी देखिन्छ । यसैगरी भूउपयोग योजना र सोको आधारमा बस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी बस्ती विकास तथा भौतिक निर्माणका कार्यहरू कार्यान्वयन गर्नुपर्ने देखिन्छ । गाउँपालिका क्षेत्रबाट विसर्जन हुने फोहोरमैलाको सुरक्षित व्यवस्थापन गर्न ल्याण्डफिल साइट निर्माण गर्ने आवश्यकता देखिएको छ ।

यद्यपि सुरक्षित भवन निर्माणको जागरुकता बढेपनि सुरक्षित भवन निर्माणले संस्थागत रुप लिन नसक्नु,गुणस्तरिय निर्माण सामाग्रीको आपुर्ती व्यवस्था कमजोर हुनु,स्थानीय भवन संहिता पालनामा सरोकारवालाहरुको अपेक्षित सहभागिता नहुनु,भवन संहिता कडाइका साथ लागु गर्न प्राविधिक जनशक्ति पर्याप्त मात्रामा नहुनु र कम लागतका नयाँ निर्माण प्रविधि बारे पर्याप्त अध्ययन अनुसन्धान नहुनु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन् । सुरक्षित बस्ती विकासका लागि जग्गा प्राप्त गर्नु तथा जोखिममा रहेका बस्ती स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामग्रीहरूको गुणस्तरमा सुधार ल्याउनु र समयानुकूल आवास तथा भवन क्षेत्रमा नयाँ प्रविधिहरूको प्रयोग गर्नु,सबै किसिमका भवन सुरक्षित तवरले निर्माण गर्नु, सरकारी भवनको निर्माण कार्य एकद्वार प्रणालीबाट सम्पादन गराउनु, न्यून आय वर्गका लागि सुरक्षित बसोवासको व्यवस्था गर्नु, ठूलो सङ्ख्यामा आवश्यक पर्ने सिकर्मी र डकर्मीहरूलाई भवन निर्माण प्रविधि सम्बन्धी तालिम दिई दक्ष बनाउनु, ठूलो सङ्ख्यामा रहेको आवासको माग पूरा गर्नु प्रमुख चुनौती रहेको छ ।

### ६.१.३ सम्भावना तथा अवसर

यस गाउँपालिकामा अझ बलियो निर्माणको अवधारणा अनुसार बस्ती विकास तथा भवन निर्माण र योजना सम्बन्धी आधारभूत मापदण्ड २०७२ मा आधारित भई नक्सापास कार्यविधि, २०७५ तयार गरी लागु गर्न सकिने सम्भावना छ भने हाल निर्माण सम्पन्न भवनको अभिलेखीकरण गर्न सकिन्छ । गाउँपालिकाको विभिन्न स्थानको अध्ययन विश्लेषण गर्दा वडा नम्बर ५ को काठेचुली क्षेत्र र वडा नम्बर ६ को पाँवाडा क्षेत्रमा एकीकृत र व्यवस्थित बस्ती विकासको लागि उपयुक्त स्थान रहेको छ । गाउँपालिकाको ८ वटा वडाहरूमा विभिन्न स्थानमा गरी करिब २६० रोपनी जती सार्वजनिक खुल्ला जमिन उपलब्ध रहेको छ । गाउँपालिकाको ८ वटा वडा कार्यालयहरू मध्ये वडा नम्बर २,३,६,७ र  को वडा कार्यालयहरू आफ्नै भवनमा सञ्चालनमा रहेका छन् भने बाँकी वडाका कार्यालयहरू भवन भाडाको घरमा सञ्चालनमा रहेका छन् । साथै वडा नम्बर ५ को वडा कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेको छ । गाउँपालिकाको वडा नम्बर ६,माथिल्लो बजारमा सानो अस्थायी बसबार्क सञ्चालनमा रहेको छ ।

गाउँपालिकामा बसोबास गर्ने कुल २४४५ घरपरिवार अर्थात् शतप्रतिशत घर कच्ची रहेको देखिन्छ । कुल घरपरिवारमध्ये ९५.९ प्रतिशत परिवारको आफ्नै घर भएको, २ प्रतिशत भाडामा र बाँकी घरपरिवार सुकुम्बासी रहेको सर्भेक्षणबाट देखिएको छ ।

कुनै पनि घरपरिवारले घर नक्सा पास गरी घर निर्माण सम्पन्न तथा अभिलेखीकरणको प्रमाणपत्र लिएको देखिदैन । गाउँपालिकामा सरकारी र सार्वजनिक भवन रहेको र कुनै पनि भवन भूकम्प प्रतिरोधी र मापदण्ड अनुसार निर्माण भएको देखिदैन ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.१.४.१ सोच

सबै नागरिकको सुरक्षित, सुलभ र व्यवस्थित आवासमा पहुँच ।

#### ६.१.४.२ लक्ष्य

वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने ।

#### ६.१.४.३ उद्देश्य

- व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु ।
- सबै प्रकारका प्रकोप प्रतिरोधी सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्नु ।

#### ६.१.४.४ रणनीति

- विपन्न र सीमान्तीकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने ।
- सार्वजनिक-निजी साझेदारी समेतमा वातावरणीय दृष्टिले सन्तुलित, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त एवम् सुरक्षित बस्ती विकास तथा भवन निर्माणलाई प्रोत्साहित गर्ने ।

- सरकारी सेवालाई एकीकृत, सुलभ र सहज बनाउन एकीकृत प्रशासनिक क्लस्टर तथा भवनको विकास गर्ने ।
- सबै प्रकारका विपद् जोखिम न्यूनीकरण गर्न आवास र बस्ती विकास गर्ने ।

**४.५. प्रमुख कार्यक्रमहरू**

- सुरक्षित आवास सम्बन्धी नीति तथा निर्देशिका तर्जुमा ।
- छरिएर रहेको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधार सहित नमुना एकीकृत बस्ती विकास ।

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

ज्येष्ठ नागरिक आवास र सामुदायिक आवास निर्माण भएको हुनेछ । पूर्वाधार सहितको २ ओटा नमुना एकीकृत बस्ती विकास भएको हुनेछ । गाउँपालिकामा १वटा एकीकृत सरकारी कार्यालय भवन, २ वटा सभाहल निर्माण भएको हुनेछ । भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत सडक,यातायात व्यवस्था,सिंचाइ,भवन,साना जलबिद्युत र बैकल्पिक उर्जा क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा अघिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

सिमकोट गाउँपालिकामा हाल नक्सा पास कार्यविधि र भवन मापदण्ड लागु नहुदा अव्यवस्थित भवन र अन्य निर्माण कार्य भइरहेकाले कालान्तरमा व्यवस्थित बस्ती विकास र भवन मापदण्ड पालना गर्न जोखिम हुन सक्छ ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

गाउँपालिकाको आर्थिक-सामाजिक विकासलाई गतिशील पार्न, सर्वसाधारणलाई पुऱ्याइने सेवालाई सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकरण एवम् गाउँपालिकागत तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ । विगतका वार्षिक योजनाहरूले सडक यातायातलाई उच्च प्राथमिकतामा राख्दै आएका छन् । सिमकोटको आर्थिक-सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने रणनीतिक महत्वका सडकहरूलाई विशेष जोड दिइँदै आएको छ । आ.व. २०७८/७९ को अन्त्य सम्ममा गाउँपालिकाका ८ वटै वडाहरुमा कच्ची सडक पुऱ्याउने योजना रहेको र हाल उक्त सम्पूर्ण वडाहरु अन्य गाउँपालिका तथा जिल्ला सदरमुकाम सडक सञ्जालसँग जोडिएका छन् । यसका अतिरिक्त स्थानीय स्तरबाट निर्मित सम्पूर्ण सडक यातायात योग्य भएकोले बाह्रै महिना सञ्चालन योग्य रहेका छन् । सबै वडाहरूमा कच्ची सडकको सञ्जाल पुऱ्याउन यस आवधिक योजनामा सडक उप-क्षेत्रमा भएका विगतका प्रयासहरूका साथसाथै केही नवीनतम प्रयत्नहरूलाई पनि प्राथमिकता दिइनेछ ।

### ६.२.२ समस्या तथा चुनौती

गाउँपालिका सबै वडा तथा वस्तीहरू स्थानीय सडक सञ्जालमा जोडिएको भए राष्ट्रिय सडक सञ्जालमा जोडिन सकेका छैनन् भने यातायातका साधनहरु सुचारु रुपमा चल्न सकेका छैनन् । बजार र आवास क्षेत्रमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापन हुन सकेको छैन । यस गाउँपालिकामा हालसम्म सडकको अधिकार क्षेत्र सुरक्षित गर्न र सडकको दायावायाँ वृक्षारोपण गरी सुन्दरता कायम गर्न नसकेको देखिन्छ । गाउँपालिकाको विभिन्न स्थानमा सडक अधिकार क्षेत्र अतिक्रमण भईरहेको, सडकहरूको रेखाङ्कन, नक्शाङ्कन, नामाकरण र प्राथमिकता निर्धारण हुन नसकेको, सडक सुरक्षाका संकेतहरू नहुँदा दुर्घटना भैरहेको देखिन्छ ।

सडकहरूको स्तरोन्नति गरी पक्की तथा ग्राभेल गर्न र आवश्यक स्थानमा पक्की पुल तथा कल्भर्ट, सडक नाला र सडक सुरक्षाको व्यवस्था हुन सकेको छैन । सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन । वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दै गईरहेको छ । सडक निर्माणसँग आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरू प्राथमिकताका साथ सञ्चालन गर्न सकिएको छैन । तसर्थ यातायातका पूर्वाधारको अपेक्षाकृत एकीकृत विकास नहुनु,मापदण्ड बिना आयोजना पहिचान तथा छनोट हुनु,आवश्यक पूर्वतयारी बिना आयोजना कार्यान्वयनमा लैजानु,दक्ष श्रमिक तथा अन्य विषयगत जनशक्तिको उपलब्धतामा कमि रहनु र गुणस्तरिय निर्माण सामग्रीका साथै स्थानीय तहको क्षेत्राधिकारमा रहेको नदीजन्य निर्माण सामाग्रीको सहज उपलब्धता हुन नसक्नु यस

क्षेत्रका प्रमुख समस्या हुन् साथै बजेटको विनियोजन र सञ्चालन कुशलताको अभाव हुनु, संस्थागत, व्यवस्थापकीय तथा प्राविधिक संशाधन क्षमतामा अपेक्षाकृत वृद्धि नहुनु,सडकप्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु,आयोजना व्यवस्थापनमा सुशासन कायम राख्न गर्नुपर्ने उपायहरूको अबलम्बन नहुनु,ठेक्का व्यवस्थापनमा पर्याप्त कमजोरी रहनु,सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु,जग्गा अधिग्रहण कार्यमा अन्तर निकाय समन्वयको अभाव रहनु,सडक विस्तारमा सडक सीमा विवाद तथा मुआब्जाको लागि स्थानीय जनताबाट अवरोध हुनु र अनुगमन र मूल्याङ्कनलाई नतिजासंग आबद्ध गर्न नसक्नु लगायतका समस्या समेत विद्यमान छन् । कठिन भौगौलिक अवस्थाका कारण खर्चिलो भएको निर्माण कार्यको व्यवस्थापन गर्नु, निर्मित संरचनाहरूको मर्मत सम्भार र सम्पत्ति सुरक्षाका लागि स्रोत-साधनको पर्याप्त व्यवस्था गर्नु, अत्याधिक मागका कारण स्रोत साधनको प्राथमिकीकरण गर्नु, छरिएर रहेका बस्तीहरूमा सडक विस्तार गर्नु, बाह्रै महिना भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्नु, प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु, विभिन्न निकाय बीच समन्वय कायम गरी प्रभावकारिता वृद्धि गर्नु र निजी क्षेत्रको क्षमता, सम्भावना तथा लगानी आकर्षण गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### ६.२.३ संभावना तथा अवसर

नेपालको महत्वपूर्ण सडकमा पर्ने कर्णाली करिडोर अन्तर्गत जमुनाहा हिल्सा सडकको महत्वपूर्ण भाग यसै गाउँपालिका अन्तर्गत पर्दछ । गाउँपालिकाको ८ वडाहरूमध्ये ७ वटा वडाहरू हाल आन्तरिक सडक सञ्जालमा जोडिएको र बाँकी १ वटा वडा मोटरेबल पुलका कारण सडकमा यातायातका साधनहरु सञ्चालन हुन सकेका छैनन् । यस गाउँपालिकामा सडकको अधिकार क्षेत्र, मापदण्ड निर्धारण र सडकको वर्गीकरण र नामकरण तर्जुमाको क्रममा रहेको छ । गाउँपालिका भित्र विभिन्न स्थानमा ठूला साना गरी ८ वटा झोलुङ्गे पुल सञ्चालन भईरहेका छन् । यसबाट आवतजातमा सहजता र सुविधामा वृद्धि भएको छ । गाउँपालिकाको विकासको लागि सडक सञ्जालको विकास एवम् सुदृढीकरणको रणनीति तयारीका लागि पहल हुनु, स्थानीय स्तरबाट सडक विकासको लागि अत्याधिक उत्साह र माग रहनु, सडक उपक्षेत्रलाई गाउँपालिकाको विकासको उच्च प्राथमिकतामा राखिनु र विकास साझेदारहरूको उल्लेख्य सहयोग रहनु सडक क्षेत्रका अवसरहरू हुन् ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.२.४.१ सोच

सडक यातायातको विकास मार्फत आर्थिक समृद्धि ।

#### ६.२.४.२ लक्ष्य

स्थानीय सडक सञ्जालको विस्तार गरी आर्थिक-सामाजिक विकास, व्यापार विस्तार एवम् विविधीकरण तथा अन्तर गाउँपालिका स्तरिय सम्बन्ध सुदृढीकरणमा टेवा पुऱ्याउने ।

#### ६.२.४.३ उद्देश्य

- प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवा मार्फत आर्थिक क्रियाकलाप विस्तार र सेवाप्रवाहको प्रभावकारिता बढाउनु ।
- वडा र गाउँपालिका बीच, गाउँपालिका-गाउँपालिका बीच, गाउँपालिका र जिल्लाबीच तथा छिमेकी गाउँपालिकाहरूसँगको व्यापारिक सम्बन्ध विस्तार गर्नु ।

#### ६.२.४.४ रणनीति

- आर्थिक वृद्धिलाई योगदानपुग्ने गरी सुरक्षितयातायातपहुँच र सुविधाविस्तार गर्ने ।
- कृषि, उद्योग, व्यापार, जलविद्युत्, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामापहुँच बढाउने गरी यातायातविस्तार गर्ने ।
- अन्तरगाउँपालिकाएवं जिल्लाकानाका र यातायात सञ्जाल जोड्ने सडकहरूको विकास, विस्तार र सुदृढीकरण गर्ने ।

#### ६.२.४.५ प्रमुख कार्यक्रमहरू

- आधारभूत सडक सञ्जाल विस्तार
- व्यापारिक एवम् महत्वपूर्ण सडकहरूको विकास
- व्यापारिक नाका जोड्ने सडकहरूको विकास
- सडक सञ्जालको मर्मत सम्भार
- सडक तथा पुलहरूको निर्माण तथा मर्मत सम्भारबाट सामाजिक एवम् वातावरणीय पक्षमा पर्ने नकारात्मक असर न्यूनीकरण
- परम्परागत विधिका अतिरिक्त सार्वजनिक-निजी साझेदारी, डिजाइन एन्ड विल्ड, निर्माण सञ्चालन तथा हस्तान्तरण प्रक्रियाबाट पूर्वाधार विस्तार ।

### ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सडक संरचना र पुलहरू निर्माण भई मर्मत सम्भार भएको हुनेछ । नयाँ सडक निर्माण भएको र उक्त सडकको स्तरोन्नति भएको, केहि सडकको आवधिक मर्मत भएको र केहि सडकको नियमित मर्मत भएको हुनेछ । २ वटा नयाँ सडकपुलको निर्माण कार्य थालनी भएको हुनेछ । गाउँपालिकादेखि सदरमुकामसम्म ग्राभेल सडकको पहुँच पुगेको र सम्पूर्ण वडाहरूमा सडक सञ्जाल पुगेको हुनेछ । भौतिक पूर्वाधारक्षेत्र अन्तर्गत सडक,यातायात व्यवस्था,सिंचाइ,भवन,साना जलबिद्युत र बैकल्पिक उर्जा क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

हाल सडकको क्षेत्राधिकार नतोकिदा सडकको छेउछाउमा बनेका र बन्ने संरचनाहरु भविष्यमा हटाउनु पर्ने हुन सक्छ । त्यसै गरी हाल निर्माण भएका सडकहरु मपदण्ड विना तत्कालको आवश्यकताका लागि निर्माण भएका हुदा भविष्यमा यस्ता प्रकारका सडकहरुबाट जोखिम बढ्न जाने देखिन्छ । त्यसै गरी पुल पुलेसाहरु दीर्घकालिन रुपमा असरको लेखाजोखा नगरी निर्माण भएकाले श्रोत खेर जान सक्ने जोखिम छ ।

## ६.३ जलश्रोत,विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमी

नेपालको लागि जलविद्युत् नै ऊर्जाको महत्वपूर्ण एवम् भरपर्दो स्रोत हो । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । ऊर्जा क्षेत्र पनि विकासको मेरूदण्ड भएकोले आवधिक योजनाहरूमा ऊर्जा क्षेत्रले उच्च प्राथमिकता पाउँदै आउनुपर्छ । सरकारी, निजी र सामुदायिक लगानीका साथसाथै विदेशी लगानी मार्फत जलविद्युत् क्षेत्रको विकास तथा प्रवर्द्धन गर्न सकिन्छ । कुल जलविद्युत् जडानमा बृद्धि भइ विद्युत्मा जनसङ्ख्याको पहुँच ९५ प्रतिशत छ । हाल गाउँपालिकाका ८ वटै वडामा विद्युतीय पूर्वाधार पुगेको छ । अतःऊर्जामा आत्मनिर्भर हुन साना जलविद्युत् तथा ठूला आयोजनाहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजान आवश्यक छ ।

दिगो विकासका लक्ष्य, सबैका लागि दिगो ऊर्जाको अवधारणा, जलवायु परिवर्तनका असर न्यूनीकरण, लैङ्गिक समानता लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयन गर्न र हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न वैकल्पिक क्षेत्रको तीव्र विकास हुनु आवश्यक छ । नेपालको संविधानले वैकल्पिक ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ । राष्ट्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका ग्रामीण बस्तीहरूमा सेवा पुऱ्याउन, बढ्दो ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउन र परम्परागत एवम् आयातित ऊर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका वैकल्पिक ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूलप्रवाहमा ल्याउनु जरुरी छ । यसअन्तर्गत बायोग्याँस प्लान्टको जडान, सौर्य ऊर्जा प्रणाली र हावाबाट बिद्युत उत्पादन गरी उर्जा क्षेत्रमा राहात पुग्ने देखिन्छ ।

### ६.३.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा अझै पनि ६७ प्रतिशत घरपरिवारले खाना पकाउने मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् । विद्युत, वायोग्यास, सुधारिएको चुल्हो तथा स्वस्थ ऊर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ । गाउँपालिकाको ग्रामीण क्षेत्रमा विद्युत् पोल तथा ट्रान्समिसन लाईन पुराना रहेको, तारहरू खुला तथा यत्रतत्र छरिएर रहेको र बजार क्षेत्रमा विद्युत् लाइनलाई भूमिगत रुपमा प्रसारण र वितरण हुन सकेको छैन । ग्रामीण क्षेत्रहरूमा उद्योग व्यवसाय सञ्चालन, सिंचाइको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रि फेजको विद्युत् लाईनको कमी रहेको छ । गाउँपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन । गाउँपालिका क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरू बीचको समन्वय र सहकार्य विकासको प्रमुख चूनौतिको रुपमा देखिएको छ । यसैगरी धेरै जलविद्युत आयोजना प्राकृतिक खोला,नदी प्रणालीमा आधारित रहनु, सुख्खा याममा विद्युतको माग पुरा हुन नसक्नु,विद्युत वितरण प्रणालीको सुदृढीकरण हुन नसक्नु,विद्युत आपुर्ति भरपर्दो र गुणस्तरिय नहुनु, वातावरणीय प्रभाव मुल्यांङ्कन प्रभावकारी नहुनु,जग्गा प्राप्ति सम्बन्धी कठिनाइले आयोजना कार्यान्वयनमा ढिलाई हुनु,अन्तर निकाय समन्वयमा कमी हुनु, प्रसारण लाइन निर्माणका लागि आवश्यक निजी जग्गा प्राप्ति तथा वन क्षेत्रमा निर्माण कार्यमा ढिलाइ र व्यवस्थापनमा कठिनाइ हुनु,आयोजना व्यवस्थापनका पूर्व चरणमा गर्ने कार्य समयमै सम्पन्न हुन नसक्नु,आयोजनाको लागतमा बढोत्तरी हुनु र आयोजना बैंकको अभाव हुनु,जलविद्युत आयोजना निर्माणमैत्री पूर्वाधारको कमी हुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् । ऊर्जा सुरक्षाको आधारको रूपमा रहेको वैकल्पिक ऊर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु,तुलनात्मक रूपमा सुरुवाती लागत बढी हुने वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धन र विस्तारका लागि आवश्यक सहुलियत ऋण,जोखिम व्यवस्थापन तथा बिमा सम्बन्धी आवश्यक व्यवस्था नहुनु,निजी क्षेत्रले ग्रामीण क्षेत्रमा अपेक्षाकृत लगानी गर्न नसक्नु,स्थानीय तहमा वैकल्पिक ऊर्जा प्रविधि प्रवर्द्धन तथा प्रयोग सम्बन्धमा क्षमताको कमी हुनु,वैकल्पिक ऊर्जा सम्बन्धी केन्द्रीय सूचना प्रणाली व्यवस्थित नहुनु र वैकल्पिक ऊर्जा घरायसी आधारभूत आवश्यकता परिपुर्तिमा मात्र केन्द्रित रहनु यस क्षेत्रका समस्या रहेका छन् ।

### ६.३.३ सम्भावना तथा अवसर

यस गाउँपालिकाको ८ वटै वटामा विद्युत् सेवा उपलब्ध रहेको छ । बत्ती बाल्नको लागि ९९ प्रतिशत घरपरिवारले बिजुली वत्ती र १ प्रतिशत घरपरिवारले सोलार प्रणालीको प्रयोग हुने गरेको देखिन्छ । कुल २४४५ घरपरिवारमध्ये १३ प्रतिशतले सुधारिएको इन्धन मुख्य गरेर एलपी ग्याँस र विद्युत्को प्रयोग गर्ने गरेको देखिन्छ । अझ पनि ८७ प्रतिशत घरपरिवारले मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् । सो मध्ये धुवाँरहित चुल्हो प्रयोग गर्ने घरपरिवार करिब ५० प्रतिशत रहेको छ । तसर्थ ऊर्जालाई आर्थिक विकासको मेरूदण्डका रूपमा अङ्गीकार गरी आर्थिक समृद्धिको माध्ममका रूपमा पहिचान हुनु, ऊर्जा क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहनु, लगानीका प्रशस्त अवसर देखिनु, वैदेशिक लगानीको लागि पर्याप्त सम्भावना रहनु, निजी क्षेत्र तथा स्थानीय जनताको सेयर लगानी बढ्दै गई जनताको स्वामित्व कायम हुनु जलविद्युत् क्षेत्रका अवसरका रूपमा लिन सकिन्छ ।

न्यून आय भएका जनसमुदायमा वैकल्पिक ऊर्जाको पहुँचमा वृद्धि हुनु तथा ग्रामीण क्षेत्रमा सौर्य ऊर्जा प्रतिको आकर्षण बढ्दै जानु, यस क्षेत्रमा विभिन्न विकास साझेदारहरूको सहभागिता बढ्दै जानु, वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रहरूको सहभागिता बढ्दै जानु, स्वच्छ ऊर्जाको विकास र प्रयोगमा विश्वव्यापी लहर आउनु, वैकल्पिक ऊर्जा प्रविधिहरूलाई स्वच्छ विकास संयन्त्रको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गरी सम्भाव्य प्रविधिहरूलाई क्रमशःकार्बन परियोजना तथा कार्यक्रमको रूपमा विकास गर्दै लैजान सकिने अवस्था रहनु लगायतका अवसरहरू विद्यमान छन् ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### ६.३.४.१ सोच

साना जलविद्युत् तथा वैकल्पिक उर्जाको तीव्र विकास मार्फत गाउँपालिकाको विकास र समृद्धि ।

#### ६.३.४.२ लक्ष्य

वैकल्पिक ऊर्जा सुरक्षा सहितको जलविद्युत् विकासबाट विद्युत्मा आत्मनिर्भरता हासिल गरी आर्थिक तथा सामाजिक समुन्नतिमा योगदान पुऱ्याउने ।

#### ६.३.४.३ उद्देश्य
साना जलविद्युत् तथा वैकल्पिक उर्जाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रको सहज पहुँच सुनिश्चित गर्नु ।

#### ६.३.४.४ रणनीति
- साना जलविद्युत् तथा वैकल्पिक उर्जामा लगानी बढाई विद्युत् उत्पादनमा वृद्धि गर्ने ।
- विद्युत्को प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने ।
- वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युत्को पहुँच सर्वसुलभ बनाउने ।

#### ६.३.४.५ प्रमुख कार्यक्रमहरू
- जलाशय युक्त तथा ठूला जलविद्युत् आयोजनाहरूको निर्माण तथा विकास
- साना जलविद्युत् आयोजनाहरूको अध्ययन
- जलाशययुक्त आयोजनाहरूको गुरुयोजना विकास ।
- क्रमागत आयोजनाहरूको निर्माण
- निजी क्षेत्रबाट प्रवर्द्धित निर्माणाधीन सानाजलविद्युत् आयोजनाहरूको अनुगमन तथा आवश्यक निर्णय प्रक्रियामा तदारुकता अपनाई निर्धारित समयमै निर्माण सम्पन्न ।
- प्रसारण लाइन आयोजनाहरू
- नदी बेसिनमा आधारित उच्च क्षमताका विद्युत् प्रसारण लाइनहरूको सम्भाव्यता अध्ययन ।
- वर्तमान ऊर्जा सङ्कट न्यूनीकरण गर्न अन्य वैकल्पिक ऊर्जा स्रोतको सम्भाव्यता अध्ययन एवम् उत्पादन ।

### ६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका
जलविद्युत् जडित क्षमता हालको बाट बढेर १ वटा मेगावाट पुगेको, केहि मे.वा. क्षमताका विद्युत् आयोजनाहरू निर्माण प्रक्रियामा भएको, नयाँ प्रसारण लाइन निर्माण भएको,राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् सेवा प्राप्त गर्ने जनसङ्ख्या अनुपात बढेको, थप वडामा विद्युत् सेवाको पहुँच पुगेको, प्रसारण लाइन निर्माण र विस्तार गरिएको, राष्ट्रिय प्रसारण लाइनबाट थप २०० घरधुरीमा विद्युत् सेवा पुगेको र प्रतिव्यक्ति विद्युत् खपत ५ कि.वा. प्रतिघण्टा पुगेको हुनेछ । भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत सडक,यातायात व्यवस्था,सिंचाइ,भवन,साना जलबिद्युत र बैकल्पिक उर्जा क्षेत्रको नतिजा खाका एकमुष्ट रुपमा पछिल्लो पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ६.३.६ अनुमान तथा जोखिम पक्ष
विगतमा सिमकोटबासीले कर्णाली उज्यालो कार्यक्रम मार्फत सौर्य उर्जाको प्रयोग गरिरहेका थिए भने सो पश्चात् गाउँपालिका भित्र निर्माण भएको जलविद्युतबाट विद्युत प्रयोग गरिरहेका छन् । हाल दुबै उर्जा दिगो नभइ अस्थाई प्रकृतिका जस्तो भएकाले दिगो र स्थायी विद्युतको विकल्प छनोट गर्दा पुरानो उर्जा श्रोतहरु नष्ट भएर जाने जोखिम छ ।

## ६.४ सूचना, सञ्चार र प्रविधि
### ६.४.१ पृष्ठभूमी
आजको युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिले नै विश्वलाई एक ठाउँमा ल्याउन सफल भएको छ । तसर्थ हरेक क्षेत्र,व्यक्ति तथा समाजलाई सूचना प्रविधिको अत्यन्त महत्व छ । तसर्थ सेवा प्रवाह गर्ने स्थानमा यसको अझै महत्व झल्किन्छ । सिमकोट गाउँपालिकाले दुर्गमताका वावजुत पनि सूचना प्रविधिको यथेष्ट प्रयोग गरेको पाइन्छ । जसमा विषयगत शाखा देखि गाउँपालिका सम्म यसलाई सेवा प्रवाहसंग जोडिएको छ । जसले गर्दा सूचना दिन र लिन एवं सञ्चारका लागि सहज भएको छ ।

### ६.४.२ समस्या  तथा चुनौती
गाउँपालिकामा केही घरपरिवारका सदस्यहरूसँग मोबाइल फोनको समेत पहुँच नभएको अवस्था छ भने मोबाइल डाटा समेत करिब ६० प्रतिशत घरपरिवारमा कम्प्युटर तथा इन्टरनेट पहुँच नभएको देखिन्छ। कतिपय बस्ती र

स्थानहरूमा मोबाइल टेलिफोन सेवाको गुणस्तरीयता कमजोर रहेको छ। गाउँपालिका क्षेत्रभित्र, सबै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ। विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरूमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन।

### ६.४.३ संभावना तथा अवसर

गाउँपालिकाको लगभग सबै क्षेत्रमा सूचना तथा सञ्चारमा सुविधाको पहुँच रहेको देखिन्छ। गाउँपालिकाको कुल जनसंख्या मध्ये ९२ प्रतिशत जनसंख्यासँग मोवाइल टेलिफोन र ५० वटा ल्याण्डलाइन टेलिफोन सेवा उपलब्ध रहेको देखिन्छ। गाउँपालिकामा बसोबास गर्ने कुल घरपरिवारमध्ये ३० प्रतिशतसँग टेलिभिजन, ५ प्रतिशतसँग कम्प्युटर र ६० प्रतिशत इन्टरनेट सेवाको पहुँच उपलब्ध रहेको देखिन्छ। गाउँपालिका क्षेत्रभित्र आधा दर्जनभन्दा बढी एफएम स्टेशनको कभरेज रहेको छ।

गाउँपालिका क्षेत्रभित्र गाउँपालिका कार्यालय, २ वटा वडा कार्यालयहरू, ७ वटा माद्यामिक विद्यालय र ५ वटा स्वास्थ्य चौकीमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ। गाउँपालिकामा इन्टर एक्टिभ वेवसाइट, मोबाइल एप्स् र विभिन्न ६ भन्दा बढी प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ। गाउँपालिकाको *इन्टरएक्टिभ वेबसाइट* र सामाजिक सञ्जाल, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाइन मार्फत् सूचनाहरू नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ।

### ६.४.४ उपक्षेत्रगत सोच,लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

६.४.४.१ सोच

योजनावद्ध र व्यवस्थित सूचना,संचार र प्रविधियुक्त गाउँपालिका

६.४.४.२ लक्ष्य

बसोबास, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने।

६.४.४.३ उद्धेश्य

व्यवस्थित र सुदृढ सूचना, सञ्चार र प्रविधि पूर्वाधारको विकास र विस्तार गर्नु,
विद्युत र स्वच्छ उर्जाको उपलब्धता र उपभोगमा वृद्धि गर्नु, र
सूचना, सञ्चार तथा विद्युतीय सुशासनको पहुँच र उपभोगमा वृद्धि गर्नु।

६.४.४.४ रणनीति

- गाउँबासीमा स्वास्थ्य, शिक्षा, सुरक्षा, रोजगारी, प्रकोप लगायतका विषयमा पहुँच अभिबृद्धि गर्न स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने,
- सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउने ।
- विद्युतीय सुशासनको प्रवर्द्धन गर्ने

## ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आगामी ५ वर्ष भित्र सिमकोट गाउँपालिकाको सम्पूर्ण वडा कार्यालयहरु,स्वास्थ्य संस्थाहरु,विद्यालय र सार्वजनिक स्थानहरुमा ईन्टरनेटको सुविधा पुगेको हुनेछ । गाउँपालिका तथा वडाबाट प्रवाह गरिने सेवा प्रविधिमैत्री हुनेछ । सूचना र संचारमा सबै नागरिकहरुको सहज पहुँच पुगेको हुनेछ । गाउँपालिकाबाट प्रवाह गरिने सेवा सूचना प्रविधिका माध्यमबाट घरबाटै सेवा लिन सकिने छ । अपेक्षित उपलब्धि तथा नतिजा खाकालाई एकमुष्ठ क्षेत्रगत रुपमा प्रस्तुत गरिएको छ ।

## ६.४.६ अनुमान तथा जोखिम पक्ष

गाउँपालिका तथा वडाबाट प्रवाह गरिने सेवा प्रविधिमैत्री हुँदा सबै नागरिकको यस प्रकारको सेवामा पहुँच नहुन सक्छ । अधिकांश सूचना,संचार र प्रविधि विद्युतबाट संचालन गरिने हुदा बिद्युत आपुर्ती नभएको समयमा सेवा ठप्प हुने जोखिम छ । प्रविधिमैत्री सेवाबाट नागरिकहरु विस्वस्त नहुन पनि सक्छन् ।

# परिच्छेद ७
# वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ७.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची-८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको र प्राकृतिक वातावरणमा विश्वव्यापीरूपमा विनाश हुँदै गएका कारण यो गाउँपालिकासमेत प्रभावित हुन थालेको सन्दर्भमा प्रभावकारी वन, वातावरण व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गर्नु समयको माग भएको छ। संविधानले प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दिगो उपयोग गर्ने व्यवस्था गरेको छ। संविधानको भाग ३ धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने भू-भागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापनाको व्यवस्था समेत सुनिश्चित गरेको छ। उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न सङ्घीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वन ऐन २०७६ तथा वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन्।

उपर्युक्त संवैधानिक तथा नीतिगत कार्यसूचीलाई मध्यनजगर गर्दै यस योजनामा रणनीति, कार्यनीति तथा कार्यक्रमहरू समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास एवम् प्रदेश र सङ्घीय सरकारका सम्बन्धित निकायसँग समन्वय र सहकार्यमा सञ्चालन गर्ने गरी तर्जुमा र प्रस्तावित गरिएका छन्।

संघ र प्रदेशका नीतिगत व्यवस्था एवम् दिगो विकासका लक्ष्यजस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ।

यस योजनामा वन, जैविक विविधता, फोहोरमैला नियन्त्रण, वातावरण संरक्षण, भूसंरक्षण, जलवायु परिर्वतन अनुकूलनका विषय क्षेत्रसँग सम्बन्धित संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरू समेत संलग्न गरी तर्जुमा गरिएको छ।

## ७.२ समस्या तथा चुनौती, सम्भावना तथा अवसर

**तालिका १६ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको समस्या तथा चुनौती, सम्भावना तथा अवसर**

**वन, हरियाली जैविक विविधता**

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| • वनले ढाकेको क्षेत्र कुल ........व.कि.मी. रहेको<br>• सा.व.को संख्या :११., ढाकेको क्षेत्रफल :<br>• क.व.को संख्या ३., ढाकेको क्षेत्रफल : ११०० हे. ( ३.७० प्रतिशत), लाभान्वित घरधुरी : ५१<br>• विगत केही दशक अगाडिका तुलनामा वनको गुणस्तर उल्लेख्य रुपमा बढेको<br>• उपलब्ध मध्येमा राम्रो वन क्षेत्र वडा नं ७ मा रहेको।<br>• प्रायः सल्लो, लौंठ सल्लो,बाँज, उत्तिस, पिपल, भलायोको पुनरुत्पादन दर राम्रो देखिएको। बिरुवाको वृद्धि विकासको अवस्था राम्रो रहेको।<br>• काठ भएका वनहरूमा वडा नं ७ को १ वटा | • वनले ढाकेको क्षेत्र धेरै भए पनि घना वन क्षेत्र कम रहेको<br>• विद्यमान संभावना अनुसार वनमा आधारित उद्यम व्यवसाय विकास हुन नसकेको<br>• सदरमुकाम सिमकोट क्षेत्रको वन ह्रासोन्मुख रहेको।<br>• वार्षिक वन विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउने सा.व. को हिस्सा न्यून रहेको<br>• व्यावसायिक स्तरमा उत्पादन गर्न सकिने जडिबुटी तथा गैरकाष्ठ वन | • वृक्षारोपण<br>• वनमा आधारित उद्यम व्यवसाय विकास<br>• वन उपभोक्ता समूहहरूको संस्थागत क्षमता विकास<br>• वन डढेलो नियन्त्रण<br>• खोरिया फडानी तथा वन अतिक्रमण नियन्त्रण<br>• जैविक विविधताको सर्भेक्षण, अभिलेखन गर्ने<br>• चोरी निकासी, शिकारी नियन्त्रण अभियान |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| सामुदायिक वन।<br>• समग्रमा ५ प्रतिशत सामुदायिक वन सक्रिय रहेका । आम्दानी खर्च आर्थिक वर्षको अन्तिममा समूह सदस्यलाई सुनाउने गरेको, भएका निर्णयका बारेमा समूह सदस्यलाई जानकारी गराउने गरेको । सामुदायिक वनमा महिला, विपन्न, सीमान्तीकृत लगायतको सहभागिता अर्थपूर्ण हुन सकेको । साधारण सभा हुने गरेको । सा.व.को लेखा परीक्षण आन्तरिक मात्र हुने गरेको ।<br>• वार्षिक रु. १० हजारभन्दा कम आम्दानी हुने ६ वटा, १०-५० हजारसम्म आम्दानी हुने ३, ५०-१०० हजारसम्म वार्षिक आम्दानी हुने सा.व. १ वटा र वार्षिक एक लाखभन्दा बढी आम्दानी हुने सा.व. १ वटा रहेको<br>• वनमा आधारित उद्योग अन्तर्गत मूलतः फर्निचर उद्योग रहेका । दर्ता भएका फर्निचर कुल ३ वटा, यिनको बजार क्षेत्र मूलतः सम्वन्धित वडा र गापा रहेको ।<br>• बुराउँसेमा- १० जना क्षमताको एक वटा होम स्टे सुरु भएकाले पर्यापर्यटन विकासप्रति आकर्षण बढ्ने संभावना<br>• पर्याप्त पाइने (व्यावसायिक उत्पादन गर्न सकिने) गैरकाष्ठ वन पैदावार/जडिबुटी/ जंगली फलफूल अन्तर्गत बाँज,कटुस, निगालो,सल्लाको खोटो, जटामसी,कटुकी,पाखनवेद पाइने गरेको । सबै जडीबुटी गरी कुल अनुमानित ८००० कि.ग्रा. वार्षिक उत्पादन हुने गरेको ।<br>• गैरकाष्ठ वन पैदावारको बिक्रीका लागि बजारको उपलब्धता रहेको<br>**जैविक विविधता :**<br>• चितुवा,झारल,घोरल,नाउर जस्ता संरक्षित वन्यजन्तु पाइने गरेको<br>• बाँदर, स्याल, बँदेल,दुम्सी, मृगजस्ता वन्यजन्तुहरू, डाँफे,च्याखुरा,काग, ढुकुर, भँगेरा, लामपुच्छे, कालिज, वन कुखुरा,लाटोकोसेरो जस्ता जंगली पक्षी धेरै मात्रामा पाइने गरेको<br>• न्यून मात्रामा पाइने जंगली पंक्षी अन्तर्गत .....पाइने गरेको<br>• डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन, सँगालो, ब्रोसर प्रकाशनबाट वन सम्बन्धी आधारभूत तथ्यांक उपलब्ध भएको<br>• चोरी, शिकारी नियन्त्रणका लागि तालिम, सचेतना गोष्ठी, कारवाही, दण्ड सजाय आदि सब डिभिजन वनले गर्ने गरेको<br>• नियन्त्रणका लागि अग्नि रेखा निर्माण सम्बन्धी तालिम (उ.स. र प्रहरीलाई), वन डढेलो नियन्त्रण सामग्री वन सब-डिभिजनमा रहेको | पैदावारको उपलब्धता भए पनि संकलन, बिक्री, उत्पादनको अभ्यास नहुनु<br>• वन डढेलो हरेक वर्षको दोहोरिइरहनु, नियन्त्रणका लागि पर्याप्त साधन, स्रोत, बजेट र प्रयास नहुनु<br>• वन क्षेत्रमा पूर्ण रुपमा आश्रित परिवार संख्या न्यून रहनु<br>• जैविक विविधताको सर्भेक्षण, अभिलेखन नहुनु<br>• तोकिएको चरिचरन क्षेत्र नहुँदा चरिचरन अव्यवस्थित हुनु<br>• खासगरी सल्लाको काठ चोरी निकासी हुनु<br>• मृग, कालिज, बाघको छाला आदिका लागि चोरी शिकारी हुनु<br>• बाँज,कटुस जस्ता वनस्पतिहरू लोपोन्मुख अवस्थामा पुग्नु<br>• मिचाहा प्रजाति खासगरी ठूलो वनमाराको प्रकोप रहनु<br>• सा.व.बाट नर्सरी तथा बिरुवा उत्पादन नहुनु<br>• खोरिया फडानी तथा वन अतिक्रमण धेरै हुनु<br>• जनचेतना जिम्मेवारीबोध कम हुनु, चेतना भए पनि जिम्मेवारीबोध कम हुनु । मिचाहा प्रवृत्ति हावी हुनु ।<br>• गाउँपालिकाको कार्यालयमा वन सम्बन्धी कुनै तथ्यांक नहुनु | • जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको प्रयोग र परिचालन बढाउने<br>• वन डढेलो नियन्त्रण गर्ने<br>• सामुदायिक वनहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने<br>• मिचाहा प्रजाति नियन्त्रण गर्ने<br>• रैथाने तथा लोपोन्मुख प्रजातिको संरक्षण गर्ने<br>• खोरिया फडानी, वन अतिक्रमण नियन्त्रण गर्ने<br>• जनचेतना तथा जिम्मेवारीबोधको भावना वृद्धि गर्ने |

भूसंरक्षण तथा जलाधार व्यवस्थापन

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| • मुख्य नदी : मानसरोवर कर्णाली र चुवाँखोला | • पहिले गाउँगाउँमा रहेका | • जलाधार क्षेत्रको अध्ययन, सर्भेक्षण |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| • वर्षैभरि पानी बग्ने खोला : हेप्का खोला,ग्याग्रु खोला, दोजाम खोला<br>• पोखरी, ताल, सिमसार रहेको<br>• पहिरोहरू : १३<br>• नदी/खोलाले कटान गरेको जमिन तुलनात्मक रुपमा कम रहेको ।<br>• भूसंरक्षणमा भइरहेका कामः बिरुवा वितरण सडक क्षेत्रमा रिटेनिङ वाल, ग्याबियन वाल, ब्रेस्ट वाल, सडक निर्माणमा नाला अनिवार्य हुन थालेको,<br>• पुनर्भरण पोखरीको कार्यक्रम सुरु हुनु<br>• सार्वजनिक, ऐलानी जग्गा कम रहेको | पोखरीहरू सबै मासिनु<br>• कर्णाली नदीबाट कटान<br>• जलाधार क्षेत्र संरक्षणका लागि अध्ययन अनुसन्धानमा आधारित कुनै काम नहुनु<br>• विभिन्न क्षेत्रमा सडक निर्माणपश्चात् पहिरो जानु<br>• रासायनिक मलको बढ्दो प्रयोगले माटोको गुणस्तर निरन्तर खस्कँदै जानु<br>• साना सडक लगायत अन्य निर्माण कार्यमा वातावरणीय अध्ययन, प्रभाव मूल्यांकन नहुनु<br>• भूउपयोगको योजना, कार्यक्रम नहुनु | गरी संवेदनशीलताका आधारमा जलाधार क्षेत्र सर्भेक्षण कार्यक्रमहरू सञ्चालन गर्ने<br>• जैविक मलको प्रयोग बढाउने<br>• साना सडक लगायत अन्य निर्माण कार्य गर्नुअघि संक्षिप्त वातावरणीय अध्ययन गर्ने |

वातावरण तथा स्वच्छता

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| • अधिकांश घरमा चर्पी भएको, खुला दिशामुक्त क्षेत्र घोषणा भएको । करिब ९० प्रतिशत घरपरिवारमा सफा चर्पीको अभ्यास रहेको<br>• गाउँटोल सामान्यतया सफा स्वच्छ रहेका<br>• बजार क्षेत्रमा सेफ्टीट्यांकीका फोहोर निकालेर बाहिर लैजाने गरेका<br>• १ वटा डम्पिङल्याण्डफिल साइट निर्माण सुरु भएकाले फोहोरमैला व्यवस्थापन सहज हुने अवस्था भएको<br>• १ वटा पार्क निर्माणाधीन रहेकाले हरियाली र वातावरणीय सौन्दर्यता बढ्ने अवस्था रहेको<br>• बजार क्षेत्र र वडा कार्यालयहरू, विद्यालयहरू, स्वास्थ्य चौकीहरूमा फोहोर संकलनका लागि बाक्सा रहेका<br>• चाडबाडमा टोल सरसफाइ गर्ने प्रचलन रहेको<br>• सौर्य ऊर्जा अधिकांश घरधुरीमा रहनु । ५० प्रतिशत घरधुरीमा सौर्य ऊर्जा प्रयोगमा हुनु | • सडक यातायातबाट निस्कने, प्लाष्टिक जलाउने, गाउँ क्षेत्रमा दाउरा बाल्ने, वन डढेलो आदि कारणबाट वायु प्रदूषण विद्यमान रहनु<br>• बजारका भान्साबाट निस्कने फोहोर पानी ढलमा मिसाउँदा खोला फोहोर हुँदै जानु<br>• फोहोर वर्गीकरणको अभ्यास नभएको | • प्लाष्टिक जलाउने प्रचलन अन्त्य गर्दै पुनःचक्रीय प्रयोग बढाउने व्यवस्था गर्ने<br>• घरपरिवार, बजार क्षेत्रबाट निस्काशन हुने फोहोर पानी व्यवस्थापन गर्ने<br>• फोहोरमैला संकलन, वर्गीकरण, व्यवस्थापन प्रणाली विकास गर्ने |

विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| • गापास्तरमा विपद् व्यवस्थापन समिति रहेको<br>• वडास्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल नरहेको<br>• हरियाली क्षेत्र बढ्दै गएको<br>• मौसमी खेती भइरहेको<br>• विपद्पश्चात् गाउँपालिकाबाट तत्काल राहत सहयोग प्राप्त हुन सक्ने अवस्था रहनु | • वन डढेलोको निरन्तरता<br>• पहिरो बढ्दै जानु<br>• पहिरो, भूकम्प, वन डढेलो, आगलागी, चट्याङ, सुख्खा पहिरो, खडेरी, महामारी, हावाहुरीजस्ता प्रकोपहरू वार्षिक रुपमा दोहोरिइरहनु<br>• विपद् व्यवस्थापनमा दक्ष जनशक्तिको कमी हुनु<br>• अव्यवस्थित सडकका कारण पहिरोको संख्या बढ्नु<br>• समय अनुसार पानी नपर्नु- अतिवृष्टि, अनावृष्टि, खण्ड वृष्टि, | • विपद् व्यवस्थापनका लागि दक्ष जनशक्तिको विकास गर्ने<br>• तालिम तथा जनचेतनामूलक कार्यक्रमहरू<br>• वडास्तरमा उद्दार सामग्री व्यवस्था गर्ने<br>• विपद् पूर्वसूचना प्रणालीको संभाव्यता अध्ययन तथा स्थापना<br>• विपद् व्यवस्थापनमा पर्याप्त बजेटको व्यवस्था गर्ने |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| | • गर्मी/तापक्रम बढ्दै गएको<br>• जनचेतना र जिम्मेवारीबोध कम हुनु<br>• विपद् व्यवस्थापनमा पर्याप्त बजेटको कमी हुनु | |

## ७.३ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### सोच

- दीगो वातावरणिय, सन्तुलित, पर्यावरणीय ,हरियालीयुक्त ,विपद् प्रति संवेदनसिल  र उत्थानशिल गाउँपालिका

### लक्ष्य

- वनको दीगो व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधता संरक्षण गर्ने ।
- दीगो फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छताको अवस्था हासिल गर्ने
- समुदायलाई विपद् उत्थानशील र पूर्वाधारलाई विपद् प्रतिरोधी बनाउने
- गाउँपालिकाको जलवायु अनुकूलन क्षमता अभिवृद्धि गर्ने

### उद्देश्य

१. वन क्षेत्रको उत्पादकत्व, दीगो उपयोग तथा पुनरुत्पादनमा वृद्धि र जैविक विविधताको संरक्षण, प्रवर्द्धन गर्ने
२. जलाधारको क्षेत्रको समुचित व्यवस्थापन र भिरालो जमिनको स्थिरता कायम गर्ने
३. फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय संरक्षण र स्वच्छतामा अभिवृद्धि गर्ने
४. सबै प्रकारका प्राकृतिक एवम् मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानी न्यूनीकरण गर्ने;
५. स्थानीय स्तरमा विपद्का घटनाहरू आइपर्दा तत्काल र प्रभावकारी प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास गर्नु,
६. विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई गाउँपालिकाको समग्र विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्नु,
७. स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्नु

### रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति गर्ने तथा कार्यनीति अबलम्बन गरी वन, वातावरण, भूसंरक्षण, जलवायु परिवर्तन अनुकुलन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

**तालिका १७ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ : वन क्षेत्रको उत्पादकत्व, दीगो उपयोग तथा पुनरुत्पादनमा वृद्धि र जैविक विविधताको संरक्षण, प्रवर्द्धन गर्ने | |
| १.१ राष्ट्रिय तथा प्रदेशस्तरका नीति/कार्यक्रम कार्यान्वयनमा सहकार्य गरी वन व्यवस्थापनमा सुदृढीकरण गर्ने | १.१.१. संघ तथा प्रदेश सरकारका सम्बन्धित निकाय र वन उपभोक्ता समितिहरूसँग समन्वय र सहकार्यमार्फत् वन क्षेत्रको दीगो व्यवस्थापनमा सहजीकरण गरी वन क्षेत्रको गुणस्तर वृद्धि गरिनेछ ।<br>१.१.२. आवश्यक समन्वय र सहकार्य गरी नांगा पाखाहरूमा उपयुक्त प्रजातिका वृक्षारोपण गरिनेछ । वृक्षारोपण र व्यवस्थापनका काममा सामुदायिक वन उपभोक्ताहरूसँग समन्वय, सहकार्य गरिनेछ ।<br>१.१.३. सामुदायिक वन व्यवस्थापनमा सुदृढीकरणका लागि उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि एवम् सामुदायिक वनको सुशासनमा सहयोग गरिनेछ ।<br>१.१.४. नीतिगत तथा कानूनी व्यवस्था अनुसार सबै आयोजनामा वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको नियमपालन गर्ने/गराउने र अध्ययनको सिफारिशलाई कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । |
| १.२ वन सम्पदाको | १.२.१. वनमा लाग्ने रोग, कीरा, खडेरी, डढेलो, मिचाहा प्रजातिको प्रकोप |

| | |
|---|---|
| संचिती र दीगो उपयोगमा वृद्धि गर्ने | न्यूनीकरणलगायतका कार्यहरूका लागि सम्बन्धित वन उपभोक्ता समितिहरूलाई परिचालित गरिनेछ ।<br>१.२.२. वन क्षेत्रलाई स्थानीय जीविकोपार्जनसँग दीगो रुपमा आवद्ध गरिनेछ ।<br>१.२.३. सम्भाव्यताका आधारमा जडीबुटी खेती प्रवर्द्धन र गैरकाष्ठ वन पैदावारको सदुपयोग गरी वन क्षेत्रलाई जीविकोपार्जनसँग जोडिनेछ ।<br>१.२.४. लामो समयदेखि बाँझो रहँदै आएका निजी जमिनमा निजी वन विस्तार गर्न संभाव्य घरपरिवारलाई प्रोत्साहित गरिनेछ<br>१.२.५. दिगो बन व्यवस्थापन सम्बन्धी बिभिन्न सचेतना कार्यक्रहरु गाउपालिकामा रहेका आमा समुह, युवा कल्ब लगायत परिचालन गरि समुदाय स्तरमा संचालन गरिनेछ । |
| १.३ वन तथा जैविक विविधतालाई एकीकृत पद्धतिबाट संरक्षण, प्रवर्द्धन गर्न पहल गर्ने | १.३.१. गाउँपालिकामा वन, जैविक विविधता र जलाधार क्षेत्रको आधारभूत अभिलेख निर्माणका लागि सङ्घीय र प्रादेशिक निकायहरूसँग सहकार्य गरिनेछ ।<br>१.३.२. दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवम् वनस्पति प्रजाति, तिनको वासस्थान लगायत संवेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षणका लागि सम्बन्धित निकायहरूसँगको सहकार्यमा ठोस कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।<br>१.३.३. रैथाने प्रजातिका कृषिबालीहरू संरक्षणका लागि कृषहरूलाई प्रोत्साहित गरिनेछ ।<br>१.३.४. विद्यमान प्रजातिको संख्या कायम राख्ने र यथासंभव नयाँ प्रजातिको प्रवर्द्धनको प्रयास गरिनेछ ।<br>१.३.५. वन र जैविक विविधताले सम्पन्न क्षेत्रहरू पहिचान गरी संरक्षणका लागि संवर्द्धनका लागि समन्वय, सहकार्यको पद्धति अवलम्बन गरिनेछ । |
| उद्देश्य २ : जलाधारको क्षेत्रको समुचित व्यवस्थापन तथा भूसंरक्षण र भिरालो जमिनको स्थिरता कायम गर्ने | |
| २.१ "स्वस्थ जलाधार, स्वस्थ समुदाय"को अवधारणालाई आत्मसात् गर्दै जलाधारको संरक्षण प्रवर्द्धनलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने | २.२.१. भूक्षय तथा क्षतिग्रस्त जमिनको पुनरुत्थानका लागि जैविक विधि/बायोइञ्जिनियरिङ लगायतका कम खर्चिला र दीगो प्रविधिहरूको उपयोग र विस्तार गरिनेछ ।<br>२.२.२. गाउँपालिका तथा स्थानीय समुदायसमेतको सहभागितामा भूमिगत पानीको पुनर्भरणका लागि भूमिगत पानी पुनर्भरण पोखरीहरू निर्माण गरिनेछ ।<br>२.२.३. भिरालो जमिन र भूक्षयको जोखिम भएका अन्य क्षेत्रमा बैंस, निगालो, ढँटेलो खेती तथा बायो-इञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी पहिरो न्यूनीकरणमा दिगोपना कायम गरिनेछ ।<br>२.२.४. भिरालो जमिनमा गरिने खेतीका कारण वार्षिकरूपमा माटो बग्ने समस्या न्यूनीकरण गर्न गह्रा सुधारजस्ता विधिहरू प्रवर्द्धन गरिनेछ ।<br>२.२.५. जलाधार तथा भूपरिधि व्यवस्थापनसम्बन्धी अन्यत्रका सफल अभ्यासहरूलाई स्थानीय स्तरमा प्रवर्द्धनको प्रयास गरिनेछ । |
| २.२ स्थानीय जलाधार क्षेत्रको व्यवस्थापनमा जल, जमिन र जंगलको एकीकृत व्यवस्थापन पद्धति अवलम्बन गर्न नेतृत्व र सहजीकरण गर्ने | २.२.१. भूक्षय, बाढी, पहिरो, नदी कटान, जल प्रवाह प्रणालीको आधारमा जलाधार क्षेत्रहरूको अध्ययन, पहिचान, वर्गीकरण र प्राथमिकीकरण गरी छनोट गरिएका उप/जलाधार क्षेत्रमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालनको पहल गरिनेछ ।<br>२.२.२. स्थानीय वन तथा जलाधार क्षेत्रका लागि एक वडा, एक स्रोत व्यक्तिको अवधारणा कार्यान्वयन गर्न डिभिजन वन कार्यालयसँग सहकार्य गरिनेछ ।<br>२.२.३. भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण र उत्पादन वृद्धिमा विशेष जोड दिइनेछ ।<br>२.२.४. जलाधार व्यवस्थापनमा महिला, दलितलगायत सबै समुदायिक वर्गको समानुपातिक सहभागिता कायम गरिनेछ ।<br>२.२.५. भूसंरक्षण तथा लघु जलाधार व्यवस्थापनलाई एकीकृत गरी सञ्चालन गरिनेछ । |
| उद्देश्य ३ : फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छता अभिवृद्धि गर्ने | |

| | |
|---|---|
| ३.१ नागरिक सचेतना एवम् जिम्मेवारीबोधमा वृद्धि गरी दीगो स्वच्छता तथा सरसफाइको अवस्था कायम गर्ने | ३.१.१. टोल सरसफाइका लागि अन्तर वडा प्रतिस्पर्धात्मक टोल सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ। र त्यसपश्चात् प्लास्टिक एवम् अन्य फोहरमैला व्यवस्थापनयुक्त घर, टोल, वडा घोषणा कार्यक्रम सञ्चालन गरी फोहोरमैला व्यवस्थापन अभियान सञ्चालन गरिनेछ।<br>३.१.२. टोल सरसफाइका लागि जनचेतनामूलक कार्यक्रमहरू एवम् टोलस्तरीय नागरिक आचार-संहिता जारी गर्न प्रोत्साहित गरिनेछ।<br>३.१.३. समुदायमा आधारित फोहोरमैला संकलनको दीगो प्रणाली विकास गरी व्यवस्थापनमा गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ।<br>३.१.४. फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको सहकार्य र लगानीको सम्भावना खोजी गरिनेछ। |
| ३.२ आवश्यक पूर्वाधारको व्यवस्थालगायत संस्थागत प्रयासका माध्यमबाट फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छतामा अभिवृद्धि गर्ने<br><br>३.४आवश्यक फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छतामा अभिवृद्धि गर्ने विद्यालय स्तर बाट इको क्लब मार्फात अभियान चलाउने | ३.२.१. घना वस्ती भएका क्षेत्रमा सार्वजनिक स्थलका लागि दुई-दुईवटा फोहोर संकलन भाँडो र घर-घरमा दुई-दुईवटा फोहोर संकलन भाँडो राख्ने व्यवस्था मिलाई फोहोरमैला संकलन, वर्गीकरण र प्रशोधनको व्यवस्थापन सुरुआत गरिनेछ।<br>३.२.२. प्रतेक टोलमा १, १ जना फाहोर सहजकर्ता छनौट गरि त्यस मार्फत गाउँपालिका क्षेत्रभित्र प्लाष्टिकका गिलास, प्लेट, बोतलजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वातावरणमैत्री वस्तुहरूको प्रवर्द्धनमा इको कल्ब परिचालन जोड दिइनेछ। साथै, समुदायमा आधारित वातावरणमैत्री झोला, गिलास, प्लेटजस्ता सामग्री उत्पादनलाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.२.३. गाउपालिकाको बजार क्षेत्रको फाहोर ब्यबस्थापनको लागि उपयुक्त क्षेत्रका पहिचान गरि डम्पिगं साईटको ब्यबस्थापन गरिनेछ।<br>३.२.४. सार्वजनिक स्थलका फोहोर संकलन भाँडो र घर-घरमा दुई-दुईवटा फोहोर संकलन भाँडो राख्ने व्यवस्था मिलाई फोहोरमैला संकलन, वर्गीकरण र प्रशोधनको व्यवस्थापन सुरुआत इको कल्ब परिचालन गरि समुदायबाट गरिनेछ।<br>३.२.५. फोहोर संकलन तथा व्यवस्थापनमा बिध्यालय र गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।<br>३.२.६. इको कलब बाट कुहिने फोहोरलाई कुहाउने, पुनःचक्रीय प्रयोग गर्न मिल्ने फोहोरलाई पुनःचक्रीय प्रयोगमा पठाउने र फोहोरको निष्कासन न्यूनीकरण जस्ता विषयहरूलाई ध्यान दिई तीन आर -reduce, reuse, recycle_ को अवधारणालाई व्यवहारिक कार्यान्वयनमा ल्याइनेछ। |
| उद्देश्य ४ : सबै प्रकारका प्राकृतिक एवम् मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानी न्यूनीकरण गर्ने | |
| ४.१.गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी समन्वय, सहकार्यको सिद्धान्तमा आधारित रही विपद्को प्रभावकारी पूर्वतयारी गर्ने | ४.१.१. वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.१.२. पहिलो पटक गाउँपालिकास्तरबाट सबै वडामा आपत्कालीन उद्दार सामग्रीहरू भण्डारण गर्न सहयोग गर्ने र त्यसपश्चात् सबै वडाले उक्त उद्दार सामग्रीहरूको आवश्यकता अनुसार प्रयोग, खपत भएका सामग्रीहरूको परिपूर्ति र वार्षिक रुपमा अद्यावधिकरणको व्यवस्था गरिनेछ।<br>४.१.३. समुदायस्तरीय विपद् व्यवस्थापनलाई सुदृढीकरण गर्न विपद् सिकाइ केन्द्रको स्थापना, सञ्चालन र सबलीकरणमा जोड दिइनेछ।<br>४.१.४. गाउँपालिका तथा वडास्तरमा आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित दक्ष जनशक्तिको अभिलेख तयार गरी आपत्कालीन परिचालनका लागि तयारी हालतमा राखिनेछ।<br>४.१.५. गाउँपालिकास्तरमा आपत्कालीन उद्दारका लागि आपत्कालीन मार्गहरू ( भखबअगबतष्यल चयगतभक) पहिचान गरी सम्बन्धित सबैलाई जानकारी |

| | |
|---|---|
| | गराइनेछ ।<br>४.१.६. भवन आचार संहिताको तर्जुमा र कडाइका साथ कार्यान्वयन गरिनेछ ।<br>४.१.७. गाउँपालिकामा कार्यरत सम्बन्धित सबै निकायहरूबीच समन्वय गरी पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक बजेट सुनिश्चित गर्ने तथा कार्यान्वयनमा एकद्वार प्रणाली अवलम्बन गरिनेछ ।<br>४.१.८. आपत्कालीन व्यवस्थापन तथा समन्वयलाई प्रभावकारी बनाउन गाउँपालिकामा विपद् व्यवस्थापन शाखा स्थापना गरिनेछ |
| ४.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरूलाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | ४.२.१. वायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी भिर/पहिरो तथा नदी कटानजन्य भूक्षय न्यूनीकरण गरिनेछ ।<br>४.२.२. विषय क्षेत्रगत रुपमा पूर्वतयारी र न्यूनीकरणका पर्याप्त उपायहरू अवलम्बन गरी क्षति नोक्सानी न्यूनीकरण गर्ने ।<br>४.२.३. गाउँपालिका स्वयम्लगायत निजी र गैरसरकारी क्षेत्रहरूको विपद् उत्थानशील क्षमता वृद्धिका लागि वार्षिक रुपमा नीति र कार्यक्रमहरू तर्जुमा गरिनेछ ।<br>४.२.४. विपद्को उच्च जोखिममा रहेका क्षेत्रहरूलाई विपद्पूर्व नै सुरक्षित बनाउने । जस्तो कि पहिरोको उच्च जोखिममा रहेका घरपरिवारलाई समयमा नै स्थानान्तरण गर्ने ।<br>४.२.५. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ ।<br>४.२.६. आवश्यक पूर्वाधारसहित सामुदायिक भवन निर्माण गरी आपत्कालका लागि सामुदायिक आश्रयस्थल र कोभिड-१९ जस्ता महामारीको लागि सुरक्षित स्थलको रुपमा व्यवस्था गरिनेछ ।<br>४.२.७. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ ।<br>४.२.८. गाउँपालिकाको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी सञ्चालन गरिनेछ । |
| उद्देश्य ५ : स्थानीय स्तरमा विपद्का घटनाहरू आइपर्दा तत्काल र प्रभावकारी प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास गर्ने | |
| ५.१ सघन पूर्वतयारीको माध्यमले विपद्को समयमा आकस्मिक प्रतिक्रियाका लागि आवश्यक स्रोतसाधन, समन्वय/सहकार्य, सीप र सोचमा स्पष्टता र पर्याप्तता सुनिश्चित गर्ने । | ५.१.१ वस्तीस्तर, वडास्तर एवम् गाउँपालिकास्तरका लागि खोज-उद्दार, प्राथमिक उपचार, आपत्कालीन बसोवास, राहत व्यवस्थापनलगायतका आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित आवश्यक दक्ष जनशक्ति तयार गरिनेछ। साथै बितद्को बेला प्रयो गर्न सकिने गरि पालिको स्वामित्वमा एम्बलेन्स, दमकल लगायतको व्यबस्था गरिनेछ।<br>५.१.२ आपत्कालीन व्यवस्थापनका लागि सम्बन्धित कर्मचारी, पदाधिकारी तथा कार्यालयहरूबीच स्पष्ट कार्यविभाजन गरी आपत्कालीन समयमा आपत्कालीन व्यवस्थापन स्वस्फूर्त रुपमा सुरु हुने सुनिश्चित गरिनेछ ।<br>५.१.३ पालिका/वडास्तरमा विपद् व्यवस्थापन कोष खडा गरी उक्त कोषलाई आपत्कालीन खोज उद्दारमा प्रयोग गरिनेछ तथा यस कोषमा वार्षिक रुपमा रकम विनियोजनको सुनिश्चितता गरिनेछ ।<br>५.१.४ विपद् व्यवस्थापन शाखा अन्तर्गत आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालन गरिनेछ ।<br>५.१.५ विपद्को समयमा उद्धार कार्यमा खटिने उद्धारकर्ताहरूलाई प्रोत्साहनको व्यवस्था गरी विपद् उद्धारकर्ताहरूलाई सक्रिय र उद्धारको कामलाई प्रभावकारी बनाइनेछ ।<br>५.१.६ विपद्को समयमा अपनाइने आकस्मिक प्रतिक्रियालाई सहज बनाउन वार्षिक रुपमा गाउँपालिकामा कृत्रिम अभ्यास गरिनेछ र यसका लागि सम्बन्धित सुरक्षा निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ । |
| उद्देश्य ६ : विपद् जोखिम व्यवस्थापनको मूल प्रवाहीकरण र तत्सम्बन्धमा गाउँपालिकाको क्षमता अभिवृद्धि गर्नु | |
| ६.१ पूर्वाधार र अन्य | ६.१.१ यस आवधिक योजनामा समावेश सबै विषय क्षेत्रगत योजनाहरू एवम् |

| | |
|---|---|
| विकास निर्माणका कार्य गर्द संभाव्य विपद् जोखिम न्यूनीकरण, रोकथामका उपायहरूलाई योजना चक्रका सबै सबै पक्षमा समावेश गर्ने | गाउँपालिकामा सञ्चालन हुने सबै विकास कार्यक्रम/क्रियाकलापहरूमा विपद् जोखिम न्यूनीकरणको अवधारणा समावेश गरिनेछ ।<br>६.१.२ वायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी भिर/पहिरो तथा नदी कटानजन्य भूक्षय न्यूनीकरण गरिनेछ ।<br>६.१.३ सबै सडक निर्माण गर्दा सडकको दीगोपनलाई पूर्णतः प्राथमिकता दिई डिजाइन, इष्टिमेट गरिनेछ । यस क्रममा सबै स्तरका सडकमा नाला अनिवार्य गरिनेछ, सडकको भिरालोपन (नचबमभ) कायम गर्दा सडक तथा इञ्जिनियरिङ मापदण्डको पूर्णतः पालना गरिनेछ । आवश्यकताअनुसार सबै ठाउँमा कल्भर्टहरू/ह्यूप पाइपहरू राखिनेछ, कमजोर भौगर्भिक संरचना छलेर सडक निर्माणगरिनेछ ।<br>६.१.४ नयाँ बन्ने भवनहरूमा भवन आचार-संहिता अनिवार्य गरिनेछ । यसअघि भवन आचार-संहिताको पालना नगरी बनाइएका सबै सार्वजनिक तथा निजी भवन/घरहरूको सबलीकरणका लागि सबलीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६.१.५ खानेपानी आयोजनाहरूलाई विपद् प्रतिरोध गर्ने हिसाबले निर्माण गरिनेछ । पाइपलाइन विस्तारका क्रममा पहिरोको जोखिम न्यूनीकरणलाई ध्यान दिइनेछ तथा खानेपानीका मूलहरू संरक्षण गरिनेछ ।<br>६.१.६ विपद्को उच्च जोखिममा रहेका क्षेत्रहरूलाई विपद्पूर्व नै सुरक्षित बनाउने । जस्तो कि पहिरोको उच्च जोखिममा रहेका घरपरिवारलाई समयमा नै स्थानान्तरण गरिनेछ ।<br>६.१.७ नदी कटान भएका क्षेत्रहरू, बाढी संवेदनशील नदी किनार, पहिरो जस्ता स्थानहरूमा बायो/इञ्जिनियरिङका उचित प्रविधिहरू अपनाई अल्पीकरण गरिनेछ । |
| उद्देश्य ७: स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्नु | |
| ७.१ जीवनशैली तथा विकास पद्धतिलाई जलवायु अनुकुलित बनाउँदै लैजाने | ७.१.१ खडेरी एवम् अधिक पानी जम्ने क्षेत्रहरूका लागि उपयुक्त हुने कृषि बालीहरूको पहिचान एवम् प्रवर्द्धन गरिनेछ ।<br>७.१.२ बाँझो रहने गरेको कृषियोग्य जमिनमा बहुउपयोगी वृक्ष प्रजातिसहितको कृषिवन प्रणालीको विकास गरिनेछ ।<br>७.१.३ कृषि तथा पशुपालन क्षेत्रमा जलवायुजन्य प्रकोपहरूबाट हुने विपद्/जोखिमको बीमा सुनिश्चित गरिनेछ ।<br>७.१.४ सार्वजनिक स्थान र सडकको दायाबायाँ सौन्दर्यप्रधान बिरुवा रोपणलाई अभियानका रुपमा सञ्चालन गरी वातावरणीय स्वच्छता र सौन्दर्यता अभिवृद्धि गरिनेछ । |
| ७.२ जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षणका क्रियाकलापहरूलाई एकीकृत रुपमा सञ्चालन गर्ने | ७.२.१ सार्वजनिक स्थलमा उद्यान तथा हरियाली क्षेत्र निर्माण गरी वातावरणीय स्वच्छता कायम गरिनेछ ।<br>७.२.२ विद्युत्, बायोग्याँस, सोलार, सुधारिएको चुल्हो जस्ता स्वच्छ ऊर्जाको प्रयोग; प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामग्रीको प्रयोग; जलवायु परिवर्तन अनुकूलन प्रवर्द्धन गर्ने आयोजनाहरूलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा प्राथमिकता दिइनेछ ।<br>७.२.३ सौर्यऊर्जा प्रणालीमा आधारित सडक बत्ती प्रयोगलाई प्राथमिकता दिइनेछ ।<br>७.२.४ भौतिक पूर्वाधारहरूको डिजाइन र निर्माण गर्दा जलवायु विषमताजन्य जोखिम न्यूनीकरणका उपायहरू समावेश गरिनेछ ।<br>७.२.५ मानवीय क्रियाकलापका कारण जल, जमिन, जंगलको स्वच्छतामा आउन सक्ने ह्रासलाई आवश्यक नीति तथा आचार-संहितासहित नियमन गरिनेछ । |
| ७.३ गाउँपालिकाको कार्बन पदचाप (carbon footprint) लाई क्रमशः न्यूनीकरण | ७.३.१ विकास निर्माण, पूर्वाधारमा वातावरणमैत्री/हरित प्रविधिको प्रवर्द्धन गरिनेछ ।<br>७.३.२ जलवायु परिवर्तनका कारण व्यक्ति तथा समुदायलाई पार्ने असर र व्यक्ति तथा समुदायले पार्न सक्ने भूमिकाका बारेमा जनचेतना विस्तार गरी समुदायलाई कार्बन पदचाप न्यूनीकरणतर्फ प्रेरित गरिनेछ । |

| | |
|---|---|
| गर्दै जाने | ७.३.३ गाउँपालिकामा जैविक इन्धनका बदलामा स्वच्छ ऊर्जाको प्रयोग प्रवर्द्धन गरिनेछ।<br>७.३.४ जलवायु परिवर्तनका क्षेत्रमा कार्यरत गैससहरूलाई गाउँपालिकाको कार्बन पदचाप (carbon foot print) सम्बन्धी अध्ययन तथा न्यूनीकरणका उपाय प्रवर्द्धनमा परिचालन गरिनेछ। |
| ७.४ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धमा गाउँपालिका/ स्थानीय विपद् व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्ने | ७.४.१ स्थानीय विपद् व्यवस्थापन समितिलाई जलवायु परिवर्तन, अनुकूलनको आवश्यकता र महत्व, जलवायु परिवर्तनका उपायहरूलगायतका विषयमा तालिम कार्यक्रम, भिडियो, अन्तरक्रिया लगायतका माध्यमबाट क्षमता अभिवृद्धि गरिनेछ।<br>७.४.२ गाउँपालिकामा अन्य सबै संघ-संस्थाले सञ्चालन गर्ने कार्यक्रम/आयोजनाहरूमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनको मूलप्रवाहीकरण अनिवार्य गरिनेछ।<br>७.४.३ विपद् तथा जलवायु परिवर्तन अनुकूलनको मूल प्रवाहीकरण अध्ययन गर्न हरेक दुई वर्षमा विपद् तथा जलवायु परिवर्तन अनुकूलनको मूल प्रवाहीकरणको अवस्था मूल्यांकन/परीक्षण गरिनेछ।<br>७.४.४ जल तथा मौसम विज्ञान विभागसँग समन्वय/सहकार्य गरी कृषकहरूलाई मौसम भविष्यवाणिको सहज पहुँच वृद्धि गरिनेछ। |

## कार्यक्रम तथा आयोजना

**तालिका १८ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको कार्यक्रम तथा आयोजना**

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत, लक्षित वर्ग वा आयोजना विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| **उद्देश्य १ :** वन क्षेत्रको उत्पादकत्व, दीगो उपयोग तथा पुनरुत्पादनमा वृद्धि र जैविक विविधताको संरक्षण, प्रवर्द्धन गर्ने | १.१. बिरुवा उत्पादन तथा वृक्षारोपणमा सहकार्य | हेक्टर | २० | १५० | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | | | |
| | १.२. वन डढेलो नियन्त्रण कार्यक्रम | सा.व. संख्या | ० | १५ | ० | ५० | ५५ | ६०.५ | ६६.५५ | २३२.०५ | | | |
| | १.३. दीगो वन व्यवस्थापनमा साझेदारी कार्यक्रम | वडा | ० | ८ | ० | ५० | ५५ | ६०.५ | ६६.५५ | २३२.०५ | | | |
| | १.४. वन उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि एवम् सुशासन अभिवृद्धि कार्यक्रम | संख्या | ० | १५ | ० | ५० | ५५ | ६०.५ | ६६.५५ | २३२.०५ | | | |
| | १.५. व्यावसायिक जडिबुटी खेती प्रवर्द्धन कार्यक्रम | परिवार | ० | १५० | ० | ५० | ५५ | ६०.५ | ६६.५५ | २३२.०५ | | | |
| | १.६. निजी वन प्रवर्द्धन कार्यक्रम | घरपरिवार | | ५० | ० | ५० | ५५ | ६०.५ | ६६.५५ | २३२.०५ | | | |
| | १.७. कबुलियती तथा निजी वनमा फलफूल तथा गैरकाष्ठ वन पैदावार प्रवर्द्धन कार्यक्रम | हेक्टर | | ५०० | ० | ५० | ५५ | ६०.५ | ६६.५५ | २३२.०५ | | | |
| | १.८. वनसँग सम्बन्धित सरोकारवालाहरूसँग समन्वय, अन्तरक्रिया तथा कार्ययोजना तयारी | पटक | ० | ४ | ० | ३० | ३३ | ३६.३ | ३९.९३ | १३९.२३ | | | |
| | १.९. वन, जैविक विविधता स्थिति अध्ययन, अभिलेखीकरण | पटक | | १ | | ० | ० | ० | १०० | १०० | | | |
| | १.१०. रैथाने बीउको संरक्षण प्रवर्द्धन | परिवार प्रतिशत | ५ | २० | | १०० | ११० | १२१ | १३३.१ | ४६४.१ | | | |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत, लक्षित वर्ग वा आयोजना विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | १.११. वातावरणमैत्री सामग्री उत्पादनमा प्रोत्साहन तथा दीगो स्वच्छता अभियान | व्यवसायी | ० | ० | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | | | |
| | १.१२. कृषि भूमिमा माटोको गुणस्तर परीक्षण तथा सुधारका लागि जनचेतनामूलक कार्यक्रमहरू | वडा | १ | ४ | १०० | ११० | १२१ | १३३.१ | १४६.४१ | ६१०.५१ | | | |
| | **उद्देश्य १ को जम्मा** | | **२६** | **९१७** | **२००** | **६५०** | **७१५** | **७८६.५** | **९६५.१५** | **३३१६.६५** | **०** | | **0** |
| | | | | | | ० | ० | ० | ० | ० | | | |
| उद्धेश्य २ : जलाधारको क्षेत्रको समुचित व्यवस्थापन र भिरालो जमिनको स्थिरता कायम गर्ने | २.१. बायोइञ्जिनियरिङ विधिमा भूसंरक्षण कार्यक्रम | | | | | ० | ० | ० | ० | ० | | | |
| | पहिरो नियन्त्रण | हेक्टर | २० | १५० | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२०.५ | ३०५२५.५ | | | |
| | कृषि भूमि संरक्षण | हेक्टर | २० | १०० | १००० | ११०० | १२१० | १३३१ | १४६४.१ | ६१०५.१ | | | |
| | २.२. भूमिगत पानी पुनर्भरण पोखरीहरू निर्माण कार्यक्रम | वटा | ० | ५ | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | | | |
| | २.३. पानीका मुहान संरक्षण कार्यक्रम | वटा | २० | १०० | ८०० | ८८० | ९६८ | १०६४.८ | ११७१.२८ | ४८८४.०८ | | | |
| | २.४. छनोट गरिएको उप/जलाधार क्षेत्रमा एकीकृत नमुना जलाधार व्यवस्थापन कार्यक्रम | क्षेत्र | ० | ५ | १००० | ११०० | १२१० | १३३१ | १४६४.१ | ६१०५.१ | | | |
| | २.५. गल्छी, पहिरो, खोला, खोल्सा नियन्त्रण | वटा | १० | ८० | १५००० | १६५०० | १८१५० | १९९६५ | २१९६१.५ | ९१५७६.५ | | | |
| | **उद्देश्य २ को जम्मा** | | **७०** | **४४०** | **२२८५०** | **२५१३५** | **२७६४९** | **३०४१३.४** | **३३४५४.६९** | **१३९५०१.५** | **०** | | **०** |
| | | | | | | | | | | | | | |
| **उद्देश्य ३ :** | ३.१. सामुदायिक फोहोरमैला व्यवस्थापन | वडा | २ | ८ | ८०० | ८८० | ९६८ | १०६४.८ | ११७१.२८ | ४८८४.०८ | | | |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत, लक्षित वर्ग वा आयोजना विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय संरक्षण र स्वच्छतामा अभिवृद्धि गर्ने | कार्यक्रम | | | | | | | | | | | | |
| | ३.२. फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र (Landfill) निर्माण र सञ्चालन | वटा | १ | १ | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | ६१०५१ | | | |
| | ३.३. बजार क्षेत्रमा निष्कासन हुने फोहोरपानी व्यवस्थापनका लागि जनचेतना अभिवृद्धि कार्यक्रम | वडा | ० | ५ | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | | | |
| | ३.४. सार्वजनिक शौचालय निर्माण ( महिलामैत्री, बालमैत्री, अपांगमैत्री) कार्यक्रम | वटा | | २ | २००० | २२०० | २४२० | २६६२ | २९२८.२ | १२२१०.२ | | | |
| | ३.५. वातावरणीय स्वच्छता अभिवृद्धि सम्बन्धी जनचेतनामूलक कार्यक्रम | वटा | ८ | ४० | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | | | |
| | **उद्देश्य ३ को जम्मा** | | ११ | ५६ | १२९०० | १४१९० | १५६०९ | १७१६९.९ | १८८८६.८९ | ७८७५५.७९ | ० | | ० |
| उद्देश्य ४ : स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्ने | ४.१. जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन कार्यक्रम | वडा | १ | ८ | २०० | २२० | २४२ | २६६.२ | २९२.८२ | १२२१.०२ | | | |
| | ४.२. बजार क्षेत्रमा उद्यान/हरित क्षेत्र निर्माण कार्यक्रम | स्थान | ० | १ | २००० | २२०० | २४२० | २६६२ | २९२८.२ | १२२१०.२ | | | |
| | ४.३. विद्यालय, स्वास्थ्य संस्थालगायत अन्य सार्वजनिक स्थलमा सौर्य ऊर्जा कार्यक्रम | संख्या | १ | १५ | १५०० | १६५० | १८१५ | १९९६.५ | २१९६.१५ | ९१५७.६५ | | | |
| | ४.४. जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यक्रम र साझेदारी | संख्या | १५ | ७५ | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | | | |
| | ४.५. सालबसाली कार्यक्रमहरू | वडा | ० | ८ | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | | | |
| | **उद्देश्य ४ को जम्मा** | | १७ | १०७ | ३८०० | ४१८० | ४५९८ | ५०५७.८ | ५५६३.५८ | २३१९९.३८ | ० | | ० |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत, लक्षित वर्ग वा आयोजना विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| उद्देश्य ५ : सबै प्रकारका प्राकृतिक एवम् मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानी न्यूनीकरण गर्नु | ५.१ वडास्तरमा विपद् व्यवस्थापन समिति/कार्यदल गठन अभिमुखीकरण | संख्या | ० | ८ | ३० | ३३ | ३६.३ | ३९.९३ | ४३.९२३ | १८३.१५३ | | | |
| | ५.२ विपद् जोखिम व्यवस्थापन क्षमता विकास पुनर्ताजगी/तालिम | संख्या | ० | ३२ | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | | | |
| | ५.३ जोखिम, क्षमता तथा संकटासन्नता लेखाजोखा | वडा | १ | ८ | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | | | |
| | ५.४ आपत्कालीन आश्रयस्थलहरू निर्माण/स्तरोन्नती | स्थान | ० | ८ | १००० | ११०० | १२१० | १३३१ | १४६४.१ | ६१०५.१ | | | |
| | ५.५ जोखिमयुक्त वस्ती संरक्षण | परिवार संख्या | ५० | २०० | ५०० | ५५० | ६०५ | ६६५.५ | ७३२.०५ | ३०५२.५५ | | | |
| | ५.६ विपद् व्यवस्थापन सचेतना अभिवृद्धि कार्यक्रम | घरपरिवार | १ | ४०० | १० | ११ | १२.१ | १३.३१ | १४.६४१ | ६१.०५१ | | | |
| | **उद्देश्य ५ को जम्मा** | | **५२** | **६५६** | **१६४०** | **१८०४** | **१९८४.४** | **२१८२.८४** | **२४०१.१२४** | **१००१२.३६४** | **०** | | **०** |
| उद्देश्य ६ : स्थानीय स्तरमा विपद्का घटनाहरू आइपर्दा तत्काल र प्रभावकारी प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास गर्ने | ६.१ विपद् पूर्वतयारी कृत्रिम अभ्यास | वडा | ० | ८ | १०० | ११० | १२१ | १३३.१ | १४६.४१ | ६१०.५१ | | | |
| | ६.२ विपद् प्रतिकार्ययोजना तर्जुमा तथा अद्यावधिकरण | वटा | ० | ८ | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | | | |
| | ६.३ विपद् पूर्वसूचना प्रणाली निर्माण अध्ययन तथा स्थापना | पटक | ० | १ | ५०० | ५५० | ६०५ | ६६५.५ | ७३२.०५ | ३०५२.५५ | | | |
| | ६.४ वडास्तरमा आपत्कालीन उद्दार सामग्री भण्डारण/स्तरवृद्धि | वडा | ० | ८ | २००० | २२०० | २४२० | २६६२ | २९२८.२ | १२२१०.२ | | | |
| | ६.५ वन्यजन्तुबाट बालीनाली सुरक्षा कार्यक्रम | वडा | ० | ८ | १०० | ११० | १२१ | १३३.१ | १४६.४१ | ६१०.५१ | | | |
| | ६.६ छिमेकी स्थानीय तहहरूसँगको सहकार्यमा वारुणयन्त्र व्यवस्थापन | वटा | ० | | ८०००० | ८८००० | ९६८०० | १०६४८० | ११७१२८ | ४८८४०८ | | | |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजना को कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत, लक्षित वर्ग वा आयोजना विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | **उद्देश्य ६ को जम्मा** | | | ३३ | ८२७५० | ९१०२५ | १००१२८ | | | | | | ० |
| **उद्देश्य ७: स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्नु** | ७.१ जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन कार्यक्रम | वडा | १ | ८ | १००० | ११०० | १२१० | १३३१ | १४६४.१ | ६१०५.१ | | | |
| | ७.२ बजार क्षेत्रमा उद्यान/हरित क्षेत्र निर्माण कार्यक्रम | स्थान | ० | १ | २०००० | २२००० | २४२०० | २६६२० | २९२८२ | १२२१०२ | | | |
| | ७.३ विद्यालय, स्वास्थ्य संस्थालगायत अन्य सार्वजनिक स्थलमा सौर्य ऊर्जा कार्यक्रम | संख्या | ० | ५ | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | ६१०५१ | | | |
| | ७.४ कृषि तथा पशु बीमामा जलवायुजन्य जोखिम कभरेज | पटक | १ | ३५ | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२०.५ | ३०५२५.५ | | | |
| | ७.५ वैकल्पिक/नवीकरणीय ऊर्जा प्रवर्द्धन | घरपरिवार | ५० | ४००० | २० | २२ | २४.२ | २६.६२ | २९.२८२ | १२२.१०२ | | | |
| | ७.६ जलवायु परिवर्तन अनुकूलक सम्बन्धी जनचेतनामूलक कार्यक्रम | वडा | ८ | ४० | ५० | ५५ | ६०.५ | ६६.५५ | ७३.२०५ | ३०५.२५५ | | | |
| | ७.७ सालबसाली कार्यक्रम | वडा | ० | ८ | १०० | ११० | १२१ | १३३.१ | १४६.४१ | ६१०.५१ | | | |
| | **उद्देश्य ७ को जम्मा** | | ६० | ४०९७ | ३६१७० | ३९७८७ | ४३७६६ | ४८१४२.३ | ५२९५६.५ | २२०८२१.५ | ० | | ० |
| | **वतावरण तथा विपद् व्यवस्थापनको जम्मा** | | ५००२३६ | ६३०६ | १६०३१० | १७६७७१ | १९४४४८ | २८०४४२.९ | ३०८५८७.२ | १२८६०५९.२ | ० | | ० |

## ७.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

यस योजनाको कार्यान्वयनले गाउँपालिकाको पर्यावरण सुन्दर एवम् सन्तुलित भई हरित वृद्धि प्रवर्द्धन हुने, वन एवम् भूमिको दीगो व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधताको संरक्षण भएको हुने अपेक्षा गरिएको छ। यस क्रममा ह्रासोन्मुख वन क्षेत्र पुनर्स्थापित भएको हुनेछ भने स्वीकृत वनजन्य उत्पादनबाट वन उपभोक्ता समितिहरूको आम्दानीमा ३० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। यस्तै गरी, निजी तथा सामुदायिक वनबाट गरी कुल २३००० घन फुट काठ उत्पादन हुने गरेकोमा यस योजनाको कार्यान्वयन पश्चात् वार्षिक ३०००० घनफुट काठ उत्पादन भएको हुनेछ। पूर्ण स्वच्छता र सरसफाइ कार्यान्वयन गर्ने वस्ती २० प्रतिशतबाट ६० प्रतिशत पुगेको हुने, बजार केन्द्रहरूमा उत्पादन हुनेमध्ये ९० प्रतिशत फोहोरमैला नियमित संकलन र व्यवस्थापन भई फोहोलमैला व्यवस्थापन प्रभावकारी भएको हुने र ८ वटा पुनर्भरण पोखरीहरू निर्माण भई भूमिगत जलको अवस्थामा सुधारको क्रम सुरु हुने अपेक्षा गरिएको छ। थप विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १९ : वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | एकाइ | आधर वर्षको अवस्था | योजनाको अवधिको लक्ष्य ( आर्थिक वर्ष र कूल) | | | | | | पुष्ट्याईंका आधार | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | |
| **प्रभाव:** पर्यावरण सुन्दर एवम् सन्तुलित भई हरित वृद्धि प्रवर्द्धन भएको हुने | कुल भूमिमा वन/हरियाली क्षेत्र | प्रतिशत | ६० | ६० | ६० | ६०.५ | ६०.५ | ६१ | ६१ | डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br>गाउँपालिका सर्भेक्षण अध्ययन | |
| | पुनर्स्थापित वनको क्षेत्रफल | हेक्टर | १२ | - | २० | २५ | ४० | ४५ | ४५ | | |
| | वन उपभोक्ता समितिहरूको आम्दानीमा आएको वृद्धि | प्रतिशत | ० | - | ५ | १० | २० | २५ | ३० | | |
| | वनमा आश्रित परिवार | परिवार | २० | २५ | ४० | ६० | ८० | १०० | १०० | | |
| | वनमा आधारित उद्यमबाट रोजगार जनसंख्या | जना | ३० | - | ५० | १०० | १५० | २०० | २०० | | |
| **असर १:** वन एवम् भूमिको दीगो व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधताको संरक्षण भएको हुने | वन क्षेत्रबाट पूँजीगत वा गैरपूँजीगत सहयोग प्राप्त गर्ने घरपरिवार | संख्या | १०० | ५० | ५० | ५० | ५० | ५० | २५० | डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br>गाउँपालिका वस्तुस्थिति विवरण<br>गाउँपालिका सर्भेक्षण अध्ययन | गाउँपालिकाले आवश्यक बजेट विनियोजन गरेको हुनेछ<br>गाउँपालिकाले प्राथमिकता क्षेत्रमा राखी वनमा आधारित आयआर्जनका क्रियाकलापमहरू सञ्चालन गरेको हुनेछ |
| | वनबाट गाउँपालिकामा प्राप्त रोयल्टी | रु. हजारमा | - | ५० | १०० | ४०० | ८०० | १००० | १००० | | |
| | उत्पादित काठ (निजी र सा.व.) | घन फुट | २३००० | २४००० | २६००० | २८००० | २९००० | ३०००० | ३०००० | | |
| | नियमित रुपमा वन कार्ययोजना तयार गर्ने, पूर्णरुपमा कार्यान्वयन गर्ने सा.व.को हिस्सा | प्रतिशत | ४० | ४५ | ५५ | ७५ | ९० | १०० | १०० | | |
| | गाउँपालिकासँग नियमित समन्वयमा रहने वन उपभोक्ता समितिहरूको हिस्सा | प्रतिशत | १० | ३० | ५० | ७० | ९० | १०० | १०० | | |
| | व्यावसायिक जडीबुटी खेतीमा संलग्न घरपरिवार | संख्या | - | - | ५० | १०० | २०० | ३०० | ३०० | | |
| | पुनर्स्थापित भूमिको क्षेत्रफल | हेक्टर | १ | - | २ | ४ | ६ | ७ | ७ | | |

| नतिजा तह | नतिजा | एकाइ | आधर वर्षको अवस्था | योजनाको अवधिको लक्ष्य ( आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधार | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | |
| **असर २ :** प्रदूषण नियन्त्रण (खासगरी भूमि तथा जल) एवम् फोहोरमैला व्यवस्थापन भई पूर्ण स्वच्छता कायम भएको हुने | पूर्ण स्वच्छता र सरसफाइ कार्यान्वयन गर्ने वस्ती | प्रतिशत | २० | ३० | ३५ | ४५ | ५५ | ६० | ६० | गाउँपालिका सर्भेक्षण प्रतिवेदन<br><br>गाउँपालिका वस्तुस्थिति विवरण | आवधिक योजनाको लक्ष्यअनुरुप वार्षिक योजना तर्जुमा भई आवश्यकताअनुसारको बजेट विनियोजन भएको हुने<br><br>सरोकारवालाहरूको निरन्तर साथ सहयोग प्राप्त भएको हुने |
| | बजार केन्द्रहरूमा उत्पादन हुने कुल फोहोरमैलामध्ये नियमितरुपमा संकलन भई व्यवस्थित समेत गरिने परिमाण | हिस्सा | – | १५ | ३० | ५० | ७० | ९० | ९० | | |
| | सञ्चालित व्यवस्थित सार्वजनिक शौचालय | संख्या | – | – | ४ | ४ | २ | – | १० | | |
| | कम्तीमा साप्ताहिक रुपमा सार्वजनिक क्षेत्रको फोहोर संकलन गरी व्यवस्थापन गर्ने वस्ती | संख्या | १५ | २० | ४० | ६५ | ८५ | १०० | १०० | | |
| | फोहोर पानी संकलन र व्यवस्थापनको पद्धति भएका वडा | संख्या | – | – | ३ | ३ | २ | – | ८ | | |
| | ठोस फोहोर व्यवस्थापनको उचित प्रबन्ध भएका विद्यालय तथा स्वास्थ्य संस्था | प्रतिशत | ९० | – | ९४ | ९७ | १०० | – | १०० | | |
| | स्वच्छ, सफा विद्यालय | प्रतिशत | ६५ | ७० | ७५ | ८५ | ९५ | १०० | १०० | | |
| **प्रतिफल १.१ :** वन क्षेत्रको उत्पादन, उत्पादकत्व तथा पुनरुत्पादनमा वृद्धि भएको हुने | संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | १० | १२ | १५ | २५ | २८ | ३० | ३० | डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br><br>गाउँपालिका वस्तुस्थिति विवरण<br><br>गाउँपालिका सर्भेक्षण अध्ययन | गाउँपालिकाले आवश्यकताअनुसार बजेट विनियोजन गरेको हुने<br><br>वनमा आधारित उद्यम व्यवसायप्रति स्थानीय समुदायको आकर्षण वृद्धि भएको हुने |
| | व्यावसायिक जडिबुटी खेतीमा संलग्न घरपरिवार | संख्या | – | ५० | १०० | २०० | २५० | ३०० | ३०० | | |
| | उत्पादित गैह्रकाष्ठ वन पैदावर | के.जि. | – | | | | | | | | |
| | वनमा आधारित उद्योग व्यवसाय | संख्या | २० | २२ | २५ | ३० | ४० | ४० | ४० | | |
| | दर्ता निजी वन दर्ता गर्ने घरपरिवार | संख्या | – | – | १० | १५ | – | – | २५ | | |
| | जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई | कि.मि. | १० | – | ५ | १० | २० | २५ | २५ | | |
| | नवनिर्मित उद्यान | संख्या | २ | – | २ | ३ | ३ | – | ८ | | |
| | जैविक विविधतायुक्त संरक्षित क्षेत्र | संख्या | – | – | – | १ | – | – | १ | | |
| **प्रतिफल १.२ :** जलाधारको क्षेत्रको समुचित व्यवस्थापन | जैविक प्रविधिबाट नियन्त्रित खोला किनार, कृषि भूमि तथा सडकको लम्बाइ | कि.मि. | २० | ५ | १० | १८ | २३ | २५ | २५ | गाउँपालिका प्राविधिक शाखाको प्रगति प्रतिवेदन | गाउँपालिकाले आवश्यकताअनुसार बजेट विनियोजन गरेको हुने |

| नतिजा तह | नतिजा | एकाइ | आधर वर्षको अवस्था | योजनाको अवधिको लक्ष्य ( आर्थिक वर्ष र कुल) | | | | | | पुष्ट्याईंका आधार | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | |
| तथा भूसंरक्षण भई भिरालो जमिनमा स्थिरता कायम **भएको हुने** | पुनर्भरण पोखरी | संख्या | – | – | ५ | ५ | – | – | १० | | वनमा आधारित उद्यम व्यवसायप्रति स्थानीय समुदायको आकर्षण वृद्धि भएको हुने |
| | संरक्षित पानी मुहान | संख्या | २४ | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| **प्रतिफल १.३ :** दीगो एवम् पूर्ण सरसफाइको अवस्था हासिल भएको हुने | व्यक्तिगत सरसफाइ/स्वच्छता कायम गर्ने जनसंख्या | प्रतिशत | ६० | ७० | ७४ | ८० | ८८ | ९५ | ९५ | गाउँपालिका वातावरण तथा विपद् व्यवस्थापन शाखाको प्रगति प्रतिवेदन<br><br>गाउँपालिका वस्तुस्थिति विवरण | वातावरण तथा स्वच्छता सम्बन्धी कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन भएको हुने |
| | सफा पानी सफा भाँडोमा भण्डारण गरी उपभोग गर्ने घरपरिवार | प्रतिशत | ७० | ७३ | ८० | ८७ | ९५ | १०० | १०० | | |
| | सफा चर्पीको प्रयोग गर्ने परिवार (चर्पी सफा गर्ने ब्रस, कुचो, किटाणुनाशक पदार्थ आदि उपलब्ध भएको) | प्रतिशत | ७० | ७५ | ७९ | ८५ | ९० | – | ९० | | |
| | जोखिम अवस्थामा हात धुनका लागि तयारी हालतमा साबुन पानी उपलब्ध हुने घरपरिवार | प्रतिशत | ६० | ६६ | ७२ | ८३ | ९० | १०० | १०० | | |
| आयोजना तथा कार्यक्रम | यससम्बन्धित विवरण क्र.सं. ७.७ मा प्रस्तुत गरिएको छ। | | | | | | | | | | |

## ७.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाहरुको सांकेतीकरण

यस आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेशसमृद्धि, लैंगिक र जलवायु सांकेतीकरण ***अनुसूची ४*** मा प्रस्तुत गरिएकोछ।

## विषय उपक्षेत्रगत विवरण

## ७.२ वन तथा जैविक विविधता

### ७.२.१ पृष्ठभूमी

गाउँपालिकाको दिगो विकासमा वन क्षेत्रको महत्वपूर्ण योगदान रहिआएको छ । गाउँपालिकामा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घासपात, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ । जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र स्थानीय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ। हालैको वनस्रोत सर्वेक्षण अनुसार वनले ढाकेको क्षेत्र कुल भू-भागको १३.८९ प्रतिशत पुगेको छ । विशेष गरी वन क्षेत्रले ढाकेको भूभागमा वृद्धि भएको छ भने झाडी बुट्यानले ढाकेका क्षेत्रहरू वन क्षेत्रमा रूपान्तरित हुनुका साथै वन क्षेत्र बाहिरको भू-भागमा समेत वनको वृद्धि भएको छ। राष्ट्रले अवलम्बन गरेको समुदायमा आधारित वन तथा संरक्षित क्षेत्र व्यवस्थापन सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, संरक्षण क्षेत्र, कबुलियती वन आदि) विश्वमै उदाहरणीय रहेको छ । त्यस्तै दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारूप, २०७२ जारी भई यिनीहरूको कार्यान्वयनको चरण सुरु भएको छ। यसर्थ पहाडी यस गाउँपालिकामा वन संरक्षणका लागि प्रयासरत रहि सङ्घीय सरकारद्धारा तय गरिएका प्रारुप,निर्देशिका र नीतिहरुको कार्यान्वयनका लागि सिमकोट गाउँपालिकाको पनि योगदान रहनेछ ।

### ७.२.२ समस्या, चुनौती

वनले ढाकेको समग्र क्षेत्रफल बढी भए पनि गुणस्तरीय वनको क्षेत्र र काठ भएको वन क्षेत्र निकै सानो रहेको छ। संभावना अनुसार वनमा आधारित उद्यम व्यवसाय विकास हुन सकेको छैन जसले गर्दा स्थानीय अर्थतन्त्रमा वन क्षेत्रको योगदान नगण्य रहन गएको छ। डाँडाफया लगायत अन्य विभिन्न क्षेत्रहरूमा वन ह्रासोन्मुख अवस्थामा रहेको छ। सामुदायिक वन उपभोक्ता समूहहरू उल्लेख्य भए पनि नर्सरी तथा बिरुवा उत्पादनको काम उक्त समूहहरूबाट हुन सकेको छैन। वन डढेलो हरेक वर्ष दोहोरिइरहने एक प्रमुख प्रकोपका रुपमा रहेको भए पनि नियन्त्रणका लागि पर्याप्त साधन, स्रोत र बजेट र प्रयास हुन सकेको छैन। विद्यमान जैविक विविधताको सर्भेक्षण, अभिलेखीकरण नहुँदा लोपोन्मुख तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय रुपमा संरक्षित रहेका यहाँ पाइने जीवजन्तु शिकारी हुने सम्भावना रहेको छ। यस क्षेत्रमा खासगरी सल्लाका लागि काठ चोरी निकासी हुने गरेको पाइन्छ। बाँज, खस्रु जस्ता वनस्पतिहरू लोपोन्मुख अवस्थामा पुगेका छ। खोरिया फडानी र वन अतिक्रमण धेरै रहेको भए पनि नियन्त्रणको प्रयास उल्लेख्य छैन ।

### ७.२.३ संभावना तथा अवसर

विगत केही दशक अगाडिका तुलनामा वनको गुणस्तरमा उल्लेख्य वृद्धि भएको छ। उपलब्ध मध्येमा डाँडाफयामा रहेको वन बढी घना र राम्रो रहेको छ भने अन्यत्रको वन वृद्धि र विकासको अवस्थामा रहेको देखिन्छ। प्रायसः सल्लो, पिपल, उत्तिस, बाँज, भलायोको पुनरुत्पादन दर राम्रो रहेको छ। तुलनात्मक रुपमा ग्वालेखोर सा.व., धारापोरी सा.व. र मेलगाड सा.व.मा काठको मात्रा बढी रहेको छ। बाँज,कटुस,निगालो,सल्लाको खोटो, चिराइतो, ओखर, खामु,चुली, जस्ता गैरकाष्ठ वन पैदावार/जडिबुटी पर्याप्त मात्रामा उपलब्ध हुने हुनाले व्यवसायिक स्तरमा उत्पादन गर्न सकिने सम्भावना रहेको छ र यिनको बिक्रीका लागि बजारको पनि उपलब्धता रहेको छ। यस गाउँपालिकामा १२ वटा सामुदायिक वन र ३ वटा कबुलियती वन रहेका छन् । जैविक विविधता अन्तर्गत यहाँ बाघ,भालु जस्ता संरक्षित वन्यजन्तु पनि पाइन्छ भने बाँदर, स्याल, दुम्सी, मृगजस्ता वन्यजन्तुहरू, काग, कोइली, ढुकुर, भँगेरा, लामपुछ्रे, कालिज, वन कुखुरा जस्ता जंगली पक्षी धेरै मात्रामा उपलब्ध रहेको छ।

### ७.२.४ उपक्षेत्रगत सोच,लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### ७.२.४.१ सोच
विविधतायुक्त वनस्रोत समृद्ध जलाधार,पर्यापर्यटन रोजगारीको प्रमुख आधार

### ७.२.४.२ लक्ष्य
वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्द्धन, गरी रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गर्ने ।

### ७.२.४.३ उद्देश्य
- दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्तहुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्नु ।

### ७.२.४.४ रणनीति
- विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने ।
- दिगो वन व्यवस्थापन र संरक्षण मार्फत वातावरणीय सन्तुलन कायम राखी जलवायु परिवर्तन न्यूनीकरणका सम्भावित लाभहरूलाई स्थानीय स्तरसम्म पुऱ्याउने ।
- वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने ।

### ७.२.४.५ प्रमुख कार्यक्रमहरू
- वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि साधन स्रोत र व्यवस्थापकीय क्षमताको अभिवृद्धि । वन डढेलो लगाउने अपराधीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याइने गरी संस्थागत विकास र डढेलो नियन्त्रणमा हुने मानवीय क्षतिको उचित राहत र सम्मान ।
- प्राकृतिक ताल तलैयाहरूको संरक्षण, जलाधार संरक्षण, सुक्खा क्षेत्रहरूमा पोखरीहरूको निर्माण साथै सुराकी परिचालन एवम् वन अतिक्रमण नियन्त्रण ।
- सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत सुदृढीकरण तथा सुशासनको लागि वन कार्ययोजना ।
- व्न उद्यम तथा वन पैदावरको व्यवसायीकरण ।
- वनहरूको दिगो र वैज्ञानिक व्यवस्थापनको लागि क्षमता वृद्धि कार्यक्रमहरू सञ्चालन ।
- गरिब तथा विपन्न परिवारलाई प्रत्यक्ष लाभ र आय वृद्धिमा योगदान हुने गरी कबुलियती वन कार्यक्रमको विकास र विस्तार
- वनको दिगो व्यवस्थापन गरी वनपैदावारको सहज आपूर्ति एवम् स्थानीय रोजगारी तथा राजस्वमा योगदान ।
- वन पैदावारको उत्पादन गरी वन क्षेत्रमा हुने चापलाई न्यूनीकरण गर्दै कृषि तथा पशु विकासमा टेवा पुऱ्याउन र स्थानीय वातावरणीय सन्तुलन सम्बन्धी कार्यक्रम सञ्चालन ।
- निजी वन, स्थानीय स्तरमा सञ्चालन भइरहेको पारिवारिक वन, सार्वजनिक स्थानहरूमा वृक्षरोपण, नर्सरी र वनजन्य उद्यम स्थापनाका लागि प्रवर्द्धन र सहयोगात्मक कार्यक्रम ।
- निजी नर्सरीबाट बिरुवा खरिद,जडीबुटी उद्यमी तथा निजी नर्सरीलाई सहयोग,जडीबुटी तथा हरित उद्यमी, उत्पादक समूह र सहकारी संस्थालाई परिचालन गरी उत्पादन, भण्डारण तथा प्रशोधन गराउन पकेट क्षेत्रमा कार्यक्रम सञ्चालन
- वन स्रोतको प्रयोग वा बिक्रीबाट प्राप्त आम्दानीको केही अंश सोही क्षेत्रमा लगानी गर्ने व्यवस्थाको प्रभावकारी कार्यन्वयन सुनिश्चितता तथा अनुगमन ।

- स्थानीयलाई प्रत्यक्ष लाभ प्राप्तहुने गरी कृषि र पशुपन्छी क्षेत्रसँगको समन्वयमा विशेष आयआर्जनका कार्यक्रम सञ्चालन ।

### ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, विविधता र उत्पादकत्वमा गुणात्मक वृद्धि भएको, समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरू अझ सुदृढ र सबल भएका र वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूको विविधीकरण सहित उक्त वस्तु तथा सेवाहरू विपन्न तथा वञ्चित समूहहरूसम्म पुगेको हुनेछ । साझेदारी तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रबाट दाउरा उत्पादन भई काठ दाउराको उत्पादन बढेको, आपूर्ति सहज भएको र राजस्व वृद्धि भएको हुनेछ । समुदाय तथा निजी क्षेत्रबाट काठको आपूर्ति भएको हुनेछ । सामुदायिक वन व्यवस्थापनबाट सम्पुर्ण घरधुरीलाई काठ, दाउरा लगायत अन्य वन पैदावारको आपूर्ति सहज भएको हुनेछ । कबुलियती वन कार्यक्रमबाट वन र वातावरण संरक्षणको साथै गरिब घरधुरीको जीविकोपार्जन तथा आयआर्जनमा वृद्धि भएको हुनेछ । वन डढेलो जस्ता प्राकृतिक प्रकोपको नियन्त्रणमा टेवा पुगी जलवायु परिवर्तन न्यूनीकरण तथा विपद् जोखिम न्यूनीकरणमा विशेष योगदान पुगेको हुनेछ । वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण,वातावरण तथा विपद् व्यवस्थापन, वातावरण तथा जलवायु परिवर्तन क्षेत्रको नतिजा खाका क्षेत्रगतरुपमा एकमुष्ट अगाडिको पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ७.२.६ अनुमान तथा जोखिम पक्ष

वन तथा जैविक विविधताको क्षेत्रमा काम गर्ने जिल्ला तथा डिभिजन वन कार्यालयहरुको संरचनागत टुङ्गो लागि नसक्दा कार्यक्षेत्रगत रुपमा अस्पष्टता र कार्यसम्पादनमा कठिनाई हुने देखिन्छ । वर्षेनी वन क्षेत्र मासिदै जाने र सो को सोधभर्ना हुन नसक्दा वन क्षेत्र सहित हिमाली जैविक विविधता मासिदै जाने जोखिम बढ्न सक्छ । साथसाथै राजस्व संकलन गर्ने नाममा वन क्षेत्रको अवयवहारिक दोहन हुन सक्छ ।

## ७.३ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.३.१ पृष्ठभूमी

सिमकोट गाउँपालिका क्षेत्रमा भिरालो भूभाग बढी र समथल भूभाग कम रहेकाले वर्षेनी हिउद तथा वर्षा याममा पहिरो जाने सम्भावना बढी हुन्छ । हालको जनसंख्या बृद्धिले बढ्दै गएको खोरिया खेती प्रणाली ,विकास निर्माण कार्यमा सजगता नअपनाउदा हुने विनासले भूक्षय बृद्धि हुदै गइरहेको छ । त्यसै गरी अनाधिकृत जङ्गल फँडानीले जलाधार क्षेत्र सुख्खा हुदै गइरहेका छन् । साथै विश्वव्यापी उष्णताले पनि पानीका मुहान सुक्ने,सिमसार क्षेत्रहरु सुक्दै जाने,नदी,खोलाहरुमा पानीको बहाव घट्दै जानुले पनि जलाधार क्षेत्र घट्दै गएको पुष्टी हुन्छ । यसका लागि स्थानीय सरकारले भूसंरक्षणका लागि प्राकृतिक तथा कृत्रिम प्रविधि अपनाई यसको प्रभावलाई कम गर्न सक्दछ । बृक्षारोपण,तारजाली व्यवस्थापन,खोरिया फँडानीलाई रोक लगाउदा पनि भूसंरक्षण हुन सक्छ । जलाधार व्यवस्थापनका लागि ताल पोखरीहरुको पुनर्भरण,सिमसार क्षेत्रको संरक्षण,जलवायु परिवर्तन अनुकुलनका उपायहरु अवलम्बन गर्दा जलाधार व्यवस्थापनमा सहयोग पुग्न जाने देखिन्छ । तसर्थ यसका लागि गाउँपालिकाले दीर्घकालिन रुपमा संरक्षण र व्यवस्थापनका रणनीति अवलम्वन गर्नुपर्दछ ।

### ७.३.२ समस्या तथा चुनौती

#### समस्या

भूसंरक्षण तथा जलाधार व्यवस्थापन लागि छुट्टै सङ्गठनात्मक संरचना तयार पार्नु र कार्यान्वयनमा ल्याउनु, हिमाली क्षेत्रको कमजोर भूगर्भ र अव्यवस्थित दोहनबाट यहाँका बासिन्दाको जीवन आधारमा परेको जोखिम न्यूनीकरण गर्नु, गाउँपालिकाभरको बृहत्तर भूउपयोग योजना तर्जुमा गरी सोअनुरुपको कार्यान्वयन हुन नसक्नु, भूसंरक्षण, भूमि व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, जलाधार व्यवस्थापनलगायतका विभिन्न महत्वपूर्ण क्षेत्रमा दीगोपनको सुनिश्चितता गर्न कठिनाइ हुनु, रासायनिक मलको अनियन्त्रित प्रयोगले माटोको गुणस्तर निरन्तर खस्किनु प्रमुख समस्याका रुपमा रहेका छन् ।

### चुनौती

यस गाउँपालिकामा भएका करिब दुई दर्जन खोला खोल्सालेखासगरी महेश खोला, आग्रा खोला, सोप्याङ खोला, गणेश खोला, सती खोला, धोवीहरूले वर्षेनीजसो बाढी र कटान निम्त्याउनु,जलाधार क्षेत्रहरूको सर्भेक्षण/पहिचान गरी सो संवेदनशील जलाधार क्षेत्रहरूमा प्राथमिकताका साथ जलाधार संरक्षण कार्यक्रम लागू हुन नसक्नु एक दर्जनभन्दा बढी स्थानहरूमा पहिरोको कारण वर्षेनी भूक्षय गइरहनु,हरेक वर्ष नयाँ पहिरोहरू पनि थपिनु, ढुंगा उत्खनन्का क्रममा पनि पहिरो जानु,अनियन्त्रित रुपमा रासायनिक मलको प्रयोग हुँदै आएका कारण जमिनको उत्पादन उत्पादकत्व निरन्तर घट्दो अवस्थामा हुनु,जैविक प्रविधिको प्रयोग एवम् एकीकृत जलाधार व्यवस्थापन गरी भूमिको उत्पादन र उत्पादकत्व बढाउन नसक्नु,साना सडक निर्माणका क्रममा भूक्षय निम्तिनु र सडक निर्माणका क्रममा वातावरणीय परीक्षण हुन नसक्नु चुनौतीका रुपमा रहेका छन् ।

### ७.३.३ संभावना तथा अवसर

कर्णाली र चुवाँखोला यहाँका मुख्य नदी हुन् भने दोजाम खोला, ग्याग्रु खोला, हुमाने खोला,हेप्का,स्याडा खोला लगायत करिब ६ वटा खोलामा वर्षैभरि पानी बहने गर्दछ भने अन्य खहरे र खोल्साहरू रहेका छन् । यहाँ याङ्गु,साँता,डाँडाफया,हिल्दुम,ठेहे,बैजिबाडा लगायत आधी दर्जन पहिरोहरू भूस्खलनका प्रमुख क्षेत्रहरूका रुपमा रहेका छन् भने यहाँ नदी कटान तुलनात्मक रुपमा कम रहेको छ । गाउँपालिकामा पोखरी, ताल तथा सिमसार क्षेत्र रहेका छैनन् । भूसंरक्षण अन्तर्गत सब-डिभिजन वन कार्यालय लगायत अन्य संघसंस्था समेतबाट हालका वर्षमा बृक्षारोपण गर्ने गरिएको छ । सडकसँग क्रममा अनिवार्य रुपमा नाला निर्माण गर्नुपर्ने,आवश्यक क्षेत्रमा रिटेनिङ वाल, ग्याबियन वाल, ब्रेष्ट वाल लगाउने हुनुपर्नेमा सडक मात्रै खन्ने काम भएकाले बाटो निर्माणपश्चात् सुरु हुने भूक्षय शुरु हुने सम्भावना छ । भूसंरक्षण, तटबन्धन तथा जमिनको स्थिरीकरणमा बायोइञ्जिनिरिङ विधिलाई प्रयोगमा ल्याउन सकिने सम्भावना रहेको छ ।

### ७.३.४ उपक्षेत्रगत सोच, लक्ष्य, उद्वेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

७.३.४.१ सोच

भू संरक्षण एवं समृद्ध जलाधार,वातावरण र विपद् व्यस्थापनको मुख्य आधार

७.३.४.२ लक्ष्य

भू तथा जलाधारको समुचित संरक्षण र संवर्द्धन गरी विपद् व्यवस्थापन गर्ने ।

७.३.४.३ उद्धेश्य

- दिगो भूसंरक्षण र जलाधार व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्नु ।

७.३.४.४ रणनीति

- भूक्षय भइरहेका स्थानहरुको दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने ।
- जलाधार संरक्षण मार्फत वातावरणीय सन्तुलन कायम राखी जलवायु परिवर्तन न्यूनीकरणका सम्भावित लाभहरूलाई स्थानीय स्तरसम्म पुऱ्याउने ।
- भू तथा जलाधार संरक्षणलाई विकासको एउटा अभिन्न अंग ठानी यस क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

७.३.४.५ कार्यक्रम तथा आयोजना

- भूक्षय नियन्त्रणका लागि ग्याविन जाली र तटबन्धन निर्माण
- खोरिया फँडानी नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम
- जलाधार क्षेत्र पहिचान कार्यक्रम
- प्राकृतिक ताल तलैयाहरूको संरक्षण, जलाधार संरक्षण, सुक्खा क्षेत्रहरूमा पोखरीहरूको निर्माण

- पानी पुनर्भरणका लागि बृक्षरोपण कार्यक्रम
- सार्वजनिक स्थानहरूमा वृक्षरोपण, नर्सरी र वनजन्यउद्यम स्थापनाकालागि प्रवर्द्धन र सहयोगात्मककार्यक्रम ।

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

पाँच वर्षको अवधिमा सिमकोट गाउँपालिका भित्र रहेका पहिरोको नियन्त्रणका लागि प्रयास भएको हुनेछ । हाल गइरहेको पहिरो नियन्त्रणका लागि जाली,तटवन्धन तथा बृक्षारेपणका कार्यक्रमहरु संचालन भएका हुनेछन् । सार्वजनिक निर्माण कार्यहरु विपद् उत्थानशिल हुनेछन् । जलाधार क्षेत्रहरुको पहिचान भई उक्त क्षेत्रहरुको संरक्षणका लागि सम्बन्धित क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्था संगको समन्वयमा जलाधार क्षेत्रको संरक्षण भएको हुनेछ ।

### ७.३.६ अनुमान तथा जोखिम पक्ष

भू तथा जलाधार संरक्षण गाउँपालिकाको कम प्राथमिकतामा पर्ने क्षेत्र भएकोले यस्ता क्षेत्रहरुको प्रकोप बढ्दै जाने देखिन्छ । जनसंख्यामा हुने बृद्धि र प्राकृतिक श्रोतहरुको अप्राकृतिक दोहनले यस क्षेत्रमा संरक्षणको तुलनामा जोखिम बढ्ने सम्भावना बढी हुन्छ ।

## ७.४ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.४.१ पृष्ठभूमी

सिमकोट गाउँपालिकासहित सिंगो जिल्लामा हरेक घरमा चर्पी निर्माण र प्रयोगको अभियान सहित खुला दिशामुक्त क्षेत्र घोषणा भएकाले यहाँको खुला फोहोरमैला व्यवस्थापनमा महत्वपूर्ण टेवा पुगेको छ । यसले गाउँपालिकाको वातावरणीय स्वच्छतालाई उल्लेखनीय रुपमा वृद्धि गर्न सहयोग पुऱ्याएको छ । गाउँपालिकाले बजार क्षेत्रमा कर्मचारी राखेर धुलो सफा गर्ने, पानी हाल्ने काम गरिरहेकाले यसले पनि स्वच्छता वृद्धि गर्न सहयोग पुऱ्याएको छ । गाउँटोल सामान्यतया स्वच्छ रहेका छन् । गाउँटोल लगायत बजार क्षेत्रमा दैनिक रुपमा निष्कासन हुने प्लाष्टिकजन्य फोहोरको पुनःचक्रीय प्रयोगलाई प्रवर्द्धन गर्नुपर्ने अवस्था रहेको छ । खासगरी सिमकोट बजार क्षेत्रमा जनसांख्यिक चाप र शहरीकरण बढ्दै गएको हुँदा अन्य ठोस फोहोर, फोहोर पानीको संकलन, प्रशोधनको दीर्घकालीन व्यवस्थापनलाई तत्काल अघि बढाउनुपर्ने खाँचो रहेको छ । गाउँपालिकाले फोहोरमैलाको संकलन, वर्गीकरण, प्रशोधनलगायत फोहोरमैलाको दीगो व्यवस्थापनको पद्धति स्थापना गर्न सकेको छैन ।

### ७.४.२ समस्या तथा चुनौती

#### समस्या

सडक यातायातबाट निस्कने, प्लाष्टिक जलाउने, गाउँ क्षेत्रमा दाउरा बाल्ने, वन डढेलो आदि कारणबाट वायु प्रदूषण विद्यमान रहेको छ। फोहोरमैला वर्गीकरण गरी व्यवस्थापन गर्ने अभ्यास सुरु भइसकेको छैन। समयअनुसार पानी नपर्ने, अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, तापमानमा वृद्धि जस्ता जलवायु परिवर्तनजन्य समस्याहरू निरन्तर बढ्दै गएका छन्। विपद्को आवृत्ति, प्रवृत्ति, सघनता निरन्तर बढ्दै गएको भए पनि विपद् जोखिम व्यवस्थापनका लागि दक्ष जनशक्तिको भने अभाव रहेको छ ।

#### चुनौती

फोहोरमैला व्यवस्थापन स्थल (landfill site) निर्माण सुरु भएकाले केही वर्षपश्चात् दृश्य फोहोरमैला कम हुने अनुमान गर्न सकिए पनि स्यानिटरी ल्याण्डफिल साइट नहुँदा फोहोरमैला रसाएर भूमिगत पानी प्रदूषित गर्ने जोखिम रहेको छ। गाउँपालिकामा फोहोरमैला विसर्जनभन्दा पनि न्यूनीकरण, प्रशोधन, पुनःचक्रीय प्रयोग जस्ता विधिमा जोड दिएर फोहोरमैला विसर्जन शून्य गाउँपालिका बनाउनपर्छ भन्ने सोच विकास हुनु जरुरी छ।

### ७.४.३ संभावना तथा अवसर

खुला दिशामुक्त क्षेत्र घोषणा भएको र अधिकांश घरमा चर्पी भएकाले र हात धुनेलगायतका व्यक्तिगत स्वच्छता अभ्यासहरू उल्लेख्य रुपमा बढेकाले गाउँटोलको सरसफाइको अवस्थामा पनि उल्लेख्य रुपमा सुधार भएको छ। हाल

करिब ९० प्रतिशत घरधुरीमा सफा चर्पीको अभ्यास रहेको अनुमान छ। खासगरी बजार क्षेत्रमा सेफ्टीट्यांकीका फोहोर मेसिनबाट निकालेर विसर्जनका लागि लैजाने अभ्यास रहेको छ। ल्याण्डफिल साइट निर्माण सुरु भएकाले आगामी दिनमा बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन थप सहज हुने अनुमान गरिएको छ। विद्यालयमा बालउद्यान, हरियाली र वातावरणीय सौन्दर्यता बढ्ने अवस्था रहेको छ। सिमकोट बजार, वडा कार्यालयहरू, विद्यालयहरू, स्वास्थ्य चौकीहरूमा फोहोर संकलन बाक्सा राखिएकाले यस क्षेत्रको वातावरणीय स्वच्छता कायम गर्न टेवा पुगेको छ। गाउँ टोल चाडबाडमा बाटोघाटो लगायतका सार्वजनिक स्थलहरू सफा गर्ने प्रचलन रहेको छ।

### ७.४.४ उपक्षेत्रगत सोच,लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

७.४.४.१ सोच

सुन्दर एवम् सन्तुलित पर्यावरण कायम गरी हरित वृद्धि प्रवर्द्धन गर्ने

७.४.४.२ लक्ष्य

- वातावरणीय दीगो व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधता संरक्षण गर्ने,
- दीगो फोहोरमैला व्यवस्थापन एवम्पूर्ण सरसफाइको अवस्था हासिल गर्ने

७.४.४.३ उद्धेश्य

- जैविक विविधता एवम् वातावरणको संरक्षण/प्रवर्द्धन गर्ने
- प्रदूषण नियन्त्रण एवम् फोहोरमैला व्यवस्थापन गर्ने

७.४.४.४ रणनीति

- वन तथा जैविक विविधतालाई एकीकृत पद्धतिबाट संरक्षण, प्रवर्द्धन गर्न पहल गर्ने
- नागरिक सचेतना एवम् जिम्मेवारी बोधमा वृद्धि लगायत संस्थागत प्रयासका माध्यमबाट प्रदूषण नियन्त्रण तथा वातावरणीय स्वच्छता कायम गर्ने
- फोहोरमैला संकलन प्रणाली स्थापना गरी व्यवस्थापकीय प्रभावकारिता वृद्धि गर्ने
- वातावरण अनुकुलित जीवनशैली र विकास पद्धति प्रवर्द्धन गर्ने

७.४.४.५ कार्यक्रम तथा आयोजना

- शौचालय नभएका घरधुरीहरुलाई शौचालय निर्माणमा सहयोग
- गाउँपालिकाको ८ वटै वडामा पूर्ण सरसफाइ प्रवर्द्धन कार्यक्रम
- सार्वजनिक शौचालय निर्माण र व्यवस्थापन
- ल्याण्डफिल्ड साईटको स्थापना
- घरायसी तहबाट फोहोरको बर्गीकरण गरी व्यवस्थापन
- बाल उद्यान र पार्क निर्माण
- फोहोरबाट ग्याँस निकाल्ने कार्यक्रम

### ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आगामी ५ वर्ष भित्र सिमकोट गाउँपालिकाका समग्र घरधुरीमा शौचालय निर्माण भई प्रयोगमा आएका हुनेछन् भने फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल्ड साईटको पहिचान भई फोहोरको विसर्जन भएको हुनेछ । गाउँपालिकाका मुख्य मुख्य स्थानहरुमा सार्वजनिक शौचालय निर्माण भई प्रयोगमा आएका हुनेछन् । एक वडा एक पार्कको अवधारणामा पार्क स्थापना गरी हरियाली प्रवर्द्धन भएको हुनेछ । नतिजा खाकालाई क्षेत्रगत रुपमा एकमुष्ट अगाडिको पृष्ठमा प्रस्तुत गरिएको छ ।

### ७.४.६ अनुमान तथा जोखिम पक्ष

सिमकोट गाउँपालिका र हुम्ला जिल्लालाई खुला दिसामुक्त जिल्ला घोषणा गरेपनि हाल अधिकांश घरधुरीमा शौचालय नभएको र खुल्ला स्थानमा दिसा पिसाव गरेको पाईन्छ । अधिकांश शौचालयका खाडलहरु भरिएको हुँदा खाडलको फोहोरलाई व्यवस्थापन गर्न सकिने अवस्था छैन । बाक्लो बस्तीका कारण घरायसीस्तरबाट निस्कने फोहोरलाई विसर्जनका लागि फोहोरको बर्गीकरण गरेर व्यवस्थापन गर्न असम्भव छ । फोहोर प्रशोधनका लागि प्रविधिको प्रयोग गर्न खर्चिलो पर्ने देखिन्छ । तसर्थ दुर्गम जिल्लाको यस गाउँपालिकामा फोहोर व्यवस्थापन गर्न

## ७.५ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता

### ७.५.१ पृष्ठभूमि

प्रकोप जोखिम न्यूनीकरणका लागि सङ्घीय तथा स्थानीय स्तरमा विभिन्न नीतिगत/कार्यक्रमगत प्रयासहरू भइ आएका भए पनि विश्वभरि नै प्रकोपको आवृत्ति, प्रवृत्ति तथा सघनता निरन्तर वृद्धि हुँदै गएको परिप्रेक्ष्यमा सिमकोट गाउँपालिका, यहाँका नागरिक तथा विकासका उपलब्धिलाई संभाव्य विपद्हरूबाट सुरक्षित बनाई विपद् उत्थानशीलता सुनिश्चित गर्नु स्थानीय सरकार भएका नाताले सिमकोट गाउँपालिकाको प्राथमिक कर्तव्य हो । र, यसै सन्दर्भमा सिमकोट गाउँपालिकाले संभाव्य विपद्हरूलाई सुव्यवस्थित एवम् योजनाबद्ध किसिमले व्यवस्थापन गर्ने उद्देश्यले यो योजना तर्जुमा गरेको छ ।

सङ्घीय सरकारले विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील राष्ट्र निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैरप्राकृतिक विपद्बाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य राखेको छ । संविधानमा विपद् व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र स्थानीय तहको भएको सन्दर्भलाई मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले विपद् जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण स्थान दिएको छ । यसैगरी राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, जलवायु नीति लगायत अन्य नीतिहरूले प्राकृतिक तथा गैरप्राकृतिक विपद् न्यूनीकरण, पूर्व तयारी, उद्दार तथा राहत, पुनर्लाभ जस्ता विषयहरूमा स्पष्ट व्यवस्था गरेका छन् ।

नेपालको संविधानले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारका साथै संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा समेत राखेको छ (अनुसूची-८ र ९) । संघ र प्रदेशका नीतिगत व्यवस्था एवम् दिगो विकासका लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्य एवम् प्रतिवद्धता समेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा यस योजनाले विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्ने विश्वास लिइएको छ ।

जलवायु परिवर्तन उत्थानशिलता गाउँपालिकाको आफ्नै सुरक्षित भविष्यका लागि तथा संघ र प्रदेशका नीतिगत व्यवस्था एवम् दिगो विकासका लक्ष्यजस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न समेत महत्वपूर्ण हुने कुरालाई एकसाथ मूल्याङ्कन गर्दै विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीति सहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ ।

### ७.५.२ समस्या तथा चुनौती

वन डढेलो निरन्तरको समस्याका रुपमा रहिआएको छ भने पहिरो, बाढी, भूकम्प, आगलागी, चट्याङ, सुख्खा पहिरो, खडेरी, महामारी, हावाहुरी अन्य प्रमुख प्रकोपका रुपमा रहि आएका छन् । संस्थागत पूर्वसूचना प्रणालीको अभाव रहेको छ । नदी/खोलाले वार्षिक सरदर २०० रोपनी जमिन कटान गर्ने गरेको छ । डाँडा गाउँको पहिरोले दलित वस्ती जोखिममा पुऱ्याएको छ । गाउँपालिकामा कुल १५ वटा पहिरो रहेका छन् भने करिब एक दर्जन जति नयाँ पहिरोहरू हरेक वर्ष थपिने गरेका छन् । विपद्बाट हुने वार्षिक कुल क्षति करिब १ करोड हुने अनुमान गरिएको छ । विपद् पूर्वतयारी तथा व्यवस्थापन सम्बन्धी ज्ञान, सीप भएका घरपरिवारको संख्या न्यून रहेको छ । गाउँपालिका तथा वडास्तरमा आपत्कालीन उद्दार सामग्रीको भण्डारण नरहेकाले उद्दार कार्यमा कठिनाइ हुने अवस्था रहेको छ ।

बाढी पहिरो निरन्तर बढ्दै गएको अनुपातमा गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन तथा अनुकूलन क्षमतामा वृद्धि भइरहेको छैन । बाढी पहिरोका अतिरिक्त खडेरी, हावाहुरी यहाँका जलवायुजन्य प्रमुख प्रकोपका रुपमा रहेका छन् । पानी पर्ने प्रवृत्ति निकै अनिश्चयपूर्ण हुँदै अतिवृद्धि, अनावृष्टि, खण्ड वृष्टि बढ्दै गएको हुँदा कृषि पेशामा समस्या चुनौती निकै बढेका छन् । गर्मी/तापक्रम बढ्दै गएको हुँदा यसले जनजीवन, कृषिलगायत सामाजिक आर्थिक जीवनका पहलुहरूमा निकै प्रभाव पार्दै गएको छ ।वर्षेनी नयाँ-नयाँ खालका कीटपतंगको प्रकोप बढ्दै गएको छ ।पहिले नै उच्च र अव्यवस्थित रहेको कीटनाशक विषादीको प्रयोग कीटपतंगको प्रयोगसँगै अझै बढ्न जाने भएकाले यसको दीर्घकालीन असर व्यवस्थापन चुनौतीपूर्ण हुने देखिन्छ ।जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा केही सीमित व्यक्तिहरूलाई सामान्य जानकारी भए पनि अनुकूलनका उपायहरू सम्बन्धमा सूचना र जानकारीको अभाव रहेको छ । स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलन मूल प्रवाहीकरणको मुद्दा बन्नु पनि चुनौतीको विषयका रुपमा रहेको छ ।

### ७.५.३ संभावना तथा अवसर

गाउँपालिकास्तरमा विपद् व्यवस्थापन समिति रहेको छ र यसले खासगरी विपद्का समयमा सक्रिय रही कार्य गर्दै आएको छ । गाउँपालिकामा विपद् व्यवस्थापन कोषको पनि व्यवस्था रहेकाले स्थानीय समुदायले विपद्का समयमा तुलनात्मक रुपमा छिटो छरितो राहत प्राप्त गर्न थालेका छन् । गाउँपालिकामा प्राथमिक उपचारका लागि न्यूनतम जनशक्ति रहेको छ । विपद् व्यवस्थापनमा गैर सरकारी संस्थाहरूको सहयोगमा विपद् प्रतिकार्य योजना तयार भई स्वीकृतिको चरणमा रहेको छ । विपद् व्यवस्थापनमा गाउँपालिका र सुरक्षा निकायबीच समन्वय, सहकार्य हुने गरेको छ ।

गाउँपालिकामा विगत केही दशकयता हरियाली बढेको छ भने वन क्षेत्रको पुनरुत्पादन दर पनि राम्रो भएकाले यसले कार्बन सञ्चिती वृद्धिमा पनि योगदान पुऱ्याएको छ। करिब ५० प्रतिशत घरधुरीमा सौर्य ऊर्जा र १५ प्रतिशत घरधुरीमा बायोग्याँस भएको अनुमान गरिएको छ।अधिकांश घरपरिवार मूलतः जीवन निर्वाहमुखी कृषिमा आश्रित हुनु, कृषिका अतिरिक्त पशुपालनलाई पनि सँगसँगै अघि बढाउनु र घरपरिवारका केही सदस्य रोजगारीमा संलग्न भई आयस्रोतमा विविधिकरण हुनु जलवायु जोखिमका दृष्टिकोणले यहाँको सबल पक्षका रुपमा रहेको छ। औद्योगिकीकरण न्यून रहेकाले गाउँपालिकाको कार्बन पदचाप (foot print) नगण्य रहेको छ। जलवायु परिवर्तन हुँदै गएको छ भन्ने जानकारी र महसुसीकरण बढ्दै गएको छ। कृषि बीमा तथा पशु बीमाको अभ्यास बढ्दै गएकाले यस्तो अभ्यासले खडेरी तथा अन्य जलवायु विपद्को जोखिम हस्तान्तरणमा (risk transfer) मा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। वन क्षेत्र बढ्दै जानु र पानीका मुहानहरू हरेक वर्ष संरक्षण गर्ने नियमित कार्यक्रमका रुपमा रहनुले यसले खानेपानी अभावको जोखिमलाई न्यूनीकरण गर्ने अनुमान गर्न सकिन्छ।

## ७.५.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीति

७.५.४.१ सोच

विपद्प्रति सुरक्षित र उत्थानशील समाज निर्माण गर्ने

७.५.४.२ लक्ष्य

समुदायलाई विपद् उत्थानशील र पूर्वाधारलाई विपद् प्रतिरोधी बनाउने
गाउँपालिकाको जलवायु अनुकूलन क्षमता अभिवृद्धि गर्ने

७.५.४.३ उद्धेश्य

१. सबै प्रकारका प्राकृतिक एवम् मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानी न्यूनीकरण गर्ने;
२. स्थानीय स्तरमा विपद्का घटनाहरू आइपर्दा तत्काल र प्रभावकारी प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास गर्नु,
३. विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई गाउँपालिकाको समग्र विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्नु,
४. स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्नु

७.५.४.४ रणनीति

- वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गर्दै वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा सञ्चालन गर्ने।
- जल तथा मौसमी सेवालाई विश्वसनीय, भरपर्दो, नियमित, गुणात्मक बनाई जलवायु परिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्यमा परिचालित गर्ने।

७.५.४.५ प्रमुख कार्यक्रमहरु

- वातावरण संरक्षण तथा जलवायु परिवर्तन क्षेत्रमा संस्थागत क्षमता सुदृढीकरण र जनशक्ति विकास।
- वातावरण शिक्षा, वातावरणसँग सम्बन्धित सन्देशमूलक सामग्री उत्पादन र प्रचारप्रसार, वातावरणीय सरसफाइ।
- जलवायु अनुकूलितगाउँ (Climate Smart Village) को स्थापना र विकास।
- प्लास्टिकका झोलाको प्रयोगमा नियन्त्रण एवम् नियमन।
- विद्युतीय, लामो समयसम्म असर रहने विषादी तथा हानिकारक फोहोरमैला व्यवस्थापन।

## ७.५.५ अपेक्षित उपलब्धि नतिजा खाका

जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, अनुकूलन र समयानुकूलन कायम भएको, जलवायु वित्तको खाका तयार भएको र स्थानीय अनुकूलन योजना तयार भइ कार्यान्वयन भएको हुनेछ। वातावरणीय प्रभाव मूल्याङ्कन भएका

आयोजनाहरूको परीक्षण भएको, वातावरणीय शिक्षा र सचेतना अभिवृद्धि भएको हुनेछ । वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण,वातावरण तथा विपद् व्यवस्थापन,वातावरण तथा जलवायु परिवर्तन क्षेत्रको नतिजा खाका एकमुष्ट अगाडिको पृष्ठमा क्षेत्रगत रुपमा प्रस्तुत गरिएको छ ।

### ७.५.६ अनुमान तथा जोखिम पक्ष

समुदायमा विपद्को पुर्वतयारी सम्बन्धी अभ्यास नहुँदा विपद्को समयमा मात्र तयारी गर्ने प्रचलनले गर्दा त्यसको सही व्यवस्थापन गर्न नसकिने अवस्था आउन सक्छ । विपद्को पुर्व तयारी गाउँपालिकाको प्राथमिकतामा नपर्न सक्छ । विपद् व्यवस्थापन सम्बन्धी खोज,उद्धार,राहात,पुनर्स्थापना र पुनर्निर्माणका लागि ठूलो मात्रामा विपद् व्यवस्थापन कोषको आवश्यकता पर्न जाने हुदा सो कोष स्थापना नहुने र कोषको लागि बजेट विनियोजन भए पनि अन्यन्त्रै दुरुपयोग हुने जोखिम छ । जसले गर्दा समयमै राहात उपलब्ध गराउन नसकिने र वास्तविक पिडित व्यक्ति छुट्ने सम्भावना हुन्छ । त्यसै गरी जलवायु परिवर्तन अनुकुलनका लागि थुप्रै निकायबाट सहकार्य हुदै आइरहेको भएपनि अनुकुलनका लागि गरिने क्रियाकलाप अल्प ज्ञानका कारण निष्प्रभावी हुने सम्भावना छ ।

# परिच्छेद ८
# संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१.१ पृष्ठभूमि

नेपालको संविधानबाट प्रत्यक्ष अधिकार सहितको संघीयताको संरचनामा आधारित स्थानीय सरकारहरु स्थापना भई संविधान अनुसार विकास कार्य तथा सेवा प्रवाहमा क्रियाशिल रहेका छन् । स्थानीय सरकार जनताको घरदैलोको सरकार हुन् । तसर्थ आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग एवं समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका हुन्छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको हुन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात् स्थानीय सरकारलाई संवैधानिक अधिकार प्राप्त भएको छ । अधिकार र साधन स्रोतमा बढोत्तरीसँगै स्थानीय सरकारसँग जनअपेक्षा र जिम्मेवारीमा निरन्तर बढोत्तरी हुँदै गएको छ । असिमित जनआकांक्षाको सम्बोधन परम्परागत तथा पुरानै सोच र तरिकाबाट संभव देखिदैन । बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशिलता र वैकल्पिक उपायहरु अवलम्बन गर्न जरुरी छ । अबका दिनमा स्थानीय सरकारहरुले संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, सहकारी, निजी तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ । यसलाई मध्यनजर गर्दै गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापन क्षेत्रको प्रमुख भूमिका रहन्छ ।

सिमकोट गाउँपालिकामा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन् । गुनासो सुन्ने अधिकारीको व्यवस्था,स्थानीय गौरवका आयोजनामा नतिजामा आधारित व्यवस्थापन प्रणाली, र गाउँपालिकामा कार्यरत कर्मचारीहरूको आचार संहिता जस्ता कार्यहरू थप प्रभावकारिताका साथ सुचारु गरिएको छ । डिजिटल नोटिस बोर्ड सहितको नागरिक बडापत्र लागु गरिएको छ । शाखाहरूमा सूचना प्रविधिको प्रयोगमा विस्तार भएको छ । नागरिकका उजुरीहरुको लागि गाउँपालिकामा सुझाव पेटिकाको व्यवस्था भएको छ ।

## ८.१.२ समस्या तथा चुनौती

### समस्या

सङ्घीय शासन व्यवस्थाको अवलम्बन पश्चात् जनतासंग प्रत्यक्ष सम्बन्धित सेवाप्रवाह र विकासको व्यवस्थापन तथा सञ्चालनको दायित्व प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिबृद्धि नहुनु,सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा नवीनतम् विकास एवं प्रविधिको समुचित उपयोग गर्न नसक्नु,पारदर्शिता र जवाफदेहिताको प्रणाली पूर्णरुपमा विकास भइनसक्नु,विभिन्न तहबिच प्रयाप्त समन्वय हुन नसक्नु,सुशासन र सार्वजनिक उत्तरदायित्व अपेक्षित रुपमा बहन हुन नसक्नु प्रमुख समस्या रहेका छन् ।
गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार प्रशासनिक तथा विषयगत कर्मचारीहरुका पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई हुनु, कार्यपालिका कार्यालयमा आफ्नो भवन नहुँदा एकीकृत सेवा प्रवाहमा कठिनाई हुनु, गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, बस्ती तथा भौतिक विकास, यातायात, उद्यम विकास तथा कृषि सम्बन्धी गुरुयोजना आदिको तर्जुमा नहुँदा ठोस तथा नतिजामुखी योजना तर्जुमाका साथै प्राथमिकताका आधार र प्रक्रिया निर्धारण, मध्यमकालीन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुनु पनि गाउँपालिकाको समस्याको रुपमा रहेका छन् ।

### चुनौती

नेपालको संविधानले संवैधानिक व्यवस्था र कानून अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट बनाउने, श्रोत परिचालन गर्ने र विकास कार्य सञ्चालन र सेवा प्रवाह गर्ने व्यवस्था गरेको छ । देशको रणनीतिक स्थानमा अवस्थित र विकासको अथाह संभावना भएर पनि गाउँपालिकाको विकास र सेवा प्रवाहको अवस्था अपेक्षित रुपमा अगाडि बढाउन सकिएको छैन । योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना लगायतका चूनौतिहरु विद्यमान रहेका छन् । सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी नहुनु,उपयुक्त भौतिक सुविधा र लगानीको वातावरण तयार गरी गाउँपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न नसक्नु,उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, कार्य सम्पन प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरुमा निजी, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न नसक्नु पनि चुनौतिको रुपमा देखिएका छन् ।

## ८.१.३ संभावना तथा अवसर

सिमकोट गाउँपालिकामा कृषि, तथा पर्यटन विकासको संभावना रहेको छ भने गाउँपालिकामा प्राकृतिक श्रोत तथा हिमाली जैविक विविधता जस्ता वातावरणीय सेवाका अवसरहरु उपलब्ध रहेका छन् । संवैधानिक अधिकार सहितको संघीय शासन व्यवस्थामा आधारित स्थानीय सरकारबाट नागरिकहरुमा शासन प्रक्रियामा नागरिकको पहुँच वृद्धि भएको छ । गाउँपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको छ । गाउँपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ । गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोग पनि क्रमशः बढ्दै गएको छ । साथै यस गाउँपालिकामा विकास साझेदार, अन्तरराष्ट्रिय र राष्ट्रिय संघ/संस्था तथा निजी क्षेत्रको लगानीको आकर्षण केन्द्रको रुपमा समेत स्थापित हुन सक्ने सम्भावना रहेको छ ।

राज्यबाट प्राप्तहुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको व्यवस्था गर्ने भन्ने संविधानको व्यवस्था, सार्वजनिक सेवामा सुशासन प्रवर्द्धन गर्ने विभिन्न ऐन/नियमहरूको व्यवस्था तथा सेवा प्रवाहमा सूचना प्रविधिको बढ्दो प्रयोग अवसरका रूपमा रहेका छन् । गाउँपालिकाको संभावना तथा अवसर, समस्या तथा चुनौती र संभावना उपयोगको रणनीतिलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका २०: संस्थागत विकास तथा सुशासन क्षेत्रको सम्भावना तथा अवसर,समस्या तथा चुनौती विश्लेषण**

**क. स्थानीय कानून, नीति तर्जुमा तथा कार्यान्वयन**

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| १. २२ वटा विषयमा नीति तथा ऐन तयारी भई प्रमाणीकरण भएको तर स्थानीय राजपत्रमा प्रकाशन नभएको | १. शिक्षा ऐन, कर्मचारी व्यवस्थापन नियमावली, लगाएका केहि ऐन, नियमावली तथा कार्यविधि नभएको | १. तयार नभएका ऐन, नीति, नियमावली, कार्यविधि, रणनीति तयार गरि कार्यान्वयन गर्ने |
| २. न्यायिक समिति,योजना तर्जुमा समिति, विपद् व्यवस्थापन समिति, सुशासन तथा संस्थागत समिति, पूर्वाधार समिति, आर्थिक विकास समिति, समाजिक विकास समिति अन्य विषयगत समिति गठन भएको, | २. समिति तथा उपसमिति भएको नियमित बैठक नभएको, | २. कानुन निर्माण भएका समिति तथा उपसिमितिहरूका नियमित बैठक सञ्चालन गर्ने |
| ३. १५ जना मेलमिलापकर्ता छनौट भई तालिम दिएको, | ३. सामुदायिक मेलमिलाम केन्द्र नभएको | ३. सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्ने |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| ४. १ जना कानुनी सहजकर्ता रहेको, | | |
| ५. डिजिटल वडापत्र भएको | ५. क्षतिपूर्तिसहितको नागरिक वडापत्र नभएको, | ५. क्षतिपूर्ति सहितको नागरिक वडापत्र तयार गरी कार्यान्वयनमा ल्याउने |
| ६. नागरिक सहायता कक्ष भएको | ६. नागरिक सहायता कक्ष व्यवस्थित नभएको | ७. नागरिक सहायता कक्ष थप व्यवस्थित गर्ने |
| ८.चौमासिक रुपमा सार्वजनिक सुनुवाई र वार्षिक रुपमा वडास्तरमा सार्वजनिका परीक्षण भएको<br>९. उजुरी पेटिका राखिएको<br>१०. चौमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा हुने गरेको | ८. गुनासो सुनाई संयन्त्र निर्माण नभएको, लिखित उजुरीको दिने वानी जनतामा नभएको,<br>९. उजुरी दिएपछिको सुनुवाई हुन्छ भन्ने विश्वास नभएको | ९.गुनासो सुनाई संयन्त्र निमार्ण गर्ने, जनतामा गुनासोको सुनुवाई चेतना र विश्वासको भावना जगाउने<br>१०. टोल फ्रि नम्बरको व्यवस्था गर्ने |
| १२. गाउँपालिकाको मोवाइल एप्स् भएको | १२. प्रभावकारी रुपमा एप्स् सञ्चालनमा नआएको | १२. मोवाइल एप्स् मार्फत सेवा प्रवाहलाई विस्तार गर्ने |
| १४. अपाङ्गमैत्री नीति, अभिलेख, तथ्याङ्क, भएको तथा अपाङ्गता सहायता समग्री वितरण भएको | १३. वालमैत्री तथा वातावरण मैत्री नीति नभएको, वालमैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री स्थानीय तह घोषणा नभएको<br>१४. अपाङ्गता भएका व्यक्तिलाई सिपका आधारमा रोजगारी दिन नसकिएको | १३. वालमैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री वडागत हुर्दै पालिका घोषणा गर्ने<br>१४. आवश्यकताका आधारमा सिप र दक्षता विकास गरी रोजगारी प्रदान गर्ने |
| १५.वार्षिक खरिद योजना तयार भएको | १५. खरिद नियमावली नभएको | १५. खरिद नियमावली तथा योजना बनाउने |
| १६. संस्थाहरू दर्ता सिफारिस र सुचिकृत हुने गरेको | १६. स्थानीय संस्थाहरूको प्रोफाइल नभएको | १६. स्थानीय संस्थाहरूको प्रोफाइल बनाउने |
| १८. प्रोत्साहन भत्ताको व्यवस्था निर्णय भई कार्यान्वयनमा नआएको | १७. पुरस्कृत गर्ने संस्कृति नभएको<br>१८. कार्यसम्पादनका सुचकहरू निर्माण नभएको | १७. पुरस्कृत गर्ने संस्कृतिलाई प्रभावकारी गराउने<br>१८. कार्यसम्पादनका आधारमा प्रोत्साहन गर्ने पद्धति विकास गर्ने |
| १९. विपन्नता अभिलेखकरणको क्रममा रहेको | १९. परिचय पत्र वितरण गर्न नसकेको,<br>विपन्नता अभिलेखिकरण वस्तुनिष्ठ नभएको, | २० विपन्नता अभिलेखिकरण वस्तुनिष्ठ गरी परिचय पत्र वितरण गर्ने. |
| २०. लैङ्गिक हिंसामा परेका महिलाहरूका लागि राहत कोष सञ्चालन निर्देशिका नभएको | २०. वास्तविक संरक्षण गर्नु पर्ने वर्ग पहिचान हुन नसकेको | २०. वास्तविक संरक्षण गर्नु पर्ने वर्ग पहिचान गरी त्यस्ता वर्गको सशक्तिकरण गर्ने |

**ख. संस्थागत तथा मानव संसाधन विकास**

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| १. गाउँपालिकाको वडामा आफ्नै कार्यालय भवन भएको,<br>● ६ र ८ नं वडामा आफ्नै कार्यालय | गाउँपालिकाका वडा नं ६ र ८.मा आफ्नै कार्यालय भवन नभएका र गाउँपालिकाको प्रशासनिक भवन | १. गाउँपालिका भवन तथा वडा कार्यालय भवन निर्माण समयमा नै सम्पन्न गर्ने, |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| भवन निमार्ण भइरहेको | नभएको | हाल सञ्चालनमा आएका भवन मर्मत गर्नुपर्ने । |
| २. १ अस्पताल, २ वटा स्वास्थ्य चौकीको जग्गा र भवन रहेको,<br>● ४ वटा स्वास्थ्य केन्द्र भवनमा सञ्चालन भएको | २. स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईमा उपकरण नभएको,<br>● आधारभुत स्वास्थ्य केन्द्रको भवन नभएको,<br>● स्वास्थ्य संस्थाहरूमा तारवार नभएको | २. स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईमा आवश्यक उपकरणको व्यवस्था गर्ने,स्वास्थ्य इकाईको भवन निमार्ण गर्ने, घेरावार गर्ने |
| ३. जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास कार्य भएको | ३. क्षमता विकास योजना तर्जुमा हुदै गरेको । | ३. क्षमता विकास योजना बनाउने |
| ४. कर्मचारीको पदिय जिम्मेवारी भएको<br>● कार्यान्वयन योजना बनेको | ४. सबै कर्मचारीलाई कार्य विवरण प्रदान नभएको, कार्य विवरण दिने कार्य संस्थागत नभएको<br>● संगठन तथा व्यवस्थागन सर्भेक्षण नभएको<br>● कार्ययोजना अनुसार कार्यान्वयन गर्न नसकिएको<br>● कार्य सम्पादन सम्झौता नभएको | ५. कार्य विवरण सबैलाई संस्थागत रुपमा दिने व्यवस्था गर्ने<br>● संगठन तथा व्यवस्थागन सर्भेक्षण गर्ने<br>● कार्ययोजना अनुसार कार्यसम्पादन गर्ने<br>● कार्य सम्पादन सम्झौता गर्ने |
| ५. ५ वटा वडा कार्यालयमा बाहेक अन्य वडा कार्यालयमा इन्टरनेट सुविधा सहित सेवा प्रवाह नभएको । | ५. इन्टरनेट सेवाको प्रवाहमा समस्या आउने गरेको | ५. इन्टरनेटको व्याकअप सेवा सुनिश्चित गर्ने |
| ६. गाउँपालिका कार्यालय र स्वास्थ्य संस्थामा दरवन्दी रहेको, जहाँ .....जना स्थायी र ..... करारमा कर्मचारी कार्यरत रहेको । | ६. दरवन्दी अनुसारको कर्मचारीको अभाव रहेको | ५. दरवन्दी अनुसारको पदपुर्ति लागि पहल गर्ने |
| ७. कर्मचारीहरूको नियमित बैठक हुने नगरेको | ७.बैठक कक्ष अभावका कारण कर्मचारीहरुको नियमित बैठक बस्न नसकेको | ७.मासिक रुपमा कर्मचारीहरुको बैठक बस्नु पर्ने । |
| ८. कार्यपालिका र गाउँ सभा नियमित संचालन हुने गरेको | ८. बैठक कक्ष अभावका कारण गाउँसभा गाउँपालिका कार्यालय भन्दा बाहिर बस्ने गरेको । | ८.गाउँपालिकाको प्रशासकीय भवन निर्माण गरी गाउँ कार्यपालिका र सभाको बैठक उक्त भवनमा बस्नुपर्ने । |
| ९ गाउँपालिका तथा वडा कार्यालयमा इन्टरनेट जडान भएको,<br>६ वटा वडा र गाउँपालिकामा सोलार व्याकअपको व्यवस्था भएको | ९. विद्युतिय हाजिरि पूर्ण प्रयोगमा नआएको<br>● आवश्यक ठाँउमा सि.सि टिभि नभएको | ९. विद्युतिय हाजिरि पूर्ण प्रयोगमा ल्याउने<br>● सि.सि टिभिको विस्तार गर्ने<br>● विद्युतिय हाजिरि राख्ने |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| | • व्याकअप पावर नभएको | • व्याकअप व्यवस्थापन गर्ने |

**ग. स्थानीय वित्त तथा स्रोत परिचालन**

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| १. राजस्व सुधार योजना बन्ने प्रक्रियामा रहेको,<br>२. गाँउपालिकामा राजस्व संकलन गर्ने सफ्टवेयर जडानको लागि पहल भइरहेको<br>३. राजस्व शाखा स्थापना भएको, | १. गाउँपालिकाको आन्तरिक आयको स्रोत कमी भएको<br>२. राजस्व साक्षरता र अभियान सञ्चालन नभएको<br>३ गाउँपालिका तथा वडा केन्द्रमा सफ्टवेयर जडान नभएको | १. सबै वडामा राजस्व सफ्टवेयर राखी राजस्व संकलन गर्ने,<br>२.राजस्व शाखालाई व्यवस्थापन गर्ने<br>३. राजस्व साक्षरता अभियान सञ्चालन गर्ने,<br>४. गाउँपालिकाको आन्तरिक आयको स्रोत खोज्ने र सो कार्य गर्ने |
| ४. व्यवसाय दर्ताको कार्य सञ्चालन नभएको | ४. सबै व्यवसायहरूको नियमन गर्न नसकिएको | ४. नियमनको दायरा बढाउने |
| ५. राजस्व संकलनको कार्यलाई पारदर्शि गराउन खोजिएको | ५. प्रक्रिया लामो र दररेट निर्धारण अगावै ठेक्का खोल्नुपर्ने, | ५. खरिद ऐन संसोधन गर्नुपर्ने |

**घ. योजना व्यवस्थापन**

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| १. योजना सञ्चालन सफ्टवेयर जडान भएको, | १. योजना सञ्चालन सफ्टवेयर वडासँग लिंकेज नभएको | १ योजना सञ्चालन सफ्टवेयर वडासँग लिंकेज गराउने तथा योजना सञ्चालन सफ्टवेयर सञ्चालनका लागि तालिम सञ्चालन गर्ने |
| २. सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया गरेको, | २. योजना तर्जुमा दिग्दर्शन अनुरुप पूर्ण कार्यान्वयन नभएको, | २. योजना तर्जुमा दिग्दर्शन अनुरुप योजना कार्यान्वयन सञ्चालन गर्ने |
| ३. योजनाको अनुगमन तथा मूल्यांकन गर्ने गरेको,<br>४. योजना क्यालेण्डर प्रयोगमा नआएको | ३. आयोजना वैंक नभएको | ४. आयोजना वैंक बनाई व्यवस्थित गर्ने |
| ५. LISA, GESI Audit कार्यान्वयन नभएको र योजना नबनाएको | ५. LISA, GESI Plan को follow up र समय समयमा समीक्षा गर्न नसकेको | ५. LISA, GESI Audit/Plan को follow up र समय समयमा समीक्षा गर्ने |
| ६. GESI Audit नभएको | ६.GESI Audit नियमित नभएको | ६. GESI Audit लाई नियमित गर्ने |
| ७. आवधिक योजना र मध्यमकालिन खर्च संरचना तयार हुदैं गरेको | ७. गुरुयोजनाहरू नभएको | ७. गुरुयोजनाहरू बनाउने |
| ८. योजनागत रुपमा सार्वजनिक परीक्षण, चौमासिक सार्वजनिक सुनुवाई भएको | ८. योजनागत रुपमा सार्वजनिक परीक्षण, चौमासिक सार्वजनिक सुनुवाई प्रक्रियाको रुपमा मात्र भएको | ८. सामाजिक जवाफदेहिताको औजारहरुको प्रभावकारी प्रयोग गरी सरोकारवालाहरुको सक्रिय सहभागितामा नियमित रुपमा गराउने |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोगको रणनीति |
|---|---|---|
| ९. जिन्सी सम्बन्धी सफ्टवेयर जडान भएको | ९.जिन्सी सम्बन्धी सफ्टवेयर सञ्चालन भए पनि इन्टरनेटको कम गतिका कारण सेवा प्रवाह छरितो हुन नसकेको | ९.जिन्सी सम्बन्धी सफ्टवेयर प्रभावकारी रुपमा सञ्चालन गर्ने |

## ८.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

यस गाउँपालिकाको नीति, कानून तथा सुशासन, संगठन तथा क्षमता विकास, स्रोत परिचालन र विकास व्यवस्थापन लगायत स्थानीय सुशासन तथा संस्थागत विकास क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम, अपेक्षित उपलब्धि र नतिजा खाकालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### सोच

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको सोच देहायअनुसार रहेको छः

- सक्षम, जनमुखी, प्रविधी मैत्री पारदर्शी र जवाफदेही स्थानीय सरकारको स्थापना

### nIo

यस गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- सेवा प्रवाह तथा विकास उपलब्धिलाई समावेशी, सहज, शुसासन प्रभावकारी र जवाफदेही बनाउने

### p@]Zo

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु,
- स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्नु,
- आन्तरिक र वाह्य स्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु,
- योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, समावेशी तथा नतिजामूलक बनाउनु ।
- प्रवधिमैत्री सेवा प्रवाहमा जोड दिनु ।

### रणनीति तथा कार्यनीति

संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

**तालिका २१ः संस्थागत विकास तथा सुशासन क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु** | |
| १. स्थानीय शासन तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी | १.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण र प्रवोधीकरण गरी नियमपालनामा अभिवृद्धि कार्यान्वय गरिनेछ ।<br>१.२ स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।<br>१.३ गुनासो तथा क्षतिपूर्तिसमेतको प्रावधान भएको नागरिक वडापत्रसहितको सेवा प्रवाह पद्धतिको विकास गरी कार्यान्वयन गरिनेछ ।<br>१.४ आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत |

| रणनीति | कार्यनीति |
|---|---|
| बनाउने | सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरी कार्य सम्पादन प्रक्रियामा र उपलब्धीमा जवाफदेहिता वृद्धि गरिनेछ । <br> १.५ गाउँपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई जनउत्तरदायी र पारदर्शी बनाउन कार्यपालिका र वडा कार्यालयहरूमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण संयन्त्रको अभ्यास गरिनेछ । <br> १.६ सुशासन तथा सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डको पालना गरिनेछ र सेवा प्रवाहमा कर्मचारीको मनोबल बढाउन प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिनेछ । <br> १.७ सदाचार नीतिको प्रवर्द्धन गरिनेछ र भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ । <br> १.८ सेवा प्रवाहलाई प्रभावकारी बनाउन e-governance प्रणाली प्रयोग बढाइनेछ । |
| २. गाउँपालिकाको नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गर्ने | २.१ गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तरक्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ । <br> २.२ वडा तथा गाउँपालिकास्तरबाट सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यता (Standard and Norms)को विकास गरी कार्यान्वयन गरिनेछ । <br> २.३ गाउँपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्डबारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ । <br> २.४ गैसस, टोल विकास संस्था तथा अन्य समुदायमा आाधारित संस्था मार्फत नागरिक शिक्षा सञ्चालन गरी स्थानीय नीति, कानून, नियम, मापदण्ड, कार्यविधि, सेवा र सुविधा बारे प्रवोधीकरण गरिनेछ । <br> २.५ निर्णय प्रक्रियामा नागरिकको दायित्व र अधिकारका सम्बन्धमा आम नागरिकलाई सचेत गराउन नागरिक र अभिभावक शिक्षा प्रदान गरिनेछ । |
| **उद्देश्य २: स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु** | |
| १. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने | ३.१ कार्यपालिका तथा वडा कार्यालयहरूमा एकीकृत सेवा प्रवाह सहितको सुविधा सम्पन्न भवन निर्माण गरी कार्यालयको भौतिक क्षमता अभिवृद्धि गरिनेछ । <br> ३.२ एकीकृत सेवा सञ्चालनको लागि सूचना प्रविधि समेत भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरूको समेत व्यवस्थापन गरी वडा कार्यालयलाई सेवा केन्दको रुपमा विकास तथा सुदृढ गरिनेछ । <br> ३.३ सेवा प्रवाह, विकास निर्माण र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा क्रमशः वृद्धि गरिनेछ । <br> ३.४ सेवा प्रवाहको सहजता र सुविधाको लागि सरोकारवालाको समन्वयमा कम्तीमा वर्षमा १ पटक घुम्ति सेवा शिविरको सञ्चालन गरिनेछ । <br> ३.५ विकास कार्यमा समुदायको सहभागिता वृद्धि गर्न, वडास्तरका आयोजना सञ्चालन गर्न र संचालित आयोजना सञ्चालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन वडाका प्रत्येक टोलमा टोल सुधार समिति गठन गरी परिचालन गरिनेछ । <br> ३.६ विकास निर्माण, कृषि तथा पशुपालन, उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाइ क्षेत्रमा सेवा केन्द्र तथा एकाइ स्थापना गरी सेवा सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.७ सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक मैत्री र महिलामैत्री रुपमा निर्माण गरिनेछ ।<br>३.८ गाउँपालिकाको संस्थागत तथा वित्तीय क्षमता अनुरुप कोभिड लगायत महामारी र विपद् पश्चात राहत तथा सुविधा उपलब्ध गराउने र नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सहयोग वितरण एवम् व्यवस्थापनमा सहजीकरण गरिनेछ । |
| २. गाउँपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने | ४.२ कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधार र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गरिनेछ। सो अनुसार प्रदेश लोक सेवा आयोगमा कर्मचारी पदपुर्तिका लागि नियमित रुपमा माग पेश गर्ने र अत्यावश्यक सेवाका लागि करारमा नियुक्ति गरी सेवा सञ्चालन गरिनेछ ।<br>४.३ कार्यालयमा एकीकृत सेवा प्रवाहको लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ ।<br>४.४ संगठन तथा क्षमता विकास रणनीति सहित गाउँपालिकाको विस्तृत क्षमता विकास योजना र कार्यहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>४.५ गाउँपालिकामा कार्यरत कर्मचारीहरूमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवलको विकास गरिनेछ ।<br>४.६ सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग क्रमशः वृद्धि गरिनेछ ।<br>४.७ कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वैज्ञानिक तथा नतिजामा आधारित, सेवामुखी र जवाफदेही बनाइनेछ र कार्यसम्पादनमा उत्कृष्ट सेवा प्रवाह गर्ने राष्ट्रसेवक कर्मचारीलाई नगद पुरस्कारको व्यवस्था गरिनेछ<br>४.८ दक्षता प्राप्त गर्नका लागि समय अनुकुल समय समयमा तालमि प्रादान गरिने छ । |
| ३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्य सम्पादनलाई व्यवस्थित गर्ने | ३.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा प्रचलित कानून र कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरी कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ ।<br>३.२ नियमित कार्यक्रममा समावेश गरी स्वीकृत नीति, ऐन, नियम कार्यविधि बारेमा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा सेवाग्राहीलाई अभिमुखीकरण गरिनेछ ।<br>३.३ एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरूको संस्था तथा सञ्जाल निर्माण, क्षमता विकास गरी सेवा प्रवाह प्रक्रियामा परिचालन गरिनेछ ।<br>३.४ गाउँपालिकामा कार्यसम्पादनमा आधारित करार पद्धति र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ३: आन्तरिक र वाह्य स्रोत परिचालनमा वृद्धि गर्नु तथा राजस्व प्रणाली सुदृढ बनाउनु,** | |
| १. आन्तरिक राजस्व वृद्धिमा जोड गर्ने । | १.१ आन्तरिक राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.२ नियमित वैठक, तालिम तथा क्षमता विकास गरी राजस्व परामर्श समितिको क्रियाशिलतामा अझ वृद्धि गरिनेछ ।<br>१.३ आन्तरिक र वाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा सङ्घीय |

| रणनीति | कार्यनीति |
|---|---|
| | सरकारका निकायसँग नियमित बैठक र छलफल गरिनेछ । <br>१.४ कोभिड १९ लगायतका महामारीले व्यापार व्यवसायमा परेको असरलाई ध्यानमा राखी सो अवधिमा बुझाउने पर्ने कर तथा शुल्कको रकममा छुटको व्यवस्था गरिनेछ । <br>१.५ माध्यामिक तहको पाठ्यक्रममा कर, शुल्क र दस्तुर सम्बन्धी विषय समावेश गरी पठनपाठन सुरुवात गरिनेछ । <br>१.६ राजस्व प्रशासन बारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ । <br>१.७ वैज्ञानिक आधार र प्रमाणमा आधारित भई राजस्व स्रोतको संभाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणको व्यवस्था गरिनेछ । <br>१.८ व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गरी यसबारे जानकारी र प्रचार प्रसारद्धारा व्यवसाय दर्ता र वार्षिक कर संकलनलाई सहज बनाइनेछ । |
| २. राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने । | २.१ राजस्व शाखालाई थप व्यवस्थित र क्रियाशील बनाउन शाखामा कर्मचारीको व्यवस्था सीप तथा दक्षता अभिवृद्धि गरिनेछ । <br>२.२ स्थानीय राजस्व प्रशासनलाई सहज, व्यवस्थित र पारदर्शी बनाउन सूचना प्रविधिमा आधारित राजस्व व्यवस्थापन प्रणाली लागू गरिनेछ । <br>२.३ सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ । <br>२.१ राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजस्व संकलन, प्रशासन र खर्च व्यवस्थापनमा समसामयिक सुधार गरिनेछ । <br>२.२ वार्षिक खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गरी खर्चको लेखाजोखा र वित्तीय जोखिम न्यूनीकरण गरिनेछ । <br>२.३ गाउँपालिकाबासीलाई सम्बन्धित वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्न कम्प्युटर सफ्टवेयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ । <br>२.४ सूचना प्रविधिको उपयोग गरी गाउँपालिकाको बजेट तर्जुमा, आम्दानी र खर्चको लेखाङ्कन, अभिलेख तथा प्रतिवेदन प्रणालीको विकास गरी वित्तीय अनुशासन कायम गरिनेछ । |
| ३. सरकारी तथा सार्वजनिक सम्पत्तीको पहिचान तथा अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने । | ३.१ स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि समोचित व्यवस्थापन गरिनेछ । <br>३.२ कार्यविधि तर्जुमा गरी गाउँपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ । <br>३.३ प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरूको पहिचान, सर्वेक्षण, नक्शाकंन र अभिलेखीकरण विवरण अद्यावधिक गरिनेछ र प्रचलित कानून अनुसार परिचालन गरिनेछ । |
| ४. स्रोत परिचालनका लागि गैसस, नीजि क्षेत्र, समुदाय, विकास | ४.१ निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा सङ्घीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालनमा अभिवृद्धि गरिनेछ । <br>४.२ स्रोत परिचालनका लागि गैसस, विकास साझेदार, प्रदेश र सङ्घीय संरकारका निकायसँग नियमित बैठक, छलफल र सञ्चार गरिनेछ । <br>४.३ निजी क्षेत्रलाई कर परामर्श सेवा केन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| साझेदार, प्रदेश र सङ्घीय सरकारका निकायहरूसँग साझेदारी विकास गर्ने । | |
| **उद्देश्य ४: योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु,** | |
| १. योजना व्यवस्थापन प्रक्रियालाई सरल, सूचना प्रविधि तथा नागरिकमैत्री र पारदर्शी बनाउने | १.१ आयोजना बैंक सम्बन्धी कार्यविधि तयार गरी आवधिक योजना तथा विषय क्षेत्र गुरुयोजनाको आधारमा गाउँपालिकामा आयोजना बैंक तयार गरिनेछ ।<br>१.२ कार्यविधि तयार गरी विस्तृत संभाव्यता अध्ययन भएका वा डिपिआर तयार भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ ।<br>१.३ आयोजनाको प्राविधिक लगत ईस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।<br>१.४ पुर्वाधार विकास गर्दा अपाङ्ग तथा बालमैत्री अवधारणा लागु गरिनेछ ।<br>१.५ आयोजना तथा कार्यक्रमको अनुगमन, सार्वजनिक सुनुवाई तथा समग्र कार्यक्रमको सामाजिक आर्थिक उपलब्धिको लेखाजोखा समेत सामाजिक परीक्षण लगायत सामाजिक उत्तरदायित्व संयन्त्रलाई नियमित र प्रभावकारी बनाइनेछ । |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने । | २.१ योजना तर्जुमा तथा सञ्चालन गर्दा स्थानीय समुदायको जनसहभागिता अभिवृद्धि गरिनेछ ।<br>२.२ आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ<br>२.३ आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।<br>२.४ एकाईगत कार्यान्वयन योजनालाई एकीकृत गरी वार्षिक कार्यान्वयन योजना तयार गर्ने सो अनुसार वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।<br>२.५ रु. ५० लाखभन्दा माथिको लागतका आयोजनाहरूको स्वतन्त्र प्राविधिक परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गरिनेछ ।<br>२.६ स्वीकृत अनुरगमन तथा मूल्याङ्कन कार्यविधि अनुसार नीति, योजना तथा कार्यक्रमका नियमित, वार्षिक, मद्यावधी र आवधिक रुपमा प्रक्रिया तथा नतिजा अनुगमन एवम् चौमासिक र वार्षिक समीक्षा तथा प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ । |
| ३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने | ३.१ गैसस तथा समुदायमा आधारित संस्था समन्वय र परिचालन कार्यविधि तयार गरी नियमित वैठक तथा अन्तरक्रिया सञ्चालन गरिनेछ ।<br>३.२ गैसस, समुदाय, विकास साझेदार, नीजि क्षेत्र, प्रदेश र सङ्घीय सरकारका निकायसँग समन्वय वैठक तथा साझेदारीका क्षेत्रबारे अन्तरक्रिया गरिनेछ ।<br>३.३ टोल विकास संस्था गठन गरी सामाजिक परिचालनलाई प्रभावकारी बनाइनेछ ।<br>३.४ सेवा निवृत्त शिक्षक, प्राध्यापक, सैनिक, प्रहरी र राष्ट्रसेवक कर्मचारीहरूको अनुभव, ज्ञान, सीप र दक्षतालाई विकासको प्रक्रियामा परिचालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। सुशासन र संस्थागत विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यान्वयन योजना देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २२ : संस्थागत विकास तथा सुशासन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना**

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत,आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| उद्देश्य १ : स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु, | १.१. नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, संशोधन, प्रवोधीकरण, तथा प्रकाशन | विषय संख्या | ३० | ५० | २०० | २५० | ३०० | ३५० | ४०० | १५०० | ३० | - | - संविधानको अनुसूची ८ र ९ मा विषय क्षेत्र मध्ये बाँकी रहेका विषयमा केन्द्रित हुने र आवश्यकता अनुसार ऐन, नियम र कार्यविधि तर्जुमा गर्ने |
| | १.२. सुशासन तथा स्थानीय जबाफदेहिता प्रवर्द्धन कार्यक्रम (सामाजिक जवाफदेहिता प्रवर्द्धन एकीकृत संयन्त्र विकास र अनुशरण) | पटक | २ | २० | ३०० | ३५० | ४०० | ४५० | ५०० | २००० | १०० | - | - सामाजिक जवाफदेहिता प्रवर्द्धन एकीकृत संयन्त्र सम्बन्धी मार्गनिर्देशिका तयारी, नियमित अनुसरण गर्ने र अभ्यास गर्ने |
| | १.३. नागरिक सन्तुष्टी सर्वेक्षण तथा वहस कार्यक्रम | पटक | ० | ५ | १०० | १५० | २०० | २५० | ३०० | १००० | २०० | - | - बार्षिक समीक्षासँग आवद्ध गरी सञ्चालन गर्ने |
| | १.४. विद्युतीय शासन प्रवर्द्धन कार्यक्रम | संख्या | | १ | ५०० | ५५० | ६०० | ६०० | ६५० | २९०० | २९०० | - | - प्रत्येक योजनाको गर्ने |
| | १.५. विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पटक | | १ | ५०० | ५५० | ६०० | ६५० | ७०० | ३००० | ३००० | - | - न्यायिक समितिको संयोजनमा मेलमिलापकर्ताद्धारा स्थानीय विवाद समाधान गर्ने<br>- वडा समिति र टोल सुधार समिति तथा गैससको सहयोगमा कानूनी साक्षरता कक्षा सञ्चालन गर्ने |
| | १.६. स्थानीय नीति, योजना, सेवा प्रवाह र कार्यक्रम सम्बन्धी अध्ययन र सर्वेक्षण कार्यक्रम | पटक | | १ | २०० | २५० | ३०० | ३५० | ४०० | १५०० | १५०० | - | - विश्वविद्यालय, क्याम्पस तथा अध्ययन केन्द्रहरूसँग सहकार्य गरी अध्ययन तथा प्रकाशन गर्ने |
| | **नीति, नियम र सुशासन जम्मा** | | | | १८०० | २१०० | २४०० | २६५० | २९५० | ११९०० | ७७३० | | |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत,आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| उद्देश्य २: स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु | २.१ कार्यालय भवन तथा भौतिक निर्माण र सुधार कार्यक्रम | संख्या | २ | २० | १०० | १२० | १५० | २०० | २५० | ८२० | ४१ | - | - वडा कार्यलय भवनको नयाँ निर्माण र विषयगत सेवा सहितको कार्यपालिका कार्यालय भवन निर्माण गर्ने<br>- कार्यपालिका कार्यालयको नयाँ भवन निर्माण गरी सभाहल, बैठक कक्ष, विषयगत कार्यकक्ष, तालिम हल, बालमैत्री, अपाङ्गमैत्री सहित एकीकृत सेवा प्रवाहको व्यवस्था गर्ने |
| | २.२ स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत स्वमूल्याङ्कन (LISA) प्रवर्द्धन कार्यक्रम | पटक | १ | १० | ४० | ५० | ६० | ७० | ८० | ३०० | ३० | - | - स्वमूल्याकंन गरी कमी देखिएका विषयमा क्षमता विकास योजना तथा रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने |
| | २.३ जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम | विषय | २ | १० | ६०० | ६५० | ७०० | ७५० | ८०० | ३५०० | ३५० | - | - ऐन, नियम, कार्यविधि तर्जुमा प्रक्रिया र विषयवस्तु<br>- योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, खरिद व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, गुणस्तर नियन्त्रण तथा नतिजा मापन<br>- सूचना प्रविधिमा आधारित शिक्षण विधि तथा विषयगत तालिम<br>- प्राविधिक कर्मचारीका लागि विद्युतीय खरिद प्रक्रिया, नयाँ निर्माण सामाग्री, गुणस्तर नियन्त्रण र आयोजना व्यवस्थापन<br>- जनप्रतिनिधि र कर्मचारीका लागि सफ्टवयर, इविडिङ्ग र सूचना प्रविधिको प्रयोग<br>- कोभिड १९ लगायत महामारी र विपद् पूर्व तयारी र व्यवस्थापन सेवाग्राहीलाई उपलब्ध सेवा सुविधा र सोको प्रक्रिया बारे अभिमुखीकरण |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत,आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | २.४ अन्तर स्थानीय तह परामर्श तथा अनुभव आदान-प्रदान कार्यक्रम | पटक | ० | ५ | ३० | ३० | ५० | ६० | ७० | २४० | ४८ | - | - पदाधिकारी र कर्मचारीलाई उत्कृष्ट कार्य सम्पादन गरी रहेका स्थानीय सरकारसँग परामर्श गर्ने र पदाधिकारी र कर्मचारी टिम विल्डिङ्ग सेसन सञ्चालन गर्ने |
| | २.५ कर्मचारी प्रोत्साहन कार्यक्रम | ज्ना | ० | ५ | २० | २० | ३० | ३० | ५० | १५० | ३० | - | - कार्य सम्पादनमा आधारित करार पद्धति र प्रोत्साहन प्रणाली लागू गर्ने<br>- पुरस्कार र सुविधासहित कर्मचारी प्रोत्साहन कार्यविधि तयार गर्ने |
| | २.६ संगठन विकास र सुदृढीकरण कार्यक्रम | पटक | ४ | २० | २५०० | ३००० | ३००० | ३००० | ३००० | १४५०० | ७२५ | - | - कार्यविभाजन र कार्यसम्पादन नियमावली र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना दरबन्दी र तह मिलान गर्ने<br>- समिति, शाखा, एकाई, वडा कार्यालय तथा कर्मचारीको कार्य विवरण अनुसार कार्यसम्पादनको अनुगमन गरी लेखाजोखा गर्ने<br>- संगठन तथा क्षमता विकास रणनीति सहित विस्तृत क्षमता विकास योजना तयार गर्ने |
| | २.७ सेवाग्राही प्रतिक्षालय, सोधपुछ कक्ष, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम (कार्यपालिका कार्यालय, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रहरू समेत) | एकाई | १० | ३० | १५०० | १५०० | २००० | २००० | २००० | ९००० | ३०० | - | - एकीकृत सेवा प्रवाहका लागि लेआउट सहितको सोधपुछ कक्ष, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहितको विषयगत कार्यकक्षको व्यवस्था गर्ने<br>- कार्यपालिका र वडा कार्यालय, विषयगत एकाइ र सेवा केन्द्रहरूमा पावर व्याकअप समेत कम्प्युटर, प्रिण्टर, इन्टरनेट सुविधा र औजार र उपकरणको व्यवस्था गर्ने |
| | २.८ न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | पटक | २ | १० | १५०० | १००० | १००० | १००० | १५०० | ६००० | ६०० | - | - कार्यविधि अनुसार न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम सञ्चालन गर्ने, |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत,आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | २.९ टोल विकास संस्था गठन तथा परिचालन कार्यक्रम | संख्या | ० | ३० | १० | १० | १० | १० | १० | ५० | १.६७ | - | - टोल विकास समितिको कार्य विधि पास गरि सो आधारमा टोल विसकास तथा परिचालन कार्यक्र गर्ने, |
| | २.१० लक्षित वर्ग संरचना सुदृढीकरण र क्षमता विकास कार्यक्रम | पटक | ५ | २५ | १५०० | १५०० | २००० | २००० | २००० | ९००० | ३६० | - | - एकल महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न, भूमिहिन, विस्थापितहरूको संयन्त्र तथा सञ्जाल निर्माण र क्षमता विकास गर्ने |
| | २.११ गै.स.स (NGO) समन्वय तथा सामाजिक परिचालन कार्यक्रम | पटक | १ | १० | २० | २० | २० | २० | २० | १०० | १० | - | - गैसस समन्वय डेस्क सञ्चालनको कार्यविधि तर्जुमा गर्ने<br>- गैसस समन्वय डेस्क सञ्चालनको व्यवस्था गर्ने |
| | २.१२ कर्मचारी कार्य सम्पादन सम्झौता र कार्यसम्पादन मूल्याङकन | पटक | १ | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | ३० | - | - कर्मचारी कार्य सम्पादन सम्झौता गर्दा गर्ने र कार्यसम्पादन मूल्यांकन वार्षिक गर्ने |
| | २.१३ क्षमता विकास समिति र क्षमता विकास योजना तर्जुमा र कार्यान्वन | पटक | १ | | ० | ० | ० | ० | ० | ० | ० | - | - कर्मचारी कार्य सम्पादन सम्झौता गर्दा गर्ने र कार्यसम्पादन मूल्यांकन वार्षिक गर्ने |
| | **संस्थागत विकास जम्मा** | | | | ७८५० | ७९३० | ९०५० | ९१७० | ९८१० | ४३८१० | २५२५.६७ | | |
| ३.१ उद्देश्य ३: आन्तरिक र बाह्य स्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु, | ३.२ आन्तरिक आयको संभाव्यता विश्लेषण तथा प्रक्षेपण ( राजस्व सुधार कार्ययोजना तर्जुमा र परिमार्जन)कार्ययोजना परिमार्जन) | पटक | ० | १ | १५० | ५० | ५० | ५० | ५० | ३५० | ३५० | - | - राजस्व सुधार कार्ययोजनाको समीक्षा गरी अद्यावधिक गर्ने<br>- करदाता शिक्षा र राजस्व संकलन अभियान सञ्चालन गर्ने<br>- व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, सो सम्बन्धी जानकारी र प्रचार प्रसार गर्ने |
| | ३.३ राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र सञ्चालन कार्यक्रम | पटक | १ | ५ | १५० | ५० | ५० | ५० | ५० | ३५० | ७० | - | - केन्द्र र वडाहरमा राजस्व व्यवस्थापन सुचना प्रणली निमाण गर्ने र सञ्चालन गर्ने |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत,आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | ३.४ राजस्व परामर्श समिति तथा शाखा सुदृढीकरण कार्यक्रम | पटक | ३ | १५ | | | | | | | ० | - | - राजस्व सुधार योजना बमोजिम साखालार्य चुस्त र समितिलाई सक्रिय बनाउन कार्याक्रम वा तालिम गर्ने |
| | ३.५ करदाता शिक्षा कार्यक्रम ( वडा स्तरमा वार्षिक) | पटक | ० | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ५ | - | - कर, शुल्क, दस्तुरको दर, संकलन प्रक्रिया, छुट तथा दण्डको व्यवस्था बारे वडा तथा समुदायस्तरमा टोल विकास संस्था मार्फत करदाता शिक्षा कक्षा सञ्चालन गर्ने (प्रत्येक वडामा वार्षिक १ पटक) |
| | ३.६ करदाता प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | ० | | | | | ० | ० | - | - कार्यविधि तथा आधार बनाएर वार्षिक करदातालाई प्रोत्साहन गर्ने |
| | ३.७ राजस्व परिचालन र अनुगमन कार्यक्रम | पटक | ३ | १५ | २० | २० | २० | २० | २० | १०० | ६.६७ | - | - राजस्व सुधार तथा परिपालनमा भएका कार्यहरूको वार्षिक रुपमा अनुगमनको कार्य गर्ने |
| | ३.८ आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण | पटक | ० | १ | | | | | | ० | ० | - | - आन्तरिक लेखा परीक्षण कार्यविधि कर्मचारी, कार्यकक्षको व्यवस्था गर्ने<br>- खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गर्ने/गराउने |
| | ३.९ अन्तर स्थानीय तह, सङ्घीय तथा प्रदेश सरकार, निजि क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसम्वाद कार्यक्रम | पटक | १ | १० | २० | २० | २० | २० | २० | १०० | १० | - | - संभावित छिमेकी स्थानीय तह, सङ्घीय तथा प्रदेशसरकारका कार्यालय तथा निकायसँग नियमित वैठक तथा छलफल गर्ने<br>- निजि क्षेत्र र विकास साझेदार संग समन्वय वैठक गर्ने ।<br>- गैसस डेक्स स्थापना तथा सञ्चालन |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत,आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | ३.१० राजस्व साखा स्थापना | इकाई | १ | १ | | | | | | | ० | | |
| | **स्रोत परिचालन जम्मा** | | | | **३४५** | **१४५** | **१४५** | **१४५** | **१४५** | **९२५** | ४४१.६७ | | |
| ४.१ उद्देश्य ४: योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमा आधारित, समावेशी र नतिजामूलक बनाउनु | ४.२ स्थानीय आयोजना बैंक तर्जुमा | पटक | १ | १ | | | | | | | ० | - | - कार्यविधि तयार गरी आयोजना बैंक तयार गर्ने,<br>- प्राथमिकता प्राप्त आयोजनाको विस्तृत संभाव्यता अध्ययन र डिपिआर तयार गर्ने |
| | ४.३ योजना तर्जुमा, कार्यान्वयन अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली सञ्चालन | पटक | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | - | - नतिजामूलक र सूचना प्रविधिमा आधारित भई योजना तर्जुमा, अनुगमन र सिकाई सम्बन्धी कार्यविधि र प्रणाली विकास गर्ने<br>- पदाधिकारी र कर्मचारीलाई प्रभावकारी योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका र सिकाई सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने |
| | ४.४ विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम (कृषि, पर्यटन, यातायात, भूउपयोग, जलवायु अनुकुलन तथा विपद व्यवस्थापन) | विषय | १ | २ | ५०० | | | | | ५०० | २५० | - | - नतिजामूलक र सूचना प्रविधिमा आधारित भई योजना तर्जुमा, अनुगमन र सिकाई सम्बन्धी कार्यविधि र प्रणाली विकास गर्ने<br>- पदाधिकारी र कर्मचारीलाई प्रभावकारी योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका र सिकाई सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने |
| | ४.५ मध्यमकालीन खर्च संरचना तयारी तथा आवधिक योजनाको मद्यावधी समीक्षा र अद्यावधिक | पटक | ० | १ | ५० | | | | | ५० | ५० | - | - आवधिक योजनाको मद्यावधि र अन्तिम मूल्याङ्कन गर्ने तथा मध्यकालिन खर्च संरचना तयार गरी वार्षिक रुपमा अद्यावधिक गर्ने |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | प्रति एकाइ लागत | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) | स्थानगत,आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | | |
| | ४.६ तेस्रो पक्षवाट प्राविधिक परीक्षण तथा आयोजनाको मूल्याङ्कन (रु. २५ लाखभन्दा बढी लागतका बार्षिक ३ वटा) | आयोजना | ० | १५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ३३.३३ | - | - १५ लाख भन्दा माथिका लागतका आयोजनाको स्वतन्त्र प्राविधिक परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गर्ने |
| | ४.७ उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | पटक | ० | ५०० | २७० | २७० | २७० | २७० | २७० | १३५० | २.७ | - | - आयोजनाको व्यवस्थापकीय र प्राविधिक पक्ष बारे उपभोक्ता समितिका पदाधिकारीलाई तालिम प्रदान गर्ने |
| | ४.८ वस्तुस्थिति विवरण तयारी/अद्यावधिक | पटक | ० | १ | ३५० | ५० | ५० | ५० | ५० | ५५० | ५५० | - | - घरधुरी सर्वेक्षण, संस्थागत सूचना तथा स्रोत नक्शा डिजिटल वस्तुस्थिति विवरण अद्यावधिक गर्ने |
| | ४.९ नतिजामा आधारित वार्षिक योजना तर्जुमा | पटक | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | ५० | - | - आवधिक योजना र मध्यमकालिन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा वार्षिक योजना तर्जुमाको व्यवस्था गर्ने |
| | **विकास व्यवस्थापन जम्मा** | | | | १४२० | ५७० | ५७० | ५७० | ५७० | ३७०० | १४३६.०३ | | |
| | **संस्थागत विकास कुल जम्मा** | | | | ११४१५ | १०७४५ | १२१६५ | १२५३५ | १३४७५ | ६०३३५ | १२१३३.३७ | | |

### ८.१.५ अपेक्षित उपलब्धी तथा नतिजा खाका

संविधानको एकल तथा साझा अधिकार सूचीका विषयमा स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड, प्रवोधीकरण, कार्यान्वयनको अवस्था अध्ययन तथा विश्लेषण गरी आवश्यकता अनुसार परिमार्जन भएको हुनेछ। अधिकार क्षेत्रका अन्य विषयमा नीति, ऐन, नियम, कार्यविधि, निर्दशिका तथा मापदण्ड तर्जुमा, प्रकाशन र नागरिक शिक्षा तथा सचेतना कार्यक्रम मार्फत प्रवोधीकरण गरी गाउँबासीलाई जानकारी प्रदान गरिनेछ। स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड परिपालन अभिवृद्धि भएको हुनेछ। गाउँपालिकाको विकास नीति, कार्यक्रम, कार्यसम्पादन र उपलब्धि बारे नागरिक बहश लगायत सामाजिक जवाफदेहिता अभिवृद्धि मार्फत नागरिकको पृष्ठपोषण प्राप्त तत् सम्बन्धी नीति, कानून तथा कार्यविधि परिमार्जनन हुनेछ। निर्वाचित पदाधिकारीको लागि सदाचार नीति तर्जुमा गरी सुशासन समिति मार्फत निगरानी अभिवृद्धि भएको हुनेछ। विश्वविद्यालय तथा कलेजसँग समन्वय र सहकार्य मार्फत विकास नीति, योजना, कार्यक्रम तथा सेवा प्रवाहको उपलब्धि बारे अध्ययन तथा सर्वेक्षण भएको हुनेछ।

संगठन व्यवस्थापन सर्वेक्षण भई संगठन संरचना, कर्मचारीको दरबन्दी, कार्यविवरण तयार हुने र सो अनुसार कर्मचारीको पदपूर्ती, संगठन सुदृढीरण र क्षमता विकासका कार्यहरू सञ्चालन हुनेछन्। योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, खरिद व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, गुणस्तर नियन्त्रण तथा नतिजा मापन, उपभोक्ता समितिको क्षमता विकास र योजना, विषयगत क्षेत्रमा निर्वाचित पदाधिकारी, कर्मचारी, नागरिक समाजको क्षमता विकास भएको हुनेछ। विषय क्षेत्रगत एकीकृत सेवा समेत गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय र सेवा केन्द्र भवन निर्माण र भौतिक व्यवस्था, औजार उपकरण र सूचना प्रविधि उपलब्ध भएको हुनेछ। गाउँपालिकाका प्रमुख वस्तीहरूमा टोल विकास संस्थाहरू गठन तथा परिचालन मार्फत विकास निर्माण र सेवा प्रवाह समुदाय परिचालन, नागरिक सहभागिता र निगरानी अभिवृद्धि भएको हुनेछ। समुदाय परिचालन, विकास निर्माण, सेवा प्रवाह, क्षमता विकास प्रक्रियामा गैर सरकारी संस्था, समुदायमा आधारित संस्था तथा सहकारीको सहभागिता, क्रियाशीलता तथा योगदानमा वृद्धि हुनेछ।

संविधान तथा प्रचलित कानून बमोजिम गाउँबासी, उद्यमी व्यवसायी, नीजि क्षेत्र तथा सरोकारवालासँग रायपरामर्श गरी कर, गैर कर राजस्व परिचालन, राजस्व बाँडफाँट, अनुदान, जनसहभागिता र आन्तरिक ऋण मार्फत गाउँपालिकाको विकास प्राथमिकताको क्षेत्रमा लगानी वृद्धि हुनेछ। गाउँपालिकाको समग्र आय बजेटमा आन्तरिक आयको योगदान २५ प्रतिशत पुगेको हुनेछ। गाउँपालिकाको कुल स्रोतमा समुदाय, निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित संस्था र गैससको योगदान ५ प्रतिशत भन्दा बढी पुऱ्याइनेछ।

स्थानीय आवश्यकता, माग र प्राथमिकता एवम् चालु आयोजना सञ्चालनको अवस्था अध्ययन आधारमा गाउँपालिकामा आयोजना बैंक स्थापना भई आयोजना कार्यान्वयन उपलब्धिमूलक, लाागत प्रभावकारी, गुणस्तरीय र निर्धारण समयभित्र सम्पन भएका हुनेछन्। दीर्घकालिन तथा आवधिक योजनाको आधारमा यातायात, पर्यटन, कृषि तथा उद्यम विकास आदि गाउँपाकिलाको समष्टिगत विकासका अग्रणी विषय क्षेत्रमा रणनीतिक तथा गुरुयोजना तर्जुमा भई सो अनुसार बार्षिक कार्यक्रम तथा कार्यक्रम तर्जुमा भई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अनुसार योजनाको प्रगति तथा उपलब्धीको मापन प्रणाली संस्थागत हुनेछ। स्थानीय सुशासन तथा संस्थागत विषगत नतिजा खाका देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २३ : संस्थागत विकास तथा सुशासन क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष | लक्ष्य | | | | | पुष्ट्याइँका आधार | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | | |
| **प्रभाव :** सेवा प्रवाह तथा विकास उपलब्धिलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही भएको हुने | गाउँपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ६० | ६४ | ६८ | ७२ | ७६ | ८० | -गाउँ स्थितिपत्र<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>-नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- संगठन र व्यवस्थापन सर्वेक्षणबाट तयार संगठन संरचना, मानव संशाधन योजना र कार्यविवरण स्वीकृत भई लागू हुनेछ। |
| | क्षमता विकास कार्यक्रमबाट लाभन्वित पदाधिकारी, कर्मचारी, नागरिक समाज र विपन्न/ पिछडिएको वर्ग | संख्या | ५० | २२० | २४० | २७० | २९० | ३०० | | |
| | प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | २४ | २५ | २७ | ३० | ३२ | ३५ | | |
| | आन्तरिक आयको औषत वृद्धिदर | प्रतिशत | १५ | १६ | १७ | १८ | १९ | २० | | |
| | योजना कार्यान्वयन कार्ययोजनाको परिपालन अनुपात | प्रतिशत | ७० | ७० | ८० | ८० | ९० | ९५ | | |
| **असर १ :** स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शीभएको हुने | कार्यान्वयन रहेका नीति, ऐन नियम, कार्यविधि र मापदण्ड | संख्या | २९ | ५० | १०० | १३० | १५० | | -गाउँ स्थितिपत्र<br>-सर्वेक्षण प्रतिवेदन<br>-अनुगमन प्रतिवेदन<br>-सार्बजनिक सुनुवाई<br>-नागरिक वडापत्र<br>-नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाकोसहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | कूल गुनासो मध्ये सुनुवाई भएका गुनासोको फछ्र्यौट अनुपात | प्रतिशत | ७० | ७५ | ७५ | ८० | ९० | १०० | | |
| | अभ्यासमा रहेका सामाजिक जवाफदेहिताका औजारका प्रकार | प्रकार | ३ | ४ | ४ | ५ | ५ | ६ | | |
| **असर २ :** स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि भएको | सुचारु विषयगत सेवा/सुविधा को प्रकार (स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, पूर्वाधार, महिला र बालबालिका, वातावरण तथा विपद्, आदी) | संख्या | ५ | ८ | ९ | ९ | १० | १० | -गाउँ स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>-नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - सङ्घीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको सहकार्य एवम्साझेदारीमा वृद्धि हुनेछ। |
| | कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाको आफ्नो भवन | संख्या | १ | ५ | २ | १ | १ | १ | | |
| | कार्यालयमा कार्यरत प्राविधिक मानव संशाधन | संख्या | २१ | २५ | २८ | ३० | ३२ | ३५ | | |

| नतिजा तह | नतिजा सूचक | एकाई | आधार वर्ष | लक्ष्य | | | | | पुष्ट्याइँका आधार | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | | |
| हुने | दरवन्दी अनुसारको नपुग जनशक्ति | संख्या | ६ | १ | १ | १ | २ | १ | | |
| **असर ३ :** आन्तरिक र वाह्य स्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु, | राजस्व शाखामा कार्यरत कर्मचारी | संख्या | १ | २ | २ | ३ | ३ | ४ | -गाउँ स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>-वित्तीय प्रतिवेदन<br>-नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - सङ्घीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा स्थानीय कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश, विकास साझेदार र समुदायको लगानी आकर्षण हुनेछ।<br>- कोभिड १९ को असर न्यूनीकरण हुनेछ। |
| | आन्तरिक आयको अनुपात | प्रतिशत | २५ | २६ | २७ | २८ | २९ | ३० | | |
| | राजस्व र लेखाको सफ्टवेयर | संख्या | २ | २ | २ | २ | २ | २ | | |
| | राजस्व सुधार कार्यक्रम लगानी (दस्तावेजका आधारमा राख्ने) | | | | | | | | | |
| | आय-व्यय सार्वजनिक गर्ने माध्ययम वा प्रकार | संख्या | १ | २ | ३ | ३ | ३ | ३ | | |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकमको अनुपात | प्रतिशत | २० | २१ | २१ | २२ | २३ | २४ | | |
| | वित्तीय हस्तान्तरणबाट प्राप्त वार्षिक रकम | प्रतिशत | १४ | १४ | १५ | १५ | १५ | १५ | | |
| | वार्षिक वास्तविक खर्च रकम | प्रतिशत | ६४.७७ | ७० | ७० | ७५ | ८० | ८३ | | |
| | लक्षित वर्गको लगानीको अंश | प्रतिशत | | | | | | | | |
| **असर ४ :** योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, समावेशी तथा नतिजामूलक बनाउनु। | सुचारु तथ्याङ्क तथा सूचना व्यवस्थापन प्रणाली | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | -गाउँ स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>-वित्तीय प्रतिवेदन<br>-नेपाल सरकार र प्रदेश सरकार क्षेत्रगत प्रतिवेदन | - सङ्घीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। |
| | आयोजना बैंकमा सूचीकृत आयोजना | संख्या | ० | १० | १५ | २० | २० | २५ | | |
| | समयमै सम्पन्न आयोजना संख्याको अनुपात | प्रतिशत | ७० | ७५ | ७८ | ८१ | ८२ | ८३ | | |
| | विषय क्षेत्रगत रणनीतिक/गुरु योजना | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | १ | २ | ३ | ३ | ३ | | | |
| | उपभोक्ता समितिको योगदान | प्रतिशत | १० | १५ | १५ | १५ | २० | २० | | |
| | योजना कार्यान्वयन कार्ययोजना | भए/नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको | -सर्वेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता सहकार्य एवसाझेदारीमा वृद्धि हुनेछ। |

### ८.१.६ अनुमान तथा जोखिम पक्ष

गाउँपालिकामा प्राप्त श्रोतलाई गाउँपालिकाले आफू अनुकुलन कानून बनाइ खर्च गर्न खोज्दा उक्त कानूनहरु सघ तथा प्रदेश कानूनसंग बाभिन सक्छ भने खर्चमा पनि पारदर्शिता नहुन सक्छ। त्यसै गरेर संघ तथा प्रदेशस्तरबाट गाउँपालिकामा कर्मचारीहरु हजिर हुन जान नमान्ने तथा जनप्रतिनिधिहरुले पनि करार कर्मचारीहरु भर्ना गर्न खोज्ने प्रबृतिले प्रभावकारी सेवा प्रवाहमा समस्या उत्पन्न हुने जोखिम छ।

### ८.१.८ सेवा प्रवाह तथा सुशासन संग सम्बन्धित आयोजना तथा क्रियाकलापहरुको सांकेतिकरण अनुसुची ५ मा दिइएको छ।

# परिच्छेद ९
# कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमी

नयाँ सङ्घीय संरचना लागु भएको छ वर्षको अवधि सम्ममा पनि योजना प्रणाली संस्थागत नहुनुका साथै आर्थिक सामाजिक विकासको क्षेत्रमा मत्हवपूर्ण उपलब्धिहरू हासिल हुन सकेका छैनन् । निर्वाचित जनप्रतिनिधिहरुको पहिलो कार्यकालदेखि नै सामाजिक,आर्थिक क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्ने लक्ष्य सहित रणनीति र कार्यक्रम समावेश गरी आवश्यक स्रोतको विनियोजन गर्दै आएको भएपनि अपक्षोकृत उपलब्धि भने हासिल हुन सकेको छैन । योजना प्रणालीलाई समय सापेक्ष नतिजामुखि र यथार्थपरक बनाउन निरन्तर प्रयासहरू हुदै अएका छन् । विगत पाँच वर्षको वार्षिक योजनाको नतिजा खाकाको अवधारणालाई आत्मसत गरी यसलाई थप परिस्कृत बनाउदै मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमलाई आबद्ध गर्दै लैजानु आवश्यक देखिन्छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय र प्रादेशिक अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन बमोजिम योजना कार्यान्वयनमा लगिएको छ । साथै, विकास आयोजना तथा कार्यक्रमको आवश्यकता पहिचान, छनोट र स्वीकृतिका लागि आयोजना बैंक स्थापनाको प्रयास भइरहेको छ ।

विगतका योजना कार्यान्वयबाट भएको सिकाइ,राजनैतिक दलको चुनावी घोषणापत्र कार्यान्वयन गर्ने प्रथम योजना भएकाले तिव्र आर्थिक वृद्धि, उत्पादनशील रोजगारी सृजना र विकासका प्रतिफल र अवसरहरूमा समतामूलक पहुँच स्थापनाका लागि योजना केन्द्रित गरिएको छ । साथै, रूपान्तरणकारी कार्यक्रम तथा आयोजना पहिचान र नतिजामूलक योजना, अनुगमन तथा मूल्यांङ्कन प्रणालीको संस्थागत विकास र सुदृढीकरणमा यो प्रथम आवधिक योजना केन्द्रित रहेको छ । आवधिक योजनाको लक्ष्य प्राप्तिका लागि अपेक्षित प्रतिफल तथा विषयगत क्षेत्र अनुसार अनुमानित लागत सहित देहाय बमोजिमको योजना तथा कार्यक्रम निर्धारण गरिएको छ । जुन तलको तालिकामा उल्लेख गरिएको छ :

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

आवधिक योजनाले परिकल्पना गरेको सोच,लक्ष्य, उद्देश्य र नतिजा हासिल गर्न सम्भव हुन्छ । तसर्थ आवधिक योजनामा पहिचान भएका नजिताहरु हासिल गर्न तोकिएका कार्यक्रम तथा परियोजनाहरुको सफल कार्यान्वयनका लागि आवश्यक जनशक्ति, भौतिक पूर्वाधार, मेशिनरी औजारहरु जस्तै कम्प्यूटर, प्रिन्टर, स्वास्थ्य सेवासँग सम्वन्धित उपकरणहरु आदि उपलव्ध हुन आवश्यक छ । यसका लागि खास गरी सेवाप्रदायक निकायहरु, स्थानीय तहहरु, जिल्लास्तरीय विषयगत कार्यालयहरु तथा तिनको इलाका वा गाउँपालिकास्तरीय इकाईहरु नागरिक समाज, गैसस तथा नीजि क्षेत्रको वर्तमान संस्थागत अवस्थाको विश्लेषण गरी सोही अनुसार क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक हुन्छ । संस्थागत विकासका क्षेत्रमा देखिएका कमिकमजोरीहरुलाई समयमा नै सम्वोधन गर्न सकेमा उपलब्धि हासिल गर्न सहज हुने हुँदा त्यसमा पर्याप्त पहल गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा केही महत्वपूर्ण पक्षहरु निम्नानुसार उल्लेख गरिएका छन् ।

**क. स्थानीयतह (गाउँपालिका)**

स्थानीय तह मार्फत आवधिक योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन निम्नानुसार गरिनेछ ।

- स्थानीय तहमा उपलव्ध साधन स्रोतलाई पारदर्शी रुपमा विनियोजन र खर्चको व्यवस्था मिलाउने ।
- सबै वडामा वडा सचिवहरुको पदपूर्ति गर्न पहल गर्ने ।
- प्रमुख प्रशासकीय अधिकृत र राजनीतिक दलका प्रतिनिधिहरुका विचमा नियमित छलफल, समझदारी र सहकार्य गर्ने वातावरण बनाउने ।
- राजनीतिक दल, गैसस, पत्रकार र नागरिक समाजका प्रतिनिधिहरुलाई अनुगमन कार्यमा सहभागी गराउने ।
- गाउँपालिकाको आन्तरीक श्रोत परिचालनमा जोड दिने ।
- गाउँपालिकामा आवश्यक जनशक्तिको व्यवस्थापन र परिचालन व्यवस्थित बनाउने ।
- निर्माण सम्बन्धी कार्यक्रमहरुको विस्तृत डिजाइन गर्ने परिपाटीलाई कार्यान्वयनमा ल्याउने ।
- गाउँपालिकाको नीति निर्माण, निर्णय गर्नु पर्ने अति महत्वपूर्ण जिम्मेवारीको प्रभावकारी कार्यान्वयनका लागि योजना अधिकृतको अनिवार्य उपस्थितिका लागि पहल गर्ने ।
- गाउँपालिकामा रिक्त रहेको दरबन्दी पूर्ति गर्न पहल गर्ने ।
- समयमा अख्तियारी प्राप्त गरी विकास निर्माणका साथै संस्थागत विकासका विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न सबै पक्षबाट पहल गर्ने ।

- गाउँपालिकाको संरचना संगठनलाई सुदृढ बनाउन क्षमता विकास कार्ययोजना तर्जुमा गरी सोहीअनुसार कार्यान्वयन गर्ने ।
- स्थानीय क्षेत्रमा कार्यरत मानव संसाधन क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।
- गाउँपालिकामा कमजोर नेटवर्क भएका कारणले इ-रिपोटिङ्ग कार्य सरल हुन नसकेको हुँदा इ-रिपोटिङ्ग कार्य लगायत अन्य दैनिक कार्यलाई सरल र सहज बनाउन नेपाल टेलिकलको सेवा प्रभावकारी बनाउन पहल गर्ने ।
- सहभागितामूलक वार्षिक योजना प्रक्रियाको अनिवार्य अवलम्बन गर्ने गराउने ।

**ख. बिषयगत शाखाहरु**

आवधिक योजनाको कार्यान्वयनमा लक्ष्य अनुरुप प्रगतिको लागि गाउँपालिका र बिषयगत शाखाबीच समन्वय, सूचना व्यवस्थापन र सूचना आदान प्रदान आदिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस सम्बन्धमा निम्नानुसार व्यवस्थापन गरिनेछ ।

- गाउँपालिका र बिषयगत शाखाहरु बीच सूचनाको आदान प्रदानमा प्रभावकारिता कायम गर्ने ।
- विगतमा भएको द्वन्दको कारण प्रायजसो सबै विषयगत कार्यालयका भवनहरुमा क्षतिपुगि सूचना केन्द्रहरु र महत्वपूर्ण अभिलेखहरु नष्ट भएकोमा सोको व्यवस्थापनमा जोड दिने ।
- गाउँपालिका स्थित बिषयगत शाखाहरुमा दरबन्दी अनुरुप पदपूर्ति गर्न र वर्ष भरी गाउँमा बस्ने वातावरण सिर्जना गर्न पहल कदमी चाल्ने ।
- स्वास्थ्य शाखाको खास गरी ग्रामिण इलाकाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दीअनुसार पदपूर्ति ज्यादै न्यून भएकोले सोको पूर्तिका लागि पहल गर्ने ।
- अधिकांस विषयगत शाखाहरुको विनियोजित बजेट अपर्याप्त रहेको र समयमा बजेट निकासा नहुने वर्तमान प्रबृत्तिको अन्त्य गर्न राजनैतिक नेतृत्वले केन्दमा पहल गर्ने ।

**ग. गैर सरकारी संघ सस्था र निजी क्षेत्र**

गाउँपालिकामा कार्यरत गैर सरकारी संघ संस्थाहरुको संख्या उल्लेखनीय छ । सिमकोट गाउँपालिका सदरमुकाम क्षेत्रमा अवस्थित रहेकाले यस गाउँपालिकामा धेरै गैरसरकारी संस्थाको कार्य क्षेत्र रहेको छ । गैसस र स्थानीय निकायहरु वीचमा सहकार्य गर्ने वातावरण सिर्जना गर्न निम्नानुसार गरिनेछ ।

- गाउँपालिकाको विकासका लागि गैसस र नीजि क्षेत्रको क्षमता विकास गरी स्थानीय सेवा प्रवाहमा सहकार्य गर्ने वातावरणको सिर्जना गर्ने ।
- स्थानीय तह, बिषयगत शाखा र गैसस बीचमा आवश्यक समन्वय, सहकार्य गरी कार्यक्रमहरुमा देखिएको दोहोरोपना न्यूनिकरण गर्ने ।
- गैससका कार्यक्रम तथा बजेटहरु पारदर्शिता गरी सहकार्यको वातावरण निर्माण गर्ने ।
- कार्यरत गाउँपालिकाका सबै वडा र वस्तीलाई समेट्ने गरी कार्यक्रम/क्रियाकलाप निर्धारण गर्न ध्यान दिने ।

## मानव संसाधन योजना

**तालिका २४ : मानव संसाधन योजना**

| विषय क्षेत्र/ महाशाखा/ शाखा/एकाइ | सेवा समूह | स्तर अनुसार आवश्यक मानव संशाधन (जना) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अधिकृत स्तर आठौं | अधिकृत स्तर सातौ/आठौं | अधिकृत स्तर छैटौं | सहायक स्तर पाँचौ | सहायक स्तर चौथो | अन्य | जम्मा |
| प्रशासन | सामान्य प्रशासन | १ | | २ | ७ | ५ | | १५ |
| लेखा | सामान्य प्रशासन | | १ | | २ | | | ३ |
| ईन्जिनियर | सिभिल | | १ | | ४ | ६ | | ११ |
| | स्यानीटरी | | | | १ | | | १ |
| शिक्षा | शिक्षा प्रशासन | | १ | | १ | | | २ |
| म.बा.ज्ये.ना.शाखा/क.अ. | विविध | | | | १ | १ | | २ |
| स्वास्थ्य | हे.ई. | | | | १ | | | १ |

| विषय क्षेत्र/ महाशाखा/ शाखा/एकाइ | सेवा समूह | स्तर अनुसार आवश्यक मानव संशाधन (जना) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अधिकृत स्तर आठौं | अधिकृत स्तर सातौं/आठौं | अधिकृत स्तर छैटौं | सहायक स्तर पाँचौ | सहायक स्तर चौथो | अन्य | जम्मा |
| कृषि विकास | | | | | १ | | | १ |
| पशु सेवा | | | | | | १ | | १ |
| योजना | | | | | १ | | | १ |
| जिन्सि | | | | १ | | | | १ |
| सूचना प्रविधि | | | | १ | | | | १ |
| **जम्मा** | | १ | ३ | ४ | १९ | १३ | ० | ४० |

## ९.३ विषयगत क्षेत्र अनुसार अनुमानित बजेट

स्रोत अनुमानको आधार कार्यशाला गोष्ठीको छलफल, प्राविधिक संभाव्यता तथा प्रति एकाइ लागत रहेको छ। आवधिक विकास योजनाको नतिजा प्राप्त गर्नका लागि प्रस्तावित आयोजना तथा कार्यक्रम लगायत अति आवश्यक नियमित तथा सालबसाली कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतको अनुमान गरिएको छ। जसअनुसार आवधिक विकास योजना अवधिका लागि कुल चार अरब उनान्सय करोड चालिस लाख उन्नाइस हजार दुई सय आवश्यक पर्ने अनुमान गरिएको छ। योजनाको प्रतिफल वा विषय क्षेत्रअनुसारको अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ:

**तालिका २५ : विषयक्षेत्र अनुसार अनुमानित कुल बजेट**

| क्र.सं. | विषयगत क्षेत्र | रकम (रु.'०००) | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ३४५०५५ | |
| २ | सामाजिक विकास | २९१९७३ | |
| ३ | पूर्वाधार विकास | ३०१०५९७ | |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | १२८६०५९.२ | |
| ५ | संस्थागत विकास तथा सुशासन | ६०३३५ | |
| | **कुल जम्मा** | ४९९४०१९.२ | |

## ९.४ श्रोत अनुमान तथा प्रक्षेपण

यो आवधिक योजना सिमकोट गाउँपालिकाको नेतृत्वमा सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, गैसस तथा जनसमुदायको सक्रिय सहभागितामा यस योजनाले निर्दिष्ट गरेका लक्ष्य उद्देश्य अनुसार वार्षिक रुपमा कार्यक्रम बजेट तर्जुमा, नियमित रुपमा समीक्षा र पृष्ठपोषण अनुरुपको सुधार सहित कार्यान्वयन हुने अपेक्षा गरिएको छ। यस योजनाको अवधिमा आन्तरिक, वाह्य स्रोत, निजी क्षेत्र, गैसस, जनसहभागिता र अन्य स्रोतबाट जम्मा २ अर्ब ५७ करोड ४ लाख ८३ हजार नब्बे उपलब्ध हुन सक्ने प्रक्षेपण गरिएको छ। स्रोतअनुसारको आय प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २६ : प्रक्षेपण गरिएको आवधिक/वार्षिक बजेट**

| बजेटका स्रोतहरू | गत वर्षको यथार्थ (रु.) | चालु आ.व.को अनुमान (रु.) | आगामी ५ वर्षको स्रोतअनुसार प्रक्षेपण रकम (रु.००० मा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोश्रो आ.व. | तेश्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | ५ वर्षको जम्मा |
| **१. आन्तरिक आय** | | | | | | | | |
| क. कर राजस्व | १५९७.९६ | ११८३२.६० | ४५०० | ४७२५ | ४९६१.२५ | ५२०९.३१ | ५४६९.७८ | २४८६५.३४ |
| ख. गैर कर राजस्व | | | ५०० | ५२५ | ५५१.२५ | ५७८.८१ | ६०७.७५ | २७६२.८२ |
| **२. राजस्व बाँडफाँट** | | | | | | | | |
| क. नेपाल सरकार | ५६६०६.७६ | ६०११०.५३ | ८८८४९ | ९३२९१.५ | ९७९५६.०२ | १०२८५३.८२ | १०७९९६.५१ | ४९०९४६.८१ |
| ख. प्रदेश सरकार | २१३.७१ | ३१३.२७ | ४०० | ४२० | ४४१.०० | ४६३.०५ | ४८६.२० | २२१०.२५ |
| **३. रोयल्टी बाँडफाँट** | | | | | | | | |
| क. वन रोयल्टी | | | | | | | | |
| ख. खानी रोयल्टी | | | | | | | | |
| ग. विद्युत् रोयल्टी | | | | | | | | |
| घ. पर्वतारोहण रोयल्टी | | | | | | | | |
| ङ पानी तथा अन्य रोयल्टी | | | | | | | | |
| **४. नेपाल सरकारबाट प्राप्त हुने अनुदान** | | | | | | | | |
| क. वित्तीय समानीकरण अनुदान | ९४३००.०० | ९८६०० | १०६३०० | १११६१५ | ११७१९५.७५ | १२३०५५.५४ | १२९२०८.३१ | ५८७३७४.६० |
| ख. सशर्त अनुदान | २५८३९४.६२ | २७६५१९ | २१२२०० | २२२८१० | २३३९५०.५० | २४५६४८.०३ | २५७९३०.४३ | ११७२५३८.९५ |
| ग. समपुरक अनुदान | | ११००० | ५००० | ५२५० | ५५१२.५० | ५७८८.१३ | ६०७७.५३ | २७६२८.१६ |
| घ. विशेष अनुदान | | २२००० | ५००० | ५२५० | ५५१२.५० | ५७८८.१३ | ६०७७.५३ | २७६२८.१६ |
| **५. प्रदेश सरकारबाट प्राप्त हुने अनुदान** | | | | | | | | |
| क. वित्तीय समानीकरण अनुदान | १०११७.०० | १०३९० | १०३९० | १०९०९.५ | ११४५४.९८ | १२०२७.७ | १२६२९.१ | ५७४११.३१ |
| ख. सशर्त अनुदान | १३८८८.०७ | १६१३३ | ३३९५० | ३५६४७.५ | ३७४२९.८८ | ३९३०१.४ | ४१२६६.४ | १८७५९५.१८ |
| ग. समपुरक अनुदान | ८३५६.९० | १२००० | ० | ० | ० | ० | ० | ०.०० |

| बजेटका स्रोतहरू | गत वर्षको यथार्थ (रु.) | चालु आ.व.को अनुमान (रु.) | आगामी ५ वर्षको स्रोतअनुसार प्रक्षेपण रकम (रु.000 मा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोश्रो आ.व. | तेश्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | ५ वर्षको जम्मा |
| घ. विशेष अनुदान | ३०९८.०० | २५०० | ६००० | ६३०० | ६६१५ | ६९४५.७५ | ७२९३.०४ | ३३१५३.७८७५ |
| ६. अन्य अनुदान | | ३५०० | | | | | | |
| ७. जनसहभागिता | | | | | | | | |
| ८. निजी लगानी | | | | | | | | |
| ९.अन्तर स्थानीय तह साझेदारी रकम | | | | | | | | |
| १०.गैसस र सामुदायिक क्षेत्रको लगानी | १२८०.३५२ | ६१३४.९०८ | ६४४९३.६३ | ६७७१८.३ | ७११०४.२३ | ७४६५९.४ | ७८३९२.४ | ३५६३६८.०२ |
| ११. आन्तरिक ऋण परिचालन | | | | | | | | |
| **कुल जम्मा** | **४४७८५३.३६** | **५३१०३३.३१** | **५३७५८२.६३१** | **५६४४६१.७६** | **५९२६८४.८५** | **६२२३१९.०९** | **६५३४३५.०५** | **२९७०४८३.३९** |

## ९.५ श्रोत परिचालन रणनीति

सिमकोट गाउँपालिकाको आवधिक योजनामा विषयगत क्षेत्र अनुसार आवधिक योजनाको कुलवजेट रु ४ अर्व ९९ करोड ४० लाख १९ हजार २ सय अनुमान गरिएको छ । गत आ.व. २०७७।७८ को यथार्थ र चालू आ.व.को अनुमानित सहित आगामी ५ वर्षको गाउँपालिकाको अनुमानित आय करिव रु.२ अर्व ९७ करोड ४ लाख ८३ हजार ३ सय नब्बे हुने देखिएकोमा अपुग श्रोत रकमको परिचालनका लागि देहाय अनुसारको रणनीति अख्तियार गरिने छ ।

- आन्तरिक आयस्रोतको दायराको खोजी गर्ने
- विकास साझेदारसंग समन्वय गर्ने
- संघ तथा प्रदेशसंग समन्वय गर्ने
- अन्तर स्थानीयतह साझेदारी गर्ने
- निजी तथा सार्वजनिक साझेदारी एवं सहकार्य गर्ने
- जनसहभागिता वृद्धि गर्ने
- वन,जडिवुटी तथा खनिज क्षेत्रबाट हुने सम्भाव्य आम्दानीका लागि अध्ययन अनुसन्धान गर्ने ।
- वित्तीय जोखिम न्यूनिकरणका लागि पारदर्शिता तथा सुशासन सम्बन्धी व्यवस्थाहरु कार्यान्वयनका लागि विशेष श्रोत साधनको परिचालन गर्ने ।

## ९.६ आवधिक योजना कार्यान्वयन

आवधिक योजनाको कार्यान्वयन बार्षिक बजेट तथा कार्यक्रम मार्फत गरिनेछ। यसरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, उद्देश्य रणनीति तथा प्राथमिकता, विषयगत रणनीति तथा कार्यनीति एवम् कार्यक्रमलाई आधार लिईनेछ। आवधिक विकास योजनामा आधारित भई तीन वर्षको खर्चको प्रक्षेपण सहित मध्यमकालिन खर्च संरचना तयार गरिनेछ। मध्यमकालिन खर्च संरचना बमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा वार्षिक बजेट तयार गरी योजनाको कार्यान्वयन गरिनेछ ।

यसै गरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा मध्यमकालिन खर्च संरचना र आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, क्षेत्रगत उद्देश्य तथा कार्यक्रमलाई आधार लिईने छ। योजनाको स्वीकृती पछि कार्यपालिकाबाट सवै विषयगत समिति एवम् शाखा, सवै वडा कार्यालय तथा सम्वन्धित सरोकारवालालाई वार्षिक बजेट तथा कार्यक्रम मार्फत योजनाको कार्यान्वयनको लागि लिखित रुपमा जानकारी प्रदान गरिनेछ। आवधिक योजनाको आधारमा आयोजना बैक, मध्यकालिन खर्च योजना र सो बमोजिम वार्षिक योजना तर्जुमा गरी आवधिक योजना कार्यान्वयन गरिनेछ ।

## ९.७ अनुगमन तथा मुल्याङ्कन योजना

### ९.७.१ अनुगमन तथा मुल्याङ्कनको आवश्यकता

अनुगमन तथा मूल्याङ्कनको संस्थागत विकास गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालय, विषयगत समिति, शाखा, सम्वन्धित परियोजना र जिससमा सो सम्वन्धि संयन्त्रको विकास गरिएको छ ।स्रोत साधन, दक्ष जनशक्ति, प्राविधिक दक्षताको कमीका कारण विकास गतिविधिहरूमा गरिने अनुगमन कार्यलाई नतिजा खाका तथा निर्धारित लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरूसंग जोडी अपेक्षित नतिजा हासिल भए नभएको यकिन गर्न सकिएको छैन । तथापि आयोजनाको प्रगतिको अवस्था, समयमै तोकिएको शर्तमा आयोजना सम्पन्न गर्न गराउन गर्नु पर्ने कार्यलाई सचेत गराउने तथा सम्पन्न भए नभएको अवस्थाको अनुगमन गर्ने परिपाटी यस यस गाउँपालिकामा रहेको छ ।

## ९.७.२ अनुगमन तथा मूल्याकंनको जिम्मेवारी

आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्यमा अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गरिनेछ। आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी देहायअनुसार हुनेछ।

- गाउँकार्यपालिका
- जिल्ला समन्वय समिति
- अनुगमन तथा सुपरीवेक्षण समिति र विषयगत समिति
- विषयगत शाखा, उपशाखा, इकाई, परियोजना, संघ/संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

## ९.७.३ अनुगमन तथा मूल्याङ्कंन प्रक्रिया

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहायअनुसार रहनेछ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगति वीच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार बार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रक्रिया देहाय अनुसार प्रस्ताव गरिएको छ। यस बमोजिम नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी आवधिक योजना समेत बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गाउँ कार्यपालिकाले गर्नेछ।

**तालिका २७ : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया**

| के गर्ने? | पुष्टयाई के बाट गर्ने ? | कहिले गर्ने ? | कसरी गर्ने ? | कसले गर्ने ? |
|---|---|---|---|---|
| प्रभाव तह अनुगमन तथा मूल्याङ्कन | - प्रभाव मूल्याङ्कन प्रतिवेदन<br>- प्रभाव अनुगमन प्रतिवेदन<br>- अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>- मध्यावधि समीक्षा<br>- वस्तुस्थिति विवरण<br>- आयोजना/कार्यक्रम प्रभाव मूल्याङ्कन प्रतिवेदन | - योजना अवधि समाप्तीको २ वर्ष पछि<br>- मध्यावधि (तेश्रो बर्षको अन्त्यमा)<br>- प्रभाव नतिजा अनुगमन (अन्तिम बर्ष) | - नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>- सहभागितामूलक छलफल गर्ने<br>- अध्ययन तथा सर्वेक्षण गर्ने<br>- कार्यपालिका र सभाको वैठकमा समीक्षा गर्ने | - कार्यपालिका, सरोकारवाला र तेस्रो पक्ष |
| असर तह अनुगमन तथा मूल्याङ्कन | - मध्यावधि समीक्षा प्रतिवेदन<br>- असर अनुगमन प्रतिवेदन<br>- बार्षिक समीक्षा प्रतिवेदन<br>- अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>- वस्तुस्थिति विवरण | - बार्षिक, मध्यावधि र अन्तिम बर्ष | - नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>- नमूना सर्वेक्षण गर्ने<br>- कार्यपालिका वैठकमा समीक्षा गर्ने<br>- आयोजना कार्यक्रमको कार्य सम्पादन प्रतिवेदन विश्लेषण गर्ने<br>- आयोजना तथा कार्यक्रम सम्पन्न स्थिति र खर्च विवरण अध्ययन गर्ने<br>- सामाजिक परीक्षण र प्रतिवेदन विश्लेषण गर्ने<br>- सहभागितामूलक रुपमा समीक्षा | - सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष |

| के गर्ने? | पुष्टयाई के बाट गर्ने ? | कहिले गर्ने ? | कसरी गर्ने ? | कसले गर्ने ? |
|---|---|---|---|---|
| | | | गोष्ठी गर्ने | |
| प्रतिफल अनुगमन तथा मूल्याङ्कन | - चौमासिक प्रगति प्रतिवेदन<br>- बार्षिक समीक्षा प्रतिवेदन<br>- वस्तुस्थिति विवरण | - चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | - स्थलगत अनुगमन गर्ने<br>- बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>- नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>- विषयगत समिति र कार्यपालिका वैठकमा समीक्षा गर्ने<br>- सामाजिक परीक्षण गर्ने तथा प्रतिवेदन विश्लेषण गर्ने | - गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | - मासिक प्रगति प्रतिवेदन<br>- चौमासिक प्रगति प्रतिवेदन<br>- गुणस्तर अनुगमन प्रतिवेदन | - पटके, मासिक, चौमासिक र बार्षिक | - स्थलगत अनुगमन गर्ने<br>- चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>- विषयगत समिति र कार्यपालिका वैठकमा समीक्षा गर्ने | - अनुगमन तथा सुपरीवेक्षण समिति, वडा समिति, विषयगत शाखा, एकाइ परियोजना तथा गैसस |

# अनुसुचीहरु

**अनुसूची १ : आर्थिक विकास क्षेत्रका प्रमुख कार्यक्रम तथा आयोजनाको सांकेतीकरण**

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| **उद्देश्य १ :** व्यवसायिक कृषि तथा पशुपंछीजन्य उत्पादन र औद्योगीकरणमा वृद्धि गर्नु | १.२१. उत्पादन पकेट विकास कार्यक्रम (कृषि फार्म स्थापना समेत) | १.१ | १, २, ८ | १, ४ | ४.१.१ | २ | २ |
| | १.२२. जैविक मल तथा विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम (भकारो सुधार कार्यक्रम समेत | १.१ | १, २, ८ | १, ४ | ४.१.१ | २ | २ |
| | १.२३. बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र सञ्चालन गर्ने | १.१ | १, २, ८ | १, ४ | ४.१.१ | २ | २ |
| | १.२४.फलफूल तथा उच्च मूल्ययुक्त बाली प्रवर्द्धन कार्यक्रम | १.१ | १, २, ८ | १, ४ | ४.१.१ | २ | २ |
| | १.२५. संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने | १.१ | १, २, ८ | १, ४ | ४.१.१ | २ | २ |
| | १.२६. कृषि यान्त्रिकीकरण | १.१ | १, २, ८ | १, ४ | ४.१.१ | २ | २ |
| | १.२७. कृषि सम्बन्धी सालबसाली कार्यक्रम | १.१ | १, २, ८ | १, ४ | ४.१.१ | २ | २ |
| | १.२८. ठेहे सिंचाई आयोजना | १.२ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.२९. खोल्सी सिंचाइ | १.२ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.३०. स्याँडा सिंचाइ आयोजना | १.२ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.३१. सिंचाइ सम्बन्धी सालवसाली कार्यक्रम | १.२ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.३२. नश्ल सुधार तथा पशु उपचार केन्द्र स्थापना | १.१, २.१ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.३३. उन्नत घाँसेबाली विस्तार कार्यक्रम | १.१, २.१ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.३४. व्यवसायिक पशु तथा पन्छीपालन कार्यक्रम | १.१, २.१ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.३५. उन्नत जातको माउवाखा स्रोत केन्द्र स्थापना गर्ने | १.१, २.१ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.३६. दुग्ध चिस्यान केन्द्र स्थापना | १.१, २.१ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.३७. पशु बधशाला तथा मासु बजार विकास कार्यक्रम | १.१, २.१ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.३८. पशुसेवा सम्बन्धी सालवसाली कार्यक्रम | १.१, २.१ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.३९. पशु विमा सहजीकरण कार्यक्रम | १.१, २.१ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| | १.४०. घाँस स्रोत केन्द्र विकास कार्यक्रम | १.१, २.१ | १, २ | १, ४ | ४.१.१ | २ | २ |
| **उद्देश्य २ :** | २.१५. व्यापार-व्यवसाय क्षेत्रमा संलग्न भएका लक्षित | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| स्थानीय सीप एवम् कच्चा पदार्थमा आधारित लघु, साना तथा घरेलु उद्योगको विकास एवम् विस्तार गर्नु | समूहहरूको खण्डीकृत तथ्याङ्क संकलन, विश्लेषण तथा अद्यावधिक गर्ने | | | | | | |
| | २.१६. बैंक, वित्तीय संस्था तथा अति विपन्न उद्यमीहरूबीच सहुलियत व्याजदरमा आधारित कर्जा सम्वन्धि कार्यशाला गोष्ठी | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.१७. कृषि तथा अन्य उद्यमीहरूले उत्पादन गरेको विक्री सामाग्रीको परिमाणमा आधारित अनुदान कार्यक्रम | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.१८. स्थानीय उद्यमीहरूले उत्पादन गरेको सामाग्रीहरूको वजारिकरण प्रवर्द्धन कार्यक्रम | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.१९. परम्परागत ज्ञान तथा सीप युवापुस्तालाई हस्तान्तरण गर्ने कार्यक्रम | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.२०. युवाहरूका लागि लघु उद्यमशीलता सम्बन्धी क्षमता विकास कार्यक्रम | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.२१. एक स्थानीय तह एक उद्योगग्राम कार्यक्रम | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.२२. कृषि तथा उद्योग मेला तथा प्रदर्शनी | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.२३. पालिकास्तरीय उद्यमी तथा व्यवसायीहरूको सञ्जाल स्थापना, सञ्चालन तथा व्यवस्थापन | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.२४. उद्योगको संभाव्यता अध्ययन | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.२५. कृषि र पशुपंक्षीजन्य उपजको प्रशोधन उद्योग स्थापना | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.२६. दक्ष जनशक्ति उत्पादन कार्यक्रम | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.२७. बजार अनुगमन | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| | २.२८. व्यवसाय अनुगमन कार्यक्रम | २.१ | १, २, ८ | १, ४ | ४.१.२ | २ | २ |
| उद्देश्य ३ : बैंक तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम गर्नु | ३.५. उत्पादन, प्रशोधन र बजारीकरणका लागि सहकारी विकास कार्यक्रम | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| | ३.६. बैंकिङ सेवा विस्तार कार्यक्रम | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.३ | २ | २ |
| | ३.७. विप्रेषण पूँजी परिचालन कार्यक्रम | ३.१, ३.२, ४.१ | १, ८, १० | १, ४ | ४.१.३ | २ | २ |
| | ३.८. कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय | ३.१, ३.२, ४.१ | १, ८, १० | १, ४ | ४.१.३ | २ | २ |

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| | बेरोजगार उद्यमशिलता विकास कार्यक्रम | | | | | | |
| उद्देश्य ४: स्थानीय युवा रोजगारी अभिवृद्धि गर्नु | ४.१२. गाउँपालिकाभित्र रहेका शैक्षिक वेरोजगारहरूको प्रोफाइल तयार तथा अद्यावधिकीकरण | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| | ४.१३.गाउँपालिकाभित्र भएका वैदेशिक रोजगारवाट फर्की उद्यम व्यवसायमा लगानी गर्न इच्छुक व्यक्तिहरूको प्रोफाइल तयारी तथा अद्यावधिक | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| | ४.१४. शैक्षिक वेरोजगार तथा वैदेशिक रोजगारवाट फर्केकाहरूलाई उद्यशीलता सम्वन्धि तालिम | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| | ४.१५. बेरोजगारहरूको सूचनाका लागि वडास्तरीय अभियान सञ्चालन गरी सूचिकृत गर्ने व्यवस्था गर्ने | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| | ४.१६.विप्रेषण आयको उत्पादनमूलक कार्यमा उपयोग सम्बन्धी अभिमुखिकरण तथा कार्यशाला गोष्ठी सञ्चालन गर्ने | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| | ४.१७. विप्रेषण आयको उत्पादनमूलक कार्यमा उपयोग सम्वन्धि नीति तथा कार्यक्रम निर्माण | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| | ४.१८. ज्याला दर रेट सम्वन्धि नीति निर्माणका लागि कार्यशाला गोष्ठी गरी ज्याला दर रेट निर्धारण गर्ने | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| | ४.१९. विप्रेषणको स्रोतवाट उत्पादनमूलक कार्यमा संलग्न युवा उद्यम व्यवसायीहरूलाई पुरस्कृत गर्ने | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| | ४.२०. वैदेशिक रोजगारबाट फर्कर स्वदेशमा केही गर्न चाहने युवाहरूलाई सहुलियत कर्जा कार्यक्रम | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| | ४.२१. जैविक विषादी, जैविक मलमा आधारित कृषि प्रवर्द्धन कार्यक्रम | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| | ४.२२. निःशुल्क माटो परीक्षण तथा उपचार | ३.१, ३.२ | १, ८, १० | १, ४ | ४.१.२ | २ | २ |
| ५ पर्यटकीय पूर्वाधार, | ५.१२ पर्यटन गुरुयोजना तयारी | १.१ | ११ | १, ८ | ४.१.२ | ३ | ३ |
| | ५.१३ गाउँपालिका/ वडास्तरमा पर्यटन विकास | १.१ | ११ | १, ८ | ४.१.२ | ३ | ३ |

| उद्देश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| सेवा र सुविधा | सम्बन्धी नीति, समिति निर्माण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन । | | | | | | |
| | ५.१४ पर्यटन सूचना केन्द्रको स्थापना गर्ने | १.२ | ११ | १, ८ | ४.१.२ | ३ | ३ |
| | ५.१५ संस्कृति सम्पदा सम्वन्धी डकुमेन्ट्री तयार गर्ने । | १.१ | ११ | १, ८ | ४.१.२ | ३ | ३ |
| | ५.१६ होमस्टे तालिम | १.२ | ११ | १, ८ | ४.१.२ | २ | २ |
| | ५.१७ समुदायस्तरमा होमस्टे प्रवर्द्धन कार्यक्रम | १.३ | ११ | १, ८ | ४.१.२ | २ | २ |
| | ५.१८ ट्रेकिङ्ग गाईड तालिम | १.३ | ११ | १, ८ | ४.१.२ | २ | २ |
| | ५.१९ स्थानीयस्तरमा सांस्कृतिक महोत्सवको आयोजना गर्ने । | १.३ | ११ | १, ८ | ४.१.२ | २ | ३ |
| | ५.२० पर्यटकीय पदमार्ग विकास (महाभारत श्रृंखला) | १.३ | ११ | १, ८ | ४.१.२ | २ | ३ |
| | ५.२१ पर्यटकीय पूर्वाधार विकास कार्यक्रम | १.३ | ११ | १, ८ | ४.१.२ | २ | ३ |
| | ५.२२ पर्यटन पूर्वाधार, सुविधा सम्बन्धी सालबसाली कार्यक्रम | १.३ | ११ | १, ८ | ४.१.२ | २ | ३ |
| **६. साँस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धन** | ६.१ स्थानीयस्तरमा सांस्कृतिक महोत्सवको आयोजना गर्ने । | २.१ | ११ | १, ८ | ४.१.२ | २ | ३ |
| | ६.२ सम्पदा अध्ययन तथा वृतचित्र | २.१ | ११ | १, ८ | ४.१.२ | ३ | ३ |
| | ६.३ स्थानीय सम्पदा संरक्षण | २.१ | ११ | १, ८ | ४.१.२ | ३ | ३ |
| | ६.४ सँस्कृति सम्बन्धी सालबसाली कार्यक्रम | २.१ | ११ | १, ८ | ४.१.२ | ३ | ३ |
| | ६.५ स्थानीय सम्पदा तथा संस्कृति अध्ययन | २ | ८ | ४ | १.१ | ३ | ३ |
| | ६.६ मौलिक कला गीत तथा नृत्य प्रशिक्षण | २ | ८ | ४ | १.२ | ३ | ३ |
| | ६.७ स्थानीय सांस्कृतिक संग्राहलय स्थापना | २ | ८ | ४ | १.२ | ३ | ३ |
| | ६.८ मौलिक गीत तथा कला प्रतियोगिता | २ | ८ | ४ | १.२ | ३ | ३ |

cg';"rL 2 M ;fdflhs ljsf; If]qsf k|d'v sfo{qmd tyf cfof]hgfsf] ;f+s]tLs/-f

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| उद्देश्य १ : गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु | १.१ विद्यालय पूर्वाधार सुधार कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.२ विद्यालय सुविधा विस्तार कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.३ विद्यालय सूचना प्रविधि कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.४ आवासिय विद्यालय सञ्चालन | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.५ विद्यालय संरचनागत सुधार कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.६ प्रारम्भिक बाल विकास कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.७ शैक्षिक गुणस्तर सुधार कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.८ विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.९ जीवनउपयोगी शिक्षा प्रवर्द्धन कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.१० प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.११ क्याम्पस सञ्चालन सहयोग कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.१२ विद्यालय पोषण सुधार कार्यक्रम | ४ | ३ | ७ | २.१ | २ | ३ |
| | १.१३ शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.१५ शिक्षा शाखा व्यवस्थापन | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.१६ गाउँ शिक्षा योजना तर्जुमा | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.१७ नियमित कार्यक्रम | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.१८ स्थानीय पाठ्यक्रम निर्माण | ४ | ४ | २ | १.४ | २ | ३ |
| | १.१९ नेतृत्व तथा क्षमता विकास | ४ | ४ | २ | १.४ | २ | ३ |
| उद्देश्य २ : स्वास्थ्य तथा पोषणको अवस्थामा गुणात्मक सुधार गर्नु | २.१ जनस्वास्थ्य संस्था पूर्वाधार कार्यक्रम | ४ | ३ | ७ | २.१ | २ | ३ |
| | २.२ स्वास्थ्य संस्थामा विद्युतीय सूचना प्रविधि विस्तार | ४ | ३ | ७ | २.१ | २ | ३ |
| | २.३ स्वास्थ्य सेवा विस्तार | ४ | ३ | ७ | २.१ | २ | ३ |
| | २.४ जनस्वास्थ्य सबलीकरण कार्यक्रम | ४ | ३ | ७ | २.१ | २ | ३ |
| | २.५ जनस्वास्थ्य सचेतना कार्यक्रम | ४ | ३ | ७ | २.१ | २ | ३ |
| | २.६ पोषण सुधार कार्यक्रम | ४ | ३ | ७ | २.१ | २ | ३ |
| | २.७ स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | ४ | ३ | ७ | २.१ | २ | ३ |
| | २.८ जनस्वास्थ्य तथा पोषण प्रवर्द्धन कार्यक्रम | ४ | ३ | ७ | २.१ | २ | ३ |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| | २.९ मातृशिशु तथा गर्भवती स्याहार कार्यक्रम | ४ | ३ | ७ | २.१ | १ | ३ |
| | २.१० स्वस्थ आचरण प्रवर्द्धन कार्यक्रम | ४ | ३ | ७ | २.१ | २ | ३ |
| | २.११ स्वास्थ्य बीमा प्रवर्द्धन | ४ | ३ | ७ | २.१ | २ | ३ |
| | २.१२ सालवसाली कार्यक्रम | ४ | ३ | ७ | २.१ | १ | ३ |
| उद्देश्य ३: स्वच्छ खानेपानीमा सबैको पहुँच तथा सरसफाइ क्षेत्रको प्रवर्द्धन गर्नु | ३.१ एक घर एक धारा कार्यक्रम | ४ | ६ | ५ | २.१ | २ | ३ |
| | ३.२ खानेपानी आयोजना मर्मत | ४ | ६ | ५ | २.१ | २ | ३ |
| | ३.३ शौचालय निर्माण | ४ | ६ | ५ | २.१ | २ | ३ |
| | ३.४ खानेपानी गुणस्तर परीक्षण तथा सुधार | ४ | ६ | ५ | २.१ | २ | ३ |
| | ३.५ सरसफाइ सचेतना कार्यक्रम | ४ | ६ | ५ | २.१ | २ | २ |
| | ३.६ फोहोरमैला प्रशोधन स्थल (स्यानिटरी ल्याण्डफिल) निर्माण | ४ | ६ | ५ | २.१ | २ | २ |
| | ३.७ फोहोर व्यवस्थापन | ४ | ६ | ५ | २.१ | २ | २ |
| | ३.८ सालवसाली कार्यक्रम | ४ | ६ | ५ | २.१ | २ | ३ |
| उद्देश्य ४: लक्षित वर्गको क्षमता, आत्मसम्मान तथा आत्मनिर्भरतामा अभिवृद्धि गर्नु | ४.१ महिला स्वरोजगार कार्यक्रम | ४ | ५ | ६ | १.४ | १ | ३ |
| | ४.२ दलित स्वरोजगारी कार्यक्रम | ४ | ८ | ६ | १.४ | १ | ३ |
| | ४.३ आदिवासी जनजाति तथा पिछडिएको वर्ग रोजगार कार्यक्रम | ४ | ८ | ६ | १.४ | १ | ३ |
| | ४.४ अपांगता भएका व्यक्ति स्वरोजगारी तथा आत्मनिर्भरता कार्यक्रम | ४ | ८ | ६ | १.४ | १ | ३ |
| | ४.५ हिंसा न्यूनिकरण कार्यक्रम | ४ | ५,८ | ६ | १.४ | १ | ३ |
| | ४.६ सामाजिक विभेद तथा कुप्रथा निरुपण कार्यक्रम | ४ | ५,८ | ६ | १.४ | १ | ३ |
| | ४.७ लक्षित वर्ग हित प्रवर्द्धन | ४ | ५ | ६ | १.४ | १ | ३ |
| | ४.८ ज्येष्ठ नागरिक सुस्याहार कार्यक्रम | ४ | ८ | ६ | १.४ | १ | ३ |
| | ४.९ लक्षित वर्गको सञ्जाल गठन तथा परिचालन | ४ | ८ | ६ | १.४ | १ | ३ |
| | ४.१० बालमैत्री गाउँपालिका घोषणा कार्यक्रम | ४ | ५ | ६ | १.४ | १ | ३ |
| | ४.११ बालिका बीमा कार्यक्रम | ४ | ५ | ६ | १.४ | १ | ३ |
| | ४.११ शिशुस्याहार केन्द्र स्थापना | ४ | ५ | ६ | १.४ | १ | ३ |
| | ४.१२ सेफ हाउस स्थापना | ४ | ५ | ६ | १.४ | १ | ३ |
| | ४.१३ नियमित कार्यक्रम | ४ | ५,८ | ६ | १.४ | १ | ३ |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| उद्देश्य ५: युवा स्वरोजगारी तथा खेलकुदको प्रवर्द्धन गर्नु | ५.१. युवा स्वरोजगार कार्यक्रम | ४ | ८ | २ | ३.२ | २ | ३ |
| | ५.२ एक वडा एक खेल मैदान कार्यक्रम | ४ | ३ | २ | ३.२ | २ | ३ |
| | ५.३ खेलकुद प्रवर्द्धन कार्यक्रम | ४ | ३ | २ | ३.२ | २ | ३ |
| | ५.५ युवा उत्प्रेरणा कार्यक्रम | ४ | ३ | २ | ३.२ | २ | ३ |
| | ५.६ प्रतिभावान युवा प्रोत्साहन | ४ | ८ | २ | ३.२ | २ | ३ |
| | ५.७ सालबसाली कार्यक्रम | ४ | ८ | २ | ३.२ | २ | ३ |

अनुसूची ३ : पूर्वाधार विकास क्षेत्रका कार्यक्रम तथा आयोजनाको सांकेतीकरण

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| उद्देश्य १: आवास, बस्ती र शहरी विकास | १.१. एकीकृत वस्ती विकास आयोजना | ५ | ११ | १.१ | ३.१ | २ | ३ |
| | १.२. बसपार्क निर्माण र सञ्चालन | ५ | ११ | १.१ | ३.१ | २ | ३ |
| | १.३. फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र ( Landfill) निर्माण र सञ्चालन | ५ | ६ | ६.२ | ३.१ | २ | ३ |
| | १.४. गाउँपालिका कार्यालयको प्रशासकीय भवन (एकीकृत विषयगत सेवा सहिको भवन) | ५ | ११ | १.१ | ३.१ | २ | ३ |
| | १.५. वडा कार्यालय भवन (विषयगत सेवा सहितका) निर्माण | ५ | ११ | १.१ | ३.१ | २ | ३ |
| | १.६. आधारभूत पूर्वाधार सहित बजार विकास र व्यवस्थापन | ५ | ११ | १.१ | ३.१ | ३ | २ |
| | १.७. भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामग्री, गुणस्तर सम्बन्धी क्षमता विकास तालिम तथा सचेतना कार्यक्रम | ५ | ११ | १.१ | ३.१ | २ | १ |
| | १.८. असुरक्षित बस्तीहरूको संरक्षणको लागि रिटेनिङ बाल, ग्याविन वाल तथा बाँध निर्माण | ५ | ११ | २.३ | ३.१ | २ | १ |
| | १.९. हरित उद्यान, पिकनिक स्थल निर्माण | ५ | ११ | १.१ | ३.१ | ३ | ३ |
| | १.१०. सामुदायिक भवन निर्माण र स्तरोन्नति | ५ | ११ | १.१ | ३.१ | २ | ३ |
| | १.११. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण र स्तरोन्नति | ५ | ११ | १.१ | ३.१ | ३ | १ |
| | १.१२. मठमन्दिर, पाटीपौवा र धर्मशाला, निर्माण, मर्मतसम्भार र संरक्षण | ५ | ११ | १.१ | ३.१ | २ | ३ |
| | १.१३. मरानघाट तथा क्रियापुत्री भवन | ५ | ११ | १.१ | ३.१ | २ | ३ |
| उद्देश्य २: सडक, पुल तथा यातायात | २.१. पक्की सडक निर्माण | ५ | ९ | १.१ | ३.१ | ३ | ३ |
| | २.२. संरचना समेत सडक ग्राभेल कि.मि. | ५ | ९ | १.१ | ३.१ | ३ | ३ |
| | २.३. सडक पक्की पूल निर्माण | ५ | ९ | १.१ | ३.१ | ३ | ३ |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| | २.४. झोलुङ्गे पुल | ५ | ९ | १.१ | ३.१ | | |
| उद्देश्य ३: विद्युत् तथा वैकल्पिक ऊर्जा | ३.१. सडक बत्ती जडान र विस्तार | ५ | ७ | १.१ | ३.२ | २ | ३ |
| | ३.२. जीर्ण र काठे पोल प्रतिस्थापन कार्यक्रम | ५ | ७ | १.१ | ३.२ | ३ | ३ |
| | ३.३. वैकल्पिक ऊर्जा प्रवर्द्धन (सोलार, बायोग्यास र सुधारिएको चुल्हो) | ५ | ७ | १.१ | ३.२ | २ | २ |
| | ३.४. पावर ब्याकअप प्रणाली जडान र मर्मत संभार | ५ | ७ | १.१ | ३.२ | २ | १ |
| उद्देश्य ४: सूचना तथा सञ्चार प्रविधि | ४.१. इन्टरनेट क्षमता विस्तार | ५ | ९ | १.१ | ३.२ | ३ | ३ |
| | ४.२. सेवा प्रवाह सम्बन्धी सफ्टवेयर प्रणाली सञ्चालन | ५ | ११ | १.१ | ३.२ | २ | ३ |
| | ४.३. सिमकोट विकास बुलेटिन प्रकाशन र प्रसारण | ५ | ९ | १.१ | ३.२ | ३ | ३ |
| | ४.४. सिसिटिभि, डिजिटल डिस्प्ले वोर्ड, नेटवर्किङ, विद्युतीय हाजिरी, अडियो नोटिस वोर्ड स्थापना | ५ | ९ | १.१ | ३.२ | २ | ३ |
| | ४.५. स्थानीय मिडिया परिचालन कार्यक्रम | ५ | ९ | १.१ | ३.२ | २ | २ |
| | ४.६. जनप्रतिनिधि सेवाग्राही अन्तरसम्बाद कार्यक्रम | ५ | १६ | १.१ | ३.२ | २ | २ |

**अनुसूची ४ : वातावर(ा तथा विपद् व्यवस्थापन क्षेत्रका कार्यक्रम तथा आयोजनाको सांकेतीकरण**

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| **उद्देश्य १ :** वन क्षेत्रको उत्पादकत्व, दीगो उपयोग तथा पुनरुत्पादनमा वृद्धि र जैविक विविधताको संरक्षण, प्रवर्द्धन गर्ने | १.१. बिरुवा उत्पादन तथा वृक्षारोपणमा सहकार्य | ६ | १५, १३ | २.३ | ८ | ३ | १ |
| | १.२. वन डढेलो नियन्त्रण कार्यक्रम | ६ | १५, १३ | २.३ | ८ | २ | १ |
| | १.३. दीगो वन व्यवस्थापनमा साझेदारी कार्यक्रम | ६ | १५, १३ | | ८ | २ | २ |
| | १.४. वन उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि एवम् सुशासन अभिवृद्धि कार्यक्रम | ६ | १५, १३ | २.३ | ८ | ३ | १ |
| | १.५. व्यावसायिक जडिबुटी खेती प्रवर्द्धन कार्यक्रम | ७ | १५, १३ | २.४ | ८ | २ | २ |
| | १.६. निजी वन प्रवर्द्धन कार्यक्रम | ६ | १५, १३, १ | १.३ | ८ | २ | २ |
| | १.७. कबुलियती तथा निजी वनमा फलफूल तथा गैरकाष्ठ वन पैदावार प्रवर्द्धन कार्यक्रम | ६ | १५ | २.३ | ८ | २ | १ |
| | १.८. वनसँग सम्बन्धित सरोकारवालाहरूसँग समन्वय, अन्तरक्रिया तथा कार्ययोजना तयारी | ६ | १५, १३ | १.३ | ८ | ३ | २ |
| | १.९. वन, जैविक विविधता स्थिति अध्ययन, अभिलेखीकरण | ६ | १५ | २.४, २.५ | ८ | ३ | २ |
| | १.१०. रैथाने बीउको संरक्षण प्रवर्द्धन | ६ | १५ | २.३ | ८ | ३ | २ |
| | १.११. वातावरणमैत्री सामग्री उत्पादनमा प्रोत्साहन तथा दीगो स्वच्छता अभियान | | | | | | |
| | १.१२. कृषि भूमिमा माटोको गुणस्तर परीक्षण तथा सुधारका लागि जनचेतनामूलक कार्यक्रमहरू | ६ | ८ | १.३, २.३ | ८ | २ | १ |
| उद्धेश्य २ : जलाधारको क्षेत्रको समुचित व्यवस्थापन र भिरालो जमिनको स्थिरता कायम गर्ने | २.१. बायोइञ्जिनियरिङ विधिमा भूसंरक्षण कार्यक्रम | ६ | १५ | २.३ | ८ | २ | १ |
| | पहिरो नियन्त्रण | | | | ८ | | |
| | कृषि भूमि संरक्षण | ५ | १५ | २.३ | ८ | २ | १ |
| | २.२. भूमिगत पानी पुनर्भरण पोखरीहरू निर्माण कार्यक्रम | १ | १५ | २.३ | ८, ३ | २ | १ |
| | २.३. पानीका मुहान संरक्षण कार्यक्रम | ६ | १५ | २.३ | ८ | ३ | २ |
| | २.४. छनोट गरिएको उप/जलाधार क्षेत्रमा एकीकृत नमुना जलाधार व्यवस्थापन कार्यक्रम | ६ | १५ | २.३ | ८ | २ | २ |
| | २.५. गल्छी, पहिरो, खोला, खोल्सा नियन्त्रण | ६ | १५ | २.३ | ८ | ३ | २ |
| **उद्देश्य ३ :** फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय संरक्षण र | ३.१. सामुदायिक फोहोरमैला व्यवस्थापन कार्यक्रम | ६ | ६ | २.३ | ८ | १ | १ |
| | ३.२. फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र (Landfill) निर्माण र सञ्चालन | ६ | ६ | २.३ | ८ | ३ | १ |
| | ३.३. बजार क्षेत्रमा निष्कासन हुने फोहोरपानी व्यवस्थापनका लागि जनचेतना अभिवृद्धि कार्यक्रम | ६ | ६ | २.३ | ८ | ३ | १ |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| स्वच्छतामा अभिवृद्धि गर्ने | ३.४. सार्वजनिक शौचालय निर्माण (महिलामैत्री, बालमैत्री, अपांगमैत्री) कार्यक्रम | ६ | ६ | २.३ | ८ | २ | २ |
| | ३.५. वातावरणीय स्वच्छता अभिवृद्धि सम्बन्धी जनचेतनामूलक कार्यक्रम | ६ | ६ | २.३ | ८ | २ | १ |
| उद्देश्य ४ : स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्ने | ४.१. जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन कार्यक्रम | ६ | | २.३ | ८, ३ | २ | १ |
| | ४.२. बजार क्षेत्रमा उद्यान/हरित क्षेत्र निर्माण कार्यक्रम | ६ | | २.३ | ८ | ३ | १ |
| | ४.३. विद्यालय, स्वास्थ्य संस्थालगायत अन्य सार्वजनिक स्थलमा सौर्य ऊर्जा कार्यक्रम | ५ | ७ | २.३ | ८ | २ | १ |
| | ४.४. जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यक्रम र साझेदारी | ५ | ७ | २.३ | ८, ५ | २ | १ |
| | ४.५. सालबसाली कार्यक्रमहरू | ५ | ७ | २.३ | ८, ५ | २ | १ |
| उद्देश्य ५ : सबै प्रकारका प्राकृतिक एवम् मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानी न्यूनीकरण गर्नु | ५.१ वडास्तरमा विपद् व्यवस्थापन समिति/कार्यदल गठन अभिमुखीकरण | १.१ | ११.५ | २.२ | ८ | २ | २ |
| | ५.२ विपद् जोखिम व्यवस्थापन क्षमता विकास पुनर्ताजगी/तालिम | १.१ | ११.५ | २.२ | ८ | २ | २ |
| | ५.३ जोखिम, क्षमता तथा संकटासन्नता लेखाजोखा | १.१ | ११.५ | २.२ | ८ | ३ | २ |
| | ५.४ आपत्कालीन आश्रयस्थलहरू निर्माण/स्तरोन्नती | १.१ | ११.५ | २.२ | ८ | ३ | २ |
| | ५.५ जोखिमयुक्त वस्ती संरक्षण | १.१ | ११.५ | २.२ | ८ | ३ | ३ |
| | ५.६ विपद् व्यवस्थापन सचेतना अभिवृद्धि कार्यक्रम | १.१ | ११.५ | २.२ | ८ | २ | २ |
| उद्देश्य ६ : स्थानीय स्तरमा विपद्का घटनाहरू आइपर्दा तत्काल र प्रभावकारी प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास गर्ने | ६.१ विपद् पूर्वतयारी कृत्रिम अभ्यास | १.१ | | | | | |
| | ६.२ विपद् प्रतिकार्ययोजना तर्जुमा तथा अद्यावधिकरण | १.१ | ११.५ | २.२ | ८, ३ | २ | २ |
| | ६.३ विपद् पूर्वसूचना प्रणाली निर्माण अध्ययन तथा स्थापना | १.१ | ११.५ | २.२ | ८ | २ | २ |
| | ६.४ वडास्तरमा आपत्कालीन उद्दार सामग्री भण्डारण/स्तरवृद्धि | १.१ | ११.५ | २.२ | ८ | ३ | २ |
| | ६.५ वन्यजन्तुबाट बालीनाली सुरक्षा कार्यक्रम | १.२ | २, ८ | २.२ | ३, ८ | २ | ३ |
| | ६.७ छिमेकी स्थानीय तहहरूसँगको सहकार्यमा वारुणयन्त्र व्यवस्थापन | १.२ | ११.५ | २.२ | ८ | ३ | २ |
| उद्देश्य ७: स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका | ७.१ जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन कार्यक्रम | ६ | १३ | २.३ | ८, ३ | २ | १ |
| | ७.२ बजार क्षेत्रमा उद्यान/हरित क्षेत्र निर्माण कार्यक्रम | ६ | १३ | २.३ | ८ | ३ | १ |
| | ७.३ विद्यालय, स्वास्थ्य संस्थालगायत अन्य सार्वजनिक स्थलमा सौर्य ऊर्जा कार्यक्रम | ५ | ७ | २.३ | ८ | २ | १ |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| अभ्यासहरू प्रवर्द्धन गर्नु | ७.४ कृषि तथा पशु बीमामा जलवायुजन्य जोखिम कभरेज | ५ | १३ | २.३ | ८, ५ | २ | १ |
| | ७.५ वैकल्पिक/नवीकरणीय ऊर्जा प्रवर्द्धन | ६ | ७ | २.३ | ८, ३ | २ | १ |
| | ७.६ जलवायु परिवर्तन अनुकूलक सम्बन्धी जनचेतनामूलक कार्यक्रम | ६ | १३ | २.३ | ८ | ३ | १ |
| | ७.७ सालबसाली कार्यक्रम | ५ | १३ | २.३ | ८ | २ | १ |

**अनुसूची ५ : संस्थागत विकास तथा सुशासन क्षेत्रका कार्यक्रम तथा आयोजनाको सांकेतीकरण**

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| उद्देश्य १ : स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु, | १.७. नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, संशोधन, प्रवोधीकरण, तथा प्रकाशन | ७, ९ | १६ | २.४ | | २ | २ |
| | १.८. सुशासन तथा स्थानीय जबाफदेहिता प्रवर्द्धन कार्यक्रम (सामाजिक जवाफदेहिता प्रवर्द्धन एकीकृत संयन्त्र विकास र अनुशरण) | ७, ९ | १६ | २.४ | | २ | २ |
| | १.९. नागरिक सन्तुष्टी सर्वेक्षण तथा वहस कार्यक्रम | ७, ९ | १६ | २.४ | | २ | २ |
| | १.१०. विद्युतीय शासन प्रवर्द्धन कार्यक्रम | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | १.११. विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | १.१२. स्थानीय नीति, योजना, सेवा प्रवाह र कार्यक्रम सम्बन्धी अध्ययन र सर्वेक्षण कार्यक्रम | ७, ९ | १६ | २.४ | | २ | २ |
| उद्देश्य २: स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु | २.१४ कार्यालय भवन तथा भौतिक निर्माण र सुधार कार्यक्रम | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | २.१५ स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत स्वमूल्याङ्कन (LISA) प्रवर्द्धन कार्यक्रम | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | २.१६ जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | २.१७ अन्तर स्थानीय तह परामर्श तथा अनुभव आदान-प्रदान कार्यक्रम | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | २.१८ कर्मचारी प्रोत्साहन कार्यक्रम | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | २.१९ संगठन विकास र सुदृढीकरण कार्यक्रम | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | २.२० सेवाग्राही प्रतिक्षालय, सोधपुछ कक्ष, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम ( कार्यपालिका कार्यालय, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रहरू समेत) | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | २.२१ न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | २.२२ टोल विकास संस्था गठन तथा परिचालन कार्यक्रम | ७, ९ | १६ | २.४ | | | |
| | २.२३ लक्षित वर्ग संरचना सुदृढीकरण र क्षमता विकास कार्यक्रम | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | २.२४ गै.स.स (NGO) समन्वय तथा सामाजिक परिचालन कार्यक्रम | ७, ९ | १६ | २.४ | | ३ | ३ |
| | २.२५ कर्मचारी कार्य सम्पादन सम्झौता र कार्यसम्पादन मूल्याङकन | ७, ९ | १७ | २.४ | | ३ | ३ |
| | २.२६ क्षमता विकास समिति र क्षमता विकास योजना तर्जुमा र कार्यान्वन | ७, ९ | १७ | २.४ | | ३ | ३ |

| उद्धेश्य नम्बर | कार्यक्रम तथा आयोजना | स्थानीय दीर्घकालिन लक्ष्य/ रणनीतिक स्तम्भ संकेत | दिगो विकास लक्ष्य संकेत | दिगो राष्ट्रिय लक्ष्य संकेत | प्रदेश समृद्धि संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|
| ३.११ उद्देश्य ३: आन्तरिक र वाह्य स्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु, | ३.१२ आन्तरिक आयको संभाव्यता विश्लेषण तथा प्रक्षेपण (राजस्व सुधार कार्ययोजना तर्जुमा र परिमार्जन)कार्ययोजना परिमार्जन) | ७, ९ | १७ | २.४ | | ३ | ३ |
| | ३.१३ राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र सञ्चालन कार्यक्रम | ७, ९ | १७ | २.४ | | ३ | ३ |
| | ३.१४ राजस्व परामर्श समिति तथा शाखा सुदृढीकरण कार्यक्रम | ७, ९ | १७ | २.४ | | ३ | ३ |
| | ३.१५ करदाता शिक्षा कार्यक्रम (वडा स्तरमा वार्षिक) | ७, ९ | १७ | २.४ | | ३ | ३ |
| | ३.१६ करदाता प्रोत्साहन कार्यक्रम | ७, ९ | १७ | २.४ | | ३ | ३ |
| | ३.१७ राजस्व परिचालन र अनुगमन कार्यक्रम | ७, ९ | १७ | २.४ | | ३ | ३ |
| | ३.१८ आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण | ७, ९ | १६ | २.४ | | २ | २ |
| | ३.१९ अन्तर स्थानीय तह, सङ्घीय तथा प्रदेश सरकार, निजि क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसम्वाद कार्यक्रम | १.१ | ११.५ | २.२ | ८ | २ | २ |
| | ३.२० राजस्व साखा स्थापना | १.१ | ११.५ | २.२ | ८ | २ | २ |
| ४.१० उद्देश्य ४: योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमा आधारित, समावेशी र नतिजामूलक बनाउनु | ४.११ स्थानीय आयोजना बैंक तर्जुमा | १.१ | ११.५ | २.२ | ८ | ३ | २ |
| | ४.१२ योजना तर्जुमा, कार्यान्वयन अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली सञ्चालन | १.१ | ११.५ | २.२ | ८ | ३ | ३ |
| | ४.१३ विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम ( कृषि, पर्यटन, यातायात, भूउपयोग, जलवायु अनुकुलन तथा विपद व्यवस्थापन) | १.१ | ११.५ | २.२ | ८ | २ | २ |
| | ४.१४ मध्यमकालीन खर्च संरचना तयारी तथा आवधिक योजनाको मद्यावधी समीक्षा र अद्यावधिक | १.१ | | | | | |
| | ४.१५ तेस्रो पक्षवाट प्राविधिक परीक्षण तथा आयोजनाको मूल्याङ्कन (रु. २५ लाखभन्दा बढी लागतका वार्षिक ३ वटा) | १.१ | ११.५ | २.२ | ८, ३ | २ | २ |
| | ४.१६ उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | १.१ | ११.५ | २.२ | ८ | २ | २ |
| | ४.१७ वस्तुस्थिति विवरण तयारी/अद्यावधिक | १.१ | ११.५ | २.२ | ८ | ३ | २ |
| | ४.१८ नतिजामा आधारित वार्षिक योजना तर्जुमा | १.२ | २, ८ | २.२ | ३, ८ | २ | ३ |

## अनुसुची ६ : आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरणमा सहभागिहरुको उपस्थिति माइन्युट

आज मिति २०७९ साल असार ५ गते यस सिमकोट गाउँपालिका अध्यक्ष श्री बिजय भण्डारी ज्यूको अध्यक्षतामा आवधिक योजना तर्जुमा सम्बन्धि अभिमुखीकरण तथा तयारी कार्यशाला अधिक सञ्चालन मानसरोवर होटलमा तपशिलको उपस्थितिमा सम्पन्न भएको छ।

उपस्थिती

(१) श्री बिजय भण्डारी - अध्यक्ष
(२) श्री सुशिला रोकाया - उपाध्यक्ष
(३) श्री उजिर रोकाया - प्र.प्र.अ.
(४) श्री गोरख लामा - वडा अध्यक्ष वडा नं. १
(५) श्री टेकजनक बोहरा - ,, ,, वडा नं. २
(६) श्री पामा लामा - ,, ,, वडा नं. ३
(७) श्री प्रताप लामा - ,, ,, वडा नं. ४
(८) श्री चित्र रावत - ,, ,, वडा नं. ५
(९) श्री नन्द रावत - ,, ,, वडा नं. ६
(१०) श्री वलविर शाही - ,, ,, वडा नं. ७
(११) श्री कमल बहादुर बुढा - ,, ,, वडा नं. ०८
(१२) श्री गोपाल कामी - गाउँ कार्यपालिका सदस्य
(१३) श्री टसी बि.क. - ,, ,, ,,
(१४) श्री काउंसे लामा - ,, ,, ,,
(१५) श्री गुमला रावत - ,, ,, ,,
(१६) श्री डाँफु भण्डारी - ,, ,, ,,
(१७) श्री कल्पना लामा - ,, ,, ,,
(१८) श्री हरि ब. रावत - पत्रकार
(१९) श्री विशाल बोहरा - लेखा प्रमुख
(२०) श्री सर्जन रावत - इन्जिनियर
(२१) श्री ममता मल्ल - अधिकृत स्तर
(२२) श्री अंग रोकाया - नायब अधिकृत
(२३) श्री कृष्ण ब. शाही -
(२४) श्री महेन्द्र ब. शाही - कृषि पशु शाखा प्रमुख
(२५) श्री गोरख रोकाया - स्वास्थ्य शाखा प्रमुख
(२६) श्री नेत्र ब. शाही - कृषि शाखा प्रमुख
(२७) श्री उमेश ब. शाही - सपोर्ट नेपाल
(२८) श्री निमा लामा - महिला विकास शाखा

(२९) श्री महेन्द्र रोकाया - प्रशासन शाखा
(३०) श्री सोभा थापाली - SSBH
(३१) श्री रिन्जिन लामा - को-अर्डिनेटर भर्ड बेल क.
(३२) श्री रविन्द्र रावत - SIDC
(३३) श्री कार्मु लामा - नेपाल अपाइपा सोफेयरी
(३४) श्री पूर्वेजन शाही - हिमाली नविन समाज
(३५) श्री बसन्ती रावत - सह-संयोजक स्वा. शाखा
(३६) श्री गोविन्द शाही - SIDC
(३७) श्री छिरिङ युङडुङ लामा - IT-officer.
(३८) श्री कृष्ण प्रसाद आचार्य - प्रा.स.
(३९) श्री सन्तोष सिलाल - प.प्र
(४०) श्री दिपेन्द्र भण्डारी MSNP

## अनुसुची ७ :दीर्घकालिन सोच निर्माण र बस्तुस्थिति विश्लेषण कार्यशालमा सहभागिहरुको उपस्थिति माइन्युट

स्थान - सिमकोट गाउँपालिका (मानसरोवर होटेलको हल)
मिति - २०७९/०३/०८ गते

सिमकोट गाउँपालिकाको आवधिक योजना निर्माण गर्ने क्रममा गाउँपालिकाका अध्यक्ष श्री विजय भण्डारी ज्यूको अध्यक्षतामा आवधिक योजना तर्जुमा सम्बन्धी दीर्घकालिन सोच निर्माण र वस्तुस्थिति विश्लेषण कार्यशाला सञ्चालन तपसिलको उपस्थितिमा सम्पन्न गरियो

उपस्थिति

१. श्री बिजय भण्डारी - अध्यक्ष
२. श्री सुमिला रोकाया - उपाध्यक्ष
३. श्री इन्द्र रोकाया - प्र.प्र.अ.
४. श्री गोर्खे लामा - वडा नं १ अध्यक्ष
५. श्री देवराज बोहरा - वडा नं २ अध्यक्ष
६. श्री पासा लामा - वडा नं ३ अध्यक्ष
७. श्री प्रताप लामा - वडा नं ४ अध्यक्ष
८. श्री प्रचेन रावत - वडा नं ५ अध्यक्ष
९. श्री नन्द रावत - वडा नं ६ अध्यक्ष
१०. श्री बलविर शाही - वडा नं ७ अध्यक्ष
११. श्री कमल बुढा - वडा नं ८ अध्यक्ष
१२. श्री ममता महत - अधिकृत हेल्थ, सिमकोट
१३. श्री गोपाल कामी - कार्यपालिका सदस्य
१४ श्री महेन्द्र ब. शाही - सिमकोट गा.पा. वडा ३
१५. फुर्जोङ लामा - नेपाल युवा संरक्षण सेवा इम्ला
१६ काङ्ले लामा - कार्यपालिका सदस्य
१७. बसन्ती रावत - स्वास्थ्य शाखा प्रमुख
१८. गुरला रावत - कार्यपालिका सदस्य
१९ श्री गंगा बोहरा - सिमकोट गा.पा.
२० श्री जिवन शाही - योजना शाखा
२१. श्री तेज बहादुर शाही - कृषि शाखा प्रमुख
२२ श्री जंग बहादुर रोकाया - WASH-Coordinator
२३ कवि ब. थापा - शिक्षा शाखा प्रमुख
२४ टसि छि. ल. - कार्यपालिका सदस्य
२५ उमेन्द्र ब. साउद - जिल्ला समन्वय समिति

१६. नारायण प्रसाद चौधरी – गुडनेबर्स इ. नेपाल – जि. सं.
26 भवानी दत्त पन्त – सिप्रेड ए. डि. यो
२८ कल्पना लामा कार्यपालिका सदस्य
25. कामु लामा – नेपाल आन्द्रिया साझेदारी संस्था
30 निमा लामा सिमकोट गा. पं. क. स्थान
२१ गोरेन्द्र रोकाया सिमिकोट गा. पा. स्वास्थ्य शाखा
(२१) महेन्द्र रोकाया – प्रशासन
(२३) डिला वली – उद्यम विकास
(२४) बिमा बि. सी – उद्यम विकास सहजकर्ता
(२५) दिपेन्द्र भण्डारी – MSMP
(२८) सुवर्णा भण्डारी – सिमकोट गा. पा., प्राविधिक
२६ कृष्ण प्र. आचार्य ,, शिक्षा शाखा
२७ गोविन्द शाही SPDC hum कृषि प्राविधिक
३३ कृष्ण बहादुर शाही CYSS

## अनुसुची ८ :योजना तर्जुमा विस्तृत कार्यशाला गोष्ठीमा सहभागिहरुको उपस्थिति माइन्युट

स्थान- सिमकोट गाउँपालिका
मिति - २०७३/०३/१२

सिमकोट गाउँपालिकाको आवधिक योजना निर्माण गर्ने तेस्रो चरणका योजना तर्जुमा विस्तृत कार्यशाला गोष्ठी यस गाउँपालिकाका उपाध्यक्ष श्री सुशिला रोकाया ज्यूको अध्यक्षतामा योजना तर्जुमा विस्तृत कार्यशाला गोष्ठी संचालन गरि सम्पन्न गरियो ।

उपस्थित

१. श्री सुशिला रोकाया - उपाध्यक्ष
२. श्री उमेर रोकाया - प्र.प्र.अ.
३. श्री गोर्खे लामा - वडा नं १ अध्यक्ष
४. श्री देवमकु. बोहरा - वडा नं २ अध्यक्ष
५. श्री पामा लामा - वडा नं ३ अध्यक्ष
६. श्री प्रताप लामा - वडा नं ४ अध्यक्ष
७. श्री चिन रावत - वडा नं ५ अध्यक्ष
८. श्री. नन्द रावत - वडा नं ६ अध्यक्ष
९. श्री. बलविर शाही - वडा नं ७ अध्यक्ष
१०. श्री. कमल बुढा - वडा नं ८ अध्यक्ष
११. श्री. वर्जे व. कार्की - [illegible]
१२. श्री. सुनिता बुढा - कार्यक्रम संयोजक (RFDSNepal)
१३. श्री अविनी शाही - प्र.अ. (योजना शाखा)
१४. श्री ममता महत अधिकृत छैठौं.
१५ श्री कल्पना लामा कार्यपालिका सदस्य. सिमकोट गा.पा.
१६ श्री डाफु भण्डारी ,, ,,
१७ श्री काङसो लामा ,, ,,
१८ श्री गयाला रावत ,, ,,
१९ श्री कामु लामा नेपाल आदिवासी सामुदायिक
२० श्री निमा लामा सिमकोट गा.पा. महिला शाखा
२१ श्री सुर्जित रावत Engineer
२२ श्री. किशाल बोहरा हे.अ.
२३ श्री भवानी दत्त पन्त सिन्डेक्ट
२४ श्री. महेन्द्र व. शाहि पशु सेवा शाखा प्रमुख
२५ श्री. नर बहादुर भण्डारी - स्वास्थ्य शाखा प्रमुख
२६ श्री कृष्ण P. आचार्य -प्रा.स. (शिक्षा)

26. निराजन लामा – हिमाली नविन समाज (THIS)
३८ गोरखबहादुर रोकाया) स्वास्थ्य शाखा) सिमकोट गा.पा
३९. नर बहादुर रोकाया – पशुसेवा शाखा ,, ,,
४०. फुन्जोक लामा – तेस्रो धुव संरक्षण संस्था
४१ उमेश ब साउद सप्रोस नेपाल
४२ जंग ब. रोकाया सिमकोट गा.पा
४३ लव राज पन्त SOSWA
४४ गोविन्द कामी कार्यपालिका सदस्य
४५ नेत्र ब. शाही कृषि शाखा प्रमुख
~~४६ बर्ष ब फडेरा कार्की शिक्षा शाखा प्रमुख~~
~~४६ नर ब. भण्डारी स्वास्थ्य शाखा प्रमुख~~
४८ कृष्ण प्रसाद आचार्य
(४९) दिपेन्द्र भण्डारी MSNP
५० लक्ष्मी शाही बाल क्लब अध्यक्ष
४९ प्रशान्त भण्डारी ,, ,, सचिव उपाध्यक्ष
५० कृष्ण बहादुर शाही. CYSS – टिम लिडर
५१ जनक बुढा, जिल्ला संयोजक, किर्डाक नेपाल

सिमकोट गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७९

फोन नं. : ०८७-६८००९४,९८५८३२०१९२
इमेल : ito.simkotmun@gmail.com
वेबसाइट : https://simkotmun.gov.np